**सम्पादकीय**
अध्ययन संस्कृतिको विकास गरौं ! २
**पाठकमञ्च**
साहित्य-संस्कृति विशेषाङ्क : ऐतिहासिक तथ्य र वर्तमान
परिदृश्यको कडी – **कृष्ण घिमिरे** ३
**कविता** ४
**आवरण रिपोर्ट**
गतिरोधको जड र निकास – **प्रमोद दाहाल** ५
**आवरण विचार**
शान्तिप्रक्रिया, राज्यको पुनःसंरचना र सत्ता साझेदारी : नयाँ संविधान
निर्माणका बाधा – **भरतमोहन अधिकारी** ८
शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउन रहेका चुनौतीहरू – **ईश्वर पोखरेल** १०
प्रतिक्रान्तिदेखि होसियार ! – **झलनाथ खनाल** १३
**अन्तर्वार्ता**
'सुपरपावर'का शोषण र दमनसँग उनीहरू वास्तविक अर्थमा
लडिरहेका छन् – **केपी शर्मा ओली** १५
**विश्लेषण**
बहुदलीयता, बहुतत्ववाद र बहुलवाद – **बेदुराम भुसाल** १८
**अतिथि कलम**
माओवादीभित्रका त्रिपक्षीय विवादको तुलनात्मक विमर्श – **मुमाराम खनाल** २१
**स्मृति**
एक 'भेटरान' युनियनकर्मीको असामयिक निधन – **विष्णु रिमाल** २४
**नवयुग दिवस**
पार्टीको प्रचार कार्यः स्थिति, चुनौती र नीति – **प्रदीप ज्ञवाली** २७
मुखपत्रको ऐतिहासिकता र नवयुगको निरन्तरता – **सूर्य थापा** ३२
**सम्मेलन**
अखिलका नयाँ नेतृत्वका चुनौती र भावी योजना – **माधव ढुङ्गेल** ३८
नयाँ नेतृत्वलाई बधाई ! ३९
**अनुभूति**
कार्लमार्क्स म्यूजियमको अवलोकन – **देवेन्द्र घिमिरे** ४२
**पढ्नैपर्ने पुस्तक/कमरेडसँग किताबका कुरा**
**मोफसल**
लमजुङमा कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास – **मायनाथ अधिकारी** ४४
**जिल्ला नेतृत्व**
कृष्ण खनाल, अध्यक्ष, नेकपा (एमाले) चितवन ४८
**गठन/पुनःगठन**
अञ्चल, विभाग र क्षेत्रीय कमिटी ५०
**माओवादी ज्यादति**
माओवादी हिंसाले बारामा पुऱ्याएको क्षति – **पुरुषोत्तम पौडेल** ५२
अलबिदा, कमरेड शिव थापा मगर ! – **गुरु बुर्लाकोटी** ५४
**सरोकार**
खाद्य सुरक्षा सुनिश्चित गर्न चाल्नुपर्ने कदमहरू – **आनन्दप्रसाद पोखरल** ५५

# अध्ययन संस्कृतिको विकास गरौं !

विगत वर्षहरूमा जस्तै यो वर्ष पनि हामी मंसिरको पहिलो साता 'नवयुग दिवस' मनाउन गइरहेका छौं । यस उपलक्ष्यमा नवयुग' परिवार हाम्रा सम्पूर्ण सदस्य, पाठक, शुभचिन्तक र सहयोगीहरूमा हार्दिक बधाइ र शुभकामना व्यक्त गर्दछ ।

'नवयुग', नेकपा (एमाले) केन्द्रीय कमिटीको राजनीतिक पत्रिका हो, मुखपत्रको भूमिका निर्वाह गरिरहेको पार्टीको आधिकारिक प्रचार संयन्त्र हो । 'नवयुग'को माध्यमबाट हामीले पार्टीका सिद्धान्त र नीतिलाई एकीकृत ढङ्गले सम्प्रेषण गर्ने

प्रयत्न गरिरहेका छौं, सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्नेक्रममा प्राप्त अनुभवलाई संश्लेषण गर्ने कोसिस गरिरहेका छौं, पार्टी जीवनका सबल र दुर्बल पक्षहरूको विश्लेषण गर्न खोजिरहेका छौं र कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउन सिर्जनात्मक हुटहुटी जगाउने प्रयास गरिरहेका छौं । आन्दोलनमा जीवन उत्सर्ग गर्ने योद्धाहरूको गाथाको रूपमा, पछिल्लो डेढ दशक यता उग्रवामपन्थी आतङ्कका हत्या र आक्रमणको त्रासदी चित्रण गर्ने क्यानभासको रूपमा, विस्तारै हुर्किंदै गरेको आन्दोलनको सम्बन्धमा नयाँ पुस्तालाई चिनाउने आँखीभ्यालको रूपमा, नयाँ सांस्कृतिक मूल्य निर्माणको 'म्यानुअल' को रूपमा र अन्तरराष्ट्रिय कम्युनिष्ट एवम् वामपन्थी आन्दोलनलाई चिनाउने सामग्रीको रूपमा पनि 'नवयुग'ले काम गरिरहेको छ ।

हाम्रो घोषित उद्देश्य, पाठक वर्गको अपेक्षा र समयको मागलाई 'नवयुग'ले कति सम्बोधन गर्न सकेको छ- यो त हामी आफैं निर्क्योल गर्न सक्दैनौं, तर कम्तीमा हाम्रो इमानदार प्रयत्न त्यस दिशामा केन्द्रित छ र आगामी दिनमा पनि अविरल रहिरहनेछ । यस सन्दर्भमा हामी यहाँहरूको निरन्तर सहयोगको अनुरोध र अपेक्षा गर्दछौं ।

तर, पछिल्लो समय हाम्रो आन्दोलनमा अध्ययन संस्कृतिमा डरलाग्दो स्खलन आएको छ भन्ने यथार्थ सार्वजनिक गर्नुपर्दा हामीलाई एकैसाथ पीडा र क्षोभको अनुभूति भइरहेको छ । कुनैबेला गहन अध्ययन, सूक्ष्म विश्लेषण, वस्तुनिष्ठ तार्किकता र अनुभवका आधारमा आफ्ना मान्यतालाई निरन्तर परिस्कार गर्न नामी मानिएको एमाले पङ्क्ति अचेल गहिरो अध्ययन गर्दैन, ऊ त अखबार, टेलिभिजन र एफएमहरूका अपरिस्कृत, अर्धप्रशोधित र कतिपय सन्दर्भमा त प्रायोजित, अर्धसत्य या असत्य सूचनाहरूसमेतलाई बोकेर धारणा बनाउँछ र दैनन्दिन व्यवहार धान्छ भन्नुपर्दा हामीलाई असहज लागिरहेको छ । तर, सच्चाइ यही हो । कमरेड पुष्पलालले त्यतिबेलाका त्यतिबिघ्न सीमाका बीचमा पनि प्रमिथिसले जस्तै हामीकहाँ मार्क्सवादी आगो ल्याएर रोप्नुभयो, मदन भण्डारीले समाजवादी आन्दोलनले अभूतपूर्व धक्का खाइरहेको त्यस चुनौतीपूर्ण घडीमा मार्क्सवादको सिर्जनात्मक प्रयोगको त्यो युगीन दायित्व पूरा गर्नुभयो । प्रारम्भिक अवस्थाको सुधारवादी प्रजातान्त्रिक आन्दोलनको गर्भबाट क्रान्तिकारी विकल्पको रूपमा नेपाली कम्युनिष्ट आन्दोलनलाई जन्माउने काम, उग्रवामपन्थता जडसूत्रवादको पिँजडाबाट आन्दोलनलाई बाहिर निकालेर यसलाई नेपाली अनुहार दिने एवम् नेपाली माटोमा खुट्टा टेकाउने काम कम्ती चुनौतीपूर्ण थिएनन् । तर, गहन अध्ययन र निष्ठापूर्ण व्यवहारको जगमा उभिएर उहाँहरूले त्यो दायित्व पूरा गर्नुभयो । 'नवयुग'का विगत अङ्कहरूमा प्रकाशित सामग्रीहरूले पनि उहाँहरूको गहन अध्ययन, सिर्जनात्मक सोच र निष्ठापूर्ण व्यवहारका विभिन्न पक्षलाई उद्घाटित गर्ने प्रयास गरेका छन् ।

तर, यतिबेला हाम्रो अध्ययन संस्कृतिमा साँच्चै नै डरलाग्दो गिरावट आएको छ । कमिटीहरूले नमूना सर्वेक्षणका रूपमा विगत एक वर्षमा पढेका महत्वपूर्ण पुस्तक या लेखेका कुनै राजनीतिक आलेख/कार्यपत्र/शोधपत्रको सूची या लिएका/दिएका प्रशिक्षणको विवरण आफ्ना सदस्यसँग मागे भने यसको यथार्थ तस्बिर साम्नेमा आउनेछ ।

हामी सङ्क्रमणकालको मिर्मिरेमा छौं । सङ्क्रमणकाल भन्नु नै पुराना मूल्य खण्डित भएको तर नयाँ विकास भई नसकेको, पुराना संरचना भत्किएको तर नयाँ उभिई नसकेको, पुराना उत्तर बासी भइसकेको तर नयाँ उत्तर सुनिश्चित भई नसकेको विशिष्ट अवस्था हो । गतिशील यथार्थले हाम्रासामु नित्य नयाँ प्रश्न तेर्स्याइरहेको छ । वर्गसम्बन्ध बदलिरहेका छन् । सामाजिक सम्बन्धमा नयाँ आयाम अगाडि आइरहेका छन् । मान्छेको मनोविज्ञान बदलिँदो छ । राज्य, दल, गैरराज्य पक्ष- सबैको भूमिकामा बद्लाव आइरहेको छ । साम्राज्यवादी उत्पीडनका रूप, अतिरिक्त मूल्यको दोहन, राष्ट्र-राष्ट्रबीचको सम्बन्ध- सबै क्षेत्रमा नयाँपन आइरहेको छ । र, आन्दोलनलाई नयाँ ढङ्गले अगाडि बढाउनुपर्ने चुनौती खडा छ । अन्यथा, नयाँ स्थितिसँग अनुकूलन हुन नसकेर कतिपय प्राणी विलुप्त भएजस्तै कम्युनिष्ट या वामपन्थी आन्दोलनले पनि क्षयीकरण, विघटन र विसर्जनको नियति भोग्न बाध्य हुनुपर्नेछ ।

निश्चय नै, हामीले नयाँ स्थितिसँग अनकूलनको कुरा गरिरहँदा 'जो हात सो साथ' भनेजस्तो विशुद्ध व्यवहारवादको वा उपयोगितावादको कुरा गरिरहेका छैनौं । हामी सिर्जनात्मक ढङ्गले आजको सामाजिक यथार्थसँग जोडेर आन्दोलनलाई अगाडि लैजाने कुरा गरिरहेका छौं ।

यसका लागि हामीले अध्ययन संस्कृतिलाई पुनःजीवन दिनैपर्छ । व्यवहारको आवश्यकतासँग जोडेर मार्क्सवाद र वैज्ञानिक सिद्धान्तको अध्ययन गर्ने, त्यसलाई सिर्जनात्मक ढङ्गले बुझ्ने र रचनात्मक ढङ्गले कार्यान्वयन गर्ने संस्कृतिलाई नयाँ ढङ्गले विकास गर्नैपर्छ । सामाजिक रूपान्तरणको हाम्रो आन्दोलन बाहुबल या शस्त्रबलमा आधारित भएर होइन, जनताको सचेत, जागरुक र सङ्गठित क्रियाशीलताका बलमा मात्रै सफल हुन्छ । अनि जनतालाई सचेत, जागरुक र सङ्गठित गर्न हामी आन्दोलनका अभियन्ताहरू स्वयम् सचेत, जागरुक र सिर्जनशील हुनु अनिवार्य पूर्वशर्त हो भन्ने कुरा दोहोर्‍याइरहनु आवश्यक परेन ।

आउनुहोस्, अध्ययनको संस्कृतिलाई पुनःजीवन दिन अभियान सुरु गरौं । 'नवयुग'ले पार्टीपङ्क्तिमा अध्ययनको भोक जगाउन र आजका प्रश्नको समुचित जवाफ खोज्न निरन्तर सघाइरहनेछ ।

'नवयुग'को ग्राहक विस्तारमा सहभागी भएर, 'नवयुग'मा लेख-रचनाहरू पठाएर, 'नवयुग'ले सुरु गरेको बहसमा सहभागी भएर तथा आफ्नो कार्यक्षेत्रको ठोस स्थितिको ठोस विश्लेषण गरेर तपाईंले पनि यो अभियानलाई सार्थक बनाउन योगदान पुर्‍याउन सक्नुहुन्छ ।

# साहित्य–संस्कृति विशेषाङ्क

# ऐतिहासिक तथ्य र वर्तमान परिदृश्यको कडी

■ **कृष्ण घिमिरे**

*नवयुग* मासिकले आफूलाई चिन्तन र चेतनाको अग्रगामी दूतका रूपमा उभ्याउँदै आएको छ। यसका कतिपय अङ्कहरू समयका संवाहक नै बनेर पाठकजनसमक्ष उपस्थित भएका देखिन्छ। यस्तै ऐतिहासिक तथ्य र वर्तमानको कडी बनेर असोज-कात्तिकको संयुक्ताङ्क (२०६७) प्राप्त भएको छ। यसले समयको माग र युगको पदचापलाई आत्मसात् गरेको हुनाले आफूलाई 'साहित्य-संस्कृति विशेष'का रूपमा प्रस्तुत गरेको छ। यसको आवरण सज्जा, विषयको चयन, सामग्रीको विविधता तथा समयको मागलाई बुझ्ने कुरामा सम्पादकीय नेतृत्वको सचेतता र दूरदृष्टि विद्यमान रहको प्रष्टै देखिन्छ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले), केन्द्रीय कमिटीको राजनीतिक पत्रिकाले साहित्य र संस्कृतिलाई धरोहर बनाई जनसमक्ष पहिलोपटक उभिनु गौरवको कुरा हो। यसले शान्ति, संविधान र समृद्धिलाई संस्थागत र दिगो बनाई राष्ट्रको गन्तव्य ठानेर अगाडि बढ्ने पार्टीको निष्ठाकै सङ्केत गरिरहेको छ। 'नवयुग'मा प्रस्तुत आवरण लेखमा 'राजनीतिक गतिरोधको अन्त्य: राष्ट्रिय सहमति' नै भएको तार्किक निष्कर्ष युवराज ज्ञवालीद्वारा प्रस्तुत गरिएको छ। त्यसमा शान्ति र संविधानका लागि पार्टीले अघि सारेको राष्ट्रिय सहमतिको आधारपत्रका आधारमा अघि बढ्न जोड दिँदै सही मार्ग पहिल्याउने प्रयत्न गरेको पाइन्छ। खासगरी नेकपा (एमाले)को अवधारणालाई प्रस्तुत गरिएको हुनाले समसामयिक गतिरोधपूर्ण राजनीतिक अवस्थाप्रति पाठकहरू परिचित हुने र गतिरोध अन्त्यको राजमार्ग पहिल्याउन अग्रसर हुनुपर्ने अवस्था बुझ्न सकिन्छ। यसले 'सके आफैंले जान्नू, नभए भनेको मान्नू' भन्ने उखानको यथार्थलाई चरितार्थ गरेको छ।

अहिलेसम्मको इतिहासलाई हेर्दा राजनीति मानिसको व्यवहारलाई तत्काल परिवर्तन गर्न अग्रसर गराउने माध्यम हो भने साहित्य र संस्कृति त्यसलाई दिगो र समुन्नत बनाउँदै सभ्य समाजको परिचय दिने आधारशिला हो। त्यसैले, आफ्नो अस्तित्वका लागि साहित्य र संस्कृतिलाई युगीन अवधारणाअनुसार तत्कालीन समाजमा प्रस्तुत गरिएको हुन्छ। हाम्रो विगतको साहित्य के थियो र वर्तमानमा हामी कहाँ छौं भन्ने कुरालाई प्रदीप ज्ञवाली, हेमनाथ पौडेल, विनोद मञ्जन, वासुदेव अधिकारी र विष्णु प्रभातका साहित्य-संस्कृतिसम्बन्धी आलेखहरूले स्पष्ट गरेका छन्। साथै, हिजो र आजका कुरा मात्रै होइन, भोलिको निर्दिष्ट दिशा तथा गन्तव्यलाई समेत मोदनाथ प्रश्रित, जीवेन्द्रदेव गिरी, गोविन्द भट्ट र विजय सुब्बाका रचनाहरूमा मुखरित गरिएको देखिन्छ। 'नवयुग'को 'साहित्य-संस्कृति विशेष' एउटा सम्पूर्ण खुराक बन्नुमा मञ्जुलको अनुभूति, अमर गिरी र वासुदेव अधिकारीका चलचित्र-चर्चा, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका साथै साहित्यका अग्रणी हस्ताक्षर र राष्ट्रिय व्यक्तिहरूका गीत, गजल, कथा, कविता, नाटक र हास्यव्यङ्ग्य आदि साहित्यिक विधा तथा उपविधाहरूको कुशल संयोजनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देख्न पाइन्छ।

अग्रज साहित्यिक व्यक्तित्व युद्धप्रसाद मिश्र, भवानी घिमिरे र केवलपुरे किसानका साहित्यिक योगदानलाई क्रमश: गोविन्द ज्ञवाली, गङ्गाप्रसाद उप्रेती र नरनाथ लुइँटेलले यसमा उल्लेख गरेको देखिन्छ भने श्यामप्रसाद शर्माको अन्तर्वार्ता, झमक घिमिरेसँग सोधिएका लिखित प्रश्नहरूको लिखित उत्तर एवम् काशीनाथ अधिकारीको अध्ययनसम्बन्धी कुराकानी तथा नेल्सन मन्डेलाको 'स्वतन्त्रताको लामो यात्रा'सम्बन्धी पुस्तक परिचयजस्ता विषयले सुनमा सुगन्ध थपेको अनुभूति गर्न सकिन्छ। यसरी शार्दूल भट्टराईको 'नयाँ नेपाल' नाटकमा पात्रहरूको खोजी हुने र भेटिएका पात्रहरूले आफ्नो विशिष्ट स्थान नहुँदासम्म नाटक नखेल्ने तर्कमा वर्तमान नेपालको अवस्था तथा पार्टीहरूको चिन्तनलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको पाइन्छ।

'नवयुग'ले 'आफ्नै देश र जनताका लागि आगोको झिल्को बनेर चम्किएका' बलराम समालको व्यक्तित्वलाई खोजपूर्ण रूपमा प्रस्तुत गरेर विगतमा पार्टीका लागि मरिहत्ते गर्ने कार्यकर्ताको विगत र वर्तमान नियतिलाई सचित्र केलाएको छ। समष्टिमा यो अङ्क साहित्य-संस्कृति र राजनीतिको त्रिवेणी मात्र होइन, ऐतिहासिक दस्तावेज तथा वर्तमान परिदृश्यको कडी नै बनेर पाठकसमक्ष प्रस्तुत भएको छ। दसैं, तिहार, न्हुँदया र छठको शुभअवसरमा नेपाली जनतासमक्ष सौगातका रूपमा प्रस्तुत गरिएको यस सामग्रीमा नेकपा (एमाले)सम्बद्ध पार्टी-कार्यकर्ता मात्र होइन, सम्पूर्ण नेपालीको आवश्यकता परिपूर्ति गर्ने मानक भेट्न सकिन्छ। यसरी 'नवयुग' आफ्नो उद्देश्यमा सफल रहेको सङ्केत टड्कारो देखिन्छ। यसनिम्ति पाठकका तर्फबाट 'नवयुग' परिवारलाई धन्यवाद दिनै पर्दछ।

❒

# छ यो स्वर्णभूमि

**तेजराज खतिवडा**

छ यो स्वर्णभूमि नयन् साँघुरो भो
छाताछुल्ल मानिस शयन साँघुरो भो

मिली बास बस्थ्यौँ सधैँ साथ खान्थ्यौँ
हिजो आज के भो सबै शत्रु ठान्छौँ
कहाँ जानु पर्थ्यो कहाँ पुग्न थाल्यौँ
अहो ! स्वर्णभूमि लथालिङ्ग पाऱ्यौँ

सधैँ स्वच्छ हावा हिमाली धरा यो
बुकी फूल फुल्ने पहाडी कला यो
चरी नाच्छ डाँफे जुरेली मयूर
हरियो छ माटो पहेँलो गजूर

बनी वीर हामी उचाली धरा यो
सबै हामी जागौँ जगाऔँ धरा यो
बनी देशप्रेमी बनी भाइ प्रेमी
बनोस् स्वर्ग भूमि बसौँ साथ हामी

# तिम्रो आगमन

**– शशी लुमुम्बू**

पोत्दै उषाका रक्तिम लालीहरू
जब आउनेछौ तिमी
यस प्रिय धरतीमा
तब फुट्नेछन् मरुभूमिमा
पानीका मूलहरू
रसाउनेछन् चट्टान र पहराहरू
र, उर्वर हुनेछ बन्जरभूमि .........।

जरुर फाट्नेछ आकाशमा कालो बादल
कल्कलाउँदै दगुर्नेछन्
लामो खडेरीले सुकेका खोलाहरू
पाउलिने छन् पालुवाहरू
डढेलोले निलेर सखाप पारेको जङ्गलमा ........ ।

बौरिनेछन् लामो मुर्छाबाट
मादल, झ्याम्टा र मुरलीहरू

मुर्चुङ्गा, बिनायो र खैंजडीहरू
जुहारी, रोधी र हाक्पारेहरू

चिसो स्याँठले कठाङ्ग्रिएका
नाङ्गा डाँडापाखाहरूलाई
छपक्कै ढाकेर बस्नेछ शरदऋतु
मग्मगाउनेछन् डाँडैभरि बुकीहरू .........।

भाग्ने छ बुर्कुसी मार्दै
बेतोडले गाढा अँध्यारो
देखेर कोसौँ पर तिमीलाई .........।

स्मिथ मुस्कराउँदै/छर्दै
बाटैभरि एक आकाश आभा
सुस्तरी यतै आउँदै गरेका हुनेछौ तिमी .........।

❐

## महाभिनिष्क्रमण

**-श्याम रिमाल**

अँध्यारोमा म आफैँलाई छामिरहेको हुन्छु
र त्यहाँ भेट्छु सहस्र चिन्तनका प्रकाश
आधा रातमा नै त थिए सिद्धार्थ महाभिनिष्क्रमणमा

ज्ञानोदय हुनेछ पक्कै एक दिन
यी दुःखहरू मै बोक्छु लोकका
अँध्यारो चिर्दाचिर्दै
म बोधिसत्वको नजिक पुगिसकेको हुन्छु

प्रियजनहरू
मलाई एकैछिन बाधा नदेऊ
मैले भेटिसकेँ बुद्धत्व
म हिँडे त अब मान्छेको कुरूप बस्तीमा
त्यहाँ उनीहरू कुलोको पानीमा विवाद गरिरहेका छन्

म शून्यताबाट पूर्णतातिर जाँदैछु
राहुलहरू बचाउन, यशोधरा बचाउन ।

# गतिरोधको जड र निकास

■ **प्रमोद दाहाल**

राष्ट्रिय सहमतिको सरकार गठनका लागि मार्गप्रशस्त गर्न नेकपा (एमाले)का वरिष्ठ नेता माधवकुमार नेपालले ०६७ असार १६ गते प्रधानमन्त्री पदबाट राजीनामा गर्नुभएको साढे चार महिना पुगेको छ । उक्त सरकार गठन भएदेखि नै शान्ति र संविधानका लागि नेपाल नेतृत्वको सरकार बाधक भएको आरोप लगाउँदै एकीकृत नेकपा (माओवादी)ले प्रधानमन्त्री पदबाट नेपालले राजीनामा गरेको दुई घण्टामै राष्ट्रिय सहमति हुने बताउँदै आएको थियो । तर, साढे चार महिना भइसक्दा पनि दलहरूबीच सहमति हुनसकेको छैन । फलतः प्रधानमन्त्रीका लागि १७ औं चरणसम्म भएका निर्वाचन व्यर्थ सावित भएका छन् ।

पछिल्लोपटक प्रमुख तीन दल नेकपा (एमाले), नेपाली काङ्ग्रेस र एकीकृत नेकपा (माओवादी)का शीर्ष नेताहरूसहितको 'रिसोर्टवार्ता' (कात्तिक १९ गते फर्पिङस्थित हात्तिवन रिसोर्ट र कात्तिक २४ गते गोकर्ण रिसोर्ट) बाट सहमतिका सकारात्मक सन्देश त मिलेका छन् । तर, तिनले अझै ठोस सहमतिको परिणाम दिनसकेका छैनन् ।

## विवादको खास जड

सहमतिका लागि बाधक भन्दै प्रमुख दलहरूले एकअर्काप्रति दोषारोपण गरेर आफ्ना कमजोरी ढाकछोप गर्ने प्रयत्न गरिरहेका छन्- खासगरी नेपाली काङ्ग्रेस र एकीकृत नेकपा (माओवादी)ले । नेकपा (एमाले)ले आफ्नो नेतृत्वको बहुमतको सरकार राष्ट्रिय सहमतिको सरकार गठन नै छाडेको र साउन पाँच गते भएको प्रधानमन्त्री निर्वाचनको पहिलो चरणमा करिब दुई तिहाइ मत पाउने अवस्थामा समेत आफ्नो उम्मेदवारी फिर्ता लिएको थियो । त्यसयता १७ औं चरणसम्म निर्वाचन भइसक्दा समेत दलहरूले व्यवस्थापिका-संसद्‌बाट प्रधानमन्त्री चुन्नसकेका छैनन् । किन त ?

झट्ट हेर्दा दलहरूको सत्तालिप्सा नै वर्तमान राजनीतिक गतिरोधको मुख्य कारण हो भन्ने लाग्दछ । तर, सत्ताको नेतृत्व केवल एउटा सहायक कारण मात्रै हो । मुख्य कारण त शान्ति, लोकतान्त्रिक संविधान र रूपान्तरणको प्रश्न नै हो । शान्तिप्रक्रिया र लोकतान्त्रिक संविधान निर्माणका सम्बन्धमा दलहरूबीच रहेको वैचारिक-राजनीतिक भिन्नता नै अहिलेको गतिरोधको कारक हो । त्यसैको जगमा दलहरूबीच अविश्वासको गहिरो खाडल परेको छ ।

खासगरी, एकीकृत माओवादी र नेपाली काङ्ग्रेसको अतिवादी हठका कारण निकास निस्कन गाह्रो भएको नेकपा ( एमाले) को ठहर छ । त्यसैकारण नेकपा (एमाले)ले राष्ट्रिय सहमतिको सात बुँदे आधारपत्र अघि सारेको थियो । 'रिसोर्ट वार्ता'का क्रममा दलहरूबीच भएको घनिभूत छलफल र त्यसबाट प्राप्त भएको सहमतिको सकारात्मक सङ्केतमा एमालेको त्यही आधारपत्रको भूमिका महत्वपूर्ण रहेको छ । नेकपा (एमाले)का सचिव शङ्कर पोखरेल गणतन्त्र घोषणापछि एकीकृत माओवादीले काङ्ग्रेसलाई प्रधान शत्रु ठह-याउनु र नेपाली काङ्ग्रेसका एकथरिले माओवादीलाई निषेध गर्न खोज्नुले निकास निस्कन नसकेको विश्लेषण गर्नुहुन्छ । अर्थात्, काङ्ग्रेस र माओवादीमा रहेको विश्वासको सङ्कट र राजनीतिक रूपमै एकअर्कालाई निषेध गर्ने सोचका कारण अहिलेको सङ्कट बढेको हो । नेपाली काङ्ग्रेसका नेता अर्जुननरसिंह केसी र एकीकृत माओवादीका नेता देव गुरुङ पनि यो विश्लेषणसँग घुमाउरो ढङ्गले सहमति जनाउनुहुन्छ ।

'नवयुग'को कुराकानीमा काङ्ग्रेसका नेता केसीले भन्नुभयो, 'शान्ति प्रक्रिया र लोकतान्त्रिक संविधान निर्माण गर्ने सम्बन्धमा माओवादीले गरेको प्रतिबद्धता व्यवहारमा कार्यान्वयन गर्ने विश्वासिलो आधार उसले अझै देखाउनसकेको छैन । अझै पनि माओवादी एकदलीय मानसिकता र हिंसात्मक सोचबाट ग्रसित छ । यस्तो अवस्थाबाट मुक्त नहुँदासम्म तथा शान्ति, लोकतन्त्र र लोकतान्त्रिक संविधान निर्माण गर्न व्यवहारमै प्रतिबद्धता नहुँदासम्म माओवादीसँग सहमति हुन कठिन छ ।' एकीकृत माओवादीका नेता गुरुङ राजतन्त्रको अन्त्य भए पनि संसद्‌वादी दलहरू, मूलरूपमा नेपाली काङ्ग्रेसका राष्ट्रिय आत्मसमर्पणवादी चिन्तन हावी भएकाले समस्या बल्झेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'केही दलहरूमा राष्ट्रिय स्वाधीनताको चिन्तन छैन । राष्ट्रिय आत्मसमर्पणवादी चिन्तनका कारण नै काङ्ग्रेसले प्रधानमन्त्रीमा आफ्नो उम्मेदवारी कायम राखिरहेको छ । यस्तो अवस्थामा कसरी सहमति हुन्छ ?'

तत्कालीन राजा ज्ञानेन्द्रको निरङ्कुशताका विरुद्ध तत्कालीन सात दल र नेकपा (माओवादी)बीच भएको बाह्रबुँदे समझदारीबाट थालिएको संयुक्त यात्राले मुलुकलाई गणतन्त्र कार्यान्वयनसम्म ल्याइपु-याएको थियो । दलहरूबीचको समझदारी र सहकार्यबाटै मुलुकले संविधानसभा, गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षताजस्ता महत्वपूर्ण उपलब्धि प्राप्त गरेको विदितै छ । नयाँ संविधानमार्फत प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न दलहरूबीच सहमति कायम हुनुको अर्को विकल्प छैन । प्रमुख तीन दल एमाले, काङ्ग्रेस र माओवादीले पनि सहमतिमै जोड दिइरहेका छन् । तर पनि, दलहरूबीच सहमति बन्न सकिरहेको छैन । काङ्ग्रेस र माओवादीले एकअर्कालाई त्यसको बाधक बताइरहेका छन् । यस्तो अवस्थामा कसरी बन्ला त सहमति ?

काङ्ग्रेस नेता केसीको विचारमा माओवादीसँग बाह्रबुँदे समझदारीदेखि यता भएका सहमतिहरू लोकतान्त्रिक संविधान निर्माणका लागि भएकाले त्यसप्रति ऊ व्यवहारमै प्रतिबद्ध हुनासाथ सहमति हुन्छ । 'सहमति त गर्ने तर के उद्देश्य र लक्ष्यका लागि ? एकदलीय व्यवस्थाका लागि ? सत्ताकब्जाका लागि ? कि जनगणतन्त्र घोषणाका लागि ? यदि त्यसो होइन भने माओवादीले लोकतन्त्रप्रति, लोकतान्त्रिक संस्कार र पद्धतिप्रति आफ्नो निष्ठा सावित गर्न सक्नुपर्छ । लोकतान्त्रिक

उद्देश्यप्रति प्रतिबद्ध भई विषयगत आधारमा सहमति खोज्ने हो भने सहमति हुनसक्छ । त्यसमा हामी खुला छौं', उहाँले भन्नुभयो ।

तर, आफ्नो दलको निष्ठामाथि प्रश्न उठाउनु काङ्ग्रेसको बहानाबाजी मात्र भएको बताउनुहुन्छ माओवादी नेता गुरुङ । 'अन्तरिम संविधान, संविधानसभा र गणतन्त्रको जग शान्ति सम्झौता हो तर त्यसविपरीत माओवादीमाथि अझै पनि हिंसाको आरोप लगाउनु बहानाबाजी मात्रै हो । यो बिल्कुलै राष्ट्रिय आत्मसमर्पणवादी चिन्तन र प्रवृत्ति हो', गुरुङको दाबी छ ।

दलहरूबीच विश्वासको सङ्कट गहिरिँदै जानुमा एकीकृत नेकपा (माओवादी)को वैचारिक अन्योल र व्यवहार पनि जिम्मेवार छ । मंसिर ५ गते हुने भनिएको एकीकृत माओवादीको राष्ट्रिय कार्यकर्ता भेलाका लागि अध्यक्ष प्रचण्ड तथा उपाध्यक्षद्वय डा. बाबुराम भट्टराई र मोहन वैद्यले प्रस्तुत गर्ने दस्तावेजहरूले समेत यसको पुष्टि गर्दछन् । पत्रपत्रिकामा प्रकाशित उहाँहरूका दस्तावेजका अंशहरू हेर्दा माओवादीमाथि अन्य दलहरूले लगाएको सत्ताकब्जाको आरोप सही प्रमाणित हुने तथ्यहरू प्रशस्तै छन्, जसको खण्डन गर्न माओवादीलाई निकै गाह्रो पर्छ । तीनैजना नेताले सत्ताकब्जाका लागि निर्धारण गरेको बाटो 'जनविद्रोह' नै हो, मात्र कसरी 'जनविद्रोह' गर्ने भन्ने सम्बन्धमा उहाँहरूबीच केही मतभिन्नता देखिन्छ । प्रचण्डले संविधान निर्माण र जनविरोधको तयारी एकैसाथ गर्नेमा जोड दिएको पाइन्छ भने वैद्यले शान्तिप्रक्रिया भङ्ग गरी सोझै जनविद्रोहमा जाने कार्यनीति अघि सारेको र डा. भट्टराईले जनपक्षीय संविधान बनाउनतिर लाग्ने तर 'प्रतिगामी तत्व'ले त्यस्तो संविधान बन्न नदिए 'जनविद्रोह' गर्ने पक्षमा वकालत गरेको देखिन्छ । अर्थात् कार्यनीतिमा विवाद भए पनि 'जनविद्रोह' गर्ने लक्ष्यमा भने माओवादीभित्र कुनै ठूलो विवाद देखिँदैन । यसरी माओवादीहरू एकातिर शान्ति प्रक्रियाप्रति प्रतिबद्धता जनाउँछन् भने सँगसँगै जनविद्रोहबाट सत्ताकब्जा गर्ने रणनीति पनि बनाइरहेका छन् । शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याई लोकतान्त्रिक पद्धतिबाटै सरकारमा पुग्न सकिन्छ भन्ने विश्वास माओवादीमा पाइँदैन । शान्तिप्रक्रियामार्फत सत्तामा पुग्ने कि जनविद्रोहमार्फत पुग्ने भन्ने वैचारिक अन्योलमा माओवादी रहेको छ । आफ्ना लडाकुहरूको समायोजन पुनःस्थापना र व्यवस्थापन गरी हतियार नष्ट हुने वा राज्यलाई बुझाउने हो भने समाप्त भइन्छ भन्ने डर माओवादीमा छ । त्यसैकारण पनि सेना समायोजनको विषयमा माओवादी फरकफरक प्रस्ताव ल्याई पन्छिन खोजिरहेको छ । एमाले र काङ्ग्रेसले सरकार निर्माणसँगै सेना समायोजन र संविधान निर्माणलगायतका विषयहरू प्याकेजमै सहमति गर्न जोड दिइरहेको भए पनि माओवादीले भने पहिला सरकार निर्माणमा जोड दिइरहेको छ । यसै पृष्ठभूमिमा सरकारको नेतृत्वको माग पनि गाँसिएको छ । खासमा माओवादी र काङ्ग्रेस दुवैले चलाखीपूर्वक आआफ्नो नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बन्नुपर्ने दाबी गरिरहेका छन् । तर, नेकपा (एमाले)ले भने शान्तिप्रक्रिया र संविधान निर्माणमा सहमति कायम भए जसको नेतृत्वमा सरकार बने पनि केही फरक नपर्ने बताउँदै आएको छ । वर्तमान शक्तिसन्तुलनको स्थितिमा कुनै दलले पनि एकअर्कालाई निषेध गर्न नसक्ने परिस्थिति विद्यमान भएकाले सहमतिकै आधारमा सरकार निर्माण हुनुपर्ने एमालेको यो अडान सही सावित हुँदै गएको घटनाक्रमहरूको विकासले देखाएका छन् ।

नेकपा (एमाले) संविधानसभाको निर्वाचनदेखि नै राष्ट्रिय सहमतिको सरकारको पक्षमा रहँदै आएको छ । संविधानसभामा सबैभन्दा ठूलो दलको नाताले माओवादीको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन हुनुपर्छ भनेर एमालेले नै संविधानसभाको निर्वाचनलगत्तै प्रयास अघि बढाएको थियो । तर, राष्ट्रपति निर्वाचनमा माओवादीले पालैपालो काङ्ग्रेस र एमालेलाई धोका दिँदाको परिणाम नै बहुमतीय प्रणालीबाट प्रधानमन्त्री चयन गर्ने प्रक्रियाले प्राथमिकता पायो । त्यस अवस्थामा समेत ठूलो दलको नाताले माओवादीले सरकारको नेतृत्व गर्ने र काङ्ग्रेस-एमालेसहितका दलहरूको संयुक्त राष्ट्रिय सरकार निर्माण गर्ने प्रस्ताव एमालेले अघि सारेको थियो । तर, निर्वाचन परिणामले 'जितको उन्माद' हावी भएको माओवादी एक्लै अगाडि बढ्न खोज्दा काङ्ग्रेस प्रतिपक्षमा बस्नपुग्यो । तर, त्यसपछि दुईदुई पटक बहुमतीय सरकार हुँदा पनि मुलुकले निकास नपाउने देखिएपछि एमालेले फेरि राष्ट्रिय सहमतिको सरकार गठनमा जोड दिँदै आएको जगजाहेरै छ । तर फेरि पनि समस्या काङ्ग्रेस र माओवादीकै तर्फबाट रहेको छ । ती दुवै दल एकअर्काको नेतृत्वमा सरकारमा नजाने अड्डीमै अझै कायम छन् । नेपाली काङ्ग्रेसले अन्य दलको सहयोगमा सरकारको नेतृत्व गरे आफू प्रतिपक्षमा बस्ने माओवादीले बताउँदै आएको छ भने माओवादीले नेतृत्व गरे आफू प्रतिपक्षमा बस्ने काङ्ग्रेसले बताउँदै आएको छ । यद्यपि, काङ्ग्रेसले शान्ति प्रक्रिया र लोकतान्त्रिक संविधान निर्माणको पक्षमा माओवादी सहमत भए आफू नेतृत्वको बारेमा खुला रहेको चाहिँ बताएको छ । कात्तिक १६ गते पत्रकार सम्मेलन गरी काङ्ग्रेस संसदीय दलका नेता एवम् प्रधानमन्त्री पदका एक्ला उम्मेदवार रामचन्द्र पौडेलले भन्नुभयो, 'शान्ति प्रक्रियाअन्तर्गत काङ्ग्रेसको चारबुँदे प्रस्तावमा सहमति भए काङ्ग्रेस प्रचण्डलाई प्रधानमन्त्री स्वीकार गर्न तयार छ ।' काङ्ग्रेसका चार शर्तमा लडाकुको सङ्ख्या तोकी समायोजन र पुनःस्थापना, वाईसीएलको अर्धसैनिक संरचनाको विघटन, कब्जा सम्पत्ति फिर्ता र लोकतान्त्रिक संविधान निर्माण रहेका छन् ।

माओवादी भने सके आफ्नै नेतृत्वमा सरकार गठन गर्ने नभए दलहरूबीच प्याकेजमै सहमति गरी सरकारको नेतृत्व संयुक्तरूपमा हुनुपर्ने पक्षमा छ । माओवादी उपाध्यक्ष डा. भट्टराईले कात्तिक १५ गते केही सञ्चारकर्मीहरूसँग भन्नुभयो,

'प्रमुख राजनीतिक दलहरू बसेर शान्ति, संविधान र सरकारबारे प्याकेजमा सहमति गर्नुपर्छ। सरकारको नेतृत्व संयुक्तढङ्गले निर्माण गरौं, यसबाटै राजनीतिक निकास निस्कन्छ ।'

**सकारात्मक सङ्केत**

दलहरूबीच सहमति जुट्न नसकिरहेको अवस्थामा कात्तिक १९-२० र २४ गते एमाले, काङ्ग्रेस र माओवादीका शीर्ष नेताहरूसहित भएको दुई छुट्टाछुट्टै 'रिसोर्टवार्ता'ले सकारात्मक सङ्केत गरेका छन् । दलहरूबीच सहमतिका विकल्प छैन भन्ने निष्कर्षका साथ ठोस प्रस्तावसहित आयोजित ती बैठकमा शान्ति प्रक्रिया र सरकार निर्माणका सम्बन्धमा एकीकृत माओवादीले केही लचकता देखाउँदै नयाँ प्रस्ताव अघि सारेको छ । गोकर्ण रिसोर्टवार्तामा माओवादीले आफ्नो नेतृत्वको सरकार नबने पनि सरकार निर्माणको मिति तोक्ने र कार्यतालिकासहित शान्तिप्रक्रिया अघि बढाउने बताएको छ । माओवादी प्रस्तावमा दुई साताभित्रै लडाकुलाई विशेष समिति मातहत ल्याउने, दुई महिनाभित्र समायोजन र पुनःस्थापनामा जान चाहनेको समूह विभाजन गर्ने र त्यसपछि बाँकी प्रक्रिया अघि बढाउने भन्ने रहेको छ । यससँगै सरकार निर्माणको प्रक्रिया पनि अघि बढाउनुपर्ने उसको प्रस्तावमा उल्लेख छ । सोही वार्तामा माओवादी लडाकुहरूलाई विशेष समितिमातहत ल्याएपछि तिनलाई कसरी सञ्चालन गर्ने भन्ने निर्देशिका (अपरेसनल म्यानुअल) बनाउने भन्नेबारेमा समेत सकारात्मक छलफल भएको थियो ।

हात्तिवन रिसोर्टमा दुई दिनसम्म घण्टौं भएको छलफलमा उठेका केही विषयमा दलहरूबीच तत्काल मत नमिल्ने ठानिएका विषयहरू गोकर्ण बैठकमा प्रवेश गराइएन । ती विषयहरूमा दलहरूको आन्तरिक छलफल पनि चलिरहेकाले तत्काल सहमति हुने सम्भावना नरहेकाले हुनसक्छ- गोकर्ण वार्तामा तिनलाई प्रवेश नगराइएको । जस्तो कि, हात्तिवन वार्तामा माओवादीले सरकार निर्माणको सम्बन्धमा अध्यक्षमण्डलीय (प्रेसिडियम) र चक्रीय प्रणालीको प्रस्तावसमेत गरेको थियो । तर, सहमति हुनसक्ने विषयहरूमा ठोस प्रस्तावसहित छलफल गर्नु र तत्काल सहमति हुन नसक्ने विषयहरूमा क्रमशः छलफल चलाउँदै जान दलहरू अग्रसर हुनुले सहमतिको दायरा बढाउँदै जाने र असहमतिका विषयहरू साँघुर्‍याउँदै जाने सकारात्मक दिशामा यो प्रक्रिया अगाडि बढेको देख्न सकिन्छ । एकातिर उच्चस्तरीय कार्यदल गठन गरी संविधान निर्माणका विवादित विषयहरूलाई टुङ्ग्याउने र रिसोर्टमा गोप्यवार्ता गरेर भए पनि ठोस प्रस्तावसहित छलफल र सहमति जुटाउन प्रयत्न गर्नुले जारी गतिरोधको अन्त्य चाँडै हुने आशा गर्न सकिन्छ ।

**निष्कर्ष**

वर्तमान सङ्क्रमणकालको तीन चरण छन्- शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउने, संविधान निर्माण गर्ने र राज्यको आर्थिक-सामाजिक रूपान्तरण गर्ने । यी तीनवटै चरणलाई सफलतापूर्वक पार लाउन दलहरूबीच सहमति र सहकार्यको विकल्प छँदै छैन । सरकार निर्माणको सन्दर्भमा दलहरूबीच देखिएको यस विवादलाई यी तीन चरणसँगै समायोजन गरेर हल गर्न सकिन्छ । प्रमुख तीन दलबीच सहमति हुने हो भने शान्तिप्रक्रियालाई टुङ्गोमा पुर्‍याउने गरी समयावधि तोकेर एमाले, काङ्ग्रेस र माओवादीमध्ये एक दलले सरकारको नेतृत्व गर्ने र बाँकी दुई दल सरकारमा सहभागी हुने, त्यसपछि संविधान निर्माणको चरणमा यीमध्येकै अर्को कुनै दलले सरकारको नेतृत्व गर्ने र बाँकी दुई दल पनि सरकारमा सहभागी हुने तथा तेस्रो चरणमा सरकारको नेतृत्व गर्न बाँकी रहेको दलको नेतृत्वमा सरकार गठन गरी नेतृत्व गरिसकेका दुई दलसहितको सरकार निर्माण गरेर पनि समस्याको समाधान गर्न सकिन्छ । त्यसो गर्दा सहमतिका साथ शान्ति, संविधान र अग्रगामी सामाजिक रूपान्तरणको यात्रा सफल गरी मुलुक समृद्धिको दिशामा अघि बढ्न सक्नेछ । ❐

# शान्तिप्रक्रिया, राज्यको पुनःसंरचना र सत्ता साझेदारी : नयाँ संविधान निर्माणका बाधा

■ भरतमोहन अधिकारी

**सं** विधानसभाको अवधि एक वर्ष थपिएलगत्तै नयाँ संविधान निर्माणको प्रक्रियाले गति पाउने अपेक्षा गरिएको थियो । तर, साढे पाँच महिना बितिसक्दासमेत उल्लेख्य प्रगति हुनसकेको छैन । यदि शान्तिप्रक्रिया, संविधान निर्माण र सत्ता-साझेदारीलाई सँगसँगै 'प्याकेज सहमति'मा टुङ्ग्याउन ध्यान दिइएन र अन्तरिम संविधानअनुरूप अविलम्ब राज्यको पुनःसंरचना आयोग गठन गरिएन भने यस प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन ज्यादै कठीन देखिन्छ । यद्यपि, इमानदारी र जिम्मेवारीबोधका साथ काम गर्ने हो भने अब बाँकी रहेको साढे छ महिना अवधिमा नयाँ संविधान निर्माण भई जारी गर्न असम्भव चाहिँ छैन ।

संविधानसभाअन्तर्गत 'भावी संविधानमा विभिन्न अङ्ग र प्रावधानहरू' सम्बन्धमा छलफल गर्ने विभिन्न विषयगत समितिहरू कार्यरत रहेका छन् । विभिन्न विषयमा तिनले गहन र घनिभूत छलफल गरी आआफ्ना प्रतिवेदन प्रस्तुत गरेको धेरै भइसक्यो । केही मानिसहरूले आलोचना गरेजस्तो संविधानसभा र सभासद्हरूले संविधान निर्माणमा कुनै काम नगरेको भन्ने हुँदै होइन, बरु निकै धेरै काम र गहन छलफल गरेको देख्न सकिन्छ । त्यसका निम्ति सभासद् र समितिहरूलाई आलोचना गर्ने होइन, धन्यवाद दिनुपर्छ ।

६ सय १ सभासद् र २७ वटै राजनीतिक पार्टीहरूद्वारा राखिएका विचारहरूका आधारमा मुख्यतः तीनवटा प्रमुख र मधेसवादी दलहरूबीच रहेका मतभेदहरू अन्ततः २ सय २० वटा प्रश्नहरूमा सीमित रहेका थिए । तिनको समाधान कसरी गर्ने यो अहम् महत्व र जिम्मेवारीको विषय रहेको छ । यस सन्दर्भमा संविधानसभाभित्र सहमतिको खोजी गरेर अन्तरिम संविधानको व्यवस्थाअनुरूप संविधान निर्माणको प्रक्रिया पूरा गर्न जरुरी छ ।

यसै अभिप्रायले संविधानसभामा रहेका सम्पूर्ण दलहरूको २०६७ असोज २५ गतेको निर्णयअनुसार विद्यमान मतान्तर र प्रश्नहरूमा सहमतिको प्रयास अघि बढाउन सबभन्दा ठूलो दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा नेकपा (एमाले)का अध्यक्ष झलनाथ खनाल, नेपाली काङ्ग्रेस संसदीय दलका नेता रामचन्द्र पौडेल, मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव, नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे 'रोहित' तथा सभासद्हरू प्रेमबहादुर सिंह र रुक्मिणी चौधरी सम्मिलित सात सदस्यीय उच्चस्तरीय कार्यदल गठन भयो । कार्यदलले असोज २७ गतेदेखि काम थालेको थियो । उक्त कार्यदललाई सहयोग पुऱ्याउन भरतमोहन अधिकारी, रमेश लेखक, देव गुरुङ, रत्नेश्वरलाल कायस्थ, सुनिल प्रजापति र बासुदेव चौधरी रहेको ६ सदस्यीय सहयोग समिति बन्यो । कार्यदललाई संविधानसभाका अध्यक्ष सुवास नेम्वाङ र उपाध्यक्ष पूर्णकुमारी सुवेदीले सहजीकरण गर्नेसमेत सहमति भयो । वास्तवमा विद्यमान संविधानसभाअन्तर्गत समाधान खोजी गर्न यसभन्दा अर्को कुनै उच्चस्तरीय कार्यदल बन्न सम्भव छैन । तर, प्रक्रियागत रूपमा यसले सहमतिको प्रयास र सहमतिको सिफारिश गर्ने हो । त्यसलाई संविधानसभाको वैधानिक प्रक्रिया पूरा गरर मात्रै संविधान निर्माण हुने हो । तर, कतिपय जिम्मेवार व्यक्ति खासगरी संवैधानिक समितिका अध्यक्ष निलाम्बर आचार्यले संविधानसभाको कार्यक्षेत्रमा हस्तक्षेप भएकोसम्म बताउनुभएको पाइयो । विवाद समाधानको प्रयास र सिफारिश गर्न गठित कार्यदलका कामले हस्तक्षेप हुने प्रश्नै उठ्दैन । त्यसलाई स्वाभाविक रूपमा लिनु आवश्यक देखिन्छ । किनभने, प्रयास नगरी आफैं त संविधानमा सहमति बन्दैन ।

कार्यदलले करिब ३० दिन लामो छलफलपश्चात् सातवटा समितिअन्तर्गतका २ सय २० प्रश्नहरूमध्ये धेरै महत्वपूर्ण विषयमा सहमति जुटाएको छ । त्यसबाट प्रमुख दलहरूले गम्भीरतापूर्वक प्रयत्न गर्दा संविधान निर्माणको काम एक महिनाभित्रै टुङ्गिने बडो आशालाग्दो परिस्थिति देखापरेको छ । यसक्रममा कार्यदलले निम्न समितिअन्तर्गतका प्रश्नहरू निम्नानुसार सहमति कायम गरेको छ :

१. **सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्माण** : यस समितिअन्तर्गत मतभेद रहेका १० वटा प्रश्न थिए । तीमध्ये भाषाको प्रश्न नै प्रमुख थियो । कार्यदलमा नेपाल बहुभाषी देश हो भन्ने कुरामा सहमति बनेको छ । र, भाषा आयोगको व्यवस्था गरी त्यसले देशभित्रका मातृभाषालगायत बोलिने/लेखिने सबै भाषाहरूको सूचीकरण गर्ने, तिनको स्थिति पत्ता लगाउने तथा संरक्षण र विकासको काम गर्ने एवम् सरकारी कामकाजको भाषाको सिफारिस गर्ने कुरामा सहमति भएको छ ।

देवनागरी लिपिमा लेखिने नेपाली भाषा केन्द्रमा सरकारी कामकाजको भाषा हुने तथा प्रदेशहरूमा केन्द्रको भाषा अतिरिक्त प्रान्तीय व्यवस्थापिकाले निश्चित गरेको भाषामा सरकारी कामकाज हुने सहमति भएको छ । यसरी जटिल मानिएका भाषासम्बन्धी प्रश्नहरूको निरूपण गरिएको छ ।

२. **राष्ट्रिय हितको संरक्षण** : यस समितिअन्तर्गत ७ वटा प्रश्नहरू थिए । तिनीहरूमा व्यापक छलफल गरी 'विदेशी राष्ट्रहरूसँग सन्धि सम्झौता गर्ने अधिकार केन्द्रको हुने तर केन्द्र सरकारले त्यसो गर्दा प्रान्तीय सूचीमा रहेका विषयहरूमा चाहिँ प्रान्तीय सहमतिमा गर्नुपर्ने' सहमति भएको छ । साथै, 'प्रान्तहरूले औद्योगीकरणको विकासका लागि विदेशी कम्पनीहरूसँग सम्झौता गर्न पाउने तर केन्द्र सरकारको अनुमतिमा गर्नुपर्ने' भएको छ ।

सेना कसको नियन्त्रणमा रहने तथा प्रधानसेनापतिलाई नियुक्ति र बर्खास्त कसले गर्ने भन्ने प्रश्नको पनि समाधान भएको छ । कार्यदलमा 'मन्त्रिपरिषद्को सिफारिसमा प्रधानसेनापतिको नियुक्ति र बर्खास्ती राष्ट्राध्यक्ष (राष्ट्रपति)ले गर्ने' टुङ्गो भएको छ ।

तर, सरकारले आवश्यक महसुस गर्दा १८ वर्ष पुगेका व्यक्तिहरूलाई सैनिक तालिम दिने विषयमा टुङ्गोमा नपुगी अझै छलफल गर्ने सहमतिमा दलहरू पुगेका छन् ।

३. **मौलिक अधिकार तथा निर्देशक सिद्धान्त** : यस समितिअन्तर्गत १० वटा प्रश्नहरू रहेका थिए । खासगरी, केन्द्र र प्रदेशका छुट्टाछुट्टै नागरिकता हुनुपर्ने विषयमा विवाद थियो । तर, कार्यदलले प्रादेशिक पहिचानसहित केन्द्रले एकल नागरिकताअन्तर्गत वंशज, अङ्गीकृत र गैरआवासीय गरी तीन प्रकारका नागरिकताको व्यवस्था गर्ने सहमति जुटाएको छ । नागरिकतासम्बन्धी व्यवस्था निम्नबमोजिम हुने टुङ्गो भएको छ :

- वंशजको आधारमा नागरिकता पाउन बाबुआमा दुवै नेपाली नागरिक हुनुपर्नेछ ।
- विदेशी महिलाले नेपाली नागरिकसँग विवाह गरी आफ्नो माइती देशको नागरिकता परित्याग गरेर नेपाली नागरिकताका लागि निवेदन दिएमा निवेदन दिनासाथ अङ्गीकृत नेपाली नागरिकता पाउनेछन् ।
- तर, नेपाली नागरिक महिलासँग विदेशी पुरुषले विवाद गरी नेपालमै बसोबास गरेमा १५ वर्षपछि निवेदन दिने र अङ्गीकृत नागरिकता पाउनेछन् । त्यसबीचमा उनीहरूबाट जन्मिने सन्तानले अङ्गीकृत नागरिकता पाउनेछन् ।
- नेपाल सरहदभित्र फेला परी आमा-बाबुको ठेगान नभएका बच्चाले वंशजको आधारमा नेपाली नागरिकता पाउने व्यवस्था रहिआएको छ । यसलाई निरन्तरता दिंदै नेपाली नागरिक आमाको ठेगान भएको तर बाबुको ठेगान नभएको बच्चाले पनि वंशजको आधारमा नेपाली नागरिकता पाउने व्यवस्था थप्ने सहमति भएको छ । तर, बाबु विदेशी भन्ने खुल्यो भने वंशजको आधारमा समाप्त भई अङ्गीकृत नागरिकताको अधिकार कायम हुनेछ ।
- गैरआवासीय नेपाली नागरिकहरूलाई देशको सामाजिक, सांस्कृतिक र आर्थिक विकास र उत्थानका काममा लाग्न सजिलो होस् भनी राजनीतिबाहेक सामाजिक-आर्थिक र सांस्कृतिक अधिकार प्रयोग गर्न पाउने गरी 'गैरआवासीय नेपाली नागरिकता' दिइनेछ । यो माग गैरआवासीय नेपालीहरूले गर्दै आएका थिए ।
- राष्ट्रप्रमुख, प्रधानमन्त्री र व्यवस्थापिका-प्रमुख तथा प्रधानन्यायाधीश सुरक्षा निकायहरूको उच्चतम पदमा पुग्न वंशजको आधारमा नेपाली नागरिक भएको हुनुपर्नेछ ।

४. **न्यायप्रणाली** : यस समितिअन्तर्गत १० वटा प्रश्नहरू थिए । खासगरी प्रधानन्यायाधीश र न्यायाधीशहरूको नियुक्ति र बर्खास्ती व्यवस्थापिकाको विशेष समितिले गर्ने भन्ने एकीकृत माओवादीको मत रहेको थियो । तर, छलफलपश्चात् कार्यदलले न्यायप्रणालीका स्वतन्त्र र निष्पक्ष मान्यतामा सहमति जुटाएको छ । 'राज्यका तीनवटा अङ्गहरू: व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा नियन्त्रण र सन्तुलन कायम गर्ने, संवैधानिक निकायका प्रमुख र सर्वोच्च अदालतका प्रधानन्यायाधीशको नियुक्ति संवैधानिक परिषद् वा सोसरहको स्वतन्त्र निकायको सिफारिशमा हुने तथा अरू न्यायाधीशहरूको नियुक्ति पनि स्वतन्त्र निकायबाटै हुने' टुङ्गो भएको छ । तर, त्यस्तो स्वतन्त्र निकाय गठनको बारेमा अझै टुङ्गो लागेको छैन । साथै, न्यायालयमा हुने अनियमितता, भ्रष्टाचार र ढिलासुस्ती हटाउने उपाय खोजी गरेर स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउने सहमति बनेको छ ।

५. **राज्यको शासकीय स्वरूप निर्धारण** : यस समितिअन्तर्गत पनि ११ वटा प्रश्नहरू रहेका छन् । तीमध्ये शासकीय स्वरूप र निर्वाचन प्रक्रिया पछि छलफल गरी टुङ्ग्याउने सहमति भएको छ । शासकीय स्वरूपमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति, संसद्बाट निर्वाचित राष्ट्रपति, संसद्बाट निर्वाचित प्रधानमन्त्री र जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री गरी चारवटा विकल्पमा छलफल केन्द्रित रहेको छ । यस्तै, निर्वाचन प्रणालीसम्बन्धमा बहुसदस्यीय प्रत्यक्ष समानुपातिक, मिश्रित सदस्यीय समानुपातिक, मिश्रित, पहिलो हुने निर्वाचित हुने र पूर्ण समानुपातिक गरी पाँचवटा विकल्पहरू छलफलमा रहेका छन् ।

सङ्घीयताको केन्द्र, प्रान्त र स्थानीय गरी तीन तह हुने तथा स्थानीय सरकारअन्तर्गतसमेत व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था हुने स्वरूपमा छलफलकेन्द्रित गरिएको छ । तर, निर्वाचन क्षेत्र जनसङ्ख्या र भूगोल दुवैलाई ध्यान दिएर निर्धारण गर्ने टुङ्गो लागेको छ ।

प्रान्तहरूमा सङ्कटकाल लागू गर्दा त्यहाँको काम गर्ने जिम्मेवारी केन्द्र सरकारको हुने व्यवस्थामा सहमति बनेको छ । प्रान्तीय मुख्यमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव ल्याउँदा नै वैकल्पिक उम्मेदवार प्रस्तुत गर्नुपर्ने छैन ।

६. **व्यवस्थापकीय अङ्गको स्वरूप निर्धारण** : यस समितिअन्तर्गत ३८ वटा प्रश्न रहेका छन् । तर, सदन कतिवटा हुने तथा मताधिकार १६ कि १८ वर्ष कायम हुने भन्ने प्रमुख प्रश्नहरू रहेको देखिन्छ । यदि एक सदनात्मक व्यवस्थापिका हुने टुङ्गोमा पुग्ने हो भने त्यससँग २१ वटा प्रश्न सम्बन्धित रहेको र तिनका पनि समाधान भइहाल्ने अवस्था छ । तर, यसबारेमा छलफल भए पनि कुनै टुङ्गो भइसकेको छैन ।

कार्यदलले छलफल नै नगरेका प्रश्नहरू संवैधानिक समितिअन्तर्गतका रहेका छन् । कुल २ सय २० मध्ये सबभन्दा बढी ९६ प्रश्नहरू यस समितिअन्तर्गतका छन् । तर, ४७ वटा प्रस्तावनासँग सम्बन्धित देखिन्छन् । वास्तवमा संविधानका अरू सबै अङ्ग र व्यवस्थाहरूको टुङ्गो भइसकेपछि प्रस्तावना लेखिने हो । तसर्थ, अरू विषयमा टुङ्गो लागेपछि संवैधानिक समितिअन्तर्गतका ९६ प्रश्नहरू सङ्ख्यात्मक रूपमा धेरै देखिए पनि टुङ्गोमा पुर्‍याउन खासै धेरै समय लाग्ने कारण छैन ।

उल्लिखित समितिहरूबाहेक राज्यको पुनःसंरचना समितिको प्रतिवेदन, खासगरी मुलुकको प्रादेशिक पुनःसंरचनाको खाका कोर्न सबभन्दा बढी समय लाग्ने अवस्था छ । अन्तरिम संविधानमा विज्ञहरूसहितको राज्य पुनःसंरचना आयोगको व्यवस्था छ । संविधानसभाको निर्वाचनअघि वा निर्वाचनलगत्तै उक्त आयोग गठन गरेर काम अघि बढाउनुपर्दथ्यो । राज्य पुनःसंरचना आयोगले प्रान्त र स्थानीय सरकारको नक्साङ्कन, नामाङ्कन र अधिकार बाँडफाँटको स्पष्ट सिफारिश गर्नुपर्दथ्यो । तीन प्रमुख दलहरूका बीच संविधानबमोजिमको राज्य पुनःसंरचना आयोग गठन गर्ने सहमति भएको धेरै

महिना भइसके पनि आयोग गठन हुनसकेको छैन । यसरी आयोग नै बन्न नसक्दा त्यसले गर्नुपर्ने प्रादेशिक खाका निर्क्योलको काम बाँकी नै छ । संविधानसभाको राज्य पुन:संरचना समितिले बहुमत/अल्पमतका आधारमा निर्णय गरी १४ वटा प्रदेशको प्रस्ताव अघि सारेको छ । तर, त्यसबारेमा सहमति जुटाउनुपर्ने ठूलो विषयमा कार्यदल अझै प्रवेश गरेको छैन ।

**प्रतिबन्धको व्यवस्था**

प्रमुख राजनीतिक दलहरूकाबीच रहेको अविश्वासले कस्तोसम्म स्थिति रहेको छ भने एकातिर एकीकृत माओवादीले प्रतिगामी, पुनरुत्थानवादी, राष्ट्रघाती र विदेशीको दलाली गर्ने शक्तिमाथि प्रतिबन्ध लगाउने प्रस्ताव गरेको छ । अर्कोतिर नेपाली काङ्ग्रेसले बहुदलीय व्यवस्था नमान्ने, सर्वसत्तावाद र एकदलीय अधिनायकवादको प्रयत्न गर्नेमाथि प्रतिबन्ध लगाउने प्रस्ताव अघि सारेको छ । यी दुवै प्रस्तावमा छलफल गरेर एउटा सहमति बनाउन कार्यदलको कात्तिक २८ गते बसेको बैठकमा व्यापक छलफल भयो । खासगरी राष्ट्रिय अखण्डताविरुद्ध उभिएर राष्ट्र विखण्डन गर्न उद्यत्, साम्प्रदायिक/जातीय दङ्गा मच्चाउने र सशस्त्र विद्रोह सङ्गठित गरेर हिँड्ने शक्तिहरूमाथि प्रतिबन्धको व्यवस्था गर्ने तर जुनसुकै विचार राखेको आधारमा प्रतिबन्ध लाग्ने व्यवस्था गर्न नहुने सहमति कार्यदलले गरेको छ ।

**आर्थिक नीति**

प्रमुख दलहरूबीच राज्य, सहकारी र निजी क्षेत्रको प्रभावकारी समन्वय हुने तीनखम्बे आर्थिक नीति अवलम्बन गर्ने तथा वैज्ञानिक भूमिसुधार गर्ने कुरामा सहमतिजस्तै छ । तर, भूमिसुधार गर्दा क्षतिपूर्ति दिने कि नदिने विषयमा चाहिँ विवाद रहेको छ । तर, प्रमुख दलका प्रमुख नेताहरू एकैठाउँ बसी गहनरूपमा बहस-छलफल चलाउँदा यस्ता कुनै पनि विषय छैन, जसको सहजरूपमा समाधान नहोस् !

❐

# शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउन रहेका चुनौतीहरू

■ **ईश्वर पोखरेल**

**शा**न्तिप्रक्रिया र नयाँ तथा लोकतान्त्रिक संविधान अहिलेको राष्ट्रिय राजनीतिका धुरी विषय हुन् । यी दुईवटा विषयलाई सही ढङ्गले निष्कर्षमा पुऱ्याउनु विद्यमान राष्ट्रिय राजनीतिलाई सकारात्मक निष्कर्षमा पुऱ्याउनु हो । त्यसैले यी दुईवटा विषयलाई केन्द्र गरेर सञ्चालन हुने बहसमा सक्रिय सहभागिता हरेक सचेत नेपाली नागरिक, सङ्गठन-संस्था, राजनीतिक नेता तथा कार्यकर्ता सबैको कर्तव्य हो ।

स्पष्ट हुनैपर्ने विषय के हो भने - जारी शान्ति प्रक्रिया निष्कर्षमा नपुग्ने-नपुऱ्याइने हो भने नयाँ र लोकतान्त्रिक संविधान निर्माण हुन सक्तैन, यसको घोषणा हुनै सक्तैन । त्यसैले नयाँ संविधानको अपरिहार्यता बोध गरिरहेका बेला शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउने कुराको पूर्वशर्तलाई बिर्सन मिल्दैन । विगतमा राजनीतिक दलहरूका बीचमा औपचारिक सहमति भइरहँदा यी दुवै विषयलाई यसै महत्वका साथ उल्लेख गरिएको हो र अहिलेसम्म पनि सहमतिका लागि सम्बन्ध-सेतुका रूपमा रहेका यी विषयले आफ्नो महत्वलाई कायम राखेका छन् ।

**१. विगतदेखिका सहमतिहरूमा शान्तिप्रक्रिया कसरी उल्लेख हुँदै आयो ?**

२०६२ मंसिर ७ गते सम्पन्न तत्कालीन सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बीच भएको 'बाह्रबुँदे' समझदारीपत्रदेखि ०६७ भदौ २८ गते सम्पन्न नेपाल सरकार र एकीकृत नेकपा (माओवादी)बीच सम्पन्न 'चारबुँदे' सहमतिपत्रमा आइपुग्दासम्म जेजति सहमति, समझदारी र सम्झौताहरू भएका छन्, ती सबैमा शान्तिप्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउनका लागि एकपछि अर्को प्रतिबद्धताहरू व्यक्त गरिएका छन् । ती सबै प्रतिवद्धताहरूमा मूलत: शिविरहरू खालि गराउने (यसका लागि त्यहाँ रहेका लडाकुहरूको स्वेच्छिक बिदाइ, सुरक्षा अङ्गमा समायोजन र पुन:स्थापनका काम गर्दै व्यवस्थापन गर्ने), संवैधानिक व्यवस्थाबमोजिम प्रधानमन्त्रीको संयोजकत्वमा रहेको 'विशेष समिति'मातहत ती सबैलाई ल्याउने, माओवादी सेनाका लडाकुहरू तथा शिविरभित्र र बाहिर रहेका हतियार 'विशेष समिति'को नियन्त्रण र निर्देशनमा रहने, लडाकुहरूको कुनै राजनीतिक सङ्गठनसँग संलग्नता नरहने, वाईसीएलको अर्धफौजी कार्यशैली र क्रियाकलाप पूर्णरूपमा समाप्त पार्ने, जोरजबर्जस्ती, डर, धाक-धम्कीका कुनै पनि प्रकारका कामहरू कतैबाट पनि हुनै नहुने, कसैको पनि ईच्छाविपरीत चन्दा सङ्कलन नगर्ने, हड्ताल, बन्द, चक्काजाम र घेराऊ नगर्ने, विद्यालय, अस्पताल र स्वास्थ्य केन्द्रहरूलाई हिंसामुक्त शान्तिस्थल बनाउने, कानूनी राज्यको स्थापना गर्ने र दण्डहीनताको

अन्त्य गर्ने, माओवादीको नियन्त्रणमा रहेका सबै निजी वा सार्वजनिक वा सरकारी घरजग्गा, कार्यालय, कलकारखाना, सवारी-साधन आदि समेतका सम्पत्ति सम्बन्धित व्यक्ति र निकायलाई फिर्ता गर्ने, सो सम्पत्ति त्यसको स्वामित्व राख्नेलाई उपभोग र उपयोग गर्न नदिए कानूनबमोजिम प्रशासनले कारबाही गर्ने आदि विषयहरू अत्यन्त महत्वका साथ उल्लेख गरिएका छन्। शान्ति स्थापना गर्ने अर्थात् शान्तिप्रक्रियालाई सार्थक निष्कर्षमा पुर्‍याउने विषयसित गाँसिएका यस्ता विषयहरूलाई एकीकृत नेकपा (माओवादी)लगायतका राजनीतिक दल तथा स्वयम् सरकारबाट समेत जोड दिने कुरालाई त्यसै महत्वका साथ हेरिनुपर्छ। यस सन्दर्भमा भएका सहमति, सम्झौता तथा समझदारीहरूमा उल्लेख भएका शान्तिप्रक्रियासम्बन्धी विषयहरूलाई महत्वका साथ पुनरवलोकन गर्नु र तिनको कार्यान्वयनका सम्बन्धमा समीक्षा गर्नु जरुरी छ।

**२. शान्तिप्रक्रियामा सहमति र कार्यान्वयनमा न्यूनता- किन ?**

'१२ बुँदे' सहमतिदेखि यता गरिएका झण्डै डेढ दर्जनजति सहमति-सम्झौताहरूको एउटा मुख्य विषय- हिंसाप्रति असहमति र शान्तिको स्थापना हो। यसका लागि जारी प्रक्रियालाई निष्कर्षमा पुर्‍याउने साझा प्रतिबद्धता हो। तर, लिखतमा प्रतिबद्धता व्यक्त गरिएअनुसार त्यसको कार्यान्वयनमा तदारुकता, तत्परता, गम्भीरता र इमानदारीसमेत नदेखिएको यतिबेलासम्मको परिणामले पुष्टि गरिरहेको छ। यसमा सहमति सम्झौता गर्ने पक्षहरूको (दुवैको) इमानमा कमजोरी र लापरबाही स्पष्टसित देखिन्छ। सम्झौता गर्न भने तत्पर भइहाल्ने तर कार्यान्वयनप्रति गम्भीर नदेखिने, अर्को पक्षलाई भरसक अलमलमा पारेर आफू भने पूर्वमनस्थिति, मान्यता, अडान र व्यवहारमा कायम रहन चाहनेजस्तो स्थिति पनि यसबीच पटकपटक प्रकट भएका छन्। यस्तो हुनु पछाडिका कारणमा सहमति-सम्झौताभित्रका अन्तरतत्वबारे शुरुमा गम्भीरताका साथ छलफल नगर्ने- त्यसमा केन्द्रित नहुने, तिनको कार्यान्वयनका लागि कुनै संयन्त्रगत व्यवस्थामा ध्यान नदिने, कार्यान्वयनको स्थिति बुझ्ने भरपर्दो अनुगमनको व्यवस्था नगर्ने तथा त्यसको स्थिति बुझ्न आवधिक रूपमा समीक्षाको व्यवस्था नगर्ने आदि कमजोरी (वा लापरबाही ? ) रहेका छन्। सम्बन्धित पक्षले कतिपय बेला औपचारिक बैठकमा व्यक्त गरेका प्रतिबद्धताहरूसमेत लिपिबद्ध नगरिने र पछि गएर त स्वतः बिर्सने अवस्थासमेत रहिआएको देखिन्छ। यस प्रसङ्गमा एउटा रोचक उदाहरणलाई सम्झना गर्न सकिन्छ। माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पटकपटक औपचारिक बैठकमा भनेका थिए, 'राजनीतिक दलहरू गणतन्त्र घोषणामा सहमत हुने हो भने आफू आफ्नो सैन्य संरचना भङ्ग गर्न जुनसुकै बेला पनि तत्पर रहेको।' दलहरू गणतन्त्र घोषणाका लागि पनि तत्पर भए- व्यवस्थापिका-संसद्बाट गणतन्त्रको औपचारिक घोषणासमेत गरियो तर माओवादी पक्ष आफूले कबुल गरेबमोजिम आफ्नो सैन्य संरचना भङ्ग गर्नका लागि तत्पर देखिएन। अझ अहिले विस्तारित बैठकमा प्रस्तुत गर्नका लागि सबै माओवादी शीर्ष नेताहरूले अगाडि सारेका दस्तावेजहरू हेर्दा लाग्छ- माओवादी आफ्नो सैन्य संरचनालाई कायम राख्न चाहन्छन् र त्यसकै बलमा भविष्यमा समेत आफ्नो 'सत्ताकब्जा'को अभीष्ट पूरा गर्न चाहन्छन्। यस्तै, द्वन्द्वकालमा कब्जा गरिएको व्यक्तिगत, सार्वजनिक र सरकारी सम्पत्ति फिर्ता गर्ने पटकपटकको प्रतिबद्धता कार्यान्वयनका लागि गम्भीरताका साथ अनुगमन गर्ने विषय पनि यस्तै रहेको देखिन्छ। कहाँसम्म भने प्रधानमन्त्रीका हैसियतले माओवादी अध्यक्ष प्रचण्डले व्यवस्थापिका संसद्को 'रोष्टम'मा उभिएर गरेको सम्पत्ति फिर्तासम्बन्धी प्रतिबद्धता कार्यान्वयनको अवस्था पनि त्यस्तै नै रह्यो भन्दा हुन्छ। आज शान्तिप्रक्रियासित गाँसिएका विषयहरूमा गरिएका प्रतिबद्धताका शृङ्खलाहरू हेर्दा लाग्छ- हामीले थोरै समयमा यस क्षेत्रमा धेरै कामहरू गरिसकेका छौं। तर, तिनको कार्यान्वयनको पाटोमा हेर्दा यस सम्बन्धमा धेरै महत्वपूर्ण विषयहरू बाँकी नै छन्। यो विरोधाभासपूर्ण स्थितिले हाम्रो जारी शान्तिप्रक्रिया ठोस र आशलाग्दो निष्कर्षमा पुग्न सकिरहेको छैन। आशा गरेअनुसार परिणाम हात लाग्न सकिरहेको छैन।

**३. अहिलेको समस्या के हो ?**

माथि पनि उल्लेख गरियो, शान्तिप्रक्रियालाई निष्कर्षमा पुर्‍याउने सम्बन्धमा गरिएका लिखित प्रतिबद्धताहरू र व्यावहारिक रूपमा ती प्रतिबद्धताहरूको कार्यान्वयनका बीचमा गम्भीर अन्तरविरोधको स्थिति छ। त्यसैले अहिले जटिल बन्दै गएको राजनीतिक स्थितिलाई ख्याल गर्दै शान्तिप्रक्रियालाई निष्कर्षमा पुर्‍याउन प्रतिबद्धता व्यक्त गर्ने माओवादीलगायतका सबै राजनीतिक दलहरूले विगतमा रहेका यी कमजोरीहरूका सम्बन्धमा वस्तुनिष्ठ भएर आत्मसमीक्षात्मक निष्कर्षमा पुग्नुपर्छ। विगतमा भएका वा गरिएका कतिपय छलकपटपूर्ण, हलुका र लापरबाहीपूर्ण व्यवहारहरूको पुनरावृत्ति हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुपर्दछ। विगतका जस्ता आचरणको पुनरावृत्ति भइरहने कुरा आफैंले आफैमाथि सङ्कट निम्त्याउनु हो भन्ने बुझ्नुपर्छ। अहिले पनि बेलाबेलामा देखापर्ने हिंसाको राजनीतिलाई निरन्तरता दिन चाहने तथा विधि र प्रक्रियाभन्दा बाहिर गएर कब्जाको राजनीतिलाई निरन्तरता दिन चाहने माओवादी पक्षबाट प्रकट हुने विचार र व्यवहारले उक्त प्रतिबद्धताको ठाडो उल्लङ्घन भइरहेको छ। अहिलेको वस्तुगत राजनीतिक आवश्यकताबाट निर्देशित हुँदै कायम हुन पुगेको 'बृहद् लोकतान्त्रिक संश्रय'लाई कमजोर पार्ने वा भत्काउने उद्देश्यद्वारा 'सङ्ख्यात्मक बहुलता देखिएको वामपन्थी शक्तिको छुट्टै मोर्चा बनाउँदै जरुरत पर्दा हिंसात्मक विद्रोहको तयारी गर्नुपर्छ' भन्ने जस्ता मनोगत विश्लेषणबाट निर्देशित हुँदै अगाडि सारिएका मान्यता तथा देखाइने व्यवहारले जारी शान्तिप्रक्रियालाई निष्कर्षमा पुग्न नदिने निश्चित छ। यस्तै, जारी शान्तिप्रक्रिया र अपरिहार्य बनेको राजनीतिक सहमतिको यात्राको एउटा महत्वपूर्ण राजनीतिक सहयात्री (Political Partner) लाई उसका केही छलकपटपूर्ण लाग्ने र सङ्गति नमिलेका विचार र

व्यवहारका कारण छुट्टै 'प्रजातान्त्रिक मोर्चा' बनाउने योजना र प्रस्तावले जारी शान्तिप्रक्रियालाई बीचमै तोड्ने मात्र होइन, नयाँ चरणमा मुलुकलाई द्वन्द्व र गृहयुद्धमा पुऱ्याउने कामसमेत गर्नेछ । राजनीतिक वृत्तमा देखिएका यस्ता चिन्तन, प्रवृत्ति र पात्रहरूबाट होसियार रहनु जरुरी छ । यसो गरेर मात्र गतिवान् बन्न नसकेको, केही अलमलमा पर्न लागेको शान्तिप्रक्रियालाई सही तरिकाले निष्कर्षमा पुऱ्याउन सकिन्छ । अहिले सबै तपसीलका कुराहरू छोडेर केन्द्रित हुनुपर्ने विषय के हो भने माओवादी लडाकुहरू रहेका शिविरहरू खाली गर्नैपर्छ । त्यसका लागि शिविरमा रहेका लडाकुहरूको व्यवस्थापन गर्नैपर्छ । यो व्यवस्थापन उनीहरूको स्वेच्छिक बिदाइ, सुरक्षा अङ्गहरूमा मापदण्डबमोजिम समायोजन र बाँकीको पुनःस्थापन गरेर मात्र हुनसक्छ । र, यी सबै काम संवैधानिक व्यवस्थाबमोजिम प्रधानमन्त्रीको नेतृत्वमा रहेको 'विशेष समिति'को विस्तृत कार्ययोजनाअन्तर्गत मात्र गर्नुपर्दछ । यही विषयमा रहेका अस्पष्टता र अन्योलले अहिले जारी शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउने कुरामा समस्या देखिएका हुन् ।

**४. अब ठोस समाधान- कसरी ?**

अब निम्न काममा अहिलेसम्म शान्तिप्रक्रियामा सम्बद्ध सबै राजनीतिक पक्षहरू केन्द्रित भएर इमानदारीका साथ लाग्नु जरुरी छ :

- शान्ति स्थापना गर्ने उद्देश्यका साथ विगतमा गरिएका सहमति, समझदारी र सम्झौताहरूको आत्मसमीक्षात्मक पुनरवलोकन गरिनुपर्छ । ती सबैको कार्यान्वयनको समीक्षा गरिनुपर्छ ।
- अन्तरिम संविधानमा गरिएको व्यवस्थाअनुसार माओवादी सेनाका लडाकुहरूको 'रेखदेख, समायोजन र पुनःस्थापना'का लागि प्रधानमन्त्रीको संयोजकत्वमा रहेको प्रमुख राजनीतिक पार्टीहरू सम्मिलित 'विशेष समिति'लाई क्रियाशील पारिनुपर्छ । पछिल्लो समयमा आम रूपमा यो 'समिति' क्रियाशील देखिए पनि हालका दिनमा माओवादी पक्षको अनिच्छा तथा निस्क्रिय भूमिकाका कारण यसको क्रियाशीलतामा कमी देखिएको छ । शान्तिप्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउनका लागि गरिएको 'विशेष समिति'को संवैधानिक व्यवस्थालाई कुनै पनि हालतमा कमजोर बन्न दिनुहुन्न ।
- 'विशेष समिति'ले संवैधानिक प्रावधानअनुसार नै माओवादी सेनाका लडाकुहरूमाथि 'नियन्त्रण र निर्देशन (Control and Command)' तथा समायोजन तथा पुनःस्थापनासम्बन्धी विस्तृत 'कार्ययोजना' पारित गरी त्यस आधारमा शान्तिप्रक्रियासित गाँसिएका सम्पूर्ण कामहरूलाई निश्चित समयावधिमा सम्पन्न गर्ने योजनाका साथ अगाडि बढाउनुपर्छ । यसका लागि 'विशेष समिति'ले अलिकति पनि ढिलाइ नगरी आफूले गरेका निर्णयहरूको तदारुकता र प्रभावकारी किसिमले कार्यान्वयनका लागि 'सचिवालय' गठन र त्यसको 'संयोजक' तोक्ने काम गरिहाल्नुपर्छ । सचिवालयको 'संयोजक' तोक्ने कामलाई अहिले चलिरहेको सहमतिको राजनीतिमा सत्ता साझेदारीको आम विषय बनाइनुहुन्न- बन्न दिनुहुन्न । 'संयोजक' वास्तवमा समायोजन र पुनःस्थापनको बृहद् र ऐतिहासिक कामलाई राम्ररी बुझेको, अनुभवी, सुरक्षासम्बन्धी पेशागत दक्षता भएको व्यक्ति तोकिनुपर्दछ । 'सचिवालय'ले 'विशेष समिति'का निर्णयहरूको मर्म तथा भावनालाई बुझी कार्यान्वयनका लागि महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ । यसरी गठन हुने सचिवालय (जसको गठनका लागि 'विशेष समिति'मा नीतिगत सहमति भई पनि सकेको छ) र तोकिने 'संयोजक' वास्तवमा शान्तिप्रक्रियासित सम्बन्धित निर्णय र योजनालाई ठोस किसिमले कार्यान्वयन गर्ने/गराउने महत्वपूर्ण माध्यम हुन् । त्यसैले यसको गठनमा यही गम्भीरताका साथ सोचिनुपर्छ ।
- 'सम्भाव्य समायोजन (Possible Integration)' का लागि 'मापदण्ड'को विषयका बारेमा पनि स्पष्ट तर लचकतापूर्ण दृष्टिकोण हुनु आवश्यक छ । सुरक्षा अङ्गका 'स्थापित मापदण्ड'मा उभिएर नै 'समायोजन'का विषयलाई अगाडि बढाइनुपर्छ । तर, सुरक्षा अङ्गहरूमा सामान्य भर्नाका लागि अपनाइने 'मापदण्ड'लाई जस्ताका तस्तै मात्र लागू गर्न खोज्नु वा त्यसैमा मात्र अडिनुपर्छ भन्नु उचित हुन्न । 'सुरक्षा अङ्गहरू'मा भर्ना नै हो, तर यो 'सामान्य भर्ना' नभएर 'समायोजन'अन्तर्गतको भर्ना भन्ने कुरालाई पनि बुझ्नुपर्छ । यसको अर्थ सुरक्षा अङ्गका 'स्थापित मापदण्डहरू'मा केही 'अतिरिक्त स्थिति'लाई पनि स्वीकार गरिनुपर्छ ।
- 'सम्भाव्य समायोजन'का लागि सङ्ख्याको विषय पनि सार्वजनिक रूपमै बहसको विषय बन्न वा बनाउन खोजिँदैछ । सङ्ख्या एउटा महत्वपूर्ण विषय त हुँदै हो तर मापदण्डअन्तर्गत समायोजन गर्ने कुरा चाहिँ प्रमुख कुरा हो ।
- 'समायोजन' कसरी ? व्यक्तिगत रूपमा वा समूहगत रूपमा ? यो विषय एउटा बहसको विषय त हो (वा हुनसक्छ) तर यसलाई पनि केही बुझेर- केही नबुझेर बहस (वा विवाद ?!) बनाउन खोजिँदै पनि छ । अहिले माओवादी लडाकुहरू समूहमा (शिविरहरूमा) बस्दै आएका छन् । समायोजनका लागि उनीहरूले व्यक्तिगत रूपमै तय गरिएका 'मापदण्डहरू' पूरा गर्नुपर्ने हुन्छ । र, यसरी 'मापदण्ड' पूरा गर्नेहरू 'समायोजन'को विशिष्ट स्थितिका कारण केही समयका लागि सुरक्षा अङ्गका तल्ला इकाइहरूमा सामूहिक रूपमा नै पनि रहन सक्छन् । पृष्ठभूमि र मनस्थितिका कारण पनि यस्तो गर्नुपर्ने हुनसक्छ । तर, सम्बन्धित सुरक्षा अङ्गको एकीकृत कमाण्ड र योजनाअन्तर्गत रहेर उनीहरू व्यक्तिगत रूपमै जुनसुकै ठाउँमा पनि परिचालित हुनै पर्ने कुरा स्वतः सिद्ध छ) ।

- पुनःस्थापनको विस्तृत प्याकेजका विषयमा 'विशेष समिति'मा र त्यसको 'सचिवालय'मा विशेष छलफल गर्नुपर्ने हुनसक्छ। यसमा स्थिति र व्यावहारिकतालाई ख्याल गरेर उदारता र फराकिलो दृष्टिकोणका साथ छलफल गर्दा प्रस्तावलाई थप राम्रो बनाउन सकिन्छ।
- जहाँसम्म 'स्वेच्छिक बिदाइ (Volunteerly Exit)' को विषय छ- त्यस्तालाई राज्यको तर्फबाट दिइने 'गोल्डेन ह्याण्डसेक' लाई व्यावहारिक, तर्कसङ्गत, न्यायोचित र स्थितिसापेक्ष कसरी बनाउने भन्नेबारेमा सोच्नैपर्ने हुन्छ। राज्यको तर्फबाट दिइने 'गोल्डेन ह्याण्डसेक'का अनेक अवस्था र रूप छन् (हुन्छन्) भन्ने कुरालाई पनि ख्याल गर्नैपर्छ। तर, यो विषय व्यवस्थापन गर्नुपर्ने समग्रतामा महत्वपूर्ण भए पनि धेरै ठूलो र समस्याजनक हुन सक्तैन।
- शान्तिप्रक्रियासित गाँसिएका माथि उल्लिखित महत्वपूर्ण विषयहरूमा केन्द्रित भएर नै समाधान खोजिनुपर्छ। राजनीतिक नेतृत्व तहबाट यी विषयमाथि जिम्मेवारीपूर्ण सोच र प्रस्ताव अघि सारिने हुन् भने यी समाधान हुनै नसक्ने विषय बन्नै सक्तैनन्। जहाँसम्म 'सत्ता साझेदारी'सित यी सबै विषयलाई गाँसेर मात्र समाधान निकाल्न खोज्ने हो भने पनि राजनीतिक दलहरूले अहिले अपरिहार्य बनेको सहमतिको राजनीतिलाई बुझ्न सक्नुपर्दछ। आफ्नो दल वा आफू (नेता विशेष) केन्द्रित भएर सोच्ने- त्यस आधारमा समाधानको खोजी गर्ने हो भने समस्या रहनसक्छ। तर, सिङ्गो राष्ट्र, सम्पूर्ण नेपाली जनता, लोकतान्त्रिक आन्दोलन तथा त्यसबाट प्राप्त उपलब्धिहरूको रक्षा तथा सुदृढीकरणको विषयलाई केन्द्र भागमा राख्ने हो भने सबैलाई स्वीकार्य 'मोडेल'लाई पनि अगाडि ल्याउन सकिन्छ।

राजनीतिक दलहरू र तिनका जिम्मेवार नेताहरूले सत्तास्वार्थका कारण- त्यसमा केन्द्रित भई हानथाप गरेर शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउनैपर्ने ऐतिहासिक दायित्वबाट पन्छिन मिल्दैन। यतिबेला सबैले सहमतिका साथ सँगै हिंडेर मात्र उद्देश्य प्राप्त गर्न सकिन्छ, एक्लाएक्लै हिँड्न खोजेर, निषेधको मान्यता बोकेर अगाडि बढ्नै सकिन्न, समस्या समाधान गर्नै सकिन्न, जित्नै सकिन्न! ❒

# सहमति-समझदारीहरू

- सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बीच भएको 'बाह्रबुँदे' समझदारी। *(०६२ मंसीर ७ गते)*
- नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बीच दुईपक्षीय सहमतिद्वारा लागू गरिएको 'युद्धविराम आचारसंहिता'। *(०६३ जेठ १२ गते)*
- सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का शीर्ष नेताहरूबीच भएको आठबुँदे समझदारीको 'प्रेस वक्तव्य'। *(०६३ असार २ गते)*
- संयुक्त राष्ट्रसङ्घसमक्ष प्रेषित पाँचबुँदे पत्र (नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)द्वारा छुट्छुट्टै एउटै बेहोराको पत्र)। *(०६४ असार महिनामा)*
- सात दल र नेकपा (माओवादी)का शीर्ष नेताहरूको बैठकका निर्णयहरू। *(०६२ कात्तिक २२ गते)*
- वातावरण सहज बनाउने सम्बन्धमा आठ राजनीतिक दलहरूको प्रतिबद्धता। *(०६३ चैत १६ गते)*
- अन्तरिम सरकारको 'साझा सहमतिको न्यूनतम् कार्यक्रम'। *(०६३ चैत १६ गते)*
- अन्तरिम सरकार सञ्चालनको 'सामान्य विधि र मान्यता'। *(०६३ चैत १६ गते)*
- 'संयुक्त समन्वय समिति'। *(०६३ चैत १६ गते)*
- अन्तरिम सरकारका मन्त्रीहरूको पालना गर्नुपर्ने 'आचारसंहिता'। *(०६३ चैत १६ गते)*
- 'सात राजनीतिक दलहरू'बीच भएको '२३ बुँदे सहमति'। *(०६४ पुस ८ गते)*
- संविधान संशोधन र शान्तिप्रक्रियालाई अगाडि बढाउन राजनीतिक दलहरूका बीच भएको सहमति। *(०६५ असार ४ गते)*
- संविधानसभाको समयावधि एक वर्षका लागि बढाउने सम्बन्धमा तीन पार्टीबीच भएको 'सहमति-पत्र'। *(०६७ जेठ १४ गते)*
- प्रधानमन्त्रीको निर्वाचनको प्रक्रियाका सन्दर्भमा नेकपा (एमाले) र एनेकपा (माओवादी) को 'संयुक्त वक्तव्य'। *(०६७ असोज १ गते)*
    - नेपाल सरकार र एनेकपा (माओवादी) बीच भएको ४ बुँदे सहमति। *(०६७ असोज भदौ २८ गते)*

# प्रतिक्रान्तिदेखि होसियार !

■ **झलनाथ खनाल**

**कु**नै पनि समाजमा जब प्रधान र आधारभूत अन्तर्विरोधहरू चर्किंदै जान्छन्, तिनीहरू चरम अवस्थामा पुग्छन्, तब समाजमा विष्फोट हुन्छ र जनक्रान्ति हुन्छ । नेपाली समाजमा पनि लामो समयदेखि राजतन्त्र र आमनेपाली जनताका बीचमा प्रधान राजनीतिक अन्तर्विरोध विकसित भइरहेको थियो । त्यो चर्किंदै थियो । राजाका जनविरोधी, लोकतन्त्रविरोधी र राष्ट्रियताविरोधी कदमहरूले जनताको विरोध र आक्रोशलाई बढाउँदै लग्यो । १९ माघपछि जनआन्दोलनले राष्ट्रव्यापी जनआन्दोलनको रूप लियो, आखिर सन् २००६ को अप्रिलमा पुग्दा त्यो जनआन्दोलन शान्तिपूर्ण जनक्रान्तिका रूपमा विकसित भयो । नेपाली जनताका सबै वर्ग, तह र समुदायहरू आँधीबेहरीझैँ भएर उठे । फलस्वरूप राजतन्त्रले नेपाली जनताका सामु घुँडा टेक्न बाध्य भयो र अन्ततः शान्तिपूर्ण प्रक्रियाबाट त्यसको उन्मूलन भयो । यो नेपाली इतिहासमा भएको राजनीतिक क्रान्ति हो । त्यसले राजतन्त्रलाई समाप्त पार्‍यो र मुलुकलाई लोकतान्त्रिक गणतन्त्र नेपालमा रूपान्तरित गरिदियो । यो ऐतिहासिक र युगीन घटना हो, त्यसले नेपाल र नेपाली समाजलाई नयाँ युगमा उठाइदियो ।

तर, अझै पनि कतिपय मानिसहरू यसलाई क्रान्ति भनेर मान्न चाहँदैनन् । यो उनीहरूका नजरमा कथित ठूलो सुधारको आन्दोलन मात्र हो । त्यसलाई क्रान्ति भनेपछि त्यहीअनुरूपका क्रान्तिकारी दायित्व पनि काँधमा आई पर्छन् । त्यसका डरले हो वा राजनीतिक क्रान्ति र सामाजिक क्रान्तिबीचको भिन्नतालाई छुट्याउन नजानेर हो, उनीहरू राजनीतिक क्रान्ति, शान्तिपूर्ण जनक्रान्ति र अप्रिल क्रान्तिजस्ता शब्द सुन्दा पनि ओठ लेब्र्याउन पुग्छन् । हाम्रो पार्टीले सन् २००६ अप्रिलमा नेपालमा भएको परिवर्तनलाई सामाजिक क्रान्ति कहिल्यै भनेको छैन । त्यसलाई राजनीतिक क्रान्तिका रूपमा विश्लेषण गरेको छ र त्यसलाई सामाजिक क्रान्तिमा विस्तार गर्ने सम्भावनाका रूपमा विश्लेषण अघि सारेको छ । हामीले यस सन्दर्भमा कुरा गर्दा सन् १८३० देखि सन् १८७१ बीच युरोपका अनेकौं देशमा भएका राजनीतिक क्रान्तिहरूका बारेमा, मार्क्सले अघि सार्नुभएका विश्लेषणहरू, रुसको १९०५ को असफल क्रान्तिबारे लेनिनले गर्नुभएको विश्लेषण, स्वयम् लेनिन र माओले चीनको सन् १९११ को राजतन्त्रविरोधी राजनीतिक क्रान्तिका बारेमा गर्नुभएका विश्लेषणलाई सम्झनुपर्छ । ती क्रान्तिहरू सबै सामाजिक क्रान्ति थिएनन्, तिनीहरू महत्वपूर्ण राजनीतिक क्रान्ति थिए । त्यसरी नै नेपालमा सन् २००६ मा पनि राजनीतिक क्रान्ति भएको छ र नेपाल र नेपाली जनतालाई त्यस क्रान्तिले राजतन्त्रको पञ्जाबाट सदाका निम्ति मुक्ति प्रदान गरेको छ । यो हाम्रो देशको इतिहासमा एउटा ऐतिहासिक क्रान्तिकारी घटनाका रूपमा सधैँ रहिरहनेछ ।

कुनै पनि देशमा जब क्रान्ति हुन्छ, त्यसपछि एउटा सङ्क्रान्तिको कालखण्ड सुरु हुन्छ । सङ्क्रान्ति भनेको सङ्क्रमणको कालखण्ड हो । हाम्रो देशमा यसपटक जुन जनक्रान्ति वा राजनीतिक क्रान्ति भएको छ, त्यसले नेपाली समाजका प्रत्येक क्षेत्रमा परिवर्तनको सुरुआत गरेको छ । प्रथमतः त्यसले राजनीतिक परिवर्तन सुरु गरेको छ । राजतन्त्र उन्मूलन नै भएको छ र लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । यो सबैभन्दा उच्च महत्वको परिवर्तन हो । यो क्रान्तिकारी परिवर्तन हो ।

दोस्रो, उक्त परिवर्तनका साथसाथै राजनीतिक व्यवस्थाका बारेमा पनि परिवर्तनको सुरुआत भएको छ । अब नेपालको ठोस वास्तविकताअनुरूपको राजनीतिक प्रणाली स्थापना गर्ने आधार तयार भएको छ । हाम्रो पार्टीले तदअनुरूप आमजनताबाट निर्वाचित प्रधानमन्त्री र आलङ्कारिक राष्ट्रपति भएको प्रणालीलाई अघि सारेको छ ।

तेस्रो, नेपाली समाजमा आर्थिक व्यवस्थामा पनि परिवर्तनको सुरुवात भएको छ । हामीले राजकीय क्षेत्र, सहकारी क्षेत्र र निजी क्षेत्र रहेको तीनखम्बे अर्थतन्त्र निर्माण गर्ने घोषणा गरिसकेका छौं । भूमिसुधार गर्ने, कृषिक्रान्ति गर्ने र मुलुकलाई औद्योगीकरणतर्फ अग्रसर पार्ने सम्भावना निकै टड्कारो बनेको छ । तबमात्र हाम्रो देशमा आर्थिक क्रान्ति हुनेछ ।

चौथो, यसपटकको राजनीतिक क्रान्तिले नेपाली समाजमा सामाजिक परिवर्तनलाई पनि तीव्र गति प्रदान गरेको छ । हामी प्रथमतः जातिजातिबीच रहेको विभेदलाई समाप्त पार्दै सबै जातिबीच समानताको सम्बन्ध विकास गर्ने दिशामा अघि बढिरहेका छौं । दोस्रो, हामी सबै भाषाहरूलाई राष्ट्रिय भाषा घोषणा गरेर भाषिक समानता स्थापना गर्ने दिशामा अघि बढिरहेका छौं । तेस्रो, हामीले महिला र पुरुषबीचको भिन्नतालाई तोडेर समानतापूर्ण सम्बन्ध विकास गर्न ठोस नीति र कार्यक्रम अघि सारेका छौं । चौथो, हामीले दलितहरूमाथि भइरहेको युगौंदेखिका विभेदलाई अन्त्य गर्ने घोषणा गरेका छौं । उक्त विभेदलाई राष्ट्रिय कलङ्क घोषित गरेका छौं । त्यसलाई दण्डनीय अपराध भनेका छौं । त्यसले दलितहरूको जीवनमा ठूलो परिवर्तन ल्याउनेछ । पाँचौं, हामीले क्षेत्रक्षेत्रबीचको विभेदलाई पनि अन्त्य गर्ने घोषणा गरेका छौं ।

पाचौं, हामीले नेपालमा रहेका धेरै धर्महरू र आस्थाहरूबीच पनि समानता घोषणा गरेका छौं । अब नेपाल हिन्दू राज्य रहेन । नेपालमा रहेका सबै धर्महरू समान छन् । त्यसैले धार्मिक सम्बन्धका क्षेत्रमा पनि परिवर्तन भइरहेको छ । त्यसरी नै

सांस्कृतिक क्षेत्रमा झन् व्यापक परिवर्तनको सुरुआत भइरहेको छ । अब नेपाली अन्तर्वस्तुमा विश्वस्तरको विभिन्न सांस्कृतिक आयामहरू पनि नेपालमा विकसित भइरहेका छन् ।

छैटौं, सर्वोपरी रूपमा नेपाल राज्यको संरचनामा पनि परिवर्तन भइरहेको छ र राज्यको पुनःसंरचना एउटा ठूलो मुद्दाका रूपमा हाम्रासामु छ र बहस चालू छ ।

सातौं, त्यसरी नै यसपटकको परिवर्तनपछि नेपालको अन्तर्राष्ट्रिय सम्बन्धमा पनि ठूलो परिवर्तनका सम्भावना देखिएका छन् । ती सम्भावनाहरूलाई पक्रन सकेमा नेपाल र नेपालीको प्रतिष्ठा विश्वमा निकै उचो हुनसक्ने थियो ।

यसरी यसपटकको परिवर्तनले नेपाली समाजमा चौतर्फी क्षेत्रलाई प्रभावित पारेको छ, ती प्रत्येक क्षेत्रमा परिवर्तनको प्रक्रियालाई जन्माइदिएको छ । हामीले सही र क्रान्तिकारी मार्गदर्शन गर्न सकेको खण्डमा परिवर्तनको यो प्रक्रियालाई जारी राख्न र फराकिलो बनाउँदै अघि बढ्न सकिन्छ । त्यसक्रममा हामी सामन्तवादलाई उन्मूलन गर्नसक्छौं । दलाल पुँजीलाई राष्ट्रिय पुँजीमा रूपान्तरण गर्नसक्छौं । असमान सन्धि र सम्झौताहरू रद्द गर्नसक्छौँ । स्वाभाविक रूपले नेपालमा जनवादी क्रान्तिलाई विजयी बनाउन सकिन्छ । त्यसले नेपाल र नेपाली जनतालाई पुनःनिर्माण, रूपान्तरण र समृद्धिको भविष्यतिर लानु अनिवार्य हुनेछ । तर, यतिबेला विभिन्न शक्तिहरू जसरी क्रियाशील छन्, उनीहरू जस्ता हर्कत गरिरहेका छन् र परिवर्तनका लागि एकगठ भएर अघि बढ्नुपर्ने पार्टीहरू जसरी आपसमा लडन्त-भिडन्त गरिरहेछन्, त्यसले मुलुकमा प्रतिक्रान्तिको खतरालाई पनि टड्कारो रूपमा देखाइरहेको छ । प्रथमतः राजावादी शक्तिहरू खुलेआम आफ्ना गतिविधि गर्नथालेका छन् । र, राजालाई पुनःस्थापना गर्ने कुरा उठाउन थालेका छन् । दोस्रो, पूर्वपञ्चहरू पनि भेला हुनथालेका छन् र अवसर ताक्न थालेका छन् । तेस्रो, प्रमुख पार्टीहरूभित्र बढिरहेको विरोध र आपसी सङ्घर्षले मुलुकलाई गतिरोधमा राखेकाले जनतामा अन्योल र दिशाहीनता बढिरहेको छ । चौथो, शान्ति र संविधान निर्माणका प्रक्रियाहरू अवरुद्ध भइरहेका छन् । बढाइएको म्यादमा पनि संविधान बन्छ कि बन्दैन निश्चित छैन । कतिपय शक्तिहरू यस्तै बेलामा संविधानसभालाई विघटन गराउन चाहिरहेका छन् । हामीले प्रमुख पार्टीहरूबीच अब पनि सहमति कायम गर्न सकेनौं र शान्ति तथा संविधानलाई लक्ष्य बनाएर राष्ट्रिय सहमति कायम गर्न सकेनौं भने मुलुक ठूलो दुर्घटनातिर जानु अनिवार्य हुन्छ । ०६८ जेठ १४ गतेसम्म पनि संविधान बन्न सकेन भने मुलुक संविधानविहीन हुनेछ । संविधानसभा विघटित हुनेछ । देश अराजकता, द्वन्द्व, हिंसा र विघटनतिर जानसक्छ । शान्तिपूर्ण जनक्रान्तिका उपलब्धिहरू- लोकतान्त्रिक गणतन्त्र, मौलिक अधिकार, समावेशी लोकतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयताजस्ता कुराहरू समाप्त हुनेछन् । मुलुक प्रतिक्रान्तितिर धकेलिनेछ । यो खतरा अहिले पनि टड्कारो छ । हामीले हरपल सचेत भएर अघि बढ्नुपर्दछ ।

साथै, हामी विगत बाह्रबुँदे सहमतिदेखि राजतन्त्र उन्मूलनको बिन्दुसम्म जस्तै फेरि प्रमुख पार्टीहरू एक ठाउँ आउछौं भने मुलुकले अर्कै गति लिन्छ, मुलुक उज्ज्वल भविष्यतिर लाग्न सक्छ । त्यसका लागि हाम्रो पार्टी सबभन्दा पहिले शान्ति, संविधान र अग्रगतिका निम्ति राष्ट्रिय सहमतिको बाटोमा एकताबद्ध भएर उभिनुपर्छ । पार्टीले लिएको नीति र अडानमा चट्टानझैँ खडा हुनुपर्छ । माओवादी र काङ्ग्रेसलाई पनि एकताबद्ध पार्नुपर्छ । मधेसका पार्टीहरूलाई पनि एकगठ पार्नुपर्छ । नीति, सिद्धान्त र लक्ष्यका आधारमा सबैलाई सहमतिमा ल्याउनुपर्छ । हामीले अहिले मतभेदहरूलाई पर सार्नुपर्छ, तिनीहरूलाई एकातिर पन्छाउनुपर्छ र शान्ति र संविधानजस्ता साझा मुद्दामा एकताबद्ध भएर अघि बढ्नुपर्छ । यसो भयो भने शान्तिप्रक्रिया अघि बढ्छ । माओवादी लडाकुहरूको व्यवस्थापन चार महिनाभित्रमा हुन्छ र संविधान बनाउने प्रक्रिया पनि अघि बढ्छ र ०६८ जेठ १४ भित्रमा मुलुकले नयाँ संविधान पाउँछ ।

यसरी हामीले शान्ति र संविधान बनाउन सक्यौं भने नेपाली समाज एउटा महत्वपूर्ण चरणमा प्रवेश गर्नेछ । त्यसपछि हामी शान्ति, विकास र समुन्नतिको बाटोतिर लाग्नेछौं । राष्ट्रिय विकासको तीव्र लहर मुलुकमा सिर्जना हुन सक्नेछ र नेपाली समाज छोटो समयमा समृद्धितिर लम्कन थाल्नेछ । त्यसैले संविधान निर्माण हाम्रो राष्ट्रको भावी विकासका निम्ति नयाँ ढोका हो, नयाँ गौणो हो । त्यो संविधानले नेपाली जनतालाई अधिकार सम्पन्न पार्नेछ । त्यसले नेपाली जनतालाई सबै प्रकारका विभेदका विरुद्ध लड्ने संवैधानिक आधार दिनेछ । त्यसले नेपाली जनतालाई सबै प्रकारका शोषण, दमन, अन्याय र उत्पीडनका विरुद्ध लड्ने आधार प्रदान गर्नेछ । त्यसले नेपालको सामाजिक-आर्थिक रूपान्तरण गर्ने मार्गप्रशस्त गर्नेछ । साथै, नयाँ संविधानले नेपाली जनतालाई मुलुकको स्वतन्त्रतालाई अक्षुण राख्न, सार्वभौमिकता र राष्ट्रिय अखण्डतालाई दह्रो बनाउन र नेपालको शीर विश्वसमुदायबीच अझ उच्च राख्न पनि सहयोग पुऱ्याउनेछ ।

त्यसैले हामीले बुझ्नुपर्छ, क्रान्तिपछि सङ्क्रान्ति र प्रतिक्रान्ति वा समृद्धि दुवै आउनसक्छ । जुनसुकै देशमा पनि क्रान्तिपछि अनिवार्यरूपले आउने प्रक्रिया हो यो । नेपालमा पनि राजनीतिक क्रान्तिपछि सङ्क्रमणकाल आएको छ । यो काल अहिले जारी छ । यो कालखण्ड ठीक ढङ्गले व्यवस्थापन भयो भने मुलुकमा समृद्धि आउँछ । अर्थात्, क्रान्ति, सङ्क्रान्ति र समृद्धि हुन्छ । तर, यो सङ्क्रमण कालको कालखण्ड ठीक ढङ्गले व्यवस्थापन हुन सकेन भने मुलुकमा प्रतिक्रान्ति हुनसक्छ । अर्थात्, क्रान्ति, सङ्क्रान्ति र प्रतिक्रान्ति हुनसक्छ र क्रान्ति असफल हुन्छ । हामीले समाज विकासको यो द्वन्द्वात्मक नियमलाई राम्ररी बुझ्नु पर्छ । त्यसलाई बुझेर मात्र क्रान्तिलाई अग्रगतितिर हाँक्न सकिन्छ । ❐

# ‘सुपर पावर’का शोषण र दमनसँग उनीहरू वास्तविक अर्थमा लडिरहेका छन्

**– केपी शर्मा ओली**

प्रमुख, विदेश विभाग, नेकपा (एमाले)

*मध्य र दक्षिण अमेरिका, जसलाई ल्याटिन अमेरिकाका रुपमा बढी चिनिन्छ। पछिल्लो कालमा यो क्षेत्र वाम-लोकतान्त्रिक विचारधाराको नयाँ उभारको क्षेत्रका रुपमा चर्चित रहेको छ। उग्रवामपन्थी भड्कावले गर्दा पेरुमा साइनिङ्पाथ र टुपाक अमारु तथा कोलम्बियाका ‘वामपन्थी’ गुरिल्लाहरूले भोग्नुपरेको व्यापक क्षति एवं ती देशका आन्दोलनहरूले व्यहोर्नुपरेको भयानक धक्काको स्थिति एकातिर संसारभरिकै लागि उल्लेख्य दृष्टान्त रहेको छ।*

*अर्कोतिर भेनेजुयलामा ह्युगो चाभेज, बोलिभियामा मोरालेज र ब्राजिलमा दुई कार्यकाल लुलाको नेतृत्व तथा हाल दिलमा रुसेफको राष्ट्रपतिमा विजयले प्रतिस्पर्धाको माध्यमबाट प्रगतिशील, वामपन्थी र समाजवादी रुभानका शक्तिहरूको त्यहाँ बढ्दो बर्चश्व प्रस्तुत गरेका छन्। साथै, निकारागुवामा १० वर्ष सत्ताबाट बाहिरिएपछि डेनियल ओर्टेगा पुनः निर्वाचनको माध्यमबाट राष्ट्रपतिमा विजयी हुन पुगेका, अर्जेन्टिनामा वामपन्थी रुभानको सरकार क्रियाशील रहेको तथा एल साल्भाडोरमा पूर्व विद्रोही एफएमएलएमले राष्ट्रको लोकतान्त्रिक तबरबाटै नेतृत्व गरिरहेको परिप्रेक्ष्यसमेत उल्लेखनीय छन्।*

*चिलिमा तानाशाह पिनोसेको पतन तथा ल्याटिन र क्यारेबियन देशमा बढिरहेको प्रगतिशील लोकतान्त्रिक शक्तिहरूको बर्चश्वले वास्तवमा ल्याटिन अमेरिकाले विश्वसामू नयाँ परिचय कायम गरेको छ। ‘सुपर पावर’ अमेरिका निकट रहेर प्रगतिशील, वामपन्थी र समाजवादी मूल्यबोधकासाथ जनसेवामा क्रियाशील हुनु तथा जनादेशअनुरुप शासन सत्ता सम्हाल्नु तिनीहरूको विशिष्टता रहेको छ।*

*यसै परिप्रेक्ष्यमा नेकपा (एमाले) स्थायी समिति सदस्य एवं विदेश विभाग प्रमुख* ***केपी शर्मा ओली*** *भर्खरै एल साल्भाडोर पुगी ल्याटिन अमेरिकी देशको अनुभव र विशेषताहरूलाई नजिकबाट नियालेर फर्किनुभएको छ। नवयुगका लागि सम्पादक* ***सूर्य थापा****सँग उहाँले त्यही भ्रमणको अनुभव र विश्लेषण गर्नुभएको छ :*

**o ब्राजिलको चुनावलाई नजिकैबाट हेर्नुभयो, परिणाम जनचाहनाअनुरूप स्वाभाविकै हो त ?**

- त्यहाँ लुलाकै पार्टीकी नेता दिलमा रुसेफले अपेक्षाअनुरूप नै चुनाव जितेको स्थिति हो। विगत अवधिका कामहरूले समेत उनको पार्टी जनतामा लोकप्रिय थियो। प्रगति र समृद्धिको बाटो तथा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को दाबेदार सदस्यका रूपमा ब्राजिल अगाडि आउँदैछ। देशको भूगोल र आकार-प्रकारले पनि साथ दिएको छ। तदनुरूप राजनीतिक र मुख्य रूपले आर्थिक रूपमा ब्राजिलमा अघि बढिरहेका प्रयासहरूलाई सोभै वामपन्थी त म भन्दिनँ तर वामपन्थी र प्रगतिशील रुभानका रहेका छन्। चुनावका बेला मुद्दाहरू त विभिन्न उठाउन सकिन्छ। कुनै एउटा विशेष मुद्दा होइन, समग्रतामा दिलमारुसेफ, उनको पार्टी, त्यसको लोकप्रियता र चुनावी अभियानका कारण नै यो चुनावमा उनको विजय सम्भव भएको हो।

**o ल्याटिन अमेरिकाका अन्तर्राष्ट्रिय हस्तीहरू जस्तो कि लुला, चाभेज आदि कोहीसँग भेट्ने संयोग मिल्यो ?**

- मैले भाग लिएको त्यस किसिमको कार्यक्रम थिएन, त्यहाँ राजनीतिक प्रतिनिधित्वको मात्रै कुरा थियो। तर, ती देश र नेताहरूले नेतृत्व गरेको पार्टीका केन्द्रीय सदस्यहरू आदिसँग भेटघाट र कुराकानी भयो। एल सल्भाडोरका राष्ट्रपति, उपराष्ट्रपतिसँग औपचारिक र सामान्य भेटघाट भयो।

**o हिंसाको परित्याग र विरोध, शान्तिपूर्ण प्रक्रियाको अवलम्बन तथा समाज रूपान्तरणकारी नीति-कार्यक्रमकै कारणले त्यहाँ प्रगतिशील शक्तिहरू हावी बन्दै गरेका हुन् ?**

- शान्तिपूर्ण लोकतान्त्रिक बाटो लिनु र परिवर्तनका पक्षपाती हुनु मूल कारण हो। क्रान्ति र परिवर्तनका नाममा अराजकता होइन, साँच्चैको परिवर्तन र जनताको पक्षमा काम गर्नखोज्नु उनीहरूको विशेषता रहेको छ। त्यही कारण उनीहरू लोकप्रिय भएको देखिन्छ।

हामी एल साल्भाडोर र 'एफएम एलएन'कै कुरा गरौं। एउटा अलिक पछौटे र गरिब मुलुक हो- एल साल्भाडोर। सन् १९७९ मा सुरु गरेर करिब १२ वर्ष त्यहाँ सशस्त्र सङ्घर्ष चल्यो र १९९२ मा हिंसा परित्याग गरी शान्ति प्रक्रिया आरम्भ भएको पाइन्छ। राजनीतिक उद्देश्यका लागि उनीहरूले हिंसाको प्रयोग गरेकै हो, जतिखेर तानाशाही व्यवस्था थियो। त्यसविरुद्ध सङ्घर्ष गर्दा उनीहरूले जनताको साथ प्राप्त गरे। जब संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा लोकतन्त्रको प्रत्याभूति हुन्छ भन्ने लाग्यो, तब उनीहरू हिंसाको बाटो छाडेर शान्ति प्रक्रियामा लागे। त्यसपछि उनीहरूले शान्ति प्रक्रियालाई हिंसाका लागि नभएर शान्ति स्थापना र लोकतन्त्रको सुदृढीकरणका लागि प्रयोग गरे। फलस्वरूप शान्तिपूर्ण परिस्थिति र लोकतन्त्र सुदृढ गर्ने परिस्थिति बन्यो। उनीहरूले शान्ति प्रक्रियामार्फत पुनः सत्ताकब्जा गर्ने होइन, लोकतन्त्र प्राप्त गर्ने उद्देश्यका साथ आफूलाई अघि बढाए। त्यसले त्यहाँको सत्ता अरू कसैको हातमा जान नसक्ने तहमा उनीहरू लोकप्रिय हुनसके। अनि उनीहरू सरकारको नेतृत्वदायी स्थानमा छन्। र, अहिले पनि अत्यन्तै लोकप्रिय अवस्थामा छन्। यो सफलताले उनीहरूको बाटो सही र सफल छ भन्ने देखाउँछ। तानाशाही शासन हुँदा उनीहरूले सशस्त्र सङ्घर्ष पनि गरे तर जब शान्तिपूर्ण परिस्थिति र लोकतन्त्र उपलब्ध हुने भयो, हिंसा छाडेर शान्तिपूर्ण मूलधारमा आबद्ध हुँदै अघि बढे। यो त्यहाँको बडो मननीय पक्ष देखिन्छ।

**० 'ब्यालेट'को सङ्घर्षमा ल्याटिन अमेरिकामा जसरी प्रगतिशील शक्तिहरू हावी हुँदैछन्, त्यसमा कुन सामाजिक परिवेशले काम गरेको छ ? निर्भिकतापूर्वक अमेरिकी साम्राज्यवादविरुद्धको निरन्तर सङ्घर्षको पक्ष त्यसमा कति जोडिएको छ ?**

- मैले हेर्दा उनीहरूको राष्ट्रवाद वस्तुनिष्ठ जगमा उभिएको छ। शोषण र नियन्त्रणको प्रयत्न जति हुन्छ, त्यसविरुद्ध स्वतन्त्रता, राष्ट्रिय स्वाधीनता-सार्वभौमिकता र स्वाभिमानका साथ उनीहरूले आफ्नो राष्ट्र र जनताका हितका कुरा गर्दै आएका थिए र गरिरहेका छन्। यो राष्ट्रिय भावना भविष्यमा पनि कायमै रहने देखिन्छ। आफ्ना सङ्कीर्ण स्वार्थहरूका लागि राष्ट्रवादको भावनालाई भँजाउने, झुटो हिसाबले उछाल्ने र राष्ट्रवादको अस्त्र प्रयोग गर्ने खेल उनीहरू खेल्दैनन्। अर्थात् उनीहरू छुरोखाले विरोधको कुरा मात्र गरिरहेका छैनन्, विषयगत र मुद्दाआधारित विरोध गर्छन्। साम्राज्यवादविरोधी भन्नासाथ अमूक देशको नाम लिएर जसो हुँदा पनि विरोध गर्ने वा निराकार, सामान्य र अमूर्त विरोध गर्ने उनीहरूको चलन देखिएन। राष्ट्रहित र अन्तर्राष्ट्रिय मामिलाको सन्दर्भमा समेत उनीहरू बडो परिपक्व र जिम्मेवाररूपमा प्रस्तुत भएको पाइन्छ। उनीहरू हरेक देशको स्वाधीनता, स्वतन्त्रता र हितको सम्मान गर्ने तथा सम्बन्धित देशका जनताहरू नै आफ्नो देशको भाग्य र भविष्यको फैसला गर्न स्वतन्त्र एवम् सक्षम छन् भन्ने मान्यतामा अघि बढेको मैले पाएँ।

**० तर, विश्वको 'सुपर पावर'सँग त लडिरहेका छन् नि ?**

- अवश्य। उनीहरू 'सुपरपावर'का शोषण र दमनसँग वास्तविक अर्थमा लडिरहेका छन्। वास्तवमा ल्याटिन अमेरिका र सिङ्गो अमेरिकी महाद्वीप नै विगतमा बाह्य शक्तिहरूको प्रवेश, आक्रमण, हस्तक्षेप, वर्चश्व र क्रीडास्थल बन्यो। उत्तर अमेरिकामा बोलिने 'अङ्ग्रेजी' तथा मध्य र दक्षिण अमेरिकामा बोलिने 'स्पेनिश' त्यहाँका जनताको भाषा नभएर बेलायत र स्पेनका भाषा थिए। पोर्चुगल, बेलायत, स्पेन, नेदरल्यान्ड र अरू-अरू देशले त्यहाँका विभिन्न ठाउँमा बर्चश्व जमाए, त्यसविरुद्ध सङ्घर्ष भयो। तर, त्यो सङ्घर्ष ल्याटिन अमेरिकी र युरोपेलीहरूबीच होइन, युरोपेली विभिन्न मुलुकहरूबीच खासगरी स्पेन र बेलायत वा पोर्चुगल र नेदरल्यान्ड आदि युरोपेली शक्ति राष्ट्रहरूबीच भयो। उनीहरू यस किसिमको पीडाबाट शताब्दियौंदेखि गुज्रिएर आएका छन्। त्यसकारण अनुभवहीन तमासा देखाउने होइन, आवश्यकता र अनुभूतिले माझिएको देशप्रेमका साथ लडिरहेका छन्।

**० ल्याटिन अमेरिकी देशहरू आफ्नै साधन-स्रोत र प्राकृतिक सम्पदाको आधारमा स्वतन्त्रतापूर्वक समृद्धिको बाटोमा जानसक्छ त ?**

- जाडोभन्दा जाडो तथा ध्रुवीय प्रदेशदेखि भूमध्येरेखासम्म फैलिएको ल्याटिन अमेरिकाअन्तर्गत पहाड, समथर, समुद्र र नदीको गजबको संयोजन छ। सबैलाई थाहा छ- यहाँ जलस्रोतको साह्रै ठूलो भण्डार रहेको छ। ब्राजिल, अर्जेन्टिना र बोलिभियाजस्ता देशहरू विशाल जङ्गल एवम् आफ्नै प्रकारका वनस्पतीय र जैविक विविधता, खनिज साधन, कृषि उपज, निकेल खानी, चिनी उत्पादन आदि अनेकका निम्ति प्रसिद्ध छन्। ब्राजिल एउटै देश सिङ्गो युरोपको हाराहारी आकारमा होला। मेक्सिकोदेखि चिली प्राकृतिक रूपमा छुट्टै एउटा संसारजस्तो भाषिक हिसाबले स्पेनिस भाषाले साझारूपमा जहाँसुकै काम चल्ने, जसले बढी एकता, एकरूपता र हामी एउटै हौं भन्ने भावनाबोध हुने त्यहाँको विशिष्टता छ। सुख र समृद्धिका निम्ति संयुक्त प्रयास तथा प्रचूर प्राकृतिक साधनस्रोतयुक्त महाद्वीप हो।

**० प्रतिस्पर्धाको माध्यमबाट ल्याटिन अमेरिकालीहरूले प्रगतिशील, वामपन्थी र समाजवादी तप्काको राजनीतिलाई अघि बढाइरहेका छन्। जनताको बहुदलीय जनवादसँग त्यसको सैद्धान्तिक, वैचारिक र व्यावहारिक मर्मले तादाम्यता राखेको पाउनुभयो कि, भिन्नता देख्नुभयो ?**

- हिंसा परित्याग गरेर रूपान्तरित भएका पार्टीहरू जनताको बहुदलीय जनवाद (जबज)को दृष्टिकोण र मर्मअनुरूप नै अघि बढेका छन्। एल साल्भाडोरको एफएमएलएनको कुरा गरौं, जनताको बहुदलीय जनवाद नै भनेका छैनन्, त्यो नसुनेका पनि हुनसक्छन्, तर उनीहरूले त्यही गरिरहेका छन्, जुन कुरामा जबजले जोड दिएको छ। अरू-अरू देशले पनि

ठ्याक्कै त्यही गरेका छन् । र, बढी जिम्मेवारीबोधका साथ चलेका छन् । एफएमएलएनकै अनुभवलाई हेरौं, आफ्ना लडाकुहरूलाई राष्ट्रिय सेनामा किन नराखेको भनेर सोध्दा उनीहरू आश्चर्य प्रकट गर्दै प्रतिप्रश्न गर्छन्, 'पार्टीका लडाकुहरूलाई राष्ट्रिय सेनामा राख्ने ?'

**० त्यसो भए उनीहरूले हामीबाट वा हामीले उनीहरूबाट सिक्ने त ?**

- उनीहरू त धेरै अगाडि छन्, हामीबाट के सिक्नु ? हामीबाट सिक्ने भनेको अराजकता र भद्रगोल हो । शान्ति प्रक्रिया सफल पार्न नसक्ने, सरकार बनाउन र नियमित वार्षिक बजेट ल्याउनै नसक्ने कुरा उनीहरूलाई सिक्नुछैन । आगो छोयो भने पोल्छ भनेजस्तो यसो गर्दा नेपालजस्तो भइन्छ भन्ने थाहा छ । त्यसैले यस्तो कुबाटोमा हिँड्नुहुँदैन भनेर उनीहरू जानकारै छन् ।

जबजको मूल्य र मर्मको कार्यान्वयनमा पनि उनीहरू हामीबाट अगाडि छन् । तर, सैद्धान्तीकृत रूपमा जबजको विकास गरी त्यसका मूल्यमान्यता र मर्म आत्मसात् गर्ने प्रश्नमा हामी अगाडि छौं ।

**० यसबाट त जबजका सैद्धान्तिक मान्यताहरूलाई विश्वव्यापी रूपमा प्रचार-प्रसार गर्न सक्नुभएको छैन भन्ने देखिन्छ, होइन र ?**

- हो । जबजका कारणले होइन, पार्टीको बनोटले गर्दा यो काम हुनसकेको छैन ।

**० नजिक पुगेर हेर्दा ल्याटिन अमेरिका हिमालजस्तो होइन, साँच्चिकै सुन्दर लाग्यो ?**

- एकदम । ल्याटिन अमेरिका विकासशील छ । अझ धेरै गर्न बाँकी छ । तर सुन्दर छ । मानवजातिको सुखी र समृद्ध जीवन बनाउन भविष्यमा त्यो महाद्वीपले सफल हुन्छ भन्ने मलाई लाग्छ ।

**० तपाई ल्याटिन अमेरिकाको भ्रमण गरी फर्कनुभयो । त्यति टाढा के चाहिँ कार्यक्रममा जानुभएको थियो नि !**

- ल्याटिन अमेरिका र क्यारेभियन राजनीतिक पार्टीहरूको सङ्गठन कोप्पालको १९ औं साधारणसभा मध्यअमेरिकी/क्यारेभियन देश एल साल्भाडोरको सान् साल्भाडोरमा थियो । त्यसमा एसिया-प्यासिफिक क्षेत्रका राजनीतिक पार्टीहरूको सङ्गठन आईक्याप र हाम्रो पार्टीको समेत प्रतिनिधित्व गरेर म त्यहाँ पुगेको थिएँ । दुईवटा महादेशका साझा समस्याहरू गरिबी, स्वतन्त्रता, लोकतन्त्र, शान्ति, वातावरण सन्तुलन र जलवायु परिवर्तनमा अनुभव आदान-प्रदान गर्ने तथा तिनको संयुक्त रूपमा सामना गर्न के-कसरी ऐक्यबद्धता कायम गरी सहकार्य गर्न सकिन्छ आदि प्रश्नहरूमा विचार-विमर्श गर्न हामी त्यहाँ जुटेका थियौं । साथै, डिसेम्बर १ देखि ४ तारिखसम्म कम्बोडियाको नोम्पेन्हमा हुन लागिरहेको छैटौं साधारणसभामा ल्याटिन अमेरिकी देशहरूको सङ्गठन र त्यहाँका राजनीतिक पार्टीहरूलाई निमन्त्रणा गर्नु मेरो भ्रमणको उद्देश्य थियो ।

**० कम्युनिस्ट, समाजवादी र प्रगतिशील शक्तिहरूको पक्षमा त्यहाँ लहर नै उठिरहेको, एकपछि अर्को गरी उनीहरूले चुनाव जितेको यथार्थलाई नजिकबाट हेर्दा कस्तो अनुभूति गर्नुभयो ?**

- त्यहाँ वामपन्थविरोधी धार खासै प्रबल पाइँदैन । अलिअलि वामपन्थीविरोधी देखिनेहरू पनि मूलतः उग्रवामपन्थविरोधी शक्ति रहेका छन् । कम्युनिस्ट वा वामपन्थी आन्दोलनका नाममा जुन उग्रवामपन्थी प्रवृत्ति देखापर्‍यो, त्यसको ल्याटिन अमेरिकामा पराजय भएको छ र तिनीहरू अझै पराजित हुँदैछन् । जुन-जुन पार्टीले हिजो वामपन्थ ठानेर उग्रवामपन्थ अपनाएका थिए, या त आज तिनीहरू आफैंले हिंसाको परित्याग गरेर वामपन्थी पार्टीमा रूपान्तरित भएका छन्, या त समाप्त भएका छन् । गोन्जालोले नेतृत्व गरेको पेरुको पार्टी साइनिङ पाथलाई रूपान्तरित नभई समाप्त भएको उदाहरणका रूपमा लिन सकिन्छ । स्वयम् रूपान्तरित भई जनतामा लोकप्रिय बनेर सत्ता-सरकार सम्हालिरहेका दृष्टान्तका रूपमा एल साल्भाडोरको एफएम एलएनलाई देख्न सकिन्छ । जो पार्टी नै हो, तर एउटा मोर्चाको रूपमा रहेको छ । त्यसले उठाएकै स्वतन्त्र व्यक्ति राष्ट्रपति र पार्टीकै नेता उपराष्ट्रपति तथा सरकारले मुलुक सञ्चालन गरेको छ । त्यसको प्रभाव, प्रतिष्ठा पनि असाध्यै राम्रो छ । एफएम एलएनले पनि विगतमा हिंसाको बाटो अवलम्बन गरेको थियो तर शान्तिप्रक्रियामार्फत लोकतान्त्रिक राजनीतिद्वारा साँच्चिकै राष्ट्रको मूलधारका रूपमा स्थापित भएको छ । मुख्यरूपमा त्यहाँ र सिङ्गो महाद्वीपमा वामपन्थी या त वामपन्थीनिकट समाजवादी वा प्रगतिशील प्रवृत्तिका शक्तिहरू, जसले सामाजिक न्याय, राष्ट्रिय स्वाधीनता र सबल राष्ट्रिय अर्थतन्त्र निर्माण गरी समृद्धिको दिशामा अघि बढिरहेका छन्, तिनीहरूप्रतिको जनताको आकर्षण र समर्थन बढ्दो रूपमा रहेको छ । यो तथ्य राजनीतिमात्र होइन, सामाजिक, आर्थिक, सांस्कतिक र खेलकुदको क्षेत्रमा समेत देख्न सकिन्छ । चे ग्वेभारालाई त्यहाँ धेरैले आफ्नो आदर्शका रूपमा लिएको पाइन्छ । समग्रमा प्रगतिशील र वामपन्थी रुझान राख्ने पक्षहरू त्यहाँ बलशाली भइरहेका देखिन्छन् । ❐

# बहुदलीयता, बहुतत्ववाद र बहुलवाद

■ **बेदुराम भुसाल**

**ब**हुदलीयता, बहुलतत्ववाद र बहुलवाद, यी तीन विषय समकालीन नेपाली राजनीतिमा विवाद र बहसका विषय बनेका छन् । यी विषयमा विभिन्न खाले धारणाहरू सार्वजनिक भएका पनि छन् । साँचो अर्थमा यी विषयहरू के हुन् त ? सङ्क्षिप्तमा चर्चा गरौं ।

**१. बहुदलीयता**

बहुदलीयता भनेको कुनै खास मुलुकको राजनीतिक प्रणालीमा दुई वा दुईभन्दा बढी राजनीतिक दलहरूको अस्तित्व एवम् क्रियाशीलतालाई स्वीकारिएको छ भनेर जनाउने राजनीतिक व्यवस्था हो ।

बहुदलीयता दुई किसिमको हुन्छ । एउटा सहयोगात्मक बहुदलीयता, जसलाई नियन्त्रित बहुदलीयता पनि भन्न सकिन्छ । अर्को प्रतिस्पर्धात्मक बहुदलीयता । सहयोगात्मक बहुदलीयतामा एकभन्दा धेरै दलहरू खुल्न त पाउँछन् तर तिनीहरूका बीचको सम्बन्ध सहयोगात्मक हुन्छ, प्रतिस्पर्धात्मक होइन । एउटा दल मुख्य दलको रूपमा रहेको हुन्छ र अन्य दलहरू त्यही मुख्य दलका सहयोगी दलको रूपमा मात्रै रहेका हुन्छन् । मुख्य दलको रूपमा रहेको  दलले अगाडि सारेका नीति, विचार, सिद्धान्त, कार्यक्रम आदिको विकल्प प्रस्तुत गर्ने अधिकार अन्य दलहरूले पाउँदैनन् । त्यसैले यो एक प्रकारको नियन्त्रित बहुदलीयता हो । नियन्त्रित बहुदलीयतामा नागरिकका मौलिक र राजनीतिक अधिकारमा पनि अङ्कुश लगाइएको हुन्छ, विचारको स्वतन्त्रता र बहुविचारको अस्तित्वलाई स्वीकार गरिँदैन । त्यसैले त्यसखालको व्यवस्थामा समाजको बहुलवादी चरित्र हुन्छ भन्ने कुरा पनि मानिँदैन ।

प्रतिस्पर्धात्मक बहुदलीयतामा विभिन्न राजनीतिक दलहरूले आआफ्ना नीति, विचार, कार्यक्रम र सिद्धान्तका आधारमा राज्यद्वारा निर्धारित ऐनकानुनको सीमाभित्र रहेर एकआपसमा प्रतिस्पर्धा गर्ने तथा एकअर्काको विकल्पका रूपमा प्रस्तुत हुने अधिकार एवम् अवसर प्राप्त गर्दछन् । यसमा एउटा दलले अन्य दलमाथि प्रभुत्व जमाउने या नियन्त्रण गर्ने अवस्था रहँदैन । त्यहाँ मौलिक हक र नागरिक अधिकारमाथि अङ्कुश लगाउने काम गरिँदैन । वैचारिक स्वतन्त्रता र बहुविचारको अस्तित्व स्वीकार गरिन्छ, बहुविचारका बीच एकता र सङ्घर्ष चल्दछ भन्ने मानिन्छ र समाजको चरित्र बहुलवादी हुन्छ भन्ने मान्यता राखिन्छ ।

कतिपय मानिसहरू बहुदलीय राजनीतिक प्रणालीलाई बुर्जुवा अर्थात् पुँजीवादी व्यवस्था भएको र पुँजीवादका विरुद्ध क्रान्तिको झन्डा उठाउनेहरूले उक्त व्यवस्थालाई स्वीकार गर्न नसकिने, यदि स्वीकार गर्ने नै हो भने निश्चित प्रकारका शर्तहरूका साथ अर्थात् नियन्त्रित रूपमा मात्रै गर्न सकिने तर्क गर्दछन् । तर, यो तर्क गरिरहँदा उनीहरूले हाम्रो जस्तो मुलुकमा गरिने क्रान्ति पुँजीवादी जनवादी क्रान्ति नै हो, उक्त क्रान्तिपश्चात् स्थापित हुने समाज व्यवस्था पनि नयाँ खालको पुँजीवादी जनवादी व्यवस्था नै हो, जुन व्यवस्थामा वर्गहरूको अस्तित्व कायमै रहन्छ र त्यहाँको उत्पादन प्रणालीअन्तर्गत उत्पादनका साधनमाथिको स्वामित्व राजकीय, सामूहिक र निजी गरी तीन किसिमको हुन्छ भन्ने कुरालाई बिर्सिदिन्छन् । जुन समाजको उत्पादन प्रणालीमा उत्पादनका साधनमाथिको स्वामित्वमा बहुलता छ र समाजमा बहुवर्गहरूको अस्तित्व छ, त्यहाँ विभिन्न खालका विचारहरूको अस्तित्व हुनु र ती विचारका आधारमा विभिन्न राजनीतिक दलहरू अस्तित्वमा रहेर प्रतिस्पर्धा गर्नु अत्यन्त स्वाभाविक हो । यस किसिमको स्वाभाविक प्रक्रियालाई चल्न दिइएन भने विस्फोट हुन सक्तछ भन्ने कुरा सोभियत सङ्घ र पूर्वी युरोपका मुलुकहरूमा भएका समाजवादविरोधी घटनाबाट पुष्टि भइसकेको छ ।

**२. बहुतत्ववाद**

बहुतत्ववाद दार्शनिक सन्दर्भमा प्रयोग हुने शब्द हो । दर्शनमा जगत् सृष्टिको मूल तत्व एक कि बहु भन्ने मतभेद छ । दुईखाले मान्यताहरू रहेका छन् । एउटा एकतत्ववादी मान्यता र अर्को बहुतत्ववादी मान्यता ।

एकतत्ववादले अस्तित्वमान जगत्को मूल आधार एवम् मूल स्रोत एउटा मात्रै छ भन्ने मान्दछ भने बहुतत्ववादले जगत्को मूल आधार एवम् स्रोत एकमात्र नभएर एकभन्दा धेरै छन् भनेर मान्दछ । यसरी यी दुई मान्यता एक मूल तत्व र बहुमूल तत्व मान्ने मान्यताका रूपमा रहेका छन् । यी दुईखाले मान्यताहरू दर्शनशास्त्रका भाववादी र भौतिकवादी दुवै धारामा रहेका छन् ।

'सत्य एउटै छ त्यसलाई विद्वान्हरू विविध रूपमा व्यक्त गर्दछन् ।' ('एकं, सत् विपृा बहुधा वदन्ति') भन्ने र ब्रह्म मात्रै सत्य हो । हाम्रो वरिपरिको वस्तुगत जगत ब्रह्मको मायाँ मात्र हो, भ्रम हो र यथार्थमा मिथ्या हो (ब्रह्म सत्यं जगत् मिथ्या) भन्ने र अलौकिक जगत् मात्र सत्य हो, लौकिक जगत् असत्य हो भन्ने मान्यता छ । यो नै भाववादी एकतत्ववादको सबैभन्दा सटिक उदाहरण हो । ब्रह्म तत्व र जगत् तत्व दुवै सत्य हुन्, लौकिक जगत् र अलौकिक जगत

दुवै सत्य हुन् भन्ने द्वैतवादी मान्यता र बहुदेववादी मान्यता भाववादी बहुतत्ववादका टड्कारो उदाहरण हुन् । त्यसैगरी जगत् निर्माणको मूल आधार, मूल तत्व वा मूल स्रोत एउटै भौतिक पदार्थ हो, हामीले जगत्मा जेजति वस्तु र घटनाहरू देख्दछौं, सुन्दछौं, ती सब त्यही मूलतत्व या मूल पदार्थका विविध रूप हुन्, पदार्थको गतिका विविध रूप मात्र हुन् भन्ने मान्यता भौतिकवादी एकतत्ववाद हो भने अर्कोतर्फ यस भौतिक जगत्को निर्माणमा समान प्रकृतिका या समतूल्य किसिमका भिन्नभिन्न तत्वहरूले काम गर्दछन्, ती तत्वहरूको आधार एउटै हो भनेर मान्न सकिँदैन भन्ने जुन मान्यता छ, त्यो नै भौतिकवादी बहुतत्ववाद हो । यसरी दर्शनमा जगत्को सृष्टि एउटै मात्र मूल तत्वबाट भएको हो भन्ने र त्यस मान्यतालाई अस्वीकार गर्दै जगत्को सृष्टि एकभन्दा धेरै मूल तत्वहरूबाट भएको हो भनेर मान्ने, यी दुईखाले मान्यताहरू रहेका छन् । एकतत्ववादलाई मान्ने दर्शन र बहुतत्ववादलाई मान्ने दर्शन दुवैका रूपहरू धेरै छन् । मार्क्सवादी दर्शनले भौतिकवादी एकतत्ववादलाई अँगालेको छ, जसले मार्क्सवादी दर्शन अर्थात् द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादलाई मान्दछ, उसले भौतिकवादी एकतत्ववादलाई मानेको हुन्छ, उसको मूल दर्शन त्यही हुन्छ । नेकपा (एमाले) को मूल दार्शनिक दृष्टिकोण द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद भएकाले एकतत्ववाद कि बहुतत्ववाद भन्ने सन्दर्भमा उसको मान्यता भौतिकवादी एकतत्ववाद भन्ने नै हो । यसमा कुनै दुविधा, भ्रम वा अन्योल नेकपा (एमाले)मा छैन । तर, कतिपय मानिसहरू एमालेले अगाडि सारेको बहुलवादी खुला समाजको मान्यताका आधारमा 'आज एमाले बहुलवादबाहेक दुनियाँमा केही देख्दैन' भन्नेजस्ता मनगढन्ते आरोप लगाउँछन् । कुनै तथ्य वा स्रोत प्रस्तुत नगरीकन आरोप मात्रै लगाउने तरिकाले नै पुष्टि गर्दछ कि यो उनीहरूको कपोलकल्पित, पूर्वाग्रह एवम्  दुरासययुक्त र मिथ्या आरोप मात्र हो । यसमा कुनै सत्यता छैन । यो आफ्नो अधिनायकवादी चरित्रलाई ढाकछोप गर्नका निम्ति लगाइएको आरोप पनि हो ।

## ३. बहुलवाद/बहुलवादी खुला समाज

'बहुलवाद या बहुलवादी खुला समाज' भन्ने शब्दावली समाजको चरित्र चित्रण गर्नका निम्ति प्रयोग गरिने शब्दावली हुन् । 'बहुलवाद'को प्रयोग दर्शनको सन्दर्भमा होइन समाज व्यवस्थाको सन्दर्भमा हुने गर्दछ । जसरी सामन्तवाद, पुँजीवाद, जनवाद, समाजवाद आदि शब्दले कुनै दर्शनको अभिव्यक्ति नदिएर समाज व्यवस्थाको अभिव्यक्ति दिन्छन्, त्यसैगरी 'बहुलवाद' शब्दले समाजको चरित्र अभिव्यक्त गर्दछ । कुनै खास समाज बन्द एवम् नियन्त्रित चरित्रको हुन्छ कि खुला र बहुलवादी चरित्रको भन्ने जनाउन बहुलवाद या बहुलवादी खुला समाज शब्दको प्रयोग गरिन्छ ।

समाजको चरित्र कस्तो हुने भन्ने सन्दर्भमा दुईखाले मान्यताहरू विद्यमान छन् । एकातर्फ समाजलाई कुनै एक दर्शन या सिद्धान्त, एक विचार, एक नीति र एक शक्तिको नियन्त्रणमा राख्नुपर्दछ भन्ने मान्यता छ भने अर्कोतर्फ वर्गीय समाजमा एकभन्दा धेरै दर्शन या सिद्धान्त, विचार, नीति र शक्ति हुन सक्छन् र तिनीहरूको बीचमा प्रतिस्पर्धा हुन्छ, हुन दिनुपर्दछ भन्ने मान्यता छ । अघिल्लोलाई एकलवादी मान्यता भन्न सकिन्छ भने पछिल्लो बहुलवादी मान्यता हो ।

मार्क्सवादको दृष्टिमा राज्यसत्ता वर्ग पक्षधर एवम् वर्गीय चरित्रको हुने भएकाले निश्चित वर्गको अधिनायकत्व हो । राज्यसत्ता जुन वर्गको हातमा हुन्छ, त्यसकै हितमा प्रयोग गरिन्छ । त्यसैले यो वर्ग पक्षधर एवम् वर्गीय चरित्रको हुन्छ । यो वर्ग पक्षधरता एवम् वर्गीय चरित्र राज्यसत्ताको सारपक्ष हो । यसको रूप पक्ष के हुन्छ अथवा यो कस्तो रूपमा प्रकट हुन्छ ? एउटै रूपमा वा बहुरूपमा ? राज्यसत्ताको यो रूप पक्षको व्याख्या अग्रज मार्क्सवादीहरूबाट राम्रोसँग छर्लङ्ग हुनेगरी आउन सकेन । त्यसले गर्दा केही अस्पष्टताहरू रहन गए । प्रतिक्रियावादी वर्गपक्षधर राज्य र श्रमजीवी वर्गपक्षधर राज्य दुवैलाई एउटै शब्द (अधिनायकत्व)ले सम्बोधन गर्ने कि नगर्ने ? दुवै राज्यलाई एकै ढङ्गले बुझ्ने कि फरक ढङ्गले ? जनसङ्ख्याको ५/१० प्रतिशतले ९०/९५ प्रतिशतमाथि गर्ने शासन पनि अधिनायकत्व र ९०/९५ प्रतिशतले ५/१० प्रतिशतमाथि गर्ने शासन पनि अधिनायकत्व नै हुने कि नहुने ? यी सवालहरूमा स्पष्टता भएन । र, समाजवादी क्रान्ति या नयाँ खाले पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भइसकेपछि कायम हुने राज्यसत्तालाई पनि सर्वहारा वर्गको अधिनायकत्व वा जनताको जनवादी अधिनायकत्व भनेर नामकरण गरियो । राज्यसत्तामा एउटा वर्गको सम्पूर्ण नियन्त्रण कायम गर्ने र त्यसै राज्यको नियन्त्रणमा समाजलाई राख्नुपर्ने दृष्टिकोण बन्यो, जुन दृष्टिकोण वास्तवमा द्वन्द्वात्मक भौतिकवादी दर्शनसँग मेल नखाने दृष्टिकोण हो । द्वन्द्ववादको एउटा मूल नियमले संसारका सबै वस्तु र घटनामा प्रतिपक्ष या विपरीत पक्षहरूको अस्तित्व हुन्छ र तिनका बीच एकता र सङ्घर्ष चलिरहन्छ भनेर किटान गर्दछ । यदि त्यसो हो भने एउटा वर्गयुक्त समाज र त्यसको राजनीति एवम् राज्यसत्तामा एउटा मात्र वर्गको पूर्ण नियन्त्रण रहन्छ भन्ने सही हो कि होइन ? द्वन्द्वात्मक भौतिकवादको आधारमा भन्ने हो भने उक्त कुरा कुनै पनि हालतमा सही हुन सक्तैन ।

राज्यसत्ता वर्ग पक्षधर हुन्छ भन्नुको मतलब त्यसमा प्रतिपक्षको अस्तित्व हुँदैन र त्यसमा प्रतिपक्षहरूका बीच एकता र सङ्घर्ष चल्दैन भन्ने कदापि होइन । राज्यसत्ता शासनको यन्त्र हो, साधन हो । जब शासनको कुरा आउँछ, तब त्यहाँ शासन गर्ने पक्ष र शासित हुने पक्षको अस्तित्व छ भन्ने स्पष्ट हुन्छ । अधिनायकत्व भन्ने कुराले पनि एउटा अरु कसैमाथि अधिनायकत्व लागू गर्ने या लाद्ने पक्ष र अर्को अरु कसैको अधिनायकत्व भोग्ने या सहने पक्ष छ भन्ने बुझाउँछ । दुई पक्षको अस्तित्व भएपछि एकलता हुन्छ कि बहुलता ? स्पष्ट छ कि एकभन्दा धेरै पक्ष विद्यमान छन् भने त्यो स्वतः बहुलता हो । समाजमा विभिन्न वर्गहरू छन्, ती वर्गमा आआफ्ना विचार छन् र तिनका बीच द्वन्द्व छ भने त्यहाँ एकलता हुन्छ कि बहुलता ? बहुको अस्तित्व भएपछि स्वतः बहुलता हो । समाजमा एकभन्दा धेरै आर्थिक सम्बन्धहरू छन्, अर्थात् उत्पादनका साधनमाथिको स्वामित्वका रूपहरू धेरै छन्, उत्पादनमा श्रम लगानीका रूपहरू पनि धेरै छन् र उत्पादनको वितरण वा हिस्साप्राप्तिका विधि, प्रक्रिया र हैसियत पनि धेरै छन् भने त्यहाँ एकलता हुन्छ कि बहुलता ? कसैले भन्न सक्तैन त्यहाँ एकलता हुन्छ भनेर । समाजमा अनेकौं प्रकारका जाति, भाषा, धर्म, संस्कृति र चालचलनहरू छन् भने त्यो

पनि एकलता नभई बहुलता नै हो । समाजका यिनै विविध बहुलतालाई जाहेर गर्दछ- बहुलवाद या बहुलवादी खुला समाज भन्ने शब्दावलीले ।

बहुलवादी खुला समाज या यसै अर्थमा बहुलवादभन्दा जगत्को निर्माण नै बहुतत्वबाट भएको भनिएको होइन । एकै तत्वले बनेको जगत्को रूपमा बहुलता छ भनिएको हो । जगत्को सार एउटै भए पनि रूप बहुल छ भनिएको हो । कतिपय मानिसहरू समाजको चरित्र चित्रण गर्नका निम्ति प्रयोग गरिएको 'बहुलवाद'लाई दर्शनको सन्दर्भमा प्रयोग गरिने 'बहुतत्ववाद'का रूपमा बुझ्ने गर्दछन् । यो बिल्कुल गलत बुझाइ हो ।

दार्शनिक कोणबाटै पनि पदार्थको अस्तित्वका रूपहरूमा बहुलता छ कि छैन भनेर नियाल्ने हो भने पदार्थका भौतिक, रासायनिक, जैविक, सामाजिक सबै रूपमा बहुलता रहेको स्पष्ट देखिन्छ । जस्तो कि मूल पदार्थ एउटै हो । तर, त्यसका रूपमा बहुलता छ । सामान्य ढङ्गले हेर्दा ठोस, तरल, ग्याँस र प्लाज्मा पदार्थका सामान्य रूप हुन् । सूक्ष्म ढङ्गले हेर्दा आजसम्म ज्ञात १ सय १२ तत्व पनि पदार्थका रूप हुन् । त्यही एउटै पदार्थका परमाणुमा रहने इलेक्ट्रोन र प्रोटन तथा न्यूट्रनको फरक-फरक सङ्ख्यामा मेल भयो भने फरक खालको तत्वको निर्माण हुन्छ । उदाहरणका लागि एउटा इलेक्ट्रोन र एउटा प्रोटन हुँदा हाइड्रोजनको परमाणु बन्दछ । दुईटा इलेक्ट्रोन, प्रोटन र न्युट्रन पनि दुईटा नै भएपछि हिलियमको परमाणु बन्दछ । तीनवटा इलेक्ट्रन, तीनवटै प्रोटन र चारवटा न्युट्रन भए भने लिथियमको परमाणु बन्दछ । छ-छ वटा इलेक्ट्रोन, प्रोटन र न्युट्रन हुँदा कार्बन बन्दछ । सात-सातबाट इलेक्ट्रोन, प्रोटन र न्युट्रन हुँदा नाइट्रोजन बन्दछ । आठ-आठबाट इलेक्ट्रोन, प्रोटन र न्युट्रन हुँदा अक्सिजन बन्दछ । त्यही संख्या बाह्र-बाह्रमा पुग्यो भने म्याग्नेसियम बन्दछ र बीस-बीस पुग्यो भने क्याल्सियम बन्दछ । इलेक्ट्रोन र प्रोटन छब्बीस-छब्बीसवटा र उन्नतीसवटा न्युट्रन भए भने फलामको परमाणु बन्दछ । बयानब्बेवटा इलेक्ट्रोन तथा प्रोटन र छयालीस न्युट्रन भए भने युरेनियमको परमाणु बन्दछ । यसैगरी फरक-फरक संख्यामा इलेक्ट्रोन, प्रोटन र न्युट्रनको मेलबाट १ सय १२ प्रकारका तत्वहरूको निर्माण भएको छ । यसबाट एउटै पदार्थका अनेकौं रूप हुने अथवा पदार्थका रूपमा बहुलता हुने कुरा प्रष्ट हुन्छ ।

तत्वको निर्माणमा जस्तै यौगिकहरूको निर्माणमा पनि त्यस्तै हुन्छ । खासखास प्रकारका तत्वका सक्रिय परमाणुहरू खासखास संख्यामा मिल्नपुगे भने खास प्रकारको यौगिक बन्दछ । जस्तो कि हाइड्रोजनका दुई परमाणु र अक्सिजनको एक परमाणुबीच मेल हुँदा पानी बन्दछ । हाइड्रोजन र अक्सिजन दुवै तत्वको दुई-दुई परमाणुबीच मेल भयो भने हाइड्रोजन पेरोक्साइड बन्दछ । कार्बनको एक परमाणु र हाइड्रोजनका चार परमाणु मिल्दा मिथेन ग्याँस बन्दछ । कार्बनका दुई र हाइड्रोजनका ६ परमाणु मिल्दा इथेन ग्याँस बन्दछ । नाइट्रोजनका दुईटा र अक्सिजनको एक परमाणु मिल्दा नाइट्रोजन मोनोअक्साइड नामक ग्याँस बन्दछ भने नाइट्रोजनका दुई र अक्सिजनका पाँच परमाणु मिल्दा नाइट्रोजन पेन्टाक्साइन नामक ठोस यौगिक बन्दछ । यी केही उदाहरण मात्र हुन् । मूल कुरा के हो भने सबै यौगिकको निर्माण निश्चित तत्वका परमाणुहरूको निश्चित संख्यामा मेल या संयोजनबाट नै हुन्छ । उनै तत्वका परमाणुको फरक सङ्ख्यामा मेल हुँदा फरक खालको यौगिक रचना बन्दछ । एकैखाले तत्वको मेलबाट फरक रूपको वस्तु अस्तित्वमा आउँछ । यसबाट एउटै सार या अन्तर्वस्तुबाट अनेक रूप पैदा हुन सक्छन् भन्ने स्पष्ट हुन्छ । एक सारका बहुरूप अर्थात् रूपमा बहुलता हुन्छ भन्ने कुरा पुष्टि हुन्छ ।

जैव जगत्मा पनि त्यस्तै हुन्छ । सबै जैव अङ्गको रचना जीवकोषबाट हुन्छ । सबै जैविक अङ्गको रचनामा मूल आधारको काम गर्ने जीवकोषहरू सबै एकै प्रकारका रासायनिक तत्वबाट बनेका हुन्छन् । वनस्पति जीवकोष र प्राणी जीवकोषका बीच केही भिन्नता भए पनि सबै वनस्पतिका जीवकोष र सबै प्राणी जीवकोषका निर्माण तत्वमा पूर्ण समानता हुन्छ । खालि जीवकोषको केन्द्रिकामा रहने जीवसूत्रहरूको जोडी सङ्ख्यामा मात्र भिन्नता हुन्छ । जीवकोषका केन्द्रिकामा जीवसूत्रहरूका जोडी भिन्न सङ्ख्यामा उपस्थित भएपछि फरक खालका जीवकोषहरू बन्दछन् र फरक-फरक जीवकोषबाट फरकफरक खालका जीवहरू अस्तित्वमा आउँछन् । उदाहरणका लागि जीवसूत्रका जोडीहरू वनस्पतिमध्ये केराउको जीवकोषमा ७, प्याजको जीवकोषमा ८, धानको जीवकोषमा १२ र उखुको जीवकोषमा ४० हुन्छन् भने प्राणीमध्ये भ्यागुताको जीवकोषमा १३, मुसाको जीवकोषमा २०, मान्छेको जीवकोषमा २३ र नरबानरको जीवकोषमा २४ जोडी हुन्छन् ।

माथिका उदाहरणहरूबाट स्पष्ट भयो कि एउटै पदार्थबाट बनेका भौतिक तत्वहरूमा बहुलता छ । रासायनिक तत्वहरूमा बहुलता छ । जैव जगत्मा बहुलता छ । भौतिक, रासायनिक र जैविक सबै क्षेत्र बहुरूपी छन् । प्रकृतिमा अनेक प्रकारका खनिज पदार्थहरू छन्, अनेक प्रकारका वनस्तपतिहरू छन्, अनेक प्रकारका प्राणीहरू छन्, अनेक प्रकारका रस छन्, अनेक प्रकारका रङ छन्, अनेक प्रकारका स्वाद छन् । यही हो बहुलता । यदि पदार्थको गतिका भाौतिक, रासायनिक र जैविक रूपहरूमा यस प्रकारको बहुलताको अवस्था छ भने त्यसै पदार्थको गतिको सामाजिक रूपमा चाहिँ के छ त ? त्यहाँ पनि बहुलता छ या एकलता ? अवश्य नै त्यहाँ पनि बहुलता छ ।

समाज पदार्थको गतिको सामाजिक रूप हो । यसको मूल आधार एवम् निर्माण तत्व भौतिक वस्तु उत्पादन गर्ने कार्य हो । उत्पादन प्रणाली हो । उत्पादन प्रणाली उत्पादक शक्ति र उत्पादन सम्बन्धहरूको कुलयोग हो । त्यसैले समाजको आर्थिक आधार अर्थात् उत्पादन प्रणाली जस्तो हुन्छ, त्यसैअनुरूपको अधिसंरचना बन्दछ । त्यसरी बन्ने अधिसंरचनाका रूपहरू चाहिँ विविध हुन सक्छन् । जस्तो कि पुँजीवादी उत्पादन प्रणालीका आधारमा बन्ने अधिसंरचनाका दुईटा रूप- पुरानोखाले पुँजीवादी जनवादी अधिसंरचना र नयाँ खाले पुँजीवादी जनवादी अधिसंरचना- प्रष्टसँग देख्न सकिन्छ । यसरी एउटै सारका दुईटा रूप यहाँ देखिन्छ । यो पनि रूपमा बहुलता नै हो ।

एउटै सार भएको राज्यसत्ताका रूप अनेक हुन्छन् । राज्यसत्ताको सार पक्ष भनेको उसको वर्गचरित्र एवम् वर्ग पक्षधरता हो । एउटै वर्गचरित्र वा वर्गपक्षधरता भएको राज्यसत्ता अनेक रूपमा चलेको पाइन्छ । जस्तो कि पुँजीपति वर्गचरित्र भएको राज्यसत्ताका संवैधानिक राजतन्त्रात्मक र गणतन्त्रात्मक रूप मुख्यगरी प्रचलित रहेको पाइन्छ भने कुलीनतन्त्र, सैनिक तानाशाही आदि रूप पनि देखिन्छन् । श्रमजीवी वर्गचरित्र भएका राज्यसत्ताहरू पनि अनेक रूपमा चलेको पाइन्छ । पूर्वी युरोपमा समाजवादी प्रजातन्त्र भनेको देखिन्छ । चीनमा नयाँ जनवाद भनियो र त्यहाँ सहयोगात्मक ढङ्गले बहुदलीयता पनि रहेको देखिन्छ । भियतनाममा जनताको जनवाद भनियो । कोरियामा त्यसैलाई राष्ट्रिय विचारधारामा आधारित जनवाद भनियो । यसरी एउटा सार भएको राज्यसत्ताको अनेक रूप देखिनु पनि बहुलता नै हो ।

पदार्थको अस्तित्वका भौतिक, रासायनिक, जैविक र सामाजिक सबै रूपहरूमा बहुरूपता अर्थात् बहुलता हुँदोरहेछ भन्ने कुरा माथिका तथ्य, विवरण एवम् विश्लेषणबाट छर्लङ्ग भएको छ । यही छर्लङ्ग देखिने वास्तविकतालाई नेकपा (एमाले)द्वारा अँगालिएको जनताको बहुदलीय जनवादले अङ्गीकार गरेको छ । उसले बहुलवादी खुलासमाजको मान्यतालाई अँगालेको हुनाले 'मार्क्सवाद-लेनिनवाद परित्याग गरिसकेको छ'[१] भन्ने आरोप बिल्कुल गलत हो । नेकपा (एमाले) र जबजले मार्क्सवाद-लेनिनवादलाई दह्रोगरी समातेका छन् । जबजमा भनिएको छ- 'नेपालको क्रान्ति र निर्माणलाई बाटो देखाउने सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो । ...वर्तमान युगको विकसित मार्क्सवाद औद्योगिक सर्वहारा वर्गको मात्र होइन, किसानहरूको सामाजिक मुक्ति र राष्ट्रिय स्वाधीनताको मार्गदर्शक सिद्धान्त पनि हो । आज मार्क्सवाद-लेनिनवादबाहेक सामन्ती शोषणबाट किसानलाई मुक्त पार्ने, साम्राज्यवादी उत्पीडनबाट राष्ट्रलाई स्वाधीन बनाउने आन्दोलनलाई बाटो देखाउने अर्को कुनै विचार प्रणाली छैन । नेकपा (एमाले) मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा आफ्नो क्रान्ति र निर्माणको अभियान अघि बढाउन दृढ छ ।'[२] मार्क्सवाद-लेनिनवादप्रति यस प्रकारको स्पष्ट मान्यता र दृढ अडानप्रति उपेक्षाभाव राख्दै कुनै पनि स्रोत, सामग्री र सन्दर्भ केही नदेखाई मनगढन्ते ढङ्गबाट मार्क्सवाद-लेनिनवाद परित्याग गरिसकेको' भनेर आरोप लगाउनु तथ्यप्रतिको बेइमानी, लेखकीय कर्तव्यमाथिको बलात्कारी र आफ्नो उग्रवामपन्थी चिन्तन एवम् व्यवहारलाई सही देखाउने कुत्सित मनसायले गरिएको असफल प्रयास मात्र हो, अरु केही होइन ।

**टिप्पणी**

१. किरण- सङ्घर्षको दर्शन

२. मदन भण्डारी

# माओवादी भित्रका त्रिपक्षीय विवादको तुलनात्मक विमर्श

## ■ मुमाराम खनाल

एकीकृत नेकपा (माओवादी)को आसन्न विस्तारित बैठकले उसको इतिहासमा पहिलोपटक औपचारिक रुपमा फरक फरक दस्तावेजको सामना गर्दै छ । कम्युनिस्ट पार्टीभित्र पारित भएको दस्तावेजको मुख्य अभियन्ता नै पार्टी नेतृत्वमा रहने प्रचलन छ । नेता र नीतिलाई अभिभाज्य अङ्गको रुपमा परिभाषित गर्ने कम्युनिस्ट प्रस्थापनाले नै विचार र सङ्गठनको अभिभाज्यतालाई बुझाउँछ । त्यसकारण एकीकृत माओवादीको आसन्न विस्तारित बैठक र त्यसमा प्रस्तुत गरिने विभिन्न नेताहरुको विचारले त्यसको साङ्गठनिक विधि र नेतृत्वको पनि प्रतिनिधित्व गर्दछन् । एकीकृत नेकपा (माओवादी)को मूल सैद्धान्तिक आधार वामपन्थी सङ्कीर्णतावाद हो भने त्यसको मुल साङ्गठनिक आधार अराजकतावाद हो । त्यसैले एकीकृत नेकपा (माओवादी)को विस्तारित बैठकमा प्रस्तुत हुन लागेका तीनैवटा राजनीतिक दस्तावेजले उक्त पार्टीको मुल प्रवत्तिलाई ठूलो असर पुर्‍याउने सम्भावना छैन । यसै सीमाको परिधिभित्र रहेर नै हामीले एकीकृत माओवादीको विस्तारित बैठकको वस्तुनिष्ट मूल्याङ्कन गर्न सक्छौं ।

सिद्धान्त, राजनीति र सङ्गठनको विसङ्गति आज एकीकृत नेकपा (माओवादी)को प्रमुख समस्या हो । उग्र वामपन्थी आवरणभित्र दक्षिणपन्थी सिद्धान्तको प्रयोग, विद्रोहको राजनीतिभित्र संसदवादको प्रयोग र लेनिनवादी सङ्गठनको आवरणभित्र वितण्डावादी साङ्गठनिक संरचना त्यसका विशेषताहरु हुन् । सिद्धान्त, राजनीति र सङ्गठनको विसङ्गतिले पैदा गरेको साँस्कृतिक बिचलनले एकीकृत नेकपा (माओवादी)लाई गाँज्दै गएको छ । यसै पृष्ठभूमिमा हुर्किएको एकीकृत माओवादीको अराजकतावादी व्यक्तिवाद क्रमशः विखण्डनतर्फ जाँदैछ । मार्क्सवादको भ्रष्टीकरण र संसदवादको प्रयोगलाई क्रान्तिकारी आवरणले बेरेर पस्किएको उसको जुझारु संशोधनवादले कुनै न कुनै दिन यस्तो प्रकारको त्रिपक्षीय संघर्षको सामना गर्नु अवश्यम्भावी थियो । व्यवहारबाट अलग्गिएको सिद्धान्त, नैतिक मर्यादाबाट अलग्गिएको राजनीति र जनभावनाबाट अलग्गिएको सङ्गठन बोकेर विद्रोहको वितण्डा मच्चाउने प्रचण्ड चाहनाको लफ्फाजीलाई दुई जना

प्रभावशाली उपाध्यक्षहरुले चुनौती दिएपछि एकीकृतमाओवादीको परम्परावादी द्वीपक्षीय अन्तरसङ्घर्षले त्रिपक्षीय रुप लिन पुगेको हो ।

आसन्न विस्तारित बैठकमा एकीकृत नेकपा (माओवादी)को तर्फबाट तीनवटा आधिकारिक राजनीतिक दस्तावेजहरु प्रस्तुत हुँदैछन् । र, ती दस्तावेजहरुको मूल आशय र दिशाबारे उनीहरुका दस्तावेजहरु नै सार्वजनिक भइसकेकोले त्यसबारे टिप्पणी गरिरहनु आवश्यक रहेन । तर तीनवटै दस्तावेजहरुको तुलनात्मक अध्ययन र तिनले पार्न सक्ने आगामी राजनीतिक प्रभावबारे केही टिप्पणी गर्नु बढी बान्छनीय हुनेछ । वर्तमान संविधानसभाको सबैभन्दा ठूलो दल भएको हिसाबले पनि एकीकृत माओवादीभित्रको विवाद र त्यसको व्यवस्थापनले नेपालको राजनीतिक भविष्य तथा शान्ति प्रक्रियाको निर्णायक शक्ति भएकाले एकीकृत नेकपा (माओवादी)ले लिने राजनीतिक कार्यदिशाले सम्पूर्ण शान्तिप्रक्रियाको भविष्यमा प्रभावकारी भूमिका खेल्नेछ । यसै बिन्दुमा केन्द्रित रहेर एकीकृत माओवादीको त्रिपक्षीय राजनीतिक भिडन्तको चिरफार गरौं ।

**प्रचण्ड कार्यदिशा**

एकीकृत नेकपा (माओवादी)भित्र टिप्पणी भइरहेजस्तै पुष्पकमल दाहालको आफ्नो कुनै स्वतन्त्र कार्यदिशा छैन । प्रचण्डले सदैव विचारधारात्मक कार्यदिशाको वकालत गर्नुभन्दा सङ्गठन र त्यसको नेतृत्वलाई प्रधान मानेर आफ्नो कार्यदिशाको निर्क्योल गर्ने गरेको पाइन्छ । पार्टी तथा सत्ताको नेतृत्वलाई सर्वोपरि राखेर नै आफ्नो राजनीतिक दिशा छुट्टाउने प्रचण्डको प्रयास हुनेगर्छ । त्यसकारण प्रचण्डको कार्यदिशाले सरकारको नेतृत्व हात लाग्ने आशा गर्दै शान्ति प्रक्रियामा जोड दिन्छ भने पार्टीभित्रका 'क्रान्तिकारी' कार्यकर्ताको भावनालाई हेर्दै विद्रोहमा ध्यान दिन्छ । प्रचण्ड कार्यदिशा गुटको हिसाबले किरणको नजिक जान्छ भने विचारको हिसाबले बाबुरामको । त्यसले बुर्जुवा संसदवादको अगाडि आत्मसमपर्ण गर्दै एक्काइसौं शताब्दीका राजावादीसँग मिलेर कथित राष्ट्रिय युद्धको घोषणा गर्नपुग्छ ।

सकेसम्म त्रिपक्षीय लडाइलाई दुई पक्षमा बदलेर यो वा त्यो गुटलाई आफ्नो पक्षमा पार्न प्रयत्न गर्नु प्रचण्ड कार्यनीतिको विशेषता हो । त्यसको लागि शान्तिप्रक्रिया, संविधान निर्माण र सरकारको नेतृत्व सम्बन्धी सवालमा बाबुरामको कार्यनीतिमा समावेश हुन तथा प्रधान अन्तरविरोध, जनविद्रोह र राष्ट्रिय युद्धको कार्यदिशामा किरणको पुच्छर समातेर वैतरणी तर्ने कोशिश प्रचण्डको कार्यदिशाले गर्दै आएको छ । दुवै अवस्थामा समदूरीमा रहेको प्रचण्डको दस्तावेजले एक वा अर्कोतिर मिलेर जानसक्ने सोंचसहित आफ्नो धारणा प्रस्तुत गरेको छ । त्यसैकारणले होला, बाबुराम र किरण दुबैले प्रचण्डको प्रवत्तिलाई 'मध्यपन्थी अवसरवाद' तथा उनको दस्तावेजलाई 'सारसङ्ग्रहवाद'को संज्ञा दिएका छन् । प्रचण्डको दस्तावेजले नेपाली क्रान्तिका समस्या वा दिशाको कुराभन्दा आफूलाई असहयोग गरेको, आफ्नो प्राधिकारपूर्ण नेतृत्वमाथि चुनौती थपेको तथा पद र प्रतिष्ठामाथि प्रश्न उठाएको व्यक्तिगत गुनासोको रिपोर्टिङ्ग मात्र बढी प्रस्तुत गरेको छ ।

'फरक ढङ्ग' ले जान नसक्ने किरणको चाल र चुनवाङभन्दा बाहिर जान नसक्ने बाबुरामको चालका बीचमा हिड्न खोजेको प्रचण्ड-चाल भने न हाँसको चाल न त बकुल्लाको चाल मात्रै भएको छ । सैद्धान्तिक रुपमा बाबुरामको नजिक र सांगठनिक रुपमा किरणको नजिक भएर हिड्न खोजेको प्रचण्डको दस्तावेजले आफ्नो कुनै मौलिक विशेषता बोकेको छैन । चारैतिर लडाइको अमूर्त मोर्चा खोलेकोजस्तो भ्रम छर्दै प्रचण्डको दस्तावेजले दक्षिणपन्थी अवसरवादी दिशाकै वकालत गरेको छ । विद्रोहको शंख फुक्दै जनयुद्धको मलामी बनेर संविधानसभाभित्र घ्यूभात खाने ध्येय बोकेको प्रचण्डको दस्तावेजले नेपाली कम्युनिस्ट आन्दोलनको कुनै पनि दिशा तय गर्न नसकेपछि 'क्रान्तिकारी'का लागि जता फर्के पनि ढोकैढोका मात्र छन् भन्ने भ्रामक सन्देश दिएको छ ।

पार्टीको नाममा व्यक्तिवादको अभ्यास गर्नु, पार्टी भन्नासाथ आफैलाई बुझ्नु र पार्टीका सम्पूर्ण उपलब्धिहरुलाई आफ्नो भागमा राखेर कमजोरीहरुका हकमा प्रतिस्पर्धीहरुलाई दोष दिनु प्रचण्ड दस्तावेजको मौलिक विशेषता हो ।

पार्टीको तल्लो निकायदेखि माथिल्लो तहसम्म साँस्कृतिक विचलनको जग निर्माण गर्न प्रचण्डले गरेको प्रयत्नलाई बाबुरामले आफ्नो दस्तावेजमा उठाउनुको मूल अभिप्राय त्यही हो । त्यसैकारण प्रचण्ड दस्तावेजको पक्षमा अधिकाङ्श नेता तथा कार्यकर्ताहरु एक वा धेरै मुद्दामा फसेका, आर्थिक अभियोग लागेका र पार्टीभित्रका नवधनाढ्यहरु उभिएका छन् । यसो हुनुको प्रमुख कारण प्रचण्ड कार्यदिशाको मूल लक्ष्य क्रान्तिको नाममा जे गरेपनि हुन्छ भन्ने बितण्डावाद नै हो । संक्षेपमा भन्नुपर्दा प्रचण्डको राजनीतिक दस्तावेज गुनासो, विगतको रिर्पोटिङ्ग र व्यक्तिवादको पक्षमा गरिएको याचनाको दस्तावेज हो । यसले वर्तमान संकटपूर्ण मुलुक र राजनीतिक निकासको कुनै प्वाल पनि फेला पार्न सकेको छैन । बरु कयौं संवेदनशील सवालहरुमा थप आशङ्का, अन्योल र भ्रम मात्रै सिर्जना गरेको छ ।

**बाबुराम कार्यदिशा**

चुनवाङ्ग बैठकको कार्यदिशालाई आफ्नो कार्यदिशा दावी गर्दै आएका डा. बाबुराम भट्टराईको कार्यदिशाले पनि यथास्थितिवाद नै पक्रिएर बसेको छ । वर्तमान संविधानसभाको स्वार्थसीमालाई साम्राज्यवादी तथा विस्तारवादीहरुले उपयोग गरिसक्दा पनि वालुवा पेलेर तेल निकाल्न सकिने कुरामा बाबुराम आशावादी रहेको देख्न सकिन्छ । शान्ति प्रक्रियाभित्र आइसकेपछि यसलाई इमान्दारीपूर्वक जनताको पक्षमा लग्नुपर्छ भन्ने बाबुरामको नियत सफा भए तापनि वर्तमान शान्तिप्रक्रियाभित्र क्रान्तिका कुनै पनि बिउ बाँकी छैनन् भन्ने कुरा बुझेको देखिदैन । विचारको प्रश्नमा

बाबुरामको दस्तावेजले केही नयाँ र मौलिक विषयवस्तु उठाउन कोशिस गरेको भएतापनि त्यसको जोडदार वकालत गर्न भने सकेको पाइदैन । खासगरी पूँजीवादको विकास र त्यसको चरित्रले नेपाली क्रान्तिको दिशालाई कसरी प्रभाव पारेको छ भन्ने कुरामा बाबुरामले राम्रो विश्लेषण गरेको पाइन्छ । तर एउटै देशमा समाजवादको स्थापना भएपनि त्यसको टिकाउ संभव छैन भन्ने ट्राटस्कीको धारणाको वैज्ञानिक रुपमा पुष्टि भइसक्दा पनि त्यसको स्पष्ट र निर्भिक भएर व्याख्या गर्न सकेको पाइँदैन ।

बाबुराम भट्टराईको दस्तावेजले शान्तिप्रक्रियाका उपलब्धिको आवश्यकताभन्दा बढी चर्चा गरेको छ भने त्यसका कमजोरीहरुलाई निकै गौण बनाएको छ । यो प्रसङ्ग किरणको दस्तावेजको ठीक विपरित छ । बाबुरामको दस्तावेजले संयुक्त मोर्चाको विकास र त्यसको प्रभावकारी कार्यन्वयनमा रहेका कमजोरीलाई पार्टी नेतृत्वको सबैभन्दा महत्वपूर्ण कमजोरीका रुपमा उठाएको छ । शान्तिप्रक्रियामा आइसकेपछि विघटन भएका ‘स्थानीय जनसत्ता’ र त्यसले व्यवहारिक रुपमा तात्कालिन माओवादीको क्रान्तिकारी जनपरिषद पनि विघटित हुन पुगेकै थियो । बाबुराम भट्टराईले सत्ता र सङ्घर्षको साधनका रुपमा संयुक्त मोर्चाको प्रयोगमा जोड दिदैं आएका छन् । तर एकीकृत नेकपा (माओवादी)को नेतृत्वले पार्टीमा द्वैध शक्तिकेन्द्रको निर्माण भएको ठान्दै संयुक्त मोर्चाको प्रश्नलाई बाबुरामलाई स्थापित गर्ने संयन्त्रका रुपमा बुझ्दै आएको देखिन्छ । संविधानसभाको निर्वाचनमा मूल पार्टीलाई नै दर्ता गरेर अघि बढेपछि एकीकृत माओवादीको संयुक्त मोर्चा केबल नाम मात्रको सङ्गठनमा सीमित रहन गएको छ ।

प्रधान अन्तरविरोधको सवालमा बाबुरामको कार्यदिशाले प्रचण्ड तथा किरणको दृष्टिकोणसँग मेल खाँदैन । किरण र प्रचण्डले समानरुपमा अब नेपालको प्रधान अन्तरविरोध बदलिएको र त्यो भारतीय विस्तारवार विरुद्ध ‘राष्ट्रिय युद्ध’का रुपमा अभिव्यक्त हुने सोचाई राख्दछन् । तर बाबुरामको दृष्टिकोणमा नेपालमा भारतीय विस्तारवादको प्रभुत्व र हस्तक्षेप सुगौली सन्धिदेखि नै निरन्तर रहिआएकाले कुनै घटनामा आधारित भएर प्रधान अन्तरविरोध नै बदलिने कुराको विरोध गरेको पाइन्छ । यसरी बाबुरामका भनाईमा अहिले पनि नोकरशाही पूँजीवादको संबन्ध सामन्तवादसँग कायम रहिरहेकाले ‘भारतीय विस्तारवाद संरक्षित देशीय प्रतिक्रियावाद’ नै प्रधान शत्रु रहेको छ । प्रधान अन्तरविरोधको प्रश्नले नै तात्कालिन संघर्षको मुख्य निशाना तय गर्ने गर्दछ । त्यसकारण प्रचण्ड र किरणको भारतविरुद्ध युद्ध गर्न राष्ट्रवादीको नाममा प्रतिगामी गुहार्ने मोर्चाको बाबुरामको दृष्टिकोणअनुसार कुनै औचित्य छैन । बरु सामन्तवादसँग लड्न राजनीतिक दलहरुसँगै अझ सहमति गरेर जसरी पनि प्रगतिशील संविधान निर्माणमा जुट्नुपर्ने पक्षमा जोड गरेको पाइन्छ ।

तर बाबुरामको दस्तावेजले पनि मूलतः प्रचण्डको कार्यशैली र व्यक्तिवादको गुनासो बोकेको छ । प्रधानमन्त्रीको रुपमा प्रचारित गरिएका बाबुरामलाई भारतसँग जोडेर प्रचण्ड आफैले पछिल्लोपटक उम्मेदवारी दिएपछि एकीकृत माओवादीका यी शीर्ष नेताहरुको बीचमा कटुता पैदा भएको थियो । त्यहाँ नीतिगत मतभेदभन्दा बढी व्यक्तित्वको टकराव बढी देखिन्थ्यो । त्यसै बेलादेखि नै राष्ट्रिय सहमतिको सरकार निर्माणको मुद्दा सुदूर भविष्यको विषय बन्दै गएको छ । कथित विद्रोहको नाममा तयारीबिना नै सडक नाटक गर्ने प्रवत्तिसँग पनि बाबुराम असन्तुष्ट रहेको पाइन्छ । आफ्नै क्रान्तिलाई रक्षा गर्न नसक्ने क्रान्तिको कुनै महत्त्व नहुने तर्क बाबुरामले गरेको देखिन्छ । क्रान्ति कुनै नियत वा चाहनाको विषय नभएर त्यो आत्मगत र वस्तुगत जगतको सही संयोजनको परिणाम हुन्छ भन्ने कुरा बाबुरामको दस्तावेजको मूल आश्य हो । गन्तव्यबिनाको विद्रोह, आर्थिक भ्रष्टाचार, सांसदको किनबेचजस्ता नेतृत्वका विकृतिको बारेका बाबुरामको दस्तावेजले निकै प्रस्टसँग आफ्नो अभिमत प्रकट गरेको छ ।

१२ बुँदे सहमति, शान्तिप्रक्रियामा प्रवेश, संविधानसभाको निर्वाचन, त्यसमा माओवादीले हासिल गरेको ठूलो विजय तथा पार्टीले प्राप्त गरेको राजनीतिक श्रेष्ठतालाई बाबुरामले आफ्नो महत्वपूर्ण उपलब्धिका रुपमा दस्तावेजमा उठाएको देखिन्छ । यद्यपि त्यसका कयौं नकारात्मक परिणामहरु आउन अझै बाँकी छन् । तैपनि ती उपलब्धिहरुमा टेकेर नै अगाडि बढ्न सकिने विश्वास बाबुराममा रहेको छ । यस्ता उपलब्धिलाई कहिल्यै ‘महत्त्वबोध नगर्ने र आशंका गर्ने’ किरण र सधैं ‘अस्पष्ट, ढुलमुल र द्विअर्थी’ रवैया प्रदर्शन गर्ने प्रचण्डप्रति बाबुरामको समान गुनासो छ । यथार्थमा बाबुरामको कार्यदिशासँग धेरैजसो प्रचण्डको वैचारिक निकटता छ । बाबुरामको दस्तावेज पनि यथास्थितिमा अडिएको छ । र, आगामी राजनीतिको सङ्कटपूर्ण दिशातर्फ दस्तावेज मौन छ । आज संविधानसभा असफल छ, देश संक्रमणकालमै अडकिएको छ र प्रधानमन्त्रीको चयन हुनसकेको छैन । यसको निकास कसरी निकाल्न सकिन्छ भन्ने कार्यनीतिक प्रश्नमा बाबुरामको अलमलले उनको दूरदृष्टि सही भए तापनि निकट-दृष्टि कमजोर छ । खाली असफल भइसकेको संविधानसभाको रट लगाएर तात्कालिक राजनीतिक निकास संभव छैन ।

**किरण कार्यदिशा**

एकीकृत नेकपा (माओवादी)को शान्तियात्राको जग भनिएको चर्चित चुनवाङ बैठकका बेला किरण अर्थात मोहन वैद्य भारतीय जेलमा कैद थिए । त्यसकारण चुनवाङ्ग बैठकदेखिको पार्टीको शान्तिपूर्ण अवतरणको कार्यदिशाप्रति वैद्यको विमति रहदै आएको छन् र पार्टीको यो समग्र प्रक्रियालाई दक्षिणपन्थी अवसरवादी कार्यदिशा ठान्ने गरेको पाइन्छ । चुनबाङ बैठकले तात्कालिक परिस्थितिमा लिएको लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिक नारालाई अब रणनीतिकरुपमा ग्रहण गर्न खोजिएको वैद्यको आशङ्का छ । त्यसकारण नेपाली क्रान्तिको एक मात्र बाटो जनविद्रोह हो भन्ने किरणको दस्तावेजको

मूल मर्म हो। जनसत्ताको विघटन, जनयुद्धको अन्त्यको घोषणा तथा स्थायी शान्तिको पार्टी चाहना दक्षिणपन्थी अवसरवादको कामना हो भन्ने किरणको तर्क छ।

संसदवाद तथा राष्ट्रिय आत्मसमर्पणवादको रुपमा देखिने दक्षिणपन्थी संशोधनवाद नै नेपाली क्रान्तिको प्रमुख खतरा रहेको किरणको ठहर बाबुरामको दस्तावेजप्रति लक्षित छ। अहिलेको सन्दर्भमा साम्राज्यवादको व्याख्या गलत भएको भन्दै किरणले अहिले भारतीय विस्तारवादसँगको सङ्घर्ष अर्थात राष्ट्रिय स्वाधीनताको सङ्घर्षले प्रधान महत्त्व राख्ने कुरा बताउँछन्। यस किसिमको प्रस्थापना प्रधान अन्तरविरोधसम्बन्धी दृष्टिकोणाक हिसाबले प्रचण्डसँग मिल्न जान्छ। त्यसैले किरणले राष्ट्रिय स्वाधीनताको लडाईलाई जनगणतन्त्रको लडाईसँग जोडेर लडनुपर्ने तर्क गरेको पाइन्छ। त्यसका लागि बाबुरामको कार्यदिशालाई किरणले राष्ट्रिय आत्मसमर्पणवादी कार्यदिशा भनेको देखिन्छ। भारतसँग होस वा अन्य कुनै मुलुकसँग किन नहोस कुटनीतिक पहलबाट मात्र हामीले जित्न सक्छौ भन्ने बाबुरामका तर्कविरुद्ध साम्राज्यवाद होस वा विस्तारवाद होस, लडाईको सिधा मोर्चा खोल्नुपर्छ भन्ने किरणको विचार रहेको छ। यो सवालमा किरणको विचारले सैद्धान्तिक रुपमा त सही विचारको पक्षपोषण गर्दछ तर त्यसले व्यवहारिक रुप लिने कुनै संभावना देखिँदैन।

किरणको दस्तावेजले बाबुराम र प्रचण्डले प्रयोग गर्ने 'नवीनता' 'सिर्जनशीलता' तथा 'मौलिकता' बारेमा पनि प्रश्न उठाएको छ। एकीकृत नेकपा (माओवादी)को यहाँसम्मको यात्रामा उल्लिखित पदावलीहरु केवल लोकतान्त्रिक गणतन्त्र र सुधारवादसम्म मात्रै सीमित रहन प्रयोग भएको आरोप किरणको छ। किरणको प्रवत्तिलाई प्रचण्डले केही नयाँ आएपछि आत्तिने र आशंका गर्ने प्रवत्तिका रुपमा व्याख्या गरेका छन्। त्यसहिसाबले हेर्दा किरणले वर्तमान कार्यनीतिको अन्योल, अस्पष्टता र अवसरवादका लागि प्रचण्ड नै जिम्मेवार भएको आरोप लगाएका लगाएको देखिन्छ। वर्तमान अवस्थामा एकीकृत नेकपा (माओवादी)को अस्तव्यस्त अवस्था, सिद्धान्तहीनता, भ्रष्टाचार, साङ्गठनिक अराजकता आदिको मुख्य कारकतत्व पार्टीको अवसरवादी राजनीतिक लाइन जिम्मेवार रहेको किरणको ठम्माइ छ। किरणको दस्तावेजले पार्टी खतम भएर बिग्रिएको महसुस त गरेको छ। तर त्यसलाई सपार्ने कसरी हो भन्ने कुराको एउटै जवाफ 'विद्रोह' को अमूर्त पदावली मात्र प्रयोग गरेको छ। किरणको यस प्रकारको विद्रोहको कथित क्रान्तिकारी बाटोलाई बाबुरामले 'कार्यकर्तालाई झुक्याउने चालबाजी'बाहेक केही नठानेको देखिन्छ। हुन पनि एकीकृत माओवादी सङ्गठन, सिद्धान्त र संस्कृतिले अहिले विद्रोह गर्ला भन्ने आधार कहीं कतै फेला पर्दैन। चाँडोभन्दा चाँडो शान्तिप्रक्रिया छाडेर जनविद्रोहमा हाम फाल्नुपर्ने किरणको कार्यदिशा भावनाबाट निर्देशित अमुर्त कार्यदिशा मात्रै हो।

किरणको दस्तावेजले विगतको समीक्षालाई नकारात्मक कार्यको थालनीका रुपमा र वर्तमान अवस्थालाई त्यसको परिणामका रुपमा बढी व्याख्या गरेको छ। पार्टीभित्रको भ्रष्टाचार, अनैतिकता र नयाँ वर्गको उत्थानलाई पार्टीको त्यही कार्यदिशाको उपज ठान्दछ किरणको दस्तावेज। त्यही कुरा बाबुरामको दस्तावेजले पनि समान रुपमा उठाएको छ तर त्यस्तो अनैतिकता, भ्रष्टाचार र नयाँ वर्गउत्थानलाई उसले मुख्य नेतृत्व अर्थात प्रचण्डको कार्यशैलीले उत्पन्न गरेका समस्या ठान्दछ। किरणको दस्तावेजले पार्टीको न्युनतम कार्यक्रम नयाँ जनवादी क्रान्ति भएको र त्यसको प्राप्तिभन्दा अगाडि कुनै पनि बिसौनीको कुरा गर्नु संशोधनवाद हो भन्ने ठान्दछ। क्रान्ति कुनै सतत् प्रक्रिया होइन न त यो सरलरेखाबाट नै गुज्रिन्छ। तसर्थ, सवाल रणनीतिको हो र त्यसलाई सेवा गर्ने कार्यनीतिक बिसौनीबिना निर्धारित रणनीतिमा पुग्नै नसकिने तर्क बाबुरामको छ। समग्रमा किरण र बाबुरामको दस्तावेजमा नेपाली क्रान्तिको भविष्य र त्यसको कार्यन्वयनको सवालमा कयौं सैद्धान्तिक, राजनीतिक र साङ्गठनिक मतभेदहरु छन्। त्यस्तै, प्रचण्डको दस्तावेजमा क्रान्ति भनेको भैपरी आउँदा जे-जे हुन्छ त्यही गर्ने हो भन्ने स्वत स्फूर्तवाद मात्र रहेको छ। त्यसकारण एकीकृत नेकपा (माओवादी)भित्रको मूख्य वैचारिक विवादको धुरी पनि बाबुराम र किरणका दस्तावेजमा नै अन्तर निहित रहेको देख्न सकिन्छ।

**र, अन्त्यमा**

एकीकृत नेकपा (माओवादी)को विस्तारित बैठकमा प्रस्तुत हुनै तीनैवटै राजनीतिक दस्तावेजहरु नेपाली राजनीतिको वर्तमान गतिरोधको निकास पहिल्याउने अर्थमा निरर्थक छन्। पार्टीभित्रको आन्तरिक शाक्ति सङ्घर्षको हिसाबले आएका दस्तावेजहरुले नेपाली क्रान्तिको मौलिकता र त्यसको निरन्तरतालाई संबोधन गर्न सकेका छैनन्। तात्कालिक समस्याको पहिचानको हिसाबले किरणको दस्तावेज सङ्कीर्ण परम्परावादी, प्रचण्डको दस्तावेज सारसङ्ग्रहवादी र बाबुरामको दस्तावेज यथास्थितिवादी छन्। तीनवटै दस्तावेजले आफ्नो सेनाको सम्बन्धमा चाहिँ समान रुपकै मत अघि सारेका देखिन्छन्। तर कम्युनिस्ट पार्टी निर्माण र आर्दशको कोणबाट हेर्दा बाबुरामको दस्तावेज दक्षिणपन्थी, किरणको क्रान्तिकारी र प्रचण्डको दस्तावेज दुवै दस्तावेजको टिप्पणी मात्रै देखिन्छ। वास्तवमा एकीकृत नेकपा (माओवादी)का तीनैवटा दस्तावेज यथास्थितिवादी राजनीतिक दस्तावेज मात्रै बन्न पुगेका छन्। ❒

# एक 'भेटरान' युनियनकर्मीको असामयिक अवसान !

■ **विष्णु रिमाल**

'Ask not my name
Nor if you knew me
The dreams I have had
Will grow without me
Alive no more
I will go where my dreams have shown me.
Those who carry on the fight
Will plant other roses
All will remember me.'

**– एल साल्भाडोरको स्वतन्त्रता सङ्ग्राममा मारिएका एकजना गुमनाम गुरिल्लाको कविता**

उनको जीवनमा धेरै कुरा स्वतःस्फूर्त र आकस्मिक भए । तर, यो वर्षको कात्तिक १२ गतेको आकस्मिक घटना चाहिँ अकल्पनीय र पीडादायी बन्न पुग्यो । त्यो दिन, जिफन्ट मात्रै होइन समस्त नेपाली ट्रेडयुनियन आन्दोलन शोकाकुल हुन पुग्यो । जिफन्टले, आफ्ना संस्थापक सहकर्मी गुमायो, नेपाली ट्रेड युनियन आन्दोलनले एक अथक योद्धालाई गुमायो ।

उनी अर्थात् हाम्रा आफ्नै कमरेड माधव न्यौपाने, जसले कात्तिक १२ गते बिहान ७:३० बजे काठमाडौंको त्रिपुरेश्वरस्थित 'ब्लु क्रस हस्पिटल'बाट हामी सबैलाई 'अलविदा' भने ।

११ गते राती डा. सिल्पकारसँग कुरा गरिरहँदा मैले कात्तिक ८ गते दिउँसोको आकस्मिक निर्णय सम्झिएँ । हामी अर्थात् हाम्रा पूर्व अध्यक्ष कमरेड मुकुन्द, महासचिव उमेश, उपाध्यक्ष उद्धव र उपमहासचिव लम्साल उनको घरमा पुग्यौं । उनी शान्त थिए, पहिलेजस्तै र हाम्रो उपस्थितिमा स्वाभाविक खुशी भए ।

हामीले सोध्यौं- 'अहिले कस्तो छ कमरेड?'

'हजोर ?' उनले आफ्नै लवजमा प्रतिक्रिया दिए । यस्तो लाग्थ्यो उनले हाम्रो प्रश्न नै बुझेनन् । पछि थाहा भयो, बिरामीका कारण उनी फटाफट बोलेको झट्ट बुझ्न नसक्ने भएछन् ।

हामीले चिया नखाने भन्यौं- तर उनले छोरीलाई कर गरे । उनले 'कोल्ड ड्रिङ्क' देऊ भने र फेरि केही भने । छोरी उठिन, यसपटक छोरीले अस्पतालको 'डिस्चार्ज रेकर्ड'सहितको फाइल मेरो अगाडि राखिदिइन् ।

यसले एकछिन मलाई विश्मित तुल्यायो । मप्रति जिफन्टका अधिकांश पुराना साथीहरूको एउटा 'अन्धविश्वास' छ, उहाँहरू मलाई 'जे पनि जान्ने मान्छे'जस्तो ठान्नुहुन्छ । सायद माधवले पनि त्यस्तै केही ठाने ।

'मैले यो के बुझ्छु र?!'

स्वास्थ्य विज्ञानमा त मलाई रत्ति ज्ञान छैन । तर पनि मैले रेकर्ड पढि टोपलें । 'ट्युवर कुलोमा ... ब्रेन ... सेकेन्ड स्टेज...फेयर कन्डिसन एट डिस्चार्ज...' यस्तै केही लेखिएको थियो त्यसमा । कमरेड उमेशले पनि सरसर्ती हेर्नुभयो, हामीले ढाडस दियौं- 'निको हुन्छ, चिन्ता नलिनुहोस् ! आजको जमानामा टीबी त रोगै होइन । त्यसमा पनि ब्रेन टीबी त अरूलाई सर्दा पनि सर्दैन !'

हामी बबुराहरूलाई के थाहा, यो भेट नै उनीसँगको अन्तिम हाम्रो भेट हुनेछ भनेर ! स्वास्थ्य, रोग, उपचार विधि र योगा आदिका बारेमा धेरै कुरा गर्न सक्ने कमरेड मुकुन्दले दायाँ-बायाँका धेरै कुरा भन्नुभयो । हामीले पनि अलि-अलि 'घान' हाल्यौं- हाम्रो वरिपरिका कस-कसलाई टीबी भएको थियो, कसरी उहाँहरूको 'रिकभरी' भयो, को झण्डै-झण्डै बितेको, र कसरी उनको मनोबल दह्रो भएका कारण 'चामत्कारिक' ढङ्गले निको भयो आदि ।

सायद बिरामी भेट्न जानेले भन्ने कुरा यस्तै थिए कि ! हामी फर्कियौं, तर हामीलाई रत्ति पनि माधवजीको अवस्था 'अन्तिम' हो भन्ने लागेकै थिएन । निको हुन्छ, पक्कै निको हुन्छ- हामीलाई यस्तै लागेको थियो । अझ हामीहरूले त 'तीन महिना बित्दा/नबित्दै तपाई ड्युटीमा जानसक्नुहुन्छ' भन्ने ठोकुवासमेत गरेका थियौं । त्यसै भएर नै त्यही दिन एमाले स्वास्थ्य विभाग प्रमुख कमरेड कृष्णगोपालसँग छलफल गऱ्यौं । सम्भावित थप उपचार र सहयोगको सम्भावना सोध्यौं । र हामीले सल्लाह गऱ्यौं- टीबी, क्यान्सर, आङ्खस्ने रोग, मृगौला र मुटु रोगीलाई राज्यले दिने राहत-सुविधाबाट माधव न्यौपानेलाई पनि सहयोग उपलब्ध गराउन प्रयत्न गर्ने । उमेशले त प्रक्रियाका लागि नेस्वहोमयुका अध्यक्षलाई जिम्मा नै लगाउनुभयो ।

तर, ती सब केही हुन पाएनन् । कात्तिक ८ गते राती नै उनलाई पापी रोगले उम्कनै नसक्ने गरी गाँजेछ । त्यस रात काठमाडौंका अधिकांश अस्पताल र नर्सिङ होमहरूमा आईसीयू, भेन्टीलेटर र रगतको अभाव थियो । उनलाई उपचार गर्ने

डाक्टरकै सहयोगमा बल्लबल्ल परिवारका सदस्यहरूले ह्याम्स अस्पतालमा भर्ना गर्न सके, उपचार शुरु भयो । एक दिनपछि पहिले उपचार गरिएकै अस्पताल, ब्लु-क्रसमा पुनः सारियो ।

केही काम लागेन, छोरी स्मरण गर्छिन्- '१० गते बाबालाई धेरै गाह्रो भयो । राती ८ बजेतिर छटपटीमै उहाँले ममीलाई 'घर जाउ' भन्नुभयो । भेन्टीलेटरमा चडाउनुअघि ८:३० बजेतिर मलाई भन्नुभयो- बाबा अब गए, तिमी पनि जाऊ !' यसरी, उनी भेन्टिलेटरमा चढे, हामी सबैसँग सदाका लागि विदा हुने गरी !

'भेटरान' युनियनकर्मीको आगमन

उनी भन्ने गर्थे- 'थाहै नपाई म मजदुर आन्दोलनमा आइपुगें ।'

'०३६ सालको भाद्र महिनातिर होटल सोल्टीमा विभिन्न तहमा केही तालिमेहरू माग गरिएको थियो । तालिम राम्रो गर्नेलाई नोकरी पनि दिने भन्ने कुरा थाहा पाएपछि निवेदन दिएँ । धेरै चरणको अन्तर्वार्तापछि मैले मासिक रु. दुई सय रुपियाँ पाउने गरी 'स्टेवार्ड' पदमा तालिम लिन पाउने भएँ ।'

तालिम सजिलो थिएन । माधव सम्झन्छन्- 'देब्रे हातको हत्केलामा धेरै गह्रौं 'ट्रे' बोकेर लगातार १५-२० मिनेट चौरमा ओहोर-दोहोर गर्नुपर्थ्यो, यो क्रम दिनमा धेरैपटक चलिरहन्थ्यो । शुरुका दिनमा त कस्तो ठाउँमा आएर फसियो भन्नेसमेत लाग्यो ।'

पुराना सहपाठीहरूको असहयोगी भूमिकाले त तालिमेहरू टिक्दै टिक्दैनथे । माधवको स्मरणमा गहिरोसँग बसेको थियो- 'सबभन्दा पहिला मलाई खटाइएको गार्डेन टेरेस रेष्टुराँमा 'यो फुच्चेले नोकरी गर्नै सक्दैन' भन्दै पुराना साथीहरूले सताउने र गेस्टको नजिक जानसमेत दिएनन् । यस्ता कुराले आजै छाडौं कि, भागौं कि जस्तो पनि लागिरहन्थ्यो ।'

तर, होटल सोल्टीको आँगन नेपाली ट्रेड युनियन आन्दोलनको 'एक भेटरान युनियनकर्मी'को प्रतीक्षामा थियो । त्यसैले हुनुपर्छ- 'आफूहरूले पनि शुरुका दिनमा त्यस्तैखालको समस्या झेलेको' अनुभव 'सेयर' गर्ने सहयोगीहरूको प्रेरणाले 'जसरी पनि टिक्नुपर्दछ भन्ने' निस्कर्षमा माधव न्यौपाने पनि पुगे । यो घटनाबाट सोल्टीले एक इमानदार स्टाफ मात्र पाएन, नेपालको ट्रेड युनियन आन्दोलनले अविचलित ढङ्गले अघि बढिरहने होनहार नेता पनि पायो ।

**आन्दोलनमा स्वतः संलग्नता**

०३६ सालकै घटना थियो त्यो, सोल्टी होटलमा अचानक मजदुरहरूको आन्दोलन शुरु भयो । तत्कालीन जनरल मेनेजर डीएस डल्लीले तालिमे मेनेजर धर्मराज काफ्लेलाई कठालोमा समातेर घोक्र्याएकाले होटलका कामदारहरू आन्दोलित भएका थिए । माधव सम्झन्थे-'सबै जना काम छोडेर होटलको प्राङ्गणमा जम्मा भए । त्यसको नेतृत्व मसँगै क्याप्टेन पदको तालिम लिइरहेका मदन अमात्यले गरेका थिए । समाचार तत्काल चारैतिर फैलियो, बेलुकीको समय भए पनि ड्युटीमा नरहेका मजदुरहरूसमेत जम्मा हुन थाले । त्यहीं नै सङ्घर्ष समितिको घोषणा गरियो, जसको नेतृत्व तत्कालीन समयका विद्यार्थी नेता जगन्नाथ थपलियाले गर्नुभएको थियो ।'

त्यस आन्दोलनमा अधिकांश मेनेजरहरूको समेत प्रत्यक्ष संलग्नता रहेको थियो । लगातार पाँच दिनसम्मको घेराउपछि प्रहरी हस्तक्षेप भयो । पुलिसले अन्धाधुन्ध लाठीचार्ज गर्‍यो, ५० औं मजदुरहरू घाइते भए । गिरफ्तारी दिने मजदुरहरूको सङ्ख्या सात सयभन्दा बढी थियो, उनीहरूलाई महेन्द्र पुलिस क्लब, बग्गीखाना, त्रिपुरेश्वर पुलिस थानामा राखियो । यहाँ उनले पहिलोपटक बन्दी जीवन भोगे ।

'एक भएपछि जस्तोसुकै आन्दोलनमा पनि जित हुन्छ भन्ने पूर्ण आत्मविश्वास यसबाट ममा पनि पलायो ।' कमरेड न्यौपाने को भनाइ थियो- 'दोस्रो दिन, मागमा छलफल गर्न तत्कालीन सरकार र व्यवस्थापन सहमत भयो । दोषी जनरल मेनेजर र तीनजना फाइनान्सियल कन्ट्रोलरलाई निश्कासन गर्ने, १० प्रतिशत सेवा शुल्क र अन्य आर्थिक माग पूरा गर्ने सहमति भयो । त्यसपछि आन्दोलनको सातौं दिन पुलिस हिरासतबाट मुक्त भएर मजदुरहरू सिन्दुर-यात्रासहित होटलमा प्रवेश गरे । शतप्रतिशत मजदुरहरू सहभागी भएको र पूर्णरूपले सफल भएको आन्दोलन सायद यो पहिलो र ऐतिहासिक थियो ।'

**युनियन निर्माणको उकाली-ओरालीका प्रत्यक्ष सहभागी**

युनियन निर्माणको कष्टसाध्य काममा नेता-कार्यकर्ता तल-माथि भइरहन्छन् । कति व्यवस्थापकसँग बिक्छन्, कति आम मजदुरका पक्षमा आफ्नो परिवारका सदस्यहरूको दुई छाक दाल-रोटीको समेत परवाह नगरी आन्दोलनमा होमिन्छन् । यस्ता कयौं उकाली/ओराली देखेका र भोगेका छन् माधवले पनि आफ्नो जीवन कालमा ।

०३७ सालको कात्तिक महिनातिरको कुरा हो । होटल सोल्टी, याक एण्ड यति, होटल एभरेस्ट र होटल कृस्टलका विभिन्न विचार राख्ने साथीहरू समेटेर नेपाल राष्ट्रिय स्वतन्त्र होटल मजदुर यूनियन, प्रथम राष्ट्रिय सम्मेलन आयोजक कमिटीको गठन भयो । त्यसले काम थाल्दा नथाल्दै संयोजक बनेका नारायण काफ्ले प्रमोसनको लोभमा फसेर निस्क्रिय भए । अर्का सदस्य दिनेश झालाई तत्कालै मेनेजर पदको ट्रेनिङमा दिल्ली पठाइयो । माधव भन्दथे- 'मैले सुनेअनुसार उनीहरूले कुनै हालतमा मजदुरका विरुद्ध नलाग्ने कसम खाएका थिए रे ! तर, तिनीहरूले आफूलाई बेचे- मजदुरप्रति ठूलो गद्दारी गरे । त्यसपछि हरिप्रसाद शर्माको नेतृत्वमा आयोजक कमिटीलाई पुनःगठन तथा पुनःसंयोजन गरियो ।'

**आन्दोलनको प्रवाहमा सामेल हुँदै**

माधव न्यौपानेले धेरै स्मरण गर्ने एउटा घटना छ, त्यसलाई उनले धेरै ठाँउमा सुनाएका पनि थिए, आफ्नै भाकामा लेखेका पनि छन् । घटना ०३८ मंसिर १२ गतेको हो । 'बेलुका १० देखि १२ बजेसम्म नयाँ बानेश्वर चोकमा धेरै मजदुर साथीहरूलाई बोलाइएको रहेछ, म पनि त्यहाँ पुगें । त्यहाँबाट मीनभवन क्याम्पस लगियो,  क्याम्पसभित्र पुगिसकेपछि पो

थाहा भयो, म त राष्ट्रिय सम्मेलनको प्रतिनिधि भइसकेछु ! त्यहीँ हामीले आपसमा आर्थिक सङ्कलन गऱ्यौं र रातभरि सम्मेलनको तयारीमा जुट्यौं । भोलिपल्ट बिहान, नेस्वहोमयुको प्रथम राष्ट्रिय सम्मेलनको उद्घाटन भयो । हरिप्रसाद शर्माको अध्यक्षतामा नौ सदस्यीय केन्द्रीय कमिटीको घोषणा गरियो । कार्यक्रम चलिरहेकै बेला प्रहरीले बाहिर पूरै घेरा हालेको खबर आयो । हामीहरू केही त्रसित पनि भयौं । तर, बेलुकीसम्ममा त पुलिस पनि हिंडिसकेछ ।'

उनले भनेका छन्- 'यस सम्मेलनबाट मैले पनि कुनै न कुनै कमिटीमार्फत अघि बढ्नुपर्छ र हाम्रो सङ्गठन देशव्यापी रूपमा फैलिएको शक्तिशाली सङ्गठन बन्नुपर्छ भन्ने प्रेरणा प्राप्त गरें । यसरी म युनियन आन्दोलनको प्रवाहमा सामेल हुन पुगें ।'

पछिल्ला दिनमा क्रमशः परिणाम पनि देखिन थाल्यो । उनले आफ्नो साङ्गठानिक जीवन ०३८ सालको अन्त्यतिर सोल्टी होटलको स्थानीय कमिटीबाट शुरु गरे । ०३९ सालको असारमा भएको नेस्वहोमयुको प्रथम काठमाडौं नगर सम्मेलनबाट नगरस्तरीय कार्य समितिमा निर्वाचित भए । त्यसपछि उनी अघि बढ्दै गए, क्रमशः माथिल्ला कमिटीहरूको जिम्मेवारी बढाउँदै । ०४१ साल असारमा भएको नेस्वहोमयुको दोस्रो राष्ट्रिय सम्मेलनले उनलाई केन्द्रीय कोषाध्यक्षको जिम्मेवारी दियो ।

युनियनमा लागेबापत होटल व्यवस्थापनबाट जीवनकै पहिलो नसिहत उनले ०४० सालमा पाए । त्यो दिन एयरपोर्ट रेस्टुराँमा कार्यरत हाउस किपिङ विभागमा एक मजदुर मोहन अर्याललाई डलर हराएको बहानामा अपहरण गरेको खबर आएपछि होटल सोल्टी पुनः एकपटक आन्दोलित भयो । त्यसको विरोधमा काम बन्द नगरी व्यवस्थापकहरूलाई अफिस-अफिसमा घेराउ गरियो । अपहरित मजदुरलाई उपस्थित नगराएसम्म यो क्रम जारी राख्ने निर्णय भयो । होटल व्यवस्थापनले 'माग पूरा गरेको' घोषणा गऱ्यो, आन्दोलन रोकियो तर त्यसको महँगो मोल धेरै मजदुरहरूले तिर्नुपऱ्यो ।

माधवले उल्लेख गरेका छन् : 'केही दिनपछि आन्दोलनको नेतृत्व गर्ने सिङ्गो समूहलाई विभिन्न खालका कारबाही सुरु गरियो । हरिप्रसाद शर्मा र मदन अमात्यलाई त व्यवस्थापनले निस्कासन नै गऱ्यो । मलाई अन्तिम नसिहत दिइयो ।'

**अप्ठ्यारोमा युनियन, अप्ठ्यारोमा माधव**

दोस्रो राष्ट्रिय सम्मेलनले पनि नेस्वहोमयुलाई दह्रो र स्थिर नेतृत्व दिन सकेन । सम्मेलन भएको थोरै समयपछि नै नेतृत्वमा रहेका धेरैजसो साथीहरू विदेशिए । कोहीले स्वास्थ्यका कारणले नोकरी छाडे, केहीले पेशा नै परिवर्तन गरे, बाँकी केही भने सम्पर्कमै आउन छाडे । यसरी छोटो समयमै केन्द्रीय कमिटी पदाधिकारीविहिन अवस्थामा पुग्यो । केन्द्रको नाममा झण्डै माधव र उनका इन्चार्ज शर्माजी मात्र बाँकी रहन पुगे ।

तर, मजदुर आन्दोलनका लागि भने ०४१ साल आशालाग्दो बनेर आयो । साउनमा नेस्वहोमयु प्रारम्भिक कमिटीको अगुवाईमा होटल एभरेस्टमा बीसौं दिन लामो हडताल भयो । होटल ब्लुस्टार र याक एण्ड यतिमा पनि केही दिन हड्ताल भए । पुस महिनामा खाना भत्ता नबढाई क्याफ्टेरियाको खानाको भाउ बढाउने निर्णय सोल्टी होटलले गऱ्यो । यसको विरोधमा एकजना मजदुरले पनि क्याफ्टेरियामा नटेकेपछि होटल व्यवस्थापन माधवमाथि खनियो । तत्काल स्पष्टीकरण माग्यो र 'मजदुरलाई उक्साएको आरोप'मा निस्कासन पत्र थमाइदियो ।

उनको जीवनमा यो ठूलो धक्का थियो । उनी भन्छन्-' चार सय हाराहारीमा तलब पाउने मजदुरहरूलाई २ सय ४० खानाभत्ता थोपर्ने कार्य निन्दनीय र अन्यायपूर्ण नै थियो । त्यसको विरोध गर्नु न्यायपूर्ण थियो । यसको सुनुवाइ त भएन-भएनमङ्खधेरै मुस्किलले प्राप्त गरेको नोकरीबाट समेत म हात धुन बाध्य भएँ ।'

यसपछि कामको खोजीमा यताउता भौंतारिने सिलसिला सुरु भयो । दुई-तीन महिनाको लामो प्रयत्नपछि उनले पुतलीसडकको 'भ्यान-भ्यान रेष्टुराँ'मा काम पाए । ठाउँ सानो भए पनि तलब र सुविधा सोल्टीको भन्दा धेरै दिइयो । एक वर्ष भ्यान-भ्यान रेष्टुराँ काम गरेपछि करिब एक वर्ष बेरोजगार भए माधव । ०४४ सालदेखि उनको कार्य थलो होटल काठमाडौं हुन पुग्यो । होटल काठमाडौंबाट बाहिरिएपछि ०५३ सालदेखि जीवनपर्यन्त उनको कार्यथलो बन्न पुग्यो होटल अन्नपूर्ण ।

त्यो कठिन घडीमा उनीमाथि नेस्वहोमयुको नेतृत्व गर्ने दायित्व आयो । उनी पछि हटेनन्, ०४७ सालमा भएको तेस्रो राष्ट्रिय सम्मेलनबाट उनी नेस्वहोमयुको केन्द्रीय अध्यक्ष बने । त्यसपछिका चार कार्यकालसम्म उनले नेस्वहोमयुको नेतृत्व सम्हाले । उनी आफ्ना 'मर्जी' मालिक थिए । आफ्नो युनियनमा यति समर्पित थिए कि 'अब अध्यक्ष छोड्छु' भनेर यदि आफैंले नभनेको भए नेस्वहोमयुका अध्यक्ष अन्तिम क्षणसम्मै उनी नै रहने थिए ।

**जिफन्ट र संस्थापक माधव**

नेस्वहोमयु स्थापनाको १० वर्षपछि औद्योगिक, होटल, पर्यटन र यातायात क्षेत्रमा चारवटा केन्द्रीय युनियनहरू क्रियाशील भए । राजनीतिक आन्दोलनलाई समेत प्रभाव पार्न सक्ने शक्ति कलकारखानाहरूमा सङ्गठित भइसकेको थियो । क्रियाशील चारवटै युनियनलाई समन्वय गर्न नयाँ संरचनाको आवश्यकता महसुस गरी ०४६ साल साउन ५ गते जिफन्ट गठन गरियो । माधवलाई होटलतर्फबाट संस्थापक सदस्यका रूपमा काम गर्ने जिम्मेवारी दिइयो ।

यसरी माधव न्यौपाने ०४६ देखि ०६७ सालसम्म २१ वर्ष जिफन्टको विभिन्न संरचनामा रहेर सक्रिय रहे । उनी नौमध्ये एक संस्थापक केन्द्रीय नेता बने । ०५० सालमा छानिएका १२ जना अगुवा प्रशिक्षकमध्ये एक थिए । उनले जिफन्टको प्रतिनिधित्व गर्दै विदेशका विभिन्न फोरमहरूमा भाग लिए । उनी जिफन्टका विभागीय सचिव बने र अन्त्यमा नवस्थापित 'वरिष्ठ युनियनकर्मी सञ्जाल'को चारमध्ये एक नेता बने । होटल उद्योगमा रहेको उनको सहभागितासहित हिसाब गर्दा नेपाली युनियन आन्दोलनमा उनले ३१ वर्ष लगानी गरे ।

कसरी सम्झौं हामी कमरेड माधवलाई ?

अवसानपछि फर्केर हेर्दा प्रश्न गर्न मन लाग्छ- त्यसो भए कस्ता थिए त माधव ? यहाँ एउटा चर्चित पङ्क्तिले उनको सन्दर्भमा मेल खाने देखिन्छः

*'न गिला है, न कोई सिकवा*
*तु सलामत रहे, ये रहा मेरा दुआ !'*

उनको स्वभावै यस्तो रह्यो कि- अर्काको कुभलो नचिताउने तर आफूलाई अरूले के सोच्छन्, वास्ता नगर्ने ! जे जति पीडा भए पनि 'आफ्नो कुरा आफैंमा मात्रै सीमित गर्ने ।' आकस्मिक रूपमा ज्यानै लिने त्यो रोगले यत्ति छिट्टै लैजानुको एउटा कारण कतै उनको यो स्वभाव पनि थियो कि !

तर, उनी अन्तरमुखी भने थिएनन्, आफूलाई लागेको कुरा सिधै भन्थे । कसैप्रतिको आफ्नो धारणा खुलस्त राख्थे । उनी निरस/निराश थिएनन् । उनी पदकाङ्क्षी वा महत्वकाङ्क्षी दुवै थिएनन् । त्यसैले, उनले 'माथि' पुगौं वा 'यो' पदमा पुगौं भन्ने ध्येय कहिल्यै राखेनन् । समयले जता लान्छ, त्यतै पुगेर ठिङ्ग उभिने कार्यशैलीमा उनी अभ्यस्त थिए ।

तर, उनी आस्थामा भने सतिसाल थिए, विलकुल अविचलित । आफ्नो श्रमको मोलमा नै रम्ने- कसैबाट अरू कुनै आकाङ्क्षा नराख्ने, उनको यही दृढताबाट प्रतिस्पर्धीहरू जल्थे ।

०६३ साल मंसिर १७ गते दिउँसो ३ः३० बजे यसलाई पुष्टि गर्ने एउटा घटना घट्यो । आफूलाई ट्रेड युनियनका कार्यकर्ता भन्ने तत्कालीन माओवादी पार्टीका केही उच्छृङ्खल केटाहरूले उनीमाथि अभद्र व्यवहार गरे । २४ घण्टा पनि नटिक्ने जाली आरोप लगाउँदै उनीमाथि कार्यस्थलमै कालोमोसो र जुत्ताको मालासमेत लगाए । एक इमानदार युनियन नेताविरुद्ध लाछीहरू कतिसम्म गिर्न सक्छन् भन्ने घीन लाग्दो उदाहरण थियो त्यो । सिङ्गो श्रमजीवी वर्गलाई लज्जित गर्ने त्यो हिंस्रक घटनाको जिफन्टले कडा विरोध गर्‍यो । ट्रेडयुनियनहरूले संयुक्त रूपमा होटल अन्नपूर्णकै प्राङ्गणमा, माधव न्यौपाने कै सभापतित्वमा आयोजना गरेको विरोधसभामा ट्रेडयुयिन काङ्ग्रेससहित अरू युनियनहरूले त्यो घटनाको निन्दा गरे । माओवादीनिकट युनियनले 'घटना आफ्नो युनियनको नीति विपरीत, दुःखपूर्ण भएको' भन्दै युनियनका तर्फबाट क्षमायाचना गर्‍यो । अनि घटनामा संलग्न व्यक्तिहरूमाथि कारवाही गर्ने सार्वजनिक प्रतिबद्धता गर्‍यो ।

माधवले यसलाई निजी प्रतिष्ठाको विषय बनाएनन्, न त उनले कहिल्यै युनियनको आन्तरिक बैठक/भेटमा कुनै गुनासो नै गरे । सभा विसर्जनको क्रममा 'त्यो घटनाले सिङ्गो नेपाली श्रमिक र आन्दोलनको अपमान गरेको आफुले महसुस गरेको' उनले बताए । बिनाउत्तेजना, बिनाआक्रोस माओवादीनिकट ट्रेडयुनियनसँग विनम्रतापूर्वक माग गरे- 'यदि साँच्चै दोषीमाथि कारवाही हुन्छ भने कारवाही गरिएको निर्णय अविलम्ब होटलको सूचना पाटीमा टाँसियोस् !'

नेपाली श्रमजीवी वर्गीय आन्दोलनमा माधव न्यौपानेको भूमिका उच्च छ, र उनको योगदान स्मरणीय छ । उनी नेपाली वाम-लोकतान्त्रिक आन्दोलनमा पनि उत्तिकै सक्रिय थिए । ०३५/३६, ०४६ र ०६२/६३ का सबै आन्दोलनमा उनको भूमिका सक्रिय र अग्रिम स्थानमा रह्यो ।

०१६ असार ७ गते सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा गाविस-७ मा जन्मिई मानविकीशास्त्रमा प्रवीणता प्रमाणपत्र तहको शिक्षा हासिल गरेका माधव न्यौपाने तत्कालीन नेकपा (माले)द्वारा दीक्षित पार्टी कार्यकर्ता थिए, जसले सङ्गठित सदस्यता उनले पार्टीमा क्रियाशील भएको झण्डै नौ वर्षपछि ०४५ सालमा पाएका थिए । हाल ललितपुर जिल्लाको इमाडोल-३ मा वसोवास गर्दै आएका उनी नेकपा (माले)को काठमाडौं विशेष मजदुर जिल्ला कमिटी हुँदै नेकपा (एमाले)को राष्ट्रिय परिषद् सदस्यसमेत बनेका थिए । उनले आफू संलग्न पार्टीको आदर्शलाई निरन्तर पछ्याए । र, आफ्नै संलग्नतामा निर्मित जिफन्ट र नेस्वहोमयुलाई सदा आफ्नो 'घर' ठाने ।

लालसलाम माधव न्यौपाने, नेपाली श्रमजीवी वर्गको तर्फबाट म हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछु ।

उनकी पत्नी श्रीमती शारदा न्यौपाने, छोरी मनीषा र छोरा मनीष, पिता भूमिनन्द, माता सुदा र दाजु-भाइ-बहिनी तथा समस्त शोक विह्वल परिवारजनप्रति म नेपाल ट्रेड युनियन महासङ्घ, राष्ट्रिय कमिटी र यसमा आबद्ध सम्पूर्ण श्रमिक साथीहरूको तर्फबाट हार्दिक समवेदना व्यक्त गर्दछु । म जिफन्टका तर्फबाट स्पष्ट पार्दछु, माधवजीलाई माधव बन्न तपाईंहरूले लगाउनुभएको गुण अविस्मरणीय छ, अतुलनीय छ । उनको असामयिक र आकस्मिक निधनबाट तपाईंहरूको परिवारमा हुन पुगेको अपुरणीय रिक्तताप्रति नेपाली ट्रेड युनियन आन्दोलन संवेदनशील छ र रहिरहने छ ।

कमरेड माधव न्यौपाने अमर रहून् ! ❑

# पार्टीको प्रचार कार्य
# स्थिति, चुनौती र नीति

## ■ प्रदीप ज्ञवाली

*'म तपाईंको प्रोपोगान्डाको उच्च प्रशंसा गर्छु । पश्चिमा देशमा प्रोपोगान्डा ती विशेषज्ञहरूद्वारा सञ्चालन गरिन्छ, जसले संसारमा उत्कृष्ट प्रशिक्षण लिएका छन्, विज्ञापनको क्षेत्रमा र प्रविधिहरूमा असाधारण दखल हासिल गरेका छन् । ......तपाईंको तरिका मिहीन र सम्झाउने पाराको हुन्छ, हाम्रो चाहिँ कच्चा र ह्वाङह्वाङ्ती । मलाई के लाग्छ भने प्रोपोगान्डाको सन्दर्भमा तपाईं हाम्रा शब्दहरूबीचको भिन्नता साह्रै साधारण छ । ....तपाईं आफ्नो शब्दप्रति विश्वास गर्नुहुन्छ र हामी चाहिँ आफ्नै शब्दप्रति अविश्वास गर्छौं ।'*

-अमेरिकामा पाँच वर्ष काम गरेका एकजना सोभियत पत्रकार

*'खराबीको विजयका लागि चाहिने एउटै कुरा हो- असल मानिसले केही पनि नगरी बस्नु ।'*

-एडमन्ड बर्क (पत्रकार)

१. क्रान्तिको सफलताका लागि क्रान्तिकारी सिद्धान्तको भूमिका निर्णायक हुन्छ । वैज्ञानिक दर्शनद्वारा निर्देशित, समाज विकासका नियममा आधारित, विगतका अनुभवको संश्लेषण, वर्तमानका यथार्थको विश्लेषण र भविष्यको विकासको पूर्वानुमानद्वारा वेष्ठित सिद्धान्तले मात्रै समाजको क्रान्तिकारी रूपान्तरणलाई बाटो देखाउनसक्छ । सही सिद्धान्तको अभावमा समाज परिवर्तनको प्रयत्न, जतिसुकै सदासययुक्त भए पनि अर्थहीन र विफल हुन्छ । यही भएर नै लेनिनले 'क्रान्तिकारी सिद्धान्तबिना क्रान्तिकारी आन्दोलन हुन सक्दैन' भनेका हुन् ।

२. तर, सिद्धान्त आफैंमा भौतिक शक्ति भने होइन । सिद्धान्त व्यवहारसँग गाँसिएपछि मात्रै त्यो भौतिक शक्तिमा रूपान्तरित हुन्छ र परिवर्तनका लागि निर्णायक भूमिका खेल्नसक्छ । त्यसलाई व्यवहारमा उतार्न यसलाई दस्तावेजबाट आन्दोलनको मोर्चासम्म पुऱ्याउनु, नीतिनिर्माता कमिटीको बैठकबाट जनताको विशाल पङ्क्तिसम्म फिँजाउनु र सिद्धान्तकार/ विचारक/ प्रतिपादकहरूका चिन्तनको घेराबाट सामाजिक धरातलसम्म विस्तार गर्नु अनिवार्य हुन्छ । आमजनताको साझा आदर्श, लक्ष्य र साझा मुद्दा बनेपछि मात्रै सिद्धान्तको भौतिक शक्ति उद्घाटित हुन्छ, समाजमा नयाँ गति र उर्जा सिर्जना गर्छ ।

३. सिद्धान्तलाई भौतिक शक्तिमा रूपान्तरित गर्न प्रचारकार्यको भूमिका महत्वपूर्ण हुन्छ । सुव्यवस्थित प्रचारकार्यको माध्यमबाट मात्रै सिद्धान्तलाई जनताबीच परिचित गराउन सकिन्छ, जागृत र उद्वेलित गर्न सकिन्छ । उनीहरूलाई सङ्गठित गर्न सकिन्छ र आन्दोलनमा उतार्न सकिन्छ । सिद्धान्तद्वारा आलोकित नभएको समूह क्षणिक रूपमा आन्दोलित भए पनि त्यस्तो आन्दोलन समाज रूपान्तरणका लागि निर्णायक बन्न सक्दैन । आन्दोलनलाई सुव्यवस्थित र निर्णायक बनाउन त्यसलाई सही सिद्धान्तद्वारा निर्देशित गरिनुपर्छ । त्यस्तो भूमिका प्रभावकारी प्रचारकार्यमार्फत मात्र गर्न सकिन्छ । यस अर्थमा प्रभावकारी प्रचारकार्य सम्पादन गर्नु कुशल सङ्गठक, प्रभावकारी आन्दोलनकर्ता र सशक्त जनपरिचालक बन्नु हो ।

४. शान्तिपूर्ण प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने, जनअभिमतको आधारमा समाजको शान्तिपूर्ण रूपान्तरण गर्ने र लोकतान्त्रिक ढङ्गले समाजवादी/जनवादी सत्ता सञ्चालन गर्ने बाटोमा हिँडिरहेको हाम्रोजस्तो पार्टीका लागि प्रभावकारी प्रचारकार्यको महत्व अझ गम्भीर हुन्छ । सशस्त्र युद्धको बाटोमा हिँड्नेहरूका लागि गोलाबारुद र असल निशानबाज फौज निर्णायक हुँदो हो र त्यस्ता शक्तिका निम्ति आकस्मिक हिंसात्मक कारबाही महत्वपूर्ण ठहरिंदो हो । आफूविरुद्धको प्रचारलाई बलपूर्वक दमन गरेर पनि उनीहरूले आफ्नो अभीष्ट पूरा गर्न सक्दा हुन् । तर, हाम्रो आन्दोलन र हाम्रो पार्टीको सन्दर्भमा ती कुनै पनि विधि काम लाग्दैनन्, ती त्याज्य छन् । सही विचार हाम्रो अस्त्रभण्डार हो, सही प्रचार हाम्रो आक्रमण हो र विचार एवम् नीतिको सम्प्रेषणका लागि जनताबीच खटिएका कार्यकर्ताहरू हाम्रा सिपाही हुन् । तपाईं कति राम्रोसँग, कति प्रभावकारी रूपमा, कति सशक्त र कति तीव्रताका साथ पार्टीका विचारलाई जनसमक्ष पुऱ्याएर उनीहरूलाई गोलबन्द गर्न सक्नुहुन्छ र कुप्रचारको प्रभावबाट जनतालाई मुक्त गर्न सक्नुहुन्छ, त्यति नै तपाईं विजयको नजिक पुग्न सक्नुहुन्छ । शान्तिपूर्ण आन्दोलनमा विश्वास गर्ने पार्टीका निम्ति प्रभावकारी प्रचारसंयन्त्र एकैसाथ आक्रमण पनि हो र प्रतिरक्षा पनि । यो क्रान्तिकारी लक्ष्य प्राप्तिको असाध्यै महत्वपूर्ण संयन्त्र हो ।

५. पुँजीवादको उदयसँगै प्रारम्भ भएको सूचना-प्रविधिक्रान्ति बीसौं शताब्दीमा आइपुग्दा अत्यन्त तीव्र बन्यो । एक्काईसौं शताब्दीको पहिलो दशकमा हामी केही अगाडिसम्म कल्पनातीत लाग्ने सूचनाक्रान्तिका दर्शक, भोक्ता र बजार भएका छौं । विश्वव्यापीकरणको तीव्र लहर र सूचना-प्रविधिमा आएको अभूतपूर्व फड्कोले हाम्रा पुराना सम्बन्ध, संरचना, सोचाइ र शैलीलाई विस्थापित गरिदिएको छ । इन्टरनेट, स्याटेलाइट टेलिभिजन, छिनछिनका समाचार सम्प्रेषण गर्ने रेडियोहरू, घण्टामा लाखौंको सङ्ख्यामा छापिने र सशक्त सञ्जालका कारण क्षणभरमै पाठकसमक्ष पुग्ने अखबारहरू- सूचनाको हिसाबले युग साँच्चै बदलिएको छ । ट्वीटर, फेसबुकलगायत सामाजिक सञ्जालहरूले सम्बन्धको नयाँ आयाम विकास गरिदिएका छन् । गोपनीयता, निजत्व र निजी जीवनका पुराना परिभाषा बदलिएका छन् । हात-हातमा बज्ने मोबाइल फोनले संसारलाई एउटै आँगनमा उभ्याइदिएको छ । प्रचारकार्यको कुरा गरिरहँदा हामीले यो बदलिएको सन्दर्भ र यसले पारेका प्रभावको गम्भीर आँकलन गर्नुपर्छ ।

६. यद्यपि सूचनाक्रान्तिको यो लाभ अझै पनि आमजनताको पहुँचमा छैन । सूचनाक्रान्ति र यसमाथि आधारित कर्पोरेट सञ्चार यतिबेला मूलतः बहुराष्ट्रिय निगमहरूका मालसामान बेच्ने विज्ञापनको माध्यम, उनीहरूका उपभोक्ताहरू

तयार गर्ने स्कुल र उपभोक्तावादी संस्कृति पैदा गर्ने कारखाना बनेको छ। प्रसिद्ध विद्वान् नोम चोम्स्की आमसञ्चारको वर्तमान प्रणालीलाई विश्लेषण गर्दै भन्छन्, *'.....मुख्य सञ्चारमाध्यम ठूला समूहको स्वामित्वमा रहेका र झन् ठूला स्वार्थ समूहसँग गाँसिएका ठूला व्यापारिक संस्थानहरू हुन्। अरू संस्थानले जस्तै तिनीहरूले पनि बजारमा माल बेच्छन्। बजार भनेको विज्ञापनदाताहरू हुन् ..... र माल भनेको स्रोता/पाठक हुन्। ..... स्वाभाविकै रूपमा, (ती माध्यममा) प्रस्तुत गरिने विश्वको तस्बिरले विक्रेता, क्रेता र मालको सङ्कुचित र पूर्वाग्रहपूर्ण व्यापारिक स्वार्थ र मूल्यलाई प्रतिबिम्बित गर्छ। '..... 'आफ्नो रिपोर्टिङ र विश्लेषणमा संस्थापनाका विशेषाधिकारलाई समर्थन गर्दै र बहस र छलफललाई सीमित गर्दै सञ्चारमाध्यमले घनिष्ट रूपले अन्तरसम्बन्धित राज्य र व्यापारिक शक्तिको हितको सेवा गर्छ।'*

*'केही अपवादलाई छाडेर, आमसञ्चार माध्यमले आफूलाई सम्पन्न र शक्तिशाली अभिजातहरूको पक्षमा निर्मित विश्वको तस्बिर प्रस्तुत गर्ने कुरामा केन्द्रित गर्छन्।.....राज्यसँग बलपूर्वक समाजमा आज्ञाकारिता स्थापित गर्ने सामर्थ्यको अभाव हुनाले, विचारले कुनै कारबाहीतिर डोहोऱ्याउन सक्ने र त्यसले गर्दा सुव्यवस्थामाथि चुनौती खडा हुनसक्ने हुनाले, (राज्यले) यसलाई मुहानबाटै हटाउनुपर्ने खाँचो महसुस गर्छ।'*

त्यसरी नै, पत्रकार-प्रकाशक डेभिड बर्साम्यान भन्छन्-*'व्यापारिक घराना नियन्त्रित सञ्चारमाध्यमको नियत जनतामा विस्तारै शक्तिहीनताको भाव, गतिहीनता र पक्षाघातको भाव घुसाउँदै जानु हो। यसको परिणाम के हुन्छ भने तपाईं एउटा असल उपभोक्तामा बदलिनुहुन्छ। यसको उद्देश्य जनतालाई एक्लोपनामा राख्नु, सामाजिक रूपान्तरण सम्भव छैन भन्ने अनुभूति दिलाउँदै जानु हो।'*

७. ठूला व्यापारिक घराना या बहुराष्ट्रिय निगमबाट सञ्चालित सञ्चारमाध्यमले यसरी विभेदकारी राज्य, पुँजीवादी व्यापारिक स्वार्थ र विज्ञापनदाताहरूको हितरक्षा गर्ने भए तापनि सूचनाक्रान्तिले उपलब्ध गराएको नयाँ स्थिति र विश्वव्यापीकरणका आयामहरूलाई जनता, सामाजिक रूपान्तरण र लोकतन्त्रका पक्षमा उपयोग गर्न सकिने पर्याप्त ठाउँहरू छन्। सशक्त हस्तक्षेपका माध्यमबाट सूचनाक्रान्तिका लाभ जनतासमक्ष पुऱ्याउन सकिन्छ, आमसञ्चारमा जनताका मुद्दालाई कुनै न कुनै हिसाबले ठाउँ दिन बाध्य पार्न सकिन्छ। विश्वव्यापीकरणले पुँजीवादलाई मात्रै विश्वव्यापी बनाएको छैन, यसले सामाजिक-आर्थिक परिवर्तनका मुद्दालाई, श्रमजीवीहरूको आन्दोलनलाई र लोकतन्त्र एवम् मानवअधिकारलाई पनि विश्वव्यापी बनाइदिएको छ। सूचनाको हक लोकतन्त्रको अविभाज्य अङ्गका रूपमा विश्वव्यापी विषय बनिरहेको छ। यी माध्यमहरूबाट तपाईंले गाजा क्षेत्रमा प्यालेस्टाइनी जनताले गरिरहेको प्रतिरोध, बोलिभियाका आदिवासीहरूको अधिकारप्राप्तिको सङ्घर्ष या दक्षिण अफ्रिकामा श्रमिकहरूले गरिरहेका गतिविधिको जानकारी त तत्काल प्राप्त गर्नुहुन्छ नै, कर्णालीको भोकमरी, सिराहामा दलितमाथिको ज्यादती या क्रान्तिका नाममा पत्रकार डेकेन्द्र थापाको हत्या र उनको शव उत्खननको त्रासद परिदृष्यलाई छिनभरमै संसारभर फैलाउन सक्नुहुन्छ। सूचनाक्रान्तिको प्रभावबाट भागेर या विश्वव्यापीकरणलाई 'पुँजीवादी' भन्दै सरापेर कहीँ पुगिँदैन। यसलाई उपयोग, हस्तक्षेप र पुनःरेखाङ्कन गरेर मात्रै आन्दोलनको हित गर्न सकिन्छ।

८. नेपाल पनि सूचना-प्रविधिको यो विकास र विश्वव्यापीकरणको प्रभावबाट मुक्त छैन। विश्वका जस्तै नेपालका पनि अधिकांश जनता यो क्रान्तिको पहुँचमा छैनन् र पहुँचमा भएकाहरू पनि यसको सकारात्मक लाभ उठाउन सक्ने अवस्थामा छैनन्। सूचनाको पहुँच र प्रविधि उपयोगको दृष्टिले नेपाल दुईवटा छन्। तर, पनि २०४६ को परिवर्तनसँगै तीव्रता हासिल गरेको सूचना-प्रविधि र आमसञ्चारको सञ्जालले हामीलाई क्रमशः वेष्ठित गर्दै लगेको छ। १ दर्जन टेलिभिजन, त्यतिकै सङ्ख्याका ब्रोडसिट अखबार, २ सयभन्दा बढी एफएम रेडियो, ३ हजारभन्दा बढी विभिन्न पत्रपत्रिका, विदेशी च्यानल र सञ्चारको उच्चप्रवाह, प्रत्येक चारमध्ये एकको हातमा भएको टेलिफोन र विस्तारै फैलिँदै गएको इन्टरनेट सुविधाले नेपाललाई आधुनिक विश्वसँग एकाकार गर्दै लगेको छ। माथि भनिएझैं, गोपनीयता, निजत्व र पारस्परिक सम्बन्धका विभिन्न पक्षहरू यसबाट प्रभावित बन्दै गएका छन्। हामीले हाम्रो प्रचार नीतिको तर्जुमा गरिरहँदा यो बदलिँदो सन्दर्भलाई हेक्का राख्नुपर्छ।

९. कुनैबेला हामी झोलामा एउटा सर्कुलर, एउटा क्रान्तिकारी साहित्य र छद्म नाममा लेखिएका चिठी बोकेर गाउँ-गाउँ पुग्थ्यौं। तिनीहरू नै हाम्रा सशक्त प्रचारसंयन्त्र थिए। पार्टीको संरचना र नेताकार्यकर्ताको जीवन गोपनीयताको बलियो सुरक्षाकवचभित्र हुन्थ्यो। त्यतिबेला बुलन्द आवाजमा बोल्नु आत्मघाती हुनसक्थ्यो। सासैसासले आफ्ना कुरा भन्नसक्नु र रातीको अँध्यारो पर्दाभित्र सङ्गठन विस्तार गर्नसक्नु कुशलता ठहरिन्थ्यो। आज सन्दर्भ बदलिएको छ। पार्टी खुला छ, यो सरकार, संसद् र समाज सर्वत्र विस्तारित छ। विचार र व्यवहारमा अन्य दलहरूसँग तीव्र प्रतिस्पर्धामा छ र त्यसैमार्फत श्रेष्ठता हासिल गर्न चाहन्छ। पार्टीको जीवन सार्वजनिक सरोकारको विषय भएको छ। नहोस् पनि किन, आखिर लोकतन्त्रका आधारस्तम्भ पनि त पार्टी नै हुन्। तिनीहरूको सशक्तीकरण या दुर्बलीकरण, उनीहरूको दूरदर्शिता या अल्पदृष्टि, उनीहरूको नेतृत्व क्षमता या सत्ता स्वार्थले देशको भविष्य निर्धारण गर्छ। नेता-कार्यकर्ताको निजी जीवन वैयक्तिक दायरा नाघेर सार्वजनिक सम्पदा बन्न पुगेको छ, किनभने उनीहरूको योग्यता या अक्षमताले, उनीहरूको उत्कृष्टता या निकृष्टताले, उनीहरूको त्याग या स्वार्थले आन्दोलनको भविष्यमा उल्लेख्य प्रभाव पार्छ। तपाईंको पार्टी या स्वयम् तपाईं सार्वजनिक सम्पत्ति बनिसकेपछि र तपाईंको भूमिकाले आन्दोलनको भविष्यलाई प्रभावित गर्ने भएपछि, लाखौं जनताको जीवन तपाईंको भूमिकासँग गाँसिएको भएपछि पार्टीका या नेताकार्यकर्ताका बारेमा सञ्चारमाध्यममा चर्चा हुनुलाई, उनीहरूको फोटो या कार्टुन

छापिनुलाई, उनीहरूबारे फिचर, फिल्म या प्यारोडी बन्नुलाई अस्वाभाविक रूपमा लिनै हुँदैन । प्रचारनीति तय गर्दा हामीले यस सन्दर्भलाई ध्यान दिनैपर्छ ।

१०. पार्टीको प्रचार कार्यको मुख्य उद्देश्य मार्क्सवादका सार्वभौम सच्चाइलाई, यसको नेपाली प्रयोग- जनताको बहुदलीय जनवादलाई, पार्टीका विचार, नीति र निर्णयलाई जनतासमक्ष पुऱ्याउनु, यसको पक्षमा सशक्त जनमत निर्माण गर्नु र आमजनतालाई यसका पक्षमा गोलबन्द गर्दै सामाजिक क्रान्तिका लागि उनीहरूलाई वैचारिक-भावनात्मक-साङ्गठनिक र गतिशील हिसाबले तयार गर्नु हो । यसको अर्को उद्देश्य समाजको गतिशील संरचना, जनताको जीवनको यथार्थ र आन्दोलनका बदलिँदा सन्दर्भ, मुद्दा र आयामलाई उद्घाटित गर्दै पार्टीको नीति निर्माणमा तिनीहरूको प्रतिबिम्बन गर्नु हो । (महोत्तरीमा दलित महिलामाथि कथित सम्भ्रान्तहरूले गरेको ज्यादती या कञ्चनपुरमा भएको सीमा अतिक्रमणलाई तपाईंले अगाडि ल्याउनुभएन भने पार्टीले यससम्बन्धी आफ्नो दृष्टिकोण र आन्दोलनको योजना कसरी बनाउन सक्छ ?) त्यसरी नै, पार्टी प्रचारको अर्को उद्देश्य शक्तिसन्तुलनको वस्तुनिष्ठ विश्लेषण गर्दै प्रतिद्वन्द्वीहरूका कमजोरीहरूको यथार्थ तस्बिर अगाडि ल्याउनु, प्रतिस्पर्धामा पार्टीलाई श्रेष्ठता दिलाउन भूमिका खेल्नु र विपक्षीहरूका दुष्प्रचारबाट पार्टीको प्रतिरक्षा गर्नु हो । (यद्यपि, हाम्रो प्रचार कार्य नकारात्मकतामाथि आधारित, प्रतिक्रियामूलक, तथ्यहरूको भ्रष्टीकरण गरेर जसरी पनि आफ्नो हात माथि पार्नैपर्ने प्रोपोगाण्डा चाहिँ होइन भन्ने कुरालाई हेक्का राख्नैपर्छ ।)

११. पार्टीका असाध्यै सबल पक्षहरू छन् । हामीसँग जनताको बहुदलीय जनवादजस्तो सही मार्गदर्शक विचार, सिद्धान्त र कार्यक्रम छ । उग्रवामपन्थ र यथास्थितिवादसँगको सङ्घर्षमा आफ्नो सच्चाइ पुष्टि गर्दै र प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्दै राष्ट्रिय विचार बन्ने दिशामा अगाडि बढेको यस विचारप्रति हामीलाई गर्व छ । हामीसँग आन्दोलनको गौरवपूर्ण इतिहास छ । हामीले शान्तिप्रक्रियामा खेलेको भूमिका उल्लेखनीय छ । हामीसँग जनअभिमतबाट सरकार बनाएर जनहितमा काम गर्दै लोकप्रिय सरकारको मानक स्थापित गरेको दृष्टान्त छ । स्थानीय विकासमा अग्रणी भूमिका खेलेको उदाहरण छ । हामीसँग आज पनि निस्वार्थ, जनसेवी र क्रान्तिकारी कार्यकर्ताहरूको सर्वाधिक ठूलो र भरोसालाग्दो पङ्क्ति छ । कैयौं गुनासा र आलोचनाका बाबजुद जनताको सर्वाधिक आशा र भरोसा एमालेमाथि नै छ । आज पनि यथास्थितिवाद र उग्रवादविरुद्ध हाम्रा विचारहरू तुलनात्मक रूपमा सन्तुलित र सही छन् । समकालीन राजनीतिलाई ध्रुवीकरण हुन नदिने, कथित लोकतान्त्रिक गठबन्धन या कथित वामपन्थी मोर्चाको भ्रान्तिमा परेर आन्दोलनकारी शक्तिहरूको कित्ताबन्दी गर्ने कुरामा सहयोगी नबन्ने र मुद्दागत आधारमा विभिन्न दलसँग सम्बन्ध राख्दै सबैलाई शान्ति, संविधान र सामाजिक-आर्थिक रूपान्तरणका दिशामा समेटेर लैजाने हाम्रा मान्यताहरू जनताले रुचाएका छन् । दुईथरि अतिवादको बीचको हाम्रो अवस्थिति, पहिचान र भूमिका निकै चुनौतीपूर्ण भए पनि अन्ततः मुलुक आउनुपर्ने बिन्दु त्यही नै हो । त्यसैले हामी विचलित हुनुपर्ने कुनै कारण छैन । शान्ति, संविधान र परिवर्तनका आजका मुख्य मुद्दालाई एकैसाथ अगुवाइ गर्ने सामर्थ्य अन्य शक्तिसँग छैन भन्ने कुरा पुष्टि हुँदै जानु र यससम्बन्धी हाम्रा मान्यता स्थापित हुँदै जानु खुसीको विषय हो । नेपाली समाजमा मात्र होइन, अन्तर्राष्ट्रिय समुदायमा समेत हाम्रो पार्टीको स्वीकार्य र सम्मानजनक स्थिति हाम्रा सबल पक्ष हुन् । हाम्रो प्रचारकार्यका मुख्य मुद्दा पनि यिनै हुन् ।

१२. निश्चय नै, हाम्रा कमजोरीहरू छन् र रहीरहीकन तिनले हाम्रो अग्रगतिमा ठेस लगाइरहेका छन्, हामीलाई प्रतिरक्षात्मक बनाइरहेका छन् । सिद्धान्त र विचारको मार्गदर्शनमा नीतिहरूको तर्जुमा, नीतिका आधारमा निर्णय प्रक्रिया, स्वीकृत निर्णयका आधारमा व्यवहार एवम् क्रान्तिकारी उद्देश्य र आदर्शको निर्देशनमा समग्र कार्य पद्धति र जीवनशैली- एउटा क्रान्तिकारी पार्टीमा यी शृङ्खलाबीच सन्तुलन आवश्यक पर्छ । तर, कतिपय सन्दर्भमा पार्टीजीवनमा यो सन्तुलन खल्बलिने गरेको छ । प्रतिगामी शक्तिहरूलाई 'मुख्य खतरा' भनेर निर्णय गरेको पार्टीले काङ्ग्रेससँग प्रतिस्पर्धा जित्न तत्कालीन दरबारिया शक्तिहरूलाई 'उपयोग' गर्ने नीति लिनु या असोज १८ को घटनालाई 'संवैधानिक कु' को संज्ञा दिने पार्टीले 'प्रतिगमन आधा सच्चिएको' निष्कर्षका साथ सरकारमा सम्मिलित हुन पुग्नु सिद्धान्त-नीति-निर्णय-व्यवहारको सन्तुलन खल्बलिएका केही दृष्टान्त हुन् । आज पनि हामी यस समस्याबाट पूर्ण मुक्त हुन सकिरहेका छैनौं । दुई अतिवादमध्ये कुनै कित्तामा सम्मिलित नहुनुको अर्थ उनीहरूलाई 'जसरी पनि सम्झौतामा ल्याउनु' होइन, सबैखाले अतिवादलाई राजनीतिक रूपले परास्त गर्नु हो । तर, कतिपय सन्दर्भमा पार्टीको भूमिका सम्झौताकारी या 'मध्यमार्गी' भन्ने आरोप हामी खेपिरहेका छौं । हामी प्रचलित अर्थको 'मध्यमार्गी' होइनौं, लोकतान्त्रिक क्रान्तिकारी हौं । तर, यो सच्चाइ जसरी स्थापित हुनुपर्ने हो, हुनसकेको छैन । त्यसरी नै, नेतृत्वको चिन्तन र सोचमा एकरूपताको अभाव, कतिपय प्रश्नमा जोड र कोणको भिन्नता, गरिएका निर्णयहरूको साझा भाषामा व्याख्याको समस्या र कतिपय सन्दर्भमा प्रकट हुने 'इगो' हाम्रा कमजोरी रहेका छन् । प्रतिद्वन्द्वी शक्तिहरूलाई फाइदा पुग्नेगरी बोल्ने या गतिविधि गर्ने कतिपय जिम्मेवार व्यक्तिको क्रियाकलापले सिङ्गो पार्टीपङ्क्ति पटक-पटक आहत हुनुपरेको छ । अझ कतिपय बेलामा हुने नितान्त असङ्गत र विवादास्पद अभिव्यक्तिले पार्टीले असहज अवस्था सामना गर्नुपरेको अनुभव पनि हामीसँग छ ।

१३. यस्ता कमजोरीको सार्वजनिक चर्चालाई रोक्न सकिँदैन । हाम्रो प्रचारसंयन्त्रले यस्ता प्रश्नलाई रचनात्मक ढङ्गले बहसमा ल्याउनु, सुधारका लागि सार्थक प्रयास गर्नु र एकाध घटना या अभिव्यक्तिलाई आधार बनाएर पार्टीकै निष्ठा या नीतिमाथि प्रश्न उठाउने खालका प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ । कमजोरीलाई 'ब्ल्याकआउट' गरेर होइन

यसबारे रचनात्मक छलफल चलाएर नै सुधार गर्न सकिन्छ । तर, पार्टी या नेता-कार्यकर्ताविरुद्ध गरिने नियोजित दुष्प्रचार, चरित्रहत्या या तथ्यहरूको भ्रष्टीकरणको भने जमेर प्रतिवाद गरिनुपर्छ । डेगेन्द्र राजवंशीको आत्महत्यालाई लिएर सिङ्गो पार्टीलाई बद्नाम गर्न केही मिडिया र स्तम्भकारहरूले थालेको शृङ्खलाबद्ध प्रचार बदनियतपूर्ण थियो । त्यस्ता कुराको प्रतिवाद हाम्रो पङ्क्तिले गर्नैपर्छ, तर यस सन्दर्भमा कार्यकर्ता समस्याको संवेदनशीलता र समाधानका विकल्पबारेमा भने सार्थक छलफल चलाउनसक्छौं, चलाउनुपर्छ ।

१४. पार्टीको गोपनीयता सापेक्ष विषय हो । यो आफैँमा गतिशील विषय पनि हो । हिजो हिफाजतका साथ जोगाउनुपर्ने कतिपय सन्दर्भ अब सार्वजनिक सरोकारका बिषय बन्नपुगेका छन् । खुलासमाज र सशक्त सञ्चारमाध्यमका बीचमा सार्वजनिक सरोकारका मुद्दालाई जबर्जस्ती नियन्त्रित गर्नखोज्नु उचित र सम्भव दुवै हुँदैन । यसले गलत सूचना, अर्धसत्य या विकृत तथ्य बाहिर जाने र झनै दिग्भ्रम सिर्जना गर्ने स्थिति बन्छ । त्यसैले पार्टीका केही रणनीतिक (सामरिक भन्न खोजिएको होइन) महत्वका योजना र कतिपय संवेदनशील सूचनाबाहेक खासगरी पार्टीभित्रका राजनीतिक/वैचारिक बहसका विषयलाई पार्टीकै योजनामा व्यवस्थित ढङ्गले बाहिर ल्याउनु आवश्यक हुन्छ । यसले पार्टीभित्र चलेको छलफलबारे अर्धसूचना पस्किने, भोलाभाला या प्रायोजित अनुमान गर्ने र भ्रम सिर्जना गर्ने स्थितिलाई नियन्त्रण गर्न सकिन्छ । पार्टीभित्र कुन नेताले कुन सन्दर्भमा कस्तो विचार राखेको थियो भन्ने कुरा समयक्रममा सार्वजनिक हुँदा निजको बारेमा समाजले यथार्थ थाहा पाउने, राम्रा कामको जस लिने होड समाप्त हुने र आफ्ना विचारप्रति जवाफदेही हुने स्थिति बन्छ र सन्तुलित विचार सार्वजनिक हुने स्थिति तयार हुन्छ । यसबाहेक, प्रचारसंयन्त्रले पार्टी अन्तिम निर्णयमा पुगी नसकेका विषयमा स्वस्थ बहस सञ्चालन गरेर तथा तथ्यहरूको अन्वेषण गरेर सही निष्कर्षमा पुग्न सघाउनुपर्छ ।

सारमा, पार्टीका सही विचारहरूको दृढतापूर्वक पक्षपोषण, कमजोरीहरूको सम्यक विश्लेषण, दुष्प्रचार र बाह्य आक्रमणको दह्रो प्रतिवाद, सामाजिक यथार्थ र जनताका पीडाको उद्घाटन एवम् नयाँ विषयमा सार्थक बहस- हाम्रो प्रचार नीतिको चारित्रिक विशेषता हुनुपर्छ ।

१५. यसका लागि हामीले देहायका योजना र नीतिका साथ अगाडि बढ्नुपर्छ -

क) नोम चोम्स्कीले भनेझैं, संसारभरिका झैं, नेपालका ठूला सञ्चारगृहका पनि निश्चित व्यापारिक स्वार्थहरू छन् । उनीहरूले निश्चित संस्कृति, निश्चित मालको बजार प्रवर्द्धन र निश्चित उपभोक्ताहरू तयार गर्ने काम पनि गरिरहेका छन् । कतिपय सन्दर्भमा सञ्चालक या सम्पादकहरूका राजनीतिक स्वार्थ पनि प्रकट हुने गरेका छन् । स्रोतको पारदर्शिता, पूर्ण सम्पादकीय स्वतन्त्रता, श्रमजीवी पत्रकार एवम् कर्मचारीको हितरक्षा र व्यवसायिकताबारे आलोचना गर्ने पर्याप्त ठाउँ त्यहाँ छन् । तर, नेपालको सञ्चार उद्योग कतिपय सन्दर्भमा अलि भिन्न छ । नेपालको सशक्त सञ्चारमाध्यम- गोरखापत्रबाहेकका सबै 'ब्रोडसिट', दर्जनबढी टेलिभिजनहरू र सयौंको सङ्ख्याका एफएम रेडियोहरू लोकतन्त्रका उत्पादन हुन् । लोकतन्त्रको अभावमा उनीहरूको विकास मात्र होइन, अस्तित्व पनि धरापमा पर्छ । दिगो शान्ति उनीहरूको विकासको पूर्वशर्त हो । द्वन्द्व र तानाशाहीको पहिलो सिकार बनेको विगतको कटु यथार्थले उनीहरूलाई लोकतन्त्र, मानवअधिकार र खुला समाज, शान्ति तथा समृद्धिको मुख्य राष्ट्रिय अभिभाराको दायरा बाहिर जान दिँदैन । हाम्रो नीति पार्टीलाई सञ्चार-मैत्री र ठूला सञ्चारगृहलाई पार्टी एवम् लोकतन्त्रमैत्री बनाउनु हो । उनीहरूसँग हाम्रो आग्रह हो- तपाईंहरूले हाम्रो प्रशंसा गर्नुपर्दैन, रचनात्मक आलोचनाको हामी सधैं स्वागत गर्छौं । तर, तपाईंहरूले आफ्नो माध्यमलाई हामीलगायत कसैकाविरुद्ध पनि गलत ढङ्गले प्रयोग हुन नदिनोस् । पार्टी या नेताप्रति अनास्था जगाएर लोकतन्त्र बलियो हुँदैन र लोकतन्त्र कमजोर हुँदा तपाईंहरू पनि कमजोर बन्नुहुन्छ । नेकपा (एमाले) जत्तिको अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिबद्ध, आलोचना सहिष्णु र लोकतन्त्रप्रति निष्ठावान् शक्ति कोही छ र ? तर, यसको 'गौप्राणीपन'लाई कमजोरी ठानिदिनु त भएन नि !

ख) पञ्चायती निरङ्कुशताविरुद्धको सङ्घर्षमा साप्ताहिकहरूले 'मिसन पत्रकारिता' को भूमिका खेलेका छन् । तर, ब्रोडसिटहरूको आगमन, आर्थिक सङ्कट, शीघ्र सूचनाका अन्य माध्यमहरूको उपस्थिति आदिले गर्दा उनीहरू ठूलो सङ्कटमा छन् । आफ्नै पङ्क्तिभित्रका कतिपयको स्तरहीनता, पीतपत्रकारिता, क्षुद्र ब्ल्याकमेलिङ र हावादारी सूचनाको बाढीले उनीहरूको प्रतिष्ठामा आघात पुर्‍याइरहेको छ । तैपनि, उनीहरू अस्तित्वमा छन् र समस्त सीमाका बाबजुद सकारात्मक भूमिका खेलिरहेका छन् । बदलिँदो सन्दर्भअनुसार उनीहरूलाई समाचार विश्लेषण, अनुसन्धान र फिचरमा केन्द्रित गर्दै स्तरीय बन्न र पार्टीहरूलाई बलियो बनाउने भूमिकामा अगाडि बढ्न सघाउनुपर्छ ।

ग) पार्टीनिकट कतिपय साथीहरूले निकै मिहिनेत गरेर पत्रिका सञ्चालन गरिरहेका छन् । विगतमा कतिपय बेला 'पार्टीको आधिकारिक' र 'अनाधिकारिक', 'संस्थापना निकट' र 'प्रतिपक्षी'जस्तो कित्ताकाट गर्ने काम गरिएकाले उनीहरूको चित्तदुखाइ पनि छ । पार्टीका साथीहरूले चलाएका पत्रिकाहरू सबै पार्टीनिकटका पत्रिका हुन् र उनीहरूको अस्तित्व, विकास, स्तरीयता र प्रभावकारितामा पार्टीले सघाउनुपर्छ । पार्टीले विभेद गर्ने या पत्रिका स्वयम्ले पार्टीभित्र अमुक नेताको नजिक भएर चल्नेजस्ता प्रवृत्तिलाई नियन्त्रण गर्दै देश, जनता र आन्दोलनको समष्टिगत हितमा केन्द्रित हुन मद्दत गर्नुपर्छ ।

घ) श्रव्यदृश्य सामग्रीसहित यथार्थ तस्बिर पस्किने टीभी, घरघरमा पुग्ने एफएम रेडियो र क्षणक्षणमा तिनीहरूले बाँडिरहेका सूचना र समाचार, एक ठाउँ उत्पादन गरेर नेटवर्कमार्फत देशैभरि प्रसारण गरिने समाचार नेटवर्किङ र

अनलाइनको प्रभाव दिनदिनै बढिरहेको छ । यद्यपि, उपयुक्त अनुगमनको अभाव, अस्वस्थ प्रतिस्पर्धा, 'ब्रेकिङ न्युज' दिने नाममा अप्रशोधित समाचार दिने होडबाजी र सिकारूहरूको बाहुल्यले गम्भीर समस्या पनि निम्त्याइरहेको छ र कुनै बेला ठूलै दुर्घटना हुनसक्ने खतरालाई पनि इन्कार गर्न सकिन्न । तर पनि, यतिबेला यी माध्यम निकै सशक्त छन् । यी माध्यममा लगानी गरेर, लगानीकर्तासँगको सुमधुर सम्बन्ध बढाएर, असल, योग्य र अनुभवी पत्रकारहरूलाई सहभागी बनाएर एवम् हाम्रा र राम्रा सामग्री धेरैभन्दा धेरै प्रस्तुत गरेर यसको अधिकतम् सदुपयोग गरिनुपर्छ । देखापरेका विकृति र आसन्न जोखिमलाई सुधार गर्न हाम्रो सहयोगी भूमिका हुनुपर्छ ।

ङ) पार्टीको प्रचारको सबैभन्दा विश्वसनीय संयन्त्रका रूपमा 'नवयुग'लाई नियमित, व्यवस्थित, अझ स्तरीय र सबै सदस्यका हातहात पुग्ने स्थितिको निर्माण गरिनुपर्छ । यससम्बन्धी छुट्टै योजना अलगै कार्यपत्रमार्फत प्रस्तुत गरिएको छ । यससन्दर्भमा यत्ति मात्र भन्नु पर्याप्त होला- 'नवयुग' प्रकाशन गर्नु, यसको ग्राहक बन्नु या यसको अध्ययन गर्नु सामान्य प्राविधिक विषय मात्रै होइन, यो पार्टी कामको अभिन्न अङ्ग, पार्टीलाई बलियो बनाउने सशक्त माध्यम र पार्टीलाई राजनीतिक प्रतिस्पर्धामा श्रेष्ठता हासिल गराउने विधि पनि हो ।

च) पार्टी प्रचार विभागले अब प्रत्येक जिल्लामा 'नवयुग प्रतिनिधि'का रूपमा संवाददाता नियुक्तिको व्यवस्था गर्न लागेको छ । 'नवयुग प्रतिनिधि'को व्यवस्था गर्नुको तात्पर्य नवयुगको वितरण, ग्राहक विस्तार एवम् त्यसका लागि समाचार सङ्कलन/सम्प्रेषणको कामलाई ठोस र व्यवस्थित तुल्याउनु हो । यसले जिल्ला प्रचार विभागको कामलाई अझ प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । उनीहरूले पार्टीको अनलाइन सेवाका लागि पनि संवाददाताको रूपमा पनि काम गर्नेछन् ।

छ) पार्टीसँग समर्थक शुभचिन्तकहरूको ठूलो पङ्क्ति तयार भएको छ र 'प्रेस चौतारी नेपाल' ले त्यसलाई समेट्ने छहारीको काम गरिरहेको छ । चौतारीले आफ्नो पङ्क्तिको सङ्ख्यात्मक वृद्धिसँगसँगै उनीहरूको व्यावसायिक दक्षता, प्रतिस्पर्धात्मक क्षमता बढाउन विशेष ध्यान दिनु जरुरी छ । प्रेस चौतारी दक्ष, व्यवसायिक, देश र जनताप्रति निष्ठावान् र प्रतिबद्ध सञ्चारकर्मी उत्पादन गर्ने कारखानाको रूपमा विकास हुन जरुरी छ, जहाँका उत्पादन भोलि सार्वजनिक र निजी सञ्चारमाध्यमहरूका महत्वपूर्ण ठाउँमा स्थापित भएर ती माध्यमलाई राज्य या व्यापारिक घरानाको हितमा होइन, जनताको हितमा काम गर्नसक्ने बनाउन सकून् । चौतारीले 'मूलधार' माध्यममा काम गर्ने साथीहरूले व्यावसायिकताको नाममा आफ्नो पक्षधरता नबिर्सिऊन् र रोजगारदाताको हितमा आन्दोलनको धरातललाई नै कमजोर पार्नेखालको भूमिका नखेलून् भन्ने कुरामा ध्यान पुर्‍याउनुपर्छ । विधागत पत्रकारिता, खोज पत्रकारिता र सञ्चारको नयाँ 'ट्रेन्ड' निर्माण गर्नसक्नेजस्ता अभाव खड्किरहेको क्षेत्रका लागि जनशक्ति तयार गर्न ध्यान पुर्‍याउनुपर्छ ।

ज) नेपाल पत्रकार महासङ्घलगायत सञ्चारकर्मीहरूका साझा चौतारीहरूसँग मित्रतापूर्ण सम्बन्ध, कतिपय विषयमा सहकार्य र आन्दोलनका साझा मुद्दामा सहमति निर्माण गर्दै अगाडि बढ्नुपर्छ ।

झ) विदेशी सञ्चारमाध्यमहरूसँग सुमधुर सम्बन्ध कायम गर्दै अन्तर्राष्ट्रिय समुदायमा पार्टीका नीति र गतिविधिको सही सूचना सम्प्रेषण गरिनुपर्छ ।

ञ) हामी हाम्रो वेभसाइटलाई अद्यावधिक गर्ने प्रक्रियामा छौं । छिट्टै यो नयाँ कलेबर र नयाँ विषयवस्तुका साथ अगाडि आउनेछ । यसका स्थायी पृष्ठ, 'आर्काइभ' र अन्य सामग्री तयार भइरहेका छन् । यसको समाचार पृष्ठलाई निरन्तर अद्यावधिक गर्दै पार्टीका आधिकारिक धारणा पार्टीको वेभपेजबाट जानकारी हुने कुराको प्रत्याभूति गरिनेछ ।

ट) व्यावसायिकताको नाममा मुनाफालाई जोड दिने होइन- लोकतन्त्र, शान्ति र परिवर्तनका मुद्दामा अविचलित अडान राख्ने, प्रभावशाली र जनपक्षीय ब्रोडसिटको आवश्यकताको चर्चा लामो समयदेखि चल्दै आएको छ । त्यसरी नै, व्यावसायिक रूपले दक्ष तर जनता र लोकतन्त्रप्रति प्रतिबद्ध न्युज एजेन्सीको अभाव पनि खड्किएको छ । लोकतन्त्रप्रति प्रतिबद्ध लगानीकर्ताहरू, सहकारी या अन्य कुनै पारदर्शी स्रोतको लगानीबाट यस्ता सञ्चारमाध्यम सञ्चालन गर्न हामीले सघाउनु पर्छ, ता कि सूचना र सत्यको बजारीकरण या भ्रष्टीकरणको खतरालाई न्यून गर्न सकियोस् । यस्ता सञ्चारमाध्यमले राष्ट्रिय हित, लोकतन्त्र, शान्ति, परिवर्तन र जनताको हितमा प्रभावकारी काम गर्न सक्छन् भन्ने हामीलाई पूर्ण विश्वास छ ।

❐

# मुखपत्रको ऐतिहासिकता र *नवयुग*को निरन्तरता

## *एक दशकको अनुभवमा आधारित प्रस्ताव र योजना*

■ सूर्य थापा

**हा***मी ती कम्युनिस्टहरूभन्दा भिन्न छौं, जो व्यक्तिगत स्वतन्त्रतालाई नष्ट गर्न लागिपरेका छन्, जो संसारलाई एउटा ठूलो ब्यारेक या भीमकाय गोदाम बनाउन चाहन्छन् । निश्चय पनि यहाँ त्यस्ता कम्युनिस्टहरू छन्, जो व्यक्तिगत स्वतन्त्रतालाई स्वीकार्न चाहँदैनन् र यसलाई संसारबाट बिदा गर्न चाहन्छन् । किनभने उनीहरू यो ठान्दछन् कि यो पूर्ण समानताको बाधक हो । तर हामी स्वतन्त्रतालाई समानतासँग साट्न चाहँदैनौं । हामी यो कुरामा विश्वस्त छौं कि सामाजिक स्वामित्वमा आधारित समाजमा जति अरू कुनै सामाजिक व्यवस्थामा पनि स्वतन्त्रताको किटानी हुँदैन ।'*

***- मार्क्स-एङ्गेल्स, १८४७***

सञ्चार स्वतन्त्र अभिव्यक्तिको माध्यम हो । दुनियाँभरिका पुँजीवादीहरू मार्क्सका उदात्त विचारको उचित ज्ञानको अभावमा मार्क्सवादी (कम्युनिस्ट) हरूलाई स्वतन्त्रताका विरोधीको रूपमा प्रचार गर्न रुचाउँछन् । वास्तवमा, त्यसप्रकारको प्रयत्न फजूल हो । मार्क्स-एङ्गेल्सले सन् १८१७ मै उल्लेख गर्नुभएको स्वतन्त्रताको परिभाषा र महत्वबोध गर्नु र गराउनु चाहिँ जरुरी छ ।

नेपालमा सञ्चार उद्योगको विकासको सिलसिलाबद्ध घटनाक्रम हेर्दा मुख्यतः चारवटा चरण देख्न सकिन्छ । जहानियाँ राणाशासनविरुद्ध जनजागृतिको शङ्खघोष गर्दै जनसमुदायमा प्रजापरिषद्द्वारा छरिएको पर्चा- पहिलो चरणको माध्यम थियो । यता आएर विभिन्न राजनीतिक दलहरूको स्थापना र जनआन्दोलन/जनक्रान्तिको प्रक्रिया सँगसँगै सञ्चारमाध्यमको विकासका चरणहरू अघि बढे । त्यसका निम्न शृङ्खला रहेको पाइन्छ :

१. पर्चा, २. बुलेटिन/मुखपत्र, ३. साप्ताहिक/सामयिक पत्रिका र ४. ब्रोडसिट दैनिक/एफएम रेडियो/टेलिभिजन प्रसारण/अनलाइन सेवा ।

उल्लिखित आधारमा विश्लेषण गर्दा मुखपत्र प्रकाशन यस प्रक्रियाको दोस्रो चरणको अभ्यास देखिन्छ । त्यसै सिलसिलाअन्तर्गत अविभाजित नेपाल कम्युनिस्ट पार्टीको 'मुखपत्र' का रूपमा *नवयुग* को पहिलो अङ्क २०१४ साल कात्तिक १५ गते निस्केको थियो । तत्कालीन काठमाडौँ मेजिस्ट्रेड कार्यालय, दर्ता नं. १२०, भाषा नेपाली, वार्षिक रु. ५।-, एक प्रतिको १० पैसा मूल्य र सम्पादक देवीप्रसाद अधिकारी (डीपी अधिकारी) रहेको *नवयुग* ०१७ भदौ १२ गते वर्ष ४ सङ्ख्या १० सम्म प्रकाशित भएको थियो । यसको पहिलो अङ्कको मुख्य समाचारमा छापिएको थियो- *'विधानसभाका लागि कम्युनिस्ट पार्टी सङ्घर्षशील ।'* नेपाल कम्युनिस्ट पार्टीले *नवयुग*भन्दा अघि ०११ साउन २३ गते 'नेपाल कम्युनिस्ट पार्टीको बुलेटिन'निकालेको पाइन्छ । त्यसो त सुरुमा दरभङ्गा र पछि काठमाडौँबाट *जनमत* र *नवयुग* सँगै *मशाल*समेत नेकपाले मुखपत्रका रूपमा निकालेको देखिन्छ ।

**पुनःप्रकाशन र नियमितता**

०४६ सालको जनआन्दोलनपछि नेकपा (एमाले)ले *नवयुग* लाई पार्टीको मुखपत्रका रूपमा 'ट्याबलोइड साइज' मा निकालेको त थियो तर नियमित प्रकाशित हुन सकेन । त्यसअघि, *मुक्तिमोर्चा* र *वर्गसङ्घर्ष* नेकपा

(माले)को मुखपत्रका रूपमा निस्केका थिए । त्यसपछि पार्टीको मुखपत्रका रूपमा अनियमित र सामयिक प्रकाशनका रूपमा *नवयुग* बेलाबखत प्रकाशित भइरह्यो ।

तर, ०५६ सालदेखि हालसम्म यसको नियमित प्रकाशन भइरहेको छ । जिल्ला प्रशासन कार्यालय, काठमाडौँमा दर्ता ( दर्ता नं. १५३/०५७/०५८) भई यो पुनः वैधानिक मुखपत्रका रूपमा अघि बढेको छ । र, यसले अविभाजित नेपाल कम्युनिस्ट पार्टीको 'मुखपत्र' को हैसियतअनुरूप नै नेकपा (एमाले) केन्द्रीय कमिटीको 'राजनीतिक पत्रिका'का रूपमा निरन्तरता पाएको छ ।

०५६ माघदेखि मासिक र ०५७ कात्तिकदेखि *नवयुग* पाक्षिक रूपमा अघि बढ्यो । तत्कालीन प्रचार विभाग प्रमुख कमरेड प्रदीप नेपालको नेतृत्वमा *नवयुग*को वर्तमान निरन्तरता र प्रकाशनको आधार खडा गरिएको थियो । त्यसै संरचनामा आधारित भएर नै *नवयुग* निरन्तर रहेको छ । सङ्कटकालको घोषणा (११ मंसिर ०५८ सम्म) आइपुग्दा *नवयुग*- काठमाडौँ, बुटवल र पोखराबाट एकैसाथ तीन क्षेत्रीय संस्करणमा निस्कने देशको एक मात्र पत्रिका थियो । तर, सङ्कटकालको दुष्प्रभावले ०५८ वैशाखदेखि सुरु भएको बुटवल संस्करण र ०५८ कात्तिकदेखि निस्केको माछापुच्छ्रे संस्करण धेरै समय नियमित हुन सकेनन् । बुटवल संस्करण ०५९ साल लाग्दा-नलाग्दै बन्द भयो भने माछापुच्छ्रेको छायाँ ०६० सालसम्म विभिन्न रूपमा देखियो र बन्द हुनपुग्यो । *नवयुग*को यसै अनुभवमा पछि देशका ठूला दैनिक पत्रिकाहरू क्रमशः क्षेत्रीय संस्करणका रूपमा राजधानीबाट मोफसलतर्फ लागेको पाइन्छ ।

०५७ जेठको अङ्कमा *नवयुग* छापिने आफ्नै प्रेस 'नवयुग सहकारी छापाखाना' को स्थापनाको समाचार छापिएको छ, 'यो हो नवयुग प्रेस' । सोही अङ्कमा 'नवयुग प्रेस'को सञ्चालक 'नवयुग बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड'को सेयर खरिद गर्न/गराउन पार्टीपङ्क्ति र इच्छुक व्यक्तिहरूलाई आह्वानसमेत गरिएको छ ।

त्यतिखेर नियमित प्रकाशनका क्रममा *नवयुग* रङ्गीन-ट्याबलोइड' का रूपमा छापिएको पाइन्छ, जसमा केन्द्रीय कमिटीका ताजा निर्णयदेखि जिल्ला र इलाका कमिटीसम्मका गतिविधि तथा जनसङ्गठनका केन्द्रीय क्रियाकलापको 'कभरेज' देख्न सकिन्छ ।

वास्तवमा *नवयुग* नेकपा (एमाले) केन्द्रीय कमिटीको राजनीतिक पत्रिका हो र यसको प्रकाशन केन्द्रीय प्रचार विभागको संयोजनमा हुँदै आएको छ । कतिपय 'व्यावसायिक' रङ्गीन कलेवरका म्यागजिनजस्तो *नवयुग* स्वतन्त्र छैन, यसको स्पष्ट पक्षधरता र जवाफदेहीपन छ, जो यसको 'प्रिन्टलाइन' मा नै स्पष्ट उल्लेख छ । आमपाठकका लागि नभई यो नेकपा (एमाले) को कार्यकर्ता पङ्क्ति, मुख्यतः जिल्ला, इलाका र गाउँ कमिटीहरूमा सङ्गठित कमरेडहरूको आवश्यकताअनुरूप परिलक्षित छ । स्थायी ग्राहकहरू नै यसका लक्षित पाठक हुन्, जो पार्टीका विभिन्न कमिटीमा आबद्ध र सङ्गठित छन् । वैचारिक लेखनमा पार्टीको मुख्य नेतृत्व, खासगरी स्थायी र केन्द्रीय कमिटीका नेताहरूको यथोचित मिहिनेत र सक्रियता *नवयुग* का पाठकहरूले अनुभूत गर्ने स्थिति बन्नसकेको छैन । केही सीमित लेखकहरू मात्रै *नवयुग*मा दोहोरिएको पाइन्छ भन्ने लक्षित पाठकको गुनासो सुन्न पाइन्छ । जिल्ला, अञ्चल र गाउँकेन्द्रित रिपोर्टको कमीले *नवयुग* लाई 'केन्द्रीय मुखपत्र' मा सीमित गरेको छ । 'मोफसल', 'चिनारी' 'माओवादी ज्यादती', गठन/पुनःगठन र जिल्ला र क्षेत्रीय कमिटीसम्म 'स्थलगत रिपोर्ट' जस्ता सामग्रीसँगै अरू थुप्रै सामग्रीको नियमितताका निम्ति जिल्ला र अञ्चलस्तरीय नेता-कार्यकर्ताको सक्रियता र सहभागिता जरुरी देखिन्छ । मुख्यतः पार्टी पङ्क्तिमा बढ्दो अध्ययनको कमीको प्रभाव *नवयुग* र यसको नियमित प्राप्ति, अध्ययन र ग्राहक बन्ने सिङ्गो प्रक्रियामा परेको छ । जबकि, पार्टीको भाषा बुझ्न र तदनुरूप आफूलाई परिचालित गर्न बजारकेन्द्रित पत्रिका होइन, *नवयुग* नै पढ्नु जरुरी हुन्छ । पहिले 'एक सदस्य एक *नवयुग*' र अहिले 'एक परिवार एक *नवयुग*' (एक घरमा एकभन्दा बढी पार्टी सदस्य रहेको स्थितिमा परिवारको एकजना सदस्य मात्रै ग्राहक भए पुग्ने)को नारा पार्टीले व्यावसायिक प्रयोजनका लागि अघि सारेको कदापि होइन ।

**नियमित मुखपत्र : भिन्न पहिचान**

हुन त नेपालका राजनीतिक दलहरूले 'मुखपत्र' प्रकाशन गर्ने प्रचलन नयाँ होइन । प्रजापरिषद्ले *जनवाणी* र *लोकवार्ता,* सुरुमा नेपाल प्रजातन्त्र काङ्ग्रेस र पछि नेपाली काङ्ग्रेसले पहिले कलकत्ता, पछि पटना र काठमाडौँबाट *नेपाल पुकार,* अङ्ग्रेजीमा कलकत्ताबाटै *नेपाल टुडे,* बनारसबाट *नवनेपाल* र नेपाल कम्युनिस्ट पार्टीले *जनमत, मशाल* र *नवयुग* मुखपत्रका रूपमा प्रकाशित गरेको इतिहास छ । यति मात्र होइन, नेपाली काङ्ग्रेसको विवाद र विभाजनका क्रममा नेका अस्थायी समिति (मातृका पक्ष)ले *आलोक* निकाल्यो, जो पछि राष्ट्रिय प्रजा पार्टीको 'मुखपत्र' भयो । उसले *नेपाल सन्देश*समेत प्रकाशित गऱ्यो । डा. केआई सिंहको संयुक्त प्रजातन्त्र पार्टीले पनि *संयुक्त प्रयास* र *जनप्रयास* जस्ता 'मुखपत्र' निकालेको थियो ।

भरतशमशेर नेतृत्वको राष्ट्रवादी गोरखा परिषद्को *राष्ट्रवाणी* र योगी नरहरिनाथ नेतृत्वको कर्मवीर महामण्डलको *कर्मवीर* जस्ता मुखपत्र हेर्दा अति दक्षिणपन्थी र निरङ्कुशतावादी तत्त्वहरूले समेत 'मुखपत्र'को महत्त्वबोध गरेको देखिन्छ । त्यस्ता कुनै पनि प्रयासले पछि निरन्तरता पाउन सकेका छैनन् । तर, *नवयुग* निरन्तर प्रकाशित भइरहेको छ ।

अहिले नेपाली काङ्ग्रेसका *नेपाल पुकार,* नेकपा (मसाल) को *मसाल*जस्ता पत्रिकाहरू निस्केको देखिन्छ, तर तिनको प्रकाशनमा नियमितता पाइँदैन । एकीकृत नेकपा (माओवादी)ले *संश्लेषण*लाई नियमितता दिने कोसिस गरेको पाइन्छ । नेकपा (एमाले)ले *नवयुग* मासिकलाई केन्द्रीय कमिटीको राजनीतिक पत्रिकाका रूपमा नियमितता दिँदै आएको छ । जो अरू कुनै पार्टीका प्रकाशनको तुलनामा नियमित रहेको छ ।

हुन त अहिले प्रत्यक्ष होइन, परोक्ष रूपमा व्यावसायिक आवरणमा 'ब्रोडसिट दैनिक', 'एफएम रेडियो' र टेलिभिजन स्टेसन' हरूसमेत खुलेका छन् । तर, घोषित मुखपत्रको प्रकाशन भनेको पार्टीको साङ्गठनिक भाषा निर्माण र निर्णयको एकरूप व्याख्या एवम् तदनुरूप कार्यान्वयनका लागि नै हो । यसका निम्ति *नवयुग* ले अझै बढी मिहिनेत गर्न जरुरी छ । मुखपत्र प्रकाशन आधा शताब्दीभन्दा बढी अवधि गुज्रिसक्दा पनि राजनीतिक परिदृश्य भने उस्तै छ । 'नवयुग' मुलुकका राजनीतिक दलहरूमध्येको एकमात्र नियमित मुखपत्रका रूपमा रहेको छ भन्दा अत्युक्ति हुँदैन । किनभने, देशका अरू कुनै पार्टीले आफ्नो मुखपत्र नियमित रूपमा प्रकाशित गर्न सकिरहेका छैनन् ।

पार्टीको केन्द्रीय कमिटीले बेलाबेला जिम्मेवारी हेरफेर गरेअनुरूप *नवयुग*को मुख्य नेतृत्व परिवर्तन हुने गरेको विदितै छ । र, केन्द्रीय प्रचार बिभागको एउटा मुख्य काम *'नवयुग'*को सम्पादन/प्रकाशन गर्नुसमेत रहेको छ । हामीलाई के लागेको छ भने यस बीचमा *'नवयुग'* जेजति स्तरीय हुनसक्छ र हुन्छ, त्यसमा प्रचार विभाग प्रमुखको विशेष नेतृत्वदायी भूमिका रहनु स्वाभाविक हुन्छ । खासगरी राजनीतिक र सैद्धान्तिक हिसाबले पत्रिकालाई खँदिलो बनाउने, नियमित विज्ञापनको व्यवस्था मिलाउने, हरेक अङ्कलाई कुनै विषयमा केन्द्रित अङ्क बनाउने र ग्राहक सङ्ख्यामा वृद्धि गर्ने हिसावले पछिल्लो अवधि उत्साहजनक रहेको छ । 'नवयुग' पहिले हरेक अङ्क ४० पृष्ठमात्रै प्रकाशित हुने गरेकोमा ०६५ देखि असारमा ४४, साउनमा १ सय २८, भदौमा ६८ असोजमा ५२, कात्तिकमा ६०, मंसिरमा ४८, पुसमा ६८, माघमा ६८, फागुनमा ९२, चैतमा ८८, ०६६ वैशाखमा ५६, जेठमा १ सय ४४, असारमा ६०, साउनमा ५६, भदौमा ६८, असोजमा ६४, कात्तिकमा ६०, मंसिरमा १ सय ५२, पुसमा ६०, माघमा ६०, फागुनमा ५६, चैतमा ७२, ०६७ वैशाखमा ६०, र जेठमा ६८ पृष्ठको आकारमा पाठकहरूको हातमा आएको विदितै छ । यस अवधिमा हामीले ०६५ साउनमा 'गणतन्त्र विशेषाङ्क', चैतमा 'आठौं महाधिवेशन विशेषाङ्क', ०६६ जेठमा 'जननेता मदन भण्डारी/जबज विशेषाङ्क' र मंसिरमा 'कमरेड मनमोहन अधिकारी/पहिलो कम्युनिस्ट सरकार विशेषाङ्क' प्रकाशित गरेका छौं । ०६७ जेठ अङ्क

जननेता मदन भण्डारीमा केन्द्रित गरिएको छ भने असार अङ्कलाई 'हिंसाको क्रूरता र ज्यादती विशेष' बनाउने र साउन अङ्क कमरेड पुष्पलाल विशेषाङ्कका रूपमा प्रकाशित भइसकेका छन् । भदौ अङ्क आर्थिक, सामाजिक रुपान्तरण र असोज-कात्तिक अङक संयुक्त रुपमा साहित्य-संस्कृति विशेषका रूपमा प्रकाशित भएका छन् । विषयगत रूपमा केन्द्रित हुने यो क्रम भविष्यमा पनि जारी रहनेछ ।

## *नवयुग*मा छापिने सामग्री

पार्टीको राजनीतिक पत्रिका भएकाले *नवयुग*मा स्वभावतः व्यावसायिक 'म्यागजिन'मा जस्तो सामग्री छापिनु सम्भव छैन । यसको सम्पादकीय विचार नेकपा (एमाले)ले अवलम्बन गरेको मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद हो । तदनुरूप यसले आफूलाई पार्टीको अङ्गका रूपमा प्रस्तुत गर्नैपर्छ । पार्टीका निर्णयहरूलाई जस्ताको तस्तै राजनीतिक पत्रिकाको मर्यादाअनुरूप पार्टी कमिटी र सदस्यहरूसमक्ष पुऱ्याउनु यसको दायित्व हो । यसै घोषित दायराभित्र *नवयुग*लाई बढी भन्दा बढी ग्राहक/पाठक र पार्टी पङ्क्तिको अपेक्षाअनुरूप प्रकाशित गर्न हामी प्रयत्नशील छौं । यसका सामग्रीहरूलाई समयानुकूल बनाउन पनि प्रयत्न गरिरहेका छौं ।

हाल जिल्ला-जिल्लाको कम्युनिस्ट आन्दोलनको इतिहास 'मोफसल', एक दशक लामो सशस्त्र युद्धका क्रममा माओवादीले जिल्ला-जिल्लामा गरेको ध्वंस र बल प्रयोगलाई 'माओवादी ज्यादती', पार्टीका जिल्ला प्रमुखहरूको व्यक्तित्व परिचय 'जिल्ला नेतृत्व', जिल्ला र क्षेत्रीय तहसम्मका अधिवेशनहरूको समाचार 'गठन-पुनःगठन', पाका पुराना (दिवङ्गत भइसकेका समेत) सङ्घर्षशील योद्धाहरूको सङ्क्षिप्त जीवनी 'ऐतिहासिक व्यक्तित्व' हरेक अङ्कको *नवयुग*का सम्बन्धमा प्राप्त टिप्पणी 'प्रतिक्रिया' र पाठक पत्रहरूलाई 'पाठक मञ्च' जस्ता स्तम्भमा प्रकाशित गर्ने गरिएको छ । महिला स्तम्भ नियमितजस्तै रहेको छ । भर्खरै साहित्य (कथा कविता आदि), अन्तिम पृष्ठजस्ता नयाँ स्तम्भ पनि सुरु गरिएको छ । आवरण र विश्लेषणमा पार्टीका निर्णय र विचारको व्याख्या-विश्लेषण तथा छलफलको क्रममा रहेका विषयवस्तु बहस स्तम्भअन्तर्गत प्रस्तुत गरिन्छ । *नवयुग*मा छापिने सामग्रीहरूमा जिल्लाका जिम्मेवार र प्रचार विभागसम्बद्ध कमरेडहरूको सक्रिय सहभागिता एवम् रचनात्मक सुझावको समेत अपेक्षा गर्दछौं ।

## ग्राहक स्थिति

ग्राहक सङ्ख्या र छपाइको हिसाबले हेर्दा ०६५ जेठमा ५ हजार ९ सय ३८ को सङ्ख्यामा मात्रै नियमित ग्राहक रहेको स्थिति थियो । तर, असार अङ्क *नवयुग* ७ हजार ५ सय प्रति छापिएको थियो । जबकि, ग्राहक सङ्ख्या केबल ५ हजार ८ सय ८६ थियो । त्यसयता 'गणतन्त्र विशेषाङ्क, जननेता मदन भण्डारी/जबज विशेषाङ्क र कमरेड मनमोहन अधिकारी/पहिलो कम्युनिस्ट सरकार' विशेषाङ्क १२/१२ हजार प्रति छापिएका छन् । अरू नियमित अङ्कहरू पनि ९ देखि १३ हजारको सङ्ख्यामा प्रकाशित भइरहेका छन् । तर, दुःखको कुरा कतिपय जिल्ला कमिटीहरूमा *नवयुग* पढ्ने र पढाउने सन्दर्भमा निकै ठूलो उदासीनता रहेको देखिन्छ । *'एक परिवारः एक नवयुग'* भन्ने पार्टीको घोषित नाराप्रति कतिपय जिल्ला कमिटीले शून्य ग्राहकको प्रतिक्रिया प्रदर्शन गरिरहेको लामो समय भइसकेको छ । यसमा पार्टीको केन्द्रीय कमिटीले नै विशेष चासो र अनुगमन गर्नु आवश्यक देखिन्छ । मुख्यतः राजधानी र यसको आसपासमा पार्टी काम राम्रै र प्रभावकारी रहेका जिल्लाहरूको शून्य ग्राहकको अवस्थालाई अविलम्ब बदल्नु आवश्यक छ । अन्यथा, *नवयुग* सुदूर गाउँ र टाढा-टाढाको जिल्लाका ग्राहकहरूमा सीमित हुने खतरा छ ।

०५६ देखि ०६६ मंसिरसम्मको एक दशक लामो अवधिमा *नवयुग*को नियमित प्रकाशनका लागि पार्टीको निकै ठूलो लगानी भइसकेको छ । जनशक्तिका हिसाबले निकै ऊर्जाशील कमरेडहरू यसमा आबद्ध रहिसक्नुभएको छ । कमरेड अग्निशिखा *नवयुग*को नियमिततामा एक पर्यायवाची नाम थियो, जो ०६५ सालमा सधैंका निम्ति हामी सबैबाट बिदा हुनुभएको छ । तर यतिबेला, *नवयुग*मा संलग्न जनशक्ति एकदमै अपुग रहेको छ । हेक्का राख्नुपर्ने कुरा के छ भने यसमा आबद्ध जनशक्तिले जीविकाका निम्ति यथोचित पारिश्रमिकसमेत पाउन सकिरहेको अवस्था छैन । र, पार्टीले पनि यतापट्टि उचित ध्यान दिएको छैन । यसरी नै *नवयुग*को नियमितता सायदै सम्भव हुनेछ !

## आम्दानी र खर्चको सामान्य तस्विर

'नवयुग'ले साप्ताहिक, पाक्षिक र मासिक रूपमा प्रकाशित भएको समृद्ध अनुभव हासिल गरेको छ । यसक्रममा ०५६/५७ मा *नवयुग*ले ९ लाख रूपैयाँ आम्दानी गऱ्यो, जुन निकै उत्साहजनक थालनी थियो । ०५७/०५८ साल ग्राहकका हिसाबले सर्वोत्कृष्ट रहेको थियो । त्यस वर्ष ग्राहकबापत ३० लाख ७६ हजार ९ सय, विज्ञापनवापत २ लाख १७ हजार र कार्यालयबाट बिक्री भएको आम्दानी २६ हजार रहेको थियो भने कूल खर्च ३० लाख ५ हजार ६ सय भएको देखिन्छ । ०५८/५९ मा *नवयुग*ले कुल ६ लाख रूपैयाँ मुनाफा गर्न सकेको थियो । त्यसपछि भने प्रत्येक वर्ष क्रमशः १५ लाख ३० हजार, २ लाख ८० हजार, ४ लाख, १ लाख ९० हजार, १ लाख १ हजार र १ लाख ६४ हजार रुपियाँ घाटा व्यहोर्नुपरेको देखिन्छ ।

०६२/०६३ सालमा *नवयुग*को स्थिति इतिहासमै सबभन्दा कमजोर थियो । शाही 'कू' का कारण तीन महिना यसको प्रकाशन नै बन्द भयो । त्यस वर्ष 'नवयुग'को ग्राहकबापत ५ लाख १४ हजार, विज्ञापन २ हजार ५ सय र कार्यालयबाट बिक्री ६ सय रुपियाँ मात्रै थियो, जबकि प्रकाशन र वितरणको खर्च भने ७ लाख ६ हजार ५ सय हुनपुगेको थियो । ०६३/०६४ मा त्यस स्थितिमा सामान्य सुधार त भयो, तर उल्लेख्य प्रगति हुन सकेन । त्यही क्रम ०६४/०६५ मा समेत जारी रहयो । तर त्यसयताको दुई वर्षको अवधिमा नियमित र अन्य विज्ञापनको प्राप्ति *'नवयुग'*को आकार, स्तर र ग्राहक बृद्धिका हिसाबले निकै उल्लेखनीय प्रगति भएको छ ।

यस अवधिमा खासगरी ०६५ मा नवयुगको ग्राहकबापतको आम्दानी अघिल्लो वर्षको तुलनामा ६ लाख ४५ हजार रुपियाँले वृद्धि भयो। यस्तै, विज्ञापनबापत्को आम्दानी ९ लाख ६३ हजार रुपियाँले बढ्यो भने कार्यालयबाट पत्रिका बिक्रीबापतको आम्दानी ५८ हजार रुपियाँले बढी रह्यो। यसरी विज्ञापन र कार्यालयबाट पत्रिका बिक्रीवापत भएको आम्दानी वृद्धि यस दशककै सबभन्दा उत्कृष्ट रहेको छ। तर, दुःखका साथ भन्नुपर्छ- पार्टी पटक-पटक सरकारमा जाँदा मन्त्री हुने र राजनीतिक नियुक्ति पाउने व्यक्तिहरूले *'नवयुग'*का निम्ति विज्ञापन उपलब्ध गराउन खासै सरोकार नदेखाएको अनुभव रहेको छ। पार्टीको सामर्थ्य, हैसियत र निर्णयबमोजिम पद-प्रतिष्ठा प्राप्त गर्ने व्यक्तिहरूमा देखिने यस ढङ्गको रबैयालाई अन्त्य गर्न नेतृत्व तहले उचित ध्यान दिनु आवश्यक छ।

०६५/६६ तथा ०६७ को मङ्सिर मसान्तसम्म *'नवयुग'* खास घाटामा छैन। खाससरी ०६५ असारदेखि ०६६ मंसिर तथा ०६७ वैशाखदेखि असोज-कात्तिकसम्म प्रायः दोब्बर र तेब्बर ठूलो आकारमा प्रकाशित हुँदासमेत 'नवयुग' यस अवधिमा नोक्सानको स्थितिलाई चिर्न एक हिसाबले समर्थ भएको छ।

विगत एक दशकमा *'नवयुग'*ले १ करोड ८९ लाख ४१ हजार २ सय ३४ रुपियाँ आम्दानी गरेको केन्द्रीय लेखाको अभिलेखमा उल्लेख छ। कूल खर्च तर्फ भने १ करोड ९६ लाख ६७ हजार १ सय २७ रुपियाँ रहेको देखिन्छ। यसप्रकार खुद घाटा ७ लाख २५ हजार ८ सय ९२ रुपियाँ भएको देखिए तापनि यसबीचमा विज्ञापन छपाईबापतको करिब ७ लाख रुपियाँ उठाई लेखा दाखिला गर्न बाँकी रहेको विवरण रहेको छ। यसरी नवयुग नाफा/घाटाको हिसाबले करिब बराबरीको स्थितिमा रहेको छ। हाम्रो योजनाअनुसारको ग्राहक सङ्ख्या २५ हजार पुऱ्याउँदा सजिलै नाफामा जान सकिन्छ।

आम्दानी खर्चको यस्तो तस्बिरले के देखाउँछ भने कागज खरिद, छपाइ लागत र वितरणका लागि ढुवानी खर्च आदिसमेतको व्यापक वृद्धि भएको र *नवयुग*को ग्राहक शुल्क चाहिँ एक दशकमा खासै वृद्धि नभएको हुँदा ०६६ पुसदेखि ग्राहक शुल्क ३ सय रुपियाँ कायम गरिएको छ। प्रचलित बजार मूल्यका हिसाबले यो अझै निकै सस्तो रहेको छ। तर, सुदूरगाउँहरूलाई लक्षित गरेर नै ग्राहक शूल्क तोक्नुपर्ने हुनाले हामीले यसो गरेका छौं। ग्राहक शुल्कमध्ये सम्बन्धित कमिटीले २५ प्रतिशत (७५ रुपियाँ) र केन्द्रीय लेखामा ७५ प्रतिशत (२२५।- रुपियाँ) जम्मा हुने नयाँ व्यवस्था गरिएको छ। यसले हाम्रो लागत खर्चमा उल्लेख्य भरथेग गर्ने विश्वास गरिएको छ।

## वितरण समस्या र सुझावको अपेक्षा

*'नवयुग'* सामान्यतया प्रत्येक महिनाको पहिलो हप्ता प्रकाशित हुन्छ। विद्युत् आपूर्तिको समस्या र प्रेसमा जेनेरेटरको व्यवस्था नभएका कारण पछिल्ला केही महिनामा प्रकाशन र वितरणमा केही ढिलो भएको छ। हाम्रो चलनचल्तीको वितरण व्यवस्थाअनुसार जिल्ला कमिटीसम्म विभागका तर्फबाट पत्रिका पुऱ्याउने, त्यसको जानकारी टेलिफोनमा गराउने र ग्राहकसमक्ष जिल्ला कमिटी वा ग्राहक कमिटीको संयोजनमा वितरणको व्यवस्था गर्ने गरिएको छ। यससम्बन्धमा *'नवयुग'* आइपुग्ने अवधि मिलाएर जिल्ला कमिटीको बैठक आयोजना गर्ने र इलाका-इलाकासम्म वितरण व्यवस्थित गर्ने काममा जिल्ला कमिटीहरूले आफ्ना भेला-बैठक आबद्ध गरेको अनुभव पनि रहेको छ। मकवानपुर, पाँचथरलगायतका जिल्ला कमिटीसँग यस सन्दर्भमा समृद्ध अनुभव रहेका छन्। *नवयुग*को ग्राहक विस्तार र वितरणको कामलाई पार्टीको सङ्गठनात्मक काम र सक्रियतासँग आबद्ध गरेरै दुवै कामलाई अभियानका रूपमा व्यवस्थित गर्न सकिन्छ। ज्यादै कम जनशक्ति तथा आफ्नै मौलिक संरचना र व्यवस्थापनमा रहेको हुनाले *नवयुग* अरु दैनिक र म्यागजिन जस्तो घरघरमा पुऱ्याउनु सम्भव छैन। तर, वितरण प्रणालीलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने सम्बन्धमा प्राप्त हुने सम्भव र प्रभावकारी ठहरिने रचनात्मक सुझावहरूको हामी स्वागत गर्दछौं। र, तदनुरूप नयाँ व्यवस्था गर्न प्रयत्नशील रहनेछौं। तर, *नवयुग*को वितरण प्रक्रियामा पार्टी कमिटीहरू व्यवस्थित रूपमा जुट्नैपर्छ। यसको अर्को भरपर्दो विकल्प हामीले देखेका छैनौं।

## मुखपत्र र पार्टीपङ्क्तिको भूमिका

पार्टीले मुखपत्र निकाल्नु भनेको मुलुकभरि पार्टीको आफ्नै अलग शैली, पहिचान र भाषाको प्रयोग तथा आम पार्टीको एउटै भाषा निर्माणको प्रयत्नमा जोड दिनु हो। मूलतः ग्राहककेन्द्रित *'नवयुग'* पार्टी सदस्यहरू लक्षित प्रकाशन हो। यदि पार्टी सदस्यहरू अध्ययनशील हुँदैनन्, उनीहरूको पार्टी भावनामा निरन्तर ह्रास आइरहेको छ र दैनिक रूपमा बिहान एफएम सुनेर आफ्नो सूचना प्राप्ति तथा दृष्टिकोण निर्वाहको भोक मेटाउन वा निर्वाह गर्न अभ्यस्त हुन्छन् भने *'नवयुग'*मा पार्टीले लगानी गर्नु र जनशक्ति खेर फाल्नुको कुनै औचित्य हुँदैन। कैयौं जिल्ला कमिटीले समेत निरन्तर यसको ग्राहक विस्तार गर्न त के ग्राहक बन्नसमेत अरूचि देखाउनुको परिणामस्वरूप पार्टी काम र स्पिरिट निरन्तर खस्किरहेको घाटा बेहोरिरहेका छन्। संविधानसभाको निर्वाचनमा पार्टीले भोग्नुपरेको धक्काका पछाडि पनि पार्टीपङ्क्तिको अध्ययन/विश्लेषणको कमी र तिखो वैचारिक सङ्घर्ष गर्ने सामर्थ्यको अभाव प्रत्यक्ष/परोक्ष रूपमा जोडिएको छ भन्न सकिन्छ। तसर्थ, पार्टीको नेतृत्वदायी हैसियत मूलतः केन्द्रीय कमिटीका कमरेडहरूदेखि नै यसको अध्ययन, ग्राहक विस्तार, विज्ञापन सङ्कलन र प्रभावकारी वितरणको प्रक्रियामा पार्टीको समग्र पङ्क्ति परिचालनलाई एकीकृत प्रक्रियामा जोडेर व्यवस्थित गर्नु अत्यावश्यक छ। पार्टीपङ्क्ति परिचालन नहुने हो भने *'नवयुग'*को नियमितता र प्रगति सम्भवै छैन। किनभने यो कोही व्यक्ति विशेष वा कम्पनीको मुनाफाका लागि प्रकाशित भइरहेको पत्रिका होइन, पार्टीको विचार/सन्देश सम्प्रेषण गर्ने माध्यम हो।

यस ढङ्गको योजना र अठोटका साथ अघि बढ्ने हो भने निकट केही समयमै 'नवयुग' मुलुकको उल्लेखनीय प्रकाशनगृहका रूपमा स्थापित हुन सक्नेछ। *नवयुग*को नियमितता र प्रगति भनेको पार्टीको प्रभावकारी परिचालन, सुदृढ

एकता र अनुशासित वातावरणमा मात्रै सम्भव छ । यदि पार्टी कमिटीहरू सक्रिय र प्रभावकारी भएनन् भने *नवयुग* नियमित हुन र प्रभावकारी हुन कदापि सक्दैन । पार्टीको केन्द्रीय कमिटीले पहिले *'एक सदस्य : एक नवयुग'* र पछि *'एक परिवार एक नवयुग'*को अभियान सञ्चालन गर्ने निर्णयसँगै *नवयुग*को प्रकाशनलाई नियमितता दिने काम गर्दै आएको छ । हाल पार्टीका १ लाख ३८ हजार सदस्य रहेकोमा करिब ९ प्रतिशत अर्थात् १२ हजार ५ सय ७८ मात्र *'नवयुग'*का ग्राहक रहेका छन् । यसलाई बढाएर कम्तीमा २० प्रतिशत पुऱ्याउँदा मात्रै पनि ग्राहक संख्या २५ हजार पुग्न जान्छ । पार्टीको सिङ्गो पङ्क्ति परिचालन हुँदा यो कुनै ठूलो र गर्न नसकिने काम हुँदै होइन । केबल विभिन्न तहका सम्पूर्ण कमिटीमा सङ्गठित कमरेडहरू मात्रै अनिवार्य रूपमा ग्राहक बन्ने र प्रत्येक जिल्ला कमिटीका सदस्यले कम्तीमा ५ जना ग्राहक बनाउने जिम्मेवारी निर्धारण गरेर अघि बढ्ने हो भने यो सहजै सम्भव रहेको हुन्छ । त्यसो भयो भने *'नवयुग'*को ग्राहक संख्या ४० हजार पुग्ने निश्चित छ । तर, अहिले हाम्रो  लक्ष्य ४० हजार पुऱ्याउने ढङ्गको महत्वाकाङ्क्षी छैन, कम्तीमा २५ हजार पुऱ्याउन सकियो भने त्यसले *नवयुग*लाई आत्मनिर्भर मात्र होइन, आफ्नै आम्दानीमा चल्नसक्ने बनाउनेछ । ❐

# अखिलको नयाँ नेतृत्वका चुनौती र भावी योजना

## ■ माधव ढुङ्गेल

**पा**र्टीभित्र अन्तरविरोधयुक्त मनोविज्ञानहरू छन् । सङ्गठनभित्र पनि यो अवस्था कायमै छ । हामी फुट, विभाजन र विवादको पीडा बेहोरेर, राजनीतिक जीवनका उकाली-ओराली पार गर्दै यो परिवेशमा आइपुगेका छौं । वास्तवमा अनेरास्ववियु, नेकपा (एमाले)को सुन्दर नर्सरी हो । यस नर्सरीका बिरुवाहरू नै पछि शीतल दिने विशाल रुख बन्नेछन् । यो मर्मलाई आत्मसात गर्दै अनेरास्ववियुले बनाउने योजनाले सङ्गठनभित्रका फाटेका मनहरूलाई एउटै मालामा उन्न सक्नुपर्दछ । मक्किएका विचारहरूलाई बलिया बनाउन सक्नुपर्दछ । पार्टी नेताहरूका फाटेका मनहरूलाई एउटै चौतारीमा बसाउन सक्नुपर्दछ । सबै शैक्षिक संस्थामा अनेरास्ववियुका कमिटी बन्नुपर्दछ । आउँदै गरेको स्ववियु निर्वाचनमा अनेरारास्ववियुले अरु सबै विद्यार्थी सङ्गठनलाई जितेर सर्वश्रेष्ठ बन्न सक्नुपर्दछ । शैक्षिक आन्दोलनको नेताको रूपमा आफ्नो भूमिकालाई प्रभावकारी बनाउँदै संयुक्त विद्यार्थी आन्दोलनमा अनेरास्ववियुले निर्णायक र नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्नुपर्दछ । विद्यार्थी आन्दोलनका चुनौतीहरूलाई कुशलतापूर्वक सामना गर्नसक्ने गरी परिवर्तित परिस्थितिमा विद्यार्थी आन्दोलनको पुनः व्यवस्थापनको आवश्यकतालाई अझै प्रभावकारी बनाउन सक्नुपर्दछ । सङ्गठनको आन्तरिक जीवनलाई हरेक हिसाबले स्वस्थ्य राखी नयाँ नेपाल निर्माणको यात्रा शैक्षिक पुनःसंरचनाबाटै खोजिनुपर्दछ । त्यसका निमित्त अनेरास्ववियुले बनाउने भावी योजनाले बाटो बनाउने काम गर्नुपर्छ ।

**सङ्गठनात्मक क्षेत्र**

अस्तव्यस्त भएको अनेरास्ववियुको जीवनलाई व्यवस्थित गरी एकताबद्ध सङ्गठन बनाई त्यसको बलमा एकताबद्ध पार्टी बनाउन पहलकदमी लिनुपर्दछ । सबै शैक्षिक संस्थामा अनेरास्ववियु पुगेको हुनुपर्दछ । एक शैक्षिक संस्था 'एक कमिटी, एक कमिटी एक रचनात्मक काम, एक कमिटी एक प्रशिक्षण र एक कमिटी एक आर्थिक उपार्जनको काम' भन्ने आन्तरिक कार्यसूची तयार गरी सङ्गठनभित्र नयाँ क्रान्ति जागृत गर्न सक्नुपर्दछ । तोडफोड र आगजनीको आन्दोलनको रूपलाई परिवर्तन गरी सिर्जनाको नयाँ आन्दोलनको नेतृत्व अनेरास्ववियुले गर्न सक्नुपर्दछ । कार्यकर्ता परिचालनको वैज्ञानिक योजना र व्यवस्थापन तर्जुमा गरी अघि बढ्न सक्नुपर्दछ । त्यसनिम्ति अब निम्न काममा ध्यान दिनुपर्छ :

- सङ्गठनको जीवनभित्र आन्तरिक कार्यसूचीको व्यवस्थित क्यालेण्डरको घोषणा गरी समयतालिकाअनुसार अनेरास्ववियुको केन्द्रदेखि तल्लो तहसम्मको नेतृत्वलाई चलायमान बनाउने । तीन महिना सङ्गठन निर्माण, तीन महिना रचनात्मक काम, तीन महिना प्रशिक्षण र तीन महिना आर्थिक उपार्जनको काम गरी एक वर्षलाई विद्यार्थीको पढाइ र परीक्षाको समय हेरी विभाजन गरेर चार अभियान सञ्चालन गर्नुपर्दछ ।
- सदस्यता, विधान, प्रतिवेदन, ज्ञानमाला र विद्यार्थी समाचारलाई स्तरयुक्त बनाई नियमित गरिनुपर्दछ ।
- अनेरास्ववियुको जीवनलाई आर्थिक हिसाबले पारदर्शी बनाउँदै मितव्ययिताको संस्कृति थालनी गरिनुपर्दछ ।
- स्ववियु निर्वाचनको विशेष योजना निर्माण गरी यसलाई विद्यार्थीमाझ लोकप्रिय बनाउने र हदैसम्म पारदर्शी ढङ्गले सञ्चालन गर्ने दिशामा सङ्गठनले विशेष योजना बनाउन जरुरी छ ।
- विधि र विधानवाट सञ्चालित हुने विवेकशील नेतृत्व दिनु जरुरी छ ।

**आन्दोलनको क्षेत्र**

राज्यसत्ताको चरित्र र व्यवहारका आधारमा आन्दोलनको रूप निर्धारण गरिनुपर्दछ । यदि राज्यसत्ताको चरित्र निरङ्कुश र दमनकारी भए आन्दोलनले सडक तताउनै पर्दछ । राज्यसत्ताको चरित्र लोकतान्त्रिक र समन्वयात्मक भए आन्दोलन संवाद र बहसमा सीमित हुन सक्दछ । यो आन्दोलनको सार्वभौम नियम हो ।

**विगतको सङ्क्षिप्त समीक्षा**

मुलुकका हरेक परिवर्तनमा नेपाली विद्यार्थीहरूको भूमिका सबभन्दा महत्त्वपूर्ण रहँदै आएको छ । लामो समय राज्यसत्ताको चरित्र निरङ्कुश र दमनकारी भएकाले विद्यार्थी आन्दोलन सडकमै छताछुल्ल हुने परिस्थिति निर्माण भयो । घोषणा गरिएका शैक्षिक आन्दोलनले पनि अन्ततोगत्वा राज्यसत्ताको चरित्रविरुद्ध केन्द्रित हुनैपर्दथ्यो । सबै बाधा र अवरोधका केन्द्र राणा, राजा र तिनका निरङ्कुश राजसत्ता हुने गर्दथ्यो । त्यसैले यसअघिका सबै आन्दोलनहरू राणा, राजा र निरङ्कुश सत्ताका विरुद्ध केन्द्रित थिए ।

'जयतु संस्कृतम्' आन्दोलन विभिन्न शैक्षिक मागहरू राखेर गरिएको भए पनि त्यसको निशाना जहाँनिया राणाशासनविरुद्ध केन्द्रित थियो । ०२८ को नयाँ शिक्षाविरोधी आन्दोलन होस् या ०३२ र ०३५/३६ को ऐतिहासिक विद्यार्थी आन्दोलन होऊन्, ती सबै पञ्चायती निरङ्कुश र एकतन्त्री सत्ताविरुद्ध लक्षित थिए ।

लामो समय सडकमा टायर बाल्ने, शैक्षिक संस्था बन्दको आह्वान गर्ने, पुत्ला जलाउने र कालोमोसो लगाउने आदि हाम्रा आन्दोलनका अभिन्न अङ्ग र साथी बने । हामी आन्दोलनका त्यस्तै रूपहरूमा रमायौं । समयले पनि त्यस्तै आन्दोलनका रूपहरूलाई स्वीकार गरिरहेको थियो । हामीमध्ये कसैले त विद्यार्थीका बाल-मस्तिष्कहरूमा बम, गोला र बारुदका पाठसमेत पढायौं र शैक्षिक केन्द्रहरूलाई सशस्त्र गुरिल्लाहरूका तालिम केन्द्र नै बनायौं । सायद त्यो पनि समयको माग थियो होला ! यी त हाम्रा निकट विगतका थोरै बिम्ब मात्रै हुन् ।

हामी इतिहासको समीक्षा गरेर मात्रै सन्तुष्ट हुन सक्दैनौं । हामीलाई हिजो होइन अब सुन्दर आज र भोलि चाहिएको छ । धेरै टाढाको भोलि पनि पर्खिने धैर्य हामीसँग छैन । त्यसैले त्यो भोलि पनि हामीलाई छिट्टै र आजै चाहिएको छ । यो हतारो र आतुरताका बीच आजको वस्तुस्थितिभित्र बसेर निकट भोलिको खाका कोर्नु नै समयको माग मात्रै होइन, वास्तविक यथार्थ बनेको छ ।

**आजको वस्तुगत यथार्थ**

वर्षौंदेखिका सबै खाले आन्दोलन र सङ्घर्षको परिणामस्वरूप आज मुलुकमा वंशानुगत राजा र राजतन्त्र समाप्त भएको छ । मुलुक लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ । जनताका छोरा-छोरीहरू राष्ट्रप्रमुख हुने अवस्था सिर्जना भएको छ । सबै जातजाति र समुदायका अधिकारको सम्बोधन गर्ने प्रक्रियाको थालनी भएको छ । समानुपातिक ढङ्गले सम्पन्न संविधानसभाको निर्वाचनले सबै जाति, वर्ग, लिङ्ग र क्षेत्रका जनताको प्रतिनिधित्व हुने प्रणाली स्थापित गरेको छ । यसरी नयाँ संविधान निर्माणमा आम नेपालीको भूमिका प्रभावी बनाउने प्रयास जारी छ । राज्यको पुनःसंरचना, दिगो शान्ति, गणतन्त्रको स्थायित्व र विकास, हरेक द्वन्द्वहरूको कुशल व्यवस्थापन र आर्थिक क्रान्ति आजका प्रमुख विषय बनेका छन् । आज राज्यसत्ता निरङ्कुश छैन । सञ्चालकहरूको ढङ्ग नपुग्नु बेग्लै कुरा हो । सारमा आज मुलुकको सत्ता लोकतान्त्रिक र समन्वयात्मक छ । त्यसैले, यतिबेला हामीले उठाउने विषय र आन्दोलनका रूपहरूको खाका नयाँ ढङ्गले कोरिनुपर्दछ । यतिबेला आन्दोलनको रूप ध्वंसात्मक हुन सक्दैन । यस्तो चरित्र बोकेका सरकारविरुद्ध गरिने आन्दोलनको रूप मित्रवत् नै हुनुपर्दछ ।

हाम्रो अभीष्ट टायर बाल्ने, सडक अवरोध गर्ने र शैक्षिक केन्द्रमा ताला लगाएर सधैंभरि जनतालाई सास्ती दिने हुनुहुँदैन । सधैंभरि ध्वंस, सधैंभरि सास्ती, सधैंभरि बन्द र हड्ताल, सधैंभरि हिंसा र दमन गर्ने हो भने निर्माण चाहिँ कहिले गर्ने ? यो निर्माण गर्ने समय हो । निर्माणका बारे सोचौं । निर्माण पनि आफैँमा एउटा ठूलो आन्दोलन हो । निर्माणका विषयमा बहस चलाउँदा पनि हामी हाम्रो भूमिकालाई कमजोर होइन, अझ धेरै बलशाली बनाउन सक्दछौं ।

लोकतन्त्र भनेको कागजको भाषा बलशाली हुने व्यवस्था हो । कागजको भाषा बुझिन्छ र सम्बोधन गरिन्छ भने आन्दोलनले सडकमा ओर्लनुपर्ने कुनै कारण छैन । पङ्क्तिकार लोकतान्त्रिक राज्यसत्ताभित्रका सबै पक्षहरूलाई कागज बलशाली बनाउन, टेबुलवार्तालाई सार्थक र फलदायी बनाउन तथा लचिलो र समन्वयात्मक हुन आग्रह गर्दछ । जब यस ढङ्गको संस्कृति विकास हुन्छ, त्यतिबेला बन्द, हड्ताल, सडक जाम, तालाबन्दी, पुत्ला दहन, कालोमोसो र टायर जलाउने आन्दोलनका विषयवस्तु बन्न सक्दैनन् ।

हरेक आन्दोलन दुनियाँलाई हैरानी र दुःख दिने हुनुहुँदैन । यो हाम्रो अभ्यासको अर्को अवैज्ञानिकता हो । आन्दोलन जसका विरुद्ध गरिन्छ ऊ मात्रै सास्ती र हैरानीको केन्द्र बन्नुपर्दछ । मेचीमा समस्या हुन्छ, त्यसको मार महाकालीलाई किन ? एउटा रोग लाग्छ, उपचार सबै रोगको गर्ने किन ? अब आन्दोलनलाई यसरी नयाँ रूपमा परिभाषित गरेर ठोस बनाउनुपर्दछ । आजको समयको माग यही हो । जनता अनाहकको सास्ती र हैरानीको पक्षमा छैनन् । शान्ति र अमनचयन निर्माणको नयाँ आन्दोलनको प्रारम्भ हामीले नै गर्नुपर्दछ ।

**विद्यार्थी आन्दोलनको परिवर्तित रूप**

आन्दोलनको रूपका विषयमा यी पङ्क्तिहरू कोरिहँदा कतिपय मान्छेहरूलाई लाग्नसक्छ कतै विद्यार्थी आन्दोलनको भूमिका निस्तेज हुने हो कि ! समयलाई बुझ्न सकिएन भने चाहिँ अवश्य निस्तेज भइन्छ । समयलाई बुझेर अद्यावधिक भइयो भने अझै प्रभावी भइन्छ । चेतना र अवसरले फेरिएको अवस्थाका अपेक्षालाई आन्दोलनले बुझ्नुपर्दछ ।

एक समय सिद्धान्तप्रधान युग थियो । सिद्धान्तका लागि मान्छेहरू लामबद्ध भएर मर्न-मार्न तयार हुन्थे । तर, समयको गतिसँगै युगले फड्को मार्छ र समयले सिद्धान्तभन्दा व्यवहारलाई महत्त्व दिइसकेको हुन्छ । हामी पुरानोको व्याख्या गर्दै हुन्छौं, तर समय अगाडि बढिसकेको हुन्छ । कुनै समय कसैको प्रभावशाली बोलीले संसारलाई नै प्रभावित पारिरहेको हुन्छ । त्यो देखेर दुनियाँले त्यसैको नक्कल गर्ने प्रयास गरिरहेको हुन्छ तर समयले बोली होइन, के काम गर्छ भनेर हेरिरहेको हुन्छ ।

आज सिद्धान्तका गुलिया र मिठा कुरा मात्रैले मानव दिमागलाई प्रभावित पार्न सक्दैनन् । युग व्यवहार र अवसरको व्यापक खोजीको बनिसकेको छ । अझ भनौं, समय र चेतनाले अवसरलाई बढी महत्व दिइरहेको छ । मैले के दिएँ भन्दा पनि मैले के पाएँ भनेर सोच्ने मानव दिमागहरूलाई कसरी परिचालन गर्ने भन्ने योजना हामीसँग हुनैपर्दछ ।

**सविधान र शैक्षिक पुनःसंरचनाको बहस**

देशका विभिन्न ठाउँमा अब नेपालको शिक्षानीति कस्तो हुने ? त्यसमा सबै पक्षको समर्थन र सहयोग कसरी निर्माण गर्न सकिन्छ भनेर बहस चलाउने, सबै पक्षहरूलाई त्यस्तो बहसमा सहभागी गराउने, सबै ठाउँमा सम्पन्न बहसहरूको निष्कर्षहरूसहित राष्ट्रिय शिक्षा नीति निर्माणको बहस चलाउने र कम्तीमा आगामी बीस वर्षसम्मको शिक्षाको खाका कोरेर स्पष्ट उद्देश्य किटान गर्ने काम गर्नु जरुरी छ । यो आन्दोलन निकै महत्वपूर्ण हुनेछ र यसबाट जनताले अनाहकमा दुःख पाउने पनि छैनन् ।

पाठ्यक्रम कस्तो हुने, परीक्षा प्रणाली कस्तो हुने, शुल्क संरचनाको अवस्था के हुने, भौतिक संरचनाको मापदण्ड के हुने, प्राविधिक जनशक्तिको निर्माण कसरी गर्ने, समग्र शिक्षा कस्तो हुने, आधारभूत शिक्षा कतिसम्म कायम गर्ने, शैक्षिक बेरोजगारहरूको व्यवस्थापन कसरी गर्ने, शिक्षकहरूको हक-अधिकारका क्षेत्रमा के गर्ने, निजी शिक्षालाई कसरी अगाडि बढाउने, सरकारी शिक्षालाई कस्तो बनउने, शहर र गाउँको विभेदपूर्ण स्थितिको कसरी समायोजन गर्ने, विद्यालय सञ्चालक समितिहरूलाई कसरी प्रभावकारी वनाउने, विद्यालयमा समुदायको भूमिकालाई कसरी स्थापित गर्ने, स्तरयुक्त जनशक्तिलाई ग्रामीण भेगमा कसरी पठाउने, विश्वबजारमा आफ्नो शिक्षा बिकाउन के गर्ने, आफ्ना प्राकृतिक स्रोत र साधनको उपयोग र विस्तारसँग शिक्षालाई कसरी जोड्ने तथा शैक्षिक कोष कसरी व्यवस्थित गर्ने ? आदि कुराहरूको राष्ट्रिय बहस नै विद्यार्थीहरू र विद्यार्थी आन्दोलनका नयाँ एजेण्डाहरू हुन् ।

जनवादी या जनमुखी शिक्षा जे भने पनि अब हामीले बोलेर मात्रै हुँदैन, यसको वास्तविक रूप व्यवहारमा दिन र देखाउन सक्नुपर्दछ । जनवादी शिक्षा आकाशको तारा होइन भने त्यसलाई विद्यार्थीहरूले आफ्नै यथार्थ जीवनभित्र देख्न, भेट्न सक्नुपर्दछ । उल्लिखित विषयका उत्तर खोज्ने प्रक्रियासँगै जनवादी शिक्षाको परिदृश्य पनि देख्न पाइनेछ । यसरी बहस चलाऊँ, उत्तर खोजौं, निष्कर्ष निकालौं र अघि बढौं । सिङ्गो देशले त्यस किसिमको विद्यार्थी आन्दोलनको प्रशंसा गर्न थाल्नेछ । अब समस्या उठान गर्ने बेला मात्रै होइन, समाधान दिने बेला आएको छ । हामी समस्याका उठानकर्ता मात्र होइनौं, समाधान गर्ने व्यवस्थित योजनाकार र कार्यान्वयनकर्ता पनि हौं भन्ने पहिचान जनतासामु दिन सक्नुपर्दछ । अब यिनै र यस्तै विषयहरूलाई आत्सात् गर्दै अनेरास्ववियु अघि बढ्नुपर्दछ । हामी मूलतः यही दिशामा ध्यान केन्द्रित गरेर सङ्गठन निर्माण, परिचालन र परिवर्तनका लागि लाग्नेछौं । ❐

# नयाँ नेतृत्वलाई बधाई !

'शिक्षा, स्वस्थ्य र रोजगार हाम्रो मौलिक अधिकार, राष्ट्रिय एकता, शान्ति, सङ्घीयता र नयाँ संविधान आर्थिक विकासको आधार' भन्ने मूल नाराका साथ अनेरास्ववियुको २०औं राष्ट्रिय सम्मेलनको ऐतिहासिक मिथिला सांस्कृतिक नगरी जनकपुरमा गत असोज १५ गते पार्टीका अध्यक्ष कमरेड झलनाथ खनालले चुरोट कारखानाको चौरमा एक भव्य समारोहमाझ गमलामा पानी चढाएर समद्घाटन गर्नुभयो । उक्त समारोहमा पार्टी अध्यक्ष झलनाथ खनाल, उपाध्यक्ष वामदेव गौतम, सचिव शङ्कर पोखेल, स्थायी कमिटीका सदस्य केपी शर्मा ओली, जनकपुर अञ्चल संयोजक एवम् पार्टी पोलिटब्युरो सदस्य रामचन्द्र झा, केन्द्रीय सदस्य रघुवीर महासेठ, युवासङ्घ, नेपालका अध्यक्ष महेश बस्नेत, विदेशी मित्र सङ्गठनका प्रतिनिधिहरू र अन्य सङ्गठनका प्रतिनिधिहरूले शुभकामना दिनुभएको थियो । समारोहमा पार्टीका उपाध्यक्ष अशोक राई, महासचिव कमरेड ईश्वर पोखेल, पोलिटब्युरो सदस्यहरू पशुपति चौलागाईं, विद्यार्थी फाँट प्रमुख गोकर्ण विष्ट, अनेरास्ववियुका पूर्वअध्यक्षहरू योगेश भट्टराई, अरुण नेपाल, हिक्मत कार्की, राजेन्द्र राई, रवीन्द्र अधिकारी, रूपनारायण श्रेष्ठ, खिमलाल भट्टराई, ठाकुर गैरे, पूर्वमहासचिव भानुभक्त ढकाल, जगन्नाथ खतिवडा, पूर्वसचिव यज्ञराज

सुनुवारलगायतका नेताहरूको उपस्थिति रहेको थियो । उद्घाटनसभाको अध्यक्षता सम्मेलन आयोजक कमिटीका संयोजक रामकुमारी झाँक्रीले, स्वगत सहसंयोजक सोभियत ढकालले र सञ्चालन महासचिव माधव ढुङ्गेलले गर्नुभएको थियो ।

सम्मेलनको बन्दसत्र असोज १७ गते  प्रारम्भ भयो । बन्दसत्रको हलमा अध्यक्षमण्डल र निर्वाचन समितिको प्रस्ताव गरियो । पार्टीका उपाध्यक्ष एवम् मोर्चा सङ्गठन प्रमुख अशोक राईको संयोजकत्वमा अध्यक्षमण्डल गठन भयो, जसका सदस्यहरूमा शङ्कर पोखेल, योगेश भट्टराई, अरुण नेपाल, राजेन्द्र राई, ठाकुर गैरे, भानुभक्त ढकाल, पार्टीका केन्द्रीय सदस्यहरू रघुवीर महासेठ, केशव देवकोटा, कमलादेवी महतो, सभासद् रिजवान अन्सारी रहनुभयो । पोलिटब्युरो सदस्य एवम् अनेरास्ववियुका पूर्वकेन्द्रीय सदस्य पशुपति चौलागाईंको संयोजकत्वमा रवीन्द्र अधिकारी, जगन्नाथ खतिवडा, यज्ञराज सुनुवार, ममता गिरी, सभासद् विषमलाल अधिकारी, पुरुषोत्तम पौडेल, शेरवहादुर तमाङ, अधिवक्ता ईश्वरी भट्टराई, चन्द्र मैनाली र रामसिंह यादव रहनुभएको निर्वाचन समिति निर्माण गरियो ।

झण्डै १ हजार २ सय शैक्षिक संस्था, २९ वटा अञ्चलस्तरीय कमिटी, ८४ वटा जिल्ला कमिटी र विभाग, सम्पर्क कमिटीसमेतबाट प्रतिनिधित्व भएको सम्मेलनमा १ हजार ९ सय १५ प्रतिनिधिको सहभागिता रहेको थियो । महिला, मधेशी, उत्पीडित, दुर्गम क्षेत्र, अपाङ्ग, थारू, मुस्लिम, जनजातिहरूको प्रतिनिधित्वलाई विशेष व्यवस्था गरी उपस्थिति बाक्लो बनाउन प्रयास गरिएको यस सम्मेलनले प्रत्यक्ष निर्वाचनको माध्यमबाट समावेशी प्रतिनिधित्वको २ सय १ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गरेको छ ।

जनकपुरमा सम्पन्न २० औं राष्ट्रिय सम्मेलनबाट निर्वाचित अनेरास्ववियुको नयाँ नेतृत्वलाई नेकपा (एमाले)का अध्यक्ष झलनाथ खनाल र प्रधानमन्त्री माधवकुमार नेपालले छुट्टाछुट्टै स्वागत तथा बधाई गर्नुभएको छ । अध्यक्ष खनालले पार्टी मुख्यालय मदननगर बल्खु र प्रधानमन्त्री नेपालले जनकपुरमा निर्वाचित नेतृत्वलाई बधाई दिनुभएको थियो ।

पार्टी मुख्यालयमा आयोजित कार्यक्रममा २५ गते अध्यक्षले सङ्गठनलाई एकताबद्ध बनाएर अगाडि बढाउन निर्देशन दिनुभयो । 'पार्टीका मूल्यमान्यता र निर्णयहरूलाई आत्मसात गर्दै एकताबद्ध बनाएर सङ्गठन सञ्चालन गर्नुस्', खनालले भन्नुभयो । कार्यक्रमलाई पार्टी केन्द्रीय सदस्य एवम् विद्यार्थी इन्चार्ज गोकर्णराज विष्ट र नवनिर्वाचित अध्यक्ष माधव ढुङ्गेलले पनि बोल्नुभएको थियो । कार्यक्रमको सञ्चालन पार्टी केन्द्रीय कार्यालय सचिव गङ्गालाल तुलाधरले गर्नुभएको थियो ।

जनकपुरमा सम्पन्न धन्यवादज्ञापन कार्यक्रममा प्रधानमन्त्री नेपालले सङ्गठनलाई सुदृढ र एकताबद्ध बनाउँदै विद्यार्थी आन्दोलनको अगुवा बन्न नयाँ नेतृत्वलाई निर्देशन दिनुभयो । कार्यक्रममा पोलिटब्युरो सदस्य पशुपति चौलागाईं, केन्द्रीय सदस्य गोकर्ण विष्ट नवनिर्वाचित अध्यक्ष माधव ढुङ्गेललगायतले बोल्नुभएको थियो ।

सम्मेलनले २ सय १ सदस्यीय केन्द्रीय कमिटी आगामी दुई वर्षका लागि छनौट गरेको छ । अध्यक्षमा माधव ढुङ्गेल निर्वाचित हुनुभएको छ । अर्का प्रत्यासी सोभियत ढकाललाई ४३ मत अन्तरले पछि पार्दै ढुङ्गेल अध्यक्षमा चुनिनुभएको हो । खुला तर्फका दुई उपाध्यक्षमा लक्ष्मण लम्साल र नवराज पौडेल तथा समावेशी तीन उपाध्यक्षमा मधेसीबाट सुधीर साह, जनजातिबाट भीम राई र महिलाबाट नवीना लामा निर्वाचित हुनुभएको छ ।

महासचिवमा किशोरविक्रम मल्ल निर्वाचित हुनुभएको छ । सो पदका अर्का प्रत्यासी नरबहादुर धामीलाई ४० मत अन्तरले पछि पार्दै मल्ल महासचिवमा निर्वाचित हुनुभएको हो । खुला दुई सचिवमा रचना खड्का र वचनबहादुर सिंह एवम् मधेसी कोटाबाट सरोज यादव निर्वाचित हुनुभएको छ । कोषाध्यक्षमा दीपक गौतम निर्वाचित हुनुभएको छ ।

सम्मेलनबाट महासङ्घीय ढाँचामा प्रवेश गरेको अनेरास्ववियुले अभूतपूर्व समावेशी अनुहार नेतृत्व निर्वाचित गरेको छ । विकास क्षेत्रबाट एक/एक सचिवालय सदस्य निर्वाचित गरेको छ । जसमा महेशप्रसाद पन्त (सुदूरपश्चिमाञ्चल), विवेक श्रेष्ठ (मध्यपश्चिमाञ्चल), बाबुराम पन्थी (पश्चिमाञ्चल), गुणराज आचार्य (बामग्ती विशेष), केशव आचार्य (मध्यमाञ्चल) र ध्रुव राई (पूर्वाञ्चल) रहनुभएको छ । दुईजना जनजाति सचिवालय सदस्यमा दूधप्रसाद घले र गौतम राई निर्वाचित हुनुभएको छ । आठजना महिला सचिवालय सदस्यमा अमृता बराल, ज्योति शर्मा, दीपा शर्मा, उषाकिरण तिम्सेना, भक्तकुमारी लामा, अम्बिका बस्नेत, सुनिता परियार र राधिका खतिवडा निर्वाचित हुनुभएको छ । दुई मधेसी सचिवालय सदस्यमा सरोजकुमार यादव र अनिलकुमार मिश्र एवम् एक दलित सचिवालय सदस्यमा सन्तोष नेपाली निर्वाचित हुनुभएको छ । मुस्लिमबाट अब्दुल हुसेन खाँ र अपाङ्गबाट कलाधर भण्डारी निर्विरोध केन्द्रीय सचिवालय सदस्यमा निर्वाचित भइसक्नुभएको थियो । अन्य विश्वविद्यालय तथा सीटीईभीटीबाट मेनुका पछाई, सुदर्शन ढुङ्गाना र सुनिता बराल निर्वाचित हुनुभएको छ । पिछडिएको क्षेत्रबाट सचिवालय सदस्यमा सीपी घर्ती निर्वाचित हुनुभएको छ । नौ खुला सचिवालय सदस्यका लागि भएको प्रतिस्पर्धामा ऐनबहादुर महर, जीवन राई, रश्मी आचार्य, महेश बर्तौला, थोमस बास्तोला, शैलेश लामा, चिरञ्जीवी पौडेल, कमल बस्नेत र नीलकण्ठ आचार्य चुनिनुभएको छ । सचिवालय सदस्यमा उम्मेदवारी दिनुभएका रत्नराज्यलक्ष्मी क्याम्पसका स्ववियु सभापति राजकुमार राईको मतपत्रमा नामावली समावेश

नभएपछि उहाँलाई पहिलो केन्द्रीय कमिटी बैठकबाट सचिवालयमा ल्याउने सहमति भएको छ। यसरी सचिवालय ४६ सदस्यीय हुने भएको छ।

दलित खुलाबाट केन्द्रीय सदस्यमा दीपक विश्वकर्मा (पाल्पा), जनक विक, लिलबहादुर विक, दिवश बुढाथोकी र विजकुमार पासवान निर्वाचित हुनुभएको छ। दलित महिलाबाट शोभा सुनार र गौरी नेपाली निर्विरोध निर्वाचित हुनुभएको छ। तीन सदस्यका लागि भएको महिलाहरूको प्रतिस्पर्धामा दुईवटामा मात्रै मनोनयन परेकाले एक सदस्य केन्द्रीय कमिटी बैठकबाट मनोनगन गर्ने अखिलले जनाएको छ। जनजाति खुलाबाट गिरेन्द्रबहादुर राई, टीकाराम लामा, दिलीप लामा, नारायण घर्ती र वीरउदास श्रेष्ठ निर्वाचित हुनुभएको छ। त्यस्तै, जनजाति महिलाबाट लीला राई, सङ्गीता पाखिन, शान्ता सोमै मगर निर्वाचित हुनुभएको छ। मधेसी खुलाबाट डा. आशिषकुमार झा, दुर्गानन्द ठाकुर, राजीवकुमार झा, राजेन्द्रप्रसाद यादव, ललितकुमार यादव तथा मधेसी महिलाबाट प्रिया झा, टिङ्ला यादव र समीना खान निर्वाचित हुनुभएको छ। मुस्लिमबाट प्रबेज आलम अन्सारी, फरमुल्लाह मन्सुर, मो. ओसिन आलम र महिलाबाट फातुमा खातुन निर्विरोध निर्वाचित हुनुभएको छ। थारुबाट कमलसिंह राना थारु र महिलाबाट ममता चौधरी चुनिनुभएको छ। अपाङ्गबाट दीपक माझी र हीरेन्द्र शाही एवम् अपाङ्ग महिला केन्द्रीय सदस्यको एक पद खालि छ। ललितकलाबाट लालकाजी लामा केन्द्रीय सदस्यमा निर्विरोध हुनुभयो।

मेची अञ्चलबाट टीकाराम मग्राती, असारु राजवंशी, नवराज शङ्कर, माया शिवाकोटी तथा कोशीबाट ऋषिराम रेग्मी, मक्करबहादुर खड्का, हर्कबहादुर एभेङ, बद्री अर्याल, डेगराज फुयाँल, पुनम चौधरी, आद्रता रेग्मी र इन्द्रकला राई निर्वाचित हुनुभएको छ। माथिल्लो सगरमाथाबाट रोशन शाक्य, दीपक ठटाल, कल्पना राई तथा तल्लो सगरमाथाबाट महेश रोका, दिनेश यादव, अखिलेश झा, प्रतिभा पोखरेल निर्वाचित हुनुभएको छ। जनकपुरबाट रेणुराज देवकोटा, उत्तम परियार, अनिलकुमार साह, आरती लामा, सुमन धामी एवम् पूर्वी बागमतीबाट शशिनाथ आचार्य, उज्वल सुवेदी, पारसमणि फुयाँल, सरिता रायमाझी तथा पश्चिम बागमतीबट नवीन प्रधान, हरि थापा, शान्ति थिङ निर्वाचित हुनुभएको छ। उपत्यकाबाट लोकेश आचार्य, लोकेश निरौला, रजन केसी, भीमबहादुर रावल (कालो टोपी), राजा राजेन्द्र पोखरेल, कमल शाही, खिम पन्थी, कमल रावल, समिककुमार बडाल, सुदीप शर्मा, सन्तोष खड्का, द्वारिकाप्रसाद न्यौपाने, प्रवीण श्रेष्ठ, आरसी लामिछाने, श्याम शर्मा बजगाईं, घनश्याम पाण्डे, योगिता राई, सीता ढुङ्गाना, रेखा अर्याल, सीता थापा, नारायणी देवकोटा, सम्झना अधिकारी, रञ्जु ज्ञवाली र गीतादेवी ढकाल निर्वाचित हुनुभएको छ। नारायणीबाट शिवजीप्रसाद गुप्ता, उमेश गुप्ता, जवाहिर अन्सारी, रुद्र सुवेदी, बोलबहादुर कार्की, निशा अधिकारी, सुजाता पोखरेल एवम् गण्डकीबाट नरेश रोकाय, हीरालाल विश्वकर्मा, दिलीप न्यौपाने, घनश्याम सुवेदी, खिमबहादुर कुमाल, अजन्ता पौडेल, सरिता पुरी, सुष्मा पराजुली निर्वाचित हुनुभएको छ।

धवलागिरीबाट नेत्रबहादुर बिष्ट, भीम क्षेत्री, लालबहादुर थापा, बुद्धिमाया गुरुङ एवम लुम्बिनीबाट टीकाबहादुर थापा, वसन्त ढकाल, महेन्द्र गिरी, कमल भट्टराई, प्रितम पौडेल, शोभा पाण्डे, सुनिता भण्डारी, सुमन पन्थी तथा राप्तीबाट अमित शर्मा, अमृत बूढा, दीपक शर्मा र देविका जीएम निर्वाचित हुनुभएको छ। भेरीबाट चतुर्भुज शाही, दुर्गा डाँगी, यामराज शर्मा, सुशील थापा, दीपककुमार टमटा, मञ्जु रिमाल र कल्पना थापा तथा कर्णालीबाट दानसिंह परियार, धर्मेन्द्र रोकाया, लीलाराज रोकाया र पार्वती सिंह केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएको छ। सेतीबाट केशवराज उपाध्याय, लक्ष्मी जोशी, मोहनसिंह नायक, पार्वती सिंह तथा महाकालीबाट कमला बोहोरा, उमेशराज जोशी, विपीन ओझा र दुर्गा भट्ट निर्वाचित हुनुभएको छ। नेपाल संस्कृत विश्वविद्यालयबाट घनश्याम न्यौपाने, नवराज खतिवडा, जमुना ढकाल तथा काठमाडौं विश्वविद्यालयबाट अविधान सापकोटा र उषा पराजुली निर्वाचित हुनुभएको छ।

नवनिर्वाचित केन्द्रीय कमिटीले दसैंतिहार, इद तथा छठको अवसर पारी असोज २५ गते चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गऱ्यो। एमाले महासचिव ईश्वर पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमलाई पोलिटब्युरो सदस्य केशव बडाल, अखिलका पूर्वअध्यक्ष एवम् वरिष्ठ अधिवक्ता विश्वकान्त मैनाली, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधव शर्मा, नवनिर्वाचित अध्यक्ष माधव ढुङ्गेललगायतले सम्बोधन गर्नुभएको थियो। कार्यक्रम महासचिव किशोरविक्रम मल्लले सञ्चालन गर्नुभएको थियो।

# कार्लमार्क्स म्युजियमको अवलोकन

## ■ देवेन्द्र घिमिरे

हिंडदा पक्का थिएन, हामी सफल हुने कुरा । हामी काठमाडौंबाटै कार्लमार्क्सको जन्मघर मनमा राखेर हिंडेका थियौं । चिताएको सबै कुरा पुग्नैपर्छ भन्ने छैन । कहिले हामी सक्नेभन्दा बढी पनि चिताउने गर्छौं । अनि निराश हुने गर्छौं । यसपटक कोपेनहेगेन पुगेर जान सकिने छिमेकी केही विकल्प देशहरूको पनि कुरा चल्यो । समय र सामर्थ्यलाई पनि हामीले आत्मसात गर्नु अनिवार्य थियो । स्वीडेन र नर्वे जाने कुरा छाडेर जर्मनी जाने निधो गरेपछि केमा जाने भन्नेबारेमा सोच्यौं । हवाई यात्रा छिटो र बसको यात्रा सस्तोका बीचको साधन, छायाँ कोसेली जम्मा गर्ने र हामो चाहना मिल्ने रेलयात्रा रोज्यौं । हामी र रेलको गति बिच मेलबेमेलको निरन्तरता यात्राभरि रह्यो । किताबमा पढेको जर्मनीलाई आफनै आँखाले हेर्ने सुखद् यात्रा थियो यो । रमाइलो सँगाल्दै गर्दा हामी छक्क पर्थ्यौं र कतिबेला, दिक्क पनि महसुस गरियो । कोपेनहेगेनबाट चढेको रेल जर्मनीको सिमानामा आएर पानीजहाजभित्र छिरेछ । त्यसले अरु बाहनलाई पनि निल्दै रहेछ । आधाघण्टा रेल रोकिने र बाहिर जान सकिने जानकारीपछि हामी रेलबाट ओर्लेर चहलपहल छिचोल्दै जाँदा पो तलातलामा मान्छेका पसलहरू, खानापिना र किनमेल गर्दै रहेका, हामी अझमाथि गयौं, त्यो पानी जहाजको छत थियो । वास्तवमा हामी पनि सबैसँग समुद्रको बाटोमा रहेछौं । आधा घण्टापछि हामी जर्मनीको माटोमा कुद्न थाल्यौं । डेनमार्कको तुलनामा उत्तरबाट दक्षिण पुग्दा हिउँ लर्किने कराले छानाहरूले क्रमशः आकार फेरेको देखिन्थ्यो । मान्छेको स्वभाव नवीनताप्रतिको अभिरुचिबाट कहिल्यै असंलग्न रहेन ।

आज हेर्दा जर्मनहरू संस्कारमा डेनिसहरूभन्दा निकै पछि रहे पनि भौतिक सम्पदाको हकमा भने उसका बसाइ, निर्माण सम्पन्नता सानो झयालबाट– पनि देख्न सकिन्थ्यो । बडो भद्र व्यवहारमा सुपरिचित डेनिसहरू र जर्मनहरूबीच एउटा नदेखिने समस्या रहेछ । जर्मनीले पहिले युद्धमा गरेको ज्यादतीलाई मनको भित्री तहमा राखेको घृणा पुस्तापुस्ता अहिलेसम्म पनि चल्दै आएको सुनाउँथे मान्छेहरू ।

मनै त हो रेलभित्र बस्दा पनि चलायमान थियो । गन्तव्यमा पुग्न लाग्ने १० घण्टाको रेलको सिटमा बसी पुराना यात्राका सम्झना जोडेर हेरें । सन् १९९८ को अगस्ट-सेप्टेम्बर महिनातिर केपी शर्मा ओलीको नेतृत्वमा चीन पुगेको बेला कार्यक्रममा नपरेको भए पनि माओत्सेतुडलाई हेरेका थियौं । पछि सन् २००२ को सेप्टेम्बरमा डा. मोहम्मद मोहसिनको नेतृत्वमा रुसको राजधानी मस्को जाँदा, त्यतिबेला चीनमा जस्तो एकैथरि मात्र थिएनौं । सबैलाई सहमत बनाउनुपरेको थियो लेनिनलाई हेर्ने कुरामा । त्यसमा हामीले रुसमा बसिरहनुभएका नेपाली साहित्यकार कृष्णप्रकाश श्रेष्ठहरूको सहयोग पाएका थियौं ।

भनिन्छ, दुःखको विकल्प सुख हो । सुख र राम्रो मात्र कुरा हुने भए कोसँग तुलना गर्ने र केलाई सुख र केलाई दुःख भन्ने निरस र एकलकाँटे पो हुन्थ्यो कि जिन्दगी ! कथाकवितामा जे भने पनि मँलतः मान्छे सुखको खोजीमा पहिलो दिनदेखि अन्तिम दिनसम्मै लागेको हुन्छ ।

आफ्नै भिन्दै विशेषता भएको डेनमार्कको कोपेनहेगनदेखि जर्मनीको पुरानो शहर ट्रियर, जहाँ कार्लमार्क्स जन्मेका थिए, द्रँतगतिको रेलमा हामीलाई १० घण्टा समय लागेको थियो । बाटोमा नाम चलेका ठाउँहरू हमवर्ग, बोन आदि पर्दा रहेछन् । रेल बदल्दा आधा घण्टा विलम्ब भएर समयमा ट्रियर जाने रेल भेटिएन । पानी, चिसो र रातको सामना गर्दै बर्लिनको रेल कुरेर अगस्ट २९ को ११ बजे रातीमात्र हामीले कार्लमार्क्स म्युजियमको नजिक पारेर बुक गरिएको होटलमा आश्रय लिन सक्यौं ।

मार्क्सवादी दर्शनको अनुयायी भएका नाताले जर्मनीको यो पुरानो शहर ट्रियरको यात्रामा रहरसँगै आस्था मिसिएको थियो । धेरै देशका यात्रीहरू यहाँ आउँछन् र त्यसमा सबैभन्दा बढी चिनियाँ यात्री आउने जानकारी इन्टरनेटमा गरेको राखिएको छ । यो सङ्ग्रहालयलाई चिनियाँ राष्ट्रपतिको विशेष सहयोग रहेको थाहा भयो । त्यहाँ हेर्दा चिनियाँ मँलका मानिसहरूले खोलेका होटल रेष्टुरेन्ट पनि देखापरे, साथै चिनियाँ पर्यटक पनि । डेनमार्कमै हामीलाई राजदँत महोदयबाट वर्तमान प्रधानमन्त्री माधवकुमार नेपाल र पँर्वप्रधानमन्त्री पुष्पकमल दाहाल यता आउँदा त्यहाँ पुगेको जानकारी गराइएको थियो । यसपटक आस्थाका यात्रीका रूपमा म देवेन्द्र घिमिरे, श्रीमती गोमादेवी चपाईं घिमिरे र छोरा सुशील घिमिरे त्यहाँ पुग्यौं । अनि जर्मनी र कार्लमार्क्सको जन्मथलो (जन्मघर)मा रहेको कार्लमार्क्स हाउस म्युजियमको अवलोकन गर्‍यौं । मार्क्सलाई कहिल्यै नपढेको यात्री पनि त्यहाँ पुगेर केही समयमै मार्क्सको न्याय र समानताका खातिर युगयुगसम्म पथप्रदर्शन गर्ने जीवनी, उहाँको कालजयी लेखनी र कृतिहरूबाट परिचित हुन पाउँछ । विभिन्न घटनाको तस्बिर तथा विभिन्न भाषामा व्याख्या सुन्न गरिएको व्यवस्था, पाण्डुलिपि, उहाँका हस्ताक्षर अनि सम्पँर्ण ग्रन्थलाई ईबुकमा समेटिएको पाइयो । त्यहाँ गरिने पुस्तक, डकुमेन्ट्री र कार्लमार्क्सलाई सम्झाउने वस्तुहरूको प्रदर्शनी पनि थप रोचक लाग्यो । कार्लमार्क्सको वस्तुगत अध्ययन सुखद् रह्यो । त्यसपछि मात्र हामीले बल्ल राजधानी बर्लिनतिर पाइला बढायौं ।

❐

# सङ्घर्षशील योद्धाहरूको जीवनगाथा

इतिहास कसैको लेखिन्छ, कसैको लेखिन्न । तर, इतिहास कसैले मेटाएर मेटिन्न । समाजको मुहार बदल्न लागिपरेका व्यक्तिहरूको जीवनमा भएका विवरणको फेहरिस्त इतिहास हो । साँच्चै भन्ने नै हो भने यो वास्तविकताको विगत हो । मानव जीवन र समाजका लागि गरेको समर्पणको सम्झना हो । समृद्ध समाज विकासका लागि गरिएका प्रेरणादायी अभिव्यक्ति र मञ्चन हो । सही सोच राख्नेहरूको मान्यता छ, यो भावीपिँढीका लागि प्रेरणा बन्नुपर्दछ । तर, दुर्भाग्य नै मान्नुपर्दछ, कैयौं इतिहास पुरुषहरूका इतिहास र लेखिनै नपाई हराएर वा मेटिएर जान्छन् । शक्ति हुने अवसरवादीहरूले अपहरण पनि गर्ने गर्दछन् । आफ्नो इतिहास यस परिवेशमा सकेकोजति व्यक्तिहरूलाई समेटेर 'सङ्घर्षशील योद्धाहरू'को प्रकाशन गर्ने जुन कार्य भएको छ, यो अति नै प्रशंसनीय छ । किनभने समेटिएका ऐतिहासिक व्यक्तित्वहरूले महत्व पाएका छन्, तिनको सङ्घर्षशील जीवनले जीवन्तता पाएको छ । त्यसैले यस प्रकाशन कार्यको सोच ल्याउने पहिला व्यक्ति एवम् भरपूर मेहनतका साथ सम्पादनलगायत प्रकाशनको सम्पूर्ण कार्य गर्ने अग्रगामी व्यक्तित्वहरू सम्पूर्णका लागि गुणग्राही हुनुहुन्छ ।

अहिले नेपाली जनता रैतीबाट पूर्ण सार्वभौम भएका छन् । उनीहरू आफूले पाएको यो उपलब्धिलाई संस्थागत गर्ने प्रक्रियामा छन् । र, यस गौरवमयी समयमा वाम लोकतान्त्रिक अग्रजहरूलाई अझ बढी स्मरण गर्नुपर्ने हुन्छ । त्यही टड्कारो परिवेशमा सङ्घर्षशील योद्धाहरू सबैमा उत्साह जगाउन सफल भएको छ । अझ नेपाली वाम आन्दोलनकी सर्जक एवम् नेपाल कम्युनिस्ट पार्टीका संस्थापक प्रेरणादायी व्यक्तित्व मोतीदेवी श्रेष्ठसँग जोडिएको मोतीदेवी स्मृति केन्द्रले यसको सुरुआत गर्नुले 'आदरणीय वाम लोकतान्त्रिक अग्रजहरूको सम्मान गरौं, लोकतान्त्रिक संस्कारको स्थापना गरौं !' भन्ने मान्यतालाई चरितार्थ गरेको छ, यसप्रति गौरव मान्नुपर्दछ ।

'सङ्घर्षशील योद्धाहरू' सरसरती पढें । दुई खण्डमा गरी ४९ जना व्यक्तित्वहरूका सङ्क्षिप्त जीवनगाथा यसमा समेटिएको छ । तीमध्ये धेरैजना मेरो व्यक्तिगत सम्बन्ध भएकाहरू नै रहेको पाएँ । र, अधिकांश थाहा पाएकाहरू नै रहेको देखें । वैचारिक भेदभावबिना योद्धाहरूलाई यसरी समेट्न गरिएको प्रयासले निषेधको महारोगबाट वामपन्थीहरू खुला परिवेशमा निस्कनुपर्दछ भन्ने सन्देश दिन खोजिएको छ । जुन समयसापेक्ष आवश्यक पनि छ । यो प्रयास धेरै राम्रो छ । यस परिवेशमा अझ ध्यान दिनुपर्ने आधारभूत केही तथ्यलाई नबिर्सनु राम्रो हुन्छ । अझ सकारात्मक पहल हुन्छ ।

कम्युनिस्ट आन्दोलनको विकास र विस्तारका क्रममा थुप्रैखाले वैचारिक उतारचढावहरू देखिएका छन् । राजनीतिक भिन्नताहरू पनि स्थापित छन् । यस परिवेशमा आफू जुन परिवेशमा रहे पनि लेखिने योद्धाहरूको वैचारिक धरातल र रणनीतिक अभ्यासलाई आफ्नोअनुकूल बुझेर व्याख्या गरिनुहुन्न । किनभने यसमा समेटिएका योद्धाहरू पूर्णरूपले नौलो जनवादी क्रान्तिकारी सोच र व्यवहारमा खरो उत्रिएका व्यक्तिहरू रहेको तथ्य स्पष्ट छ । कुनै पनि नयाँ विचलनले उहाँहरूलाई छोएका पाइन्न । जीवितहरूको नयाँ इतिहास लेखिन बाँकी छ । त्यसतर्फ विशेष ध्यान दिएर गरिने कुनै पनि प्रयास सकारात्मक हुन्छन् । अनि लोकतान्त्रिक संस्कारलाई स्थापना गर्नेतर्फको महत्वपूर्ण कदम हुन्छ ।

विश्वास छ, 'सङ्घर्षशील योद्धाहरू'ले जुन किसिमको प्रयासको थालनी गरेको छ, यस्तो प्रयास अरूका लागि समेत प्रेरणादायी हुनेछ ।

**❐ कुलराज घिमिरे**

# छविलाल विश्वकर्मा

पोलिटब्युरो सदस्य, नेकपा (एमाले)

१. **अहिले कुन किताब पढ्दै हुनुहुन्छ ?**

- तेलगु लेखक रङ्गनायकम्माको 'जाति प्रश्न के समाधान के लिए' । सुरुमा यो पुस्तक तेलगुमा लेखिएको थियो । पछि हिन्दीमा सीएल गुप्ताले अनुवाद गरेका छन् । राज्य पुनःसंरचनाको बहस चलिरहेको बेला पुस्तक हाम्रा निम्ति पनि सान्दर्भिक छ भन्ने लागेको छ । लेखक मार्क्सवादबाट प्रभावित छन् । उनी बुद्ध र अम्बेडकार पर्याप्त छैनन् र मार्क्स आज पनि आवश्यक छन् भन्ने धारणा राख्छन् ।

२. **तपाईंको जीवनमा सर्वाधिक प्रभाव पारेका तीन पुस्तक ?**

- म मोदनाथ प्रश्रितका किताबहरूबाट अत्यधिक प्रभावित छु, विशेषगरी 'मानव' महाकाव्यबाट । त्यसैगरी डा. भीमराव अम्बेडकारका सहयोगीद्वारा लेखिएको पुस्तक 'डा. अम्बेडकर के अनछुए प्रश्न' ले पनि ममाथि गहिरो छाप छाडेको छ । त्यसले अम्बेडकारको जीवनका विभिन्न पक्षमाथि प्रकाश पारेको छ । राहुलका अनेकौं पुस्तकमध्ये 'जाति तोडो' पनि मलाई मन पर्ने पुस्तक हो । त्यसबाहेक, टोल्सटायको 'वार एण्ड पीस' ले पनि मलाई भित्रैदेखि छोएको छ ।

३. **तपाईंलाई पढूँ-पढूँ लागेको तर पढ्न नपाएको कुनै पुस्तक ?**

- डा. कविताराम श्रेष्ठको 'महाभिनिष्क्रमणका अस्वीकृत पाइला ।' यो बुद्धको जीवनमाथि आधारित उपन्यास हो । यसमा बुद्धलाई हामीजस्तै मनुष्य सम्झेर अध्ययन-अनुसन्धान र विश्लेषण गरिएको छ ।

**४. तपाईंलाई मनपर्ने विधा ?**
- नियात्रा, संस्मरण र जीवनीहरू ।

**५. कसरी प्राप्त गर्नुहुन्छ तपाई आफूलाई मन परेका पुस्तकहरू ?**
- प्रायः पुस्तकहरू किनेरै पढ्छु । भारततिर जाँदा सूचीहरूका आधारमा पुस्तक पसलमा खोजतलास गर्छु । नेपालमा पनि प्रायः पुस्तक पसल पुगिरहेको हुन्छु । समयले साथ दिएमा पुस्तकालयको पनि सहारा लिन्छु ।

**६. पार्टीपङ्क्तिलाई तपाई कुनकुन पुस्तक पढ्न सुझाव दिनुहुन्छ ?**
- मेरो आग्रह छ- सबभन्दा पहिले पार्टीका आफ्नै प्रकाशनहरू खोजीखोजी पढ्नुहोस् । मदन भण्डारीका सङ्कलित रचनाहरू फेरि अध्ययन गर्नु जरुरी छ । हाम्रो आन्दोलनको विकासक्रम, हाम्रो विचारको प्रतिपादन र विकाससँग सम्बन्धित सन्दर्भ-सामग्रीको अध्ययन आवश्यक छ । यसका लागि आफैं पनि सक्रिय भएर पुस्तकको खोजी गर्नुहोस् । जस्तोसुकै अप्ठ्यारो अवस्थामा पनि भविष्यप्रति आशावादी बनाउन र चुनौतीसँग जुझ्न पुस्तकले तपाईंलाई प्रेरणा दिन्छन् ।

**७. तपाई आफैँले पनि केही लेख्नुभएको छ या लेख्ने योजनामा हुनुहुन्छ ?**
- समय दिएर पुस्तकाकारमा कृति तयार गर्न सकेको छैन । तर, छिट्टै आफ्ना फुटकर रचनाहरूको सङ्कलन निकाल्ने योजनामा छु । समय मिलाएर सामाजिक परिवर्तनलाई पूर्णता दिन दलित आन्दोलनमा नायकत्व कायम गरेका अगुवाहरू, जो विभिन्न कारणले यतिबेला चर्चामा छैनन्, तिनीहरूबारे खोजतलास गर्ने र तिनको योगदानलाई नयाँ ढङ्गले उद्घाटित गर्ने हिसाबले पुस्तक लेख्ने सोचमा छु । ❑

# लमजुङमा कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त इतिहास

■ **मायानाथ अधिकारी**

लमजुङ जिल्लाको लिखित इतिहास हेर्दा राजा यशोब्रम्ह शाहसम्म पुग्न सकिन्छ । उनी कास्कीका राजाका छोरा थिए । कास्कीका राजासँग मागेर ल्याई गाउँसहरस्थित लमजुङ दरबारमा उनलाई राजा बनाइयो । सम्भवतः यसअघि जिल्लामा स-साना जातीय सामन्तहरूका राज्य मात्रै थिए । यति नै बेला पश्चिमबाट, ब्राह्मण, क्षेत्री र ठकुरीहरू पनि लमजुङतर्फ बसाइँ सरी आएकाले यहाँ जातीय विविधताको विकास भएको पाइन्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान (राज्यविस्तार) सुरु गर्दा लमजुङ अत्यन्तै सबल र सक्षम राज्यका रूपमा देखापर्दछ । गोरखा राज्य विस्तारको दोस्रो चरणमा लमजुङ गोरखाको अधिनस्थ भएपछि यसको इतिहास पनि नेपालसँग नै जोडिएको पाइन्छ ।

राणा शासनकालमा यहाँ सामन्ती प्रभाव नै प्रमुख रूपमा थियो । तर, स्थानीय सामन्तहरूमा सबै केन्द्रीय सामन्तहरूको सम्पर्कमा देखा पर्दैनथे । तर, पनि जिम्मावाल, मुखिया, थरी, द्वारेजस्ता सामन्ती पद र प्रभावबाट जनता आक्रान्त थिए । त्यसबेलाको शोषण र दमनबाट मुक्तिका लागि जनताहरू आफैं सङ्गठित बनेको भेटिंदैन । १ सय ४ वर्ष राणा शासनलाई फालेर ००७ सालमा प्रजातन्त्र आएपछि विस्तारै राष्ट्रिय राजनीतिमा लमजुङले पाइला चालेको देखिन्छ । त्यसबेला नेपाली कांग्रेसका श्रीकान्त अधिकारी लमजुङबाट राष्ट्रियस्तरमा देखिएका नेता थिए । ००७-०८ सालतिरबाटै लमजुङमा छिटफुट रूपमा कम्युनिस्ट आन्दोलनको सर्म्पक देख्न सकिन्छ । त्यसबेला काठमाडौंबाट गोरखा हुँदै पोखरा जाने-आउने मूल बाटोमा लमजुङ पनि परेका कारण यस्तो सम्पर्क भएको थियो । त्यसबेला विशेष गरी कमरेड पुष्पलाल, हिम्मतसिंह भण्डारी, कृष्णलाल प्रधानहरूबाट सम्पर्क बन्दै गएको देखिन्छ । उत्तर गण्डक प्रान्तीय कमिटीका नाममा देखा पर्ने गतिविधिहरूले गोर्खाका दक्षिण पश्चिम गाँउहरू तनहुँको पुर्कोट, बन्दीपुर आदि बस्तीहरूमा बिस्तारै प्रभाव पार्दै थिए । लमजुङको तार्कुघाट र तनहुँको चोक चिसापानीमा पुष्पलाल पटक-पटक पुग्नुभएको बुझिन्छ । ००८ सालमा समजुङ मावि गाँउसहरको स्थापनापछि त्यहाँ शिक्षण गर्ने शिक्षकहरूद्वारा पार्टीगत गतिविधि सञ्चालन भएको पाइन्छ । लमजुङमा कम्युनिस्ट पार्टीको सम्पर्क गर्ने पहिलो व्यक्ति गोरखा जिल्लाको पौवाटार निवासी इन्द्रदत्त पन्त हुनुहुन्थ्यो । उहाँकै सक्रियतामा पार्टी सङ्गठन औपचारिक रूपमा पहिलोपटक भएको तथ्य देखापर्दछ । त्यस कमिटीमा सचिव इन्द्रदत्त पन्त, (गोरखा, शिक्षक लमजुङ मा.वि.), सदस्यहरू खगेश्वर पौडेल ( बेंशीसहर हाल चितवन), भवनाथ बराल, भूपनिधि पन्त -उदीपुर हाल पोखरा), भुवन अधिकारी (उदीपुर हाल चितवन) र टेकनाथ बराल रहनुभएको थियो ।

कमिटीले लमजुङको चिती र तनहुँको बयापानीसम्म आफ्नो कामको विस्तार गरेको देखिन्छ । कमिटीलाई निर्देशन दिने काम हिक्मतसिंह भण्डारीले गर्नुहुन्थ्यो । कमिटीका सदस्यहरूलाई सदस्यता पनि उहाँले नै दिनुभएको थियो । पार्टी कामको क्रमशः विस्तारपछि ०१६ असोजमा कम्युनिस्ट पार्टीको प्रथम सम्मेलन तार्कुघाटमा सम्पन्न भयो । ०१६ सालको 'गण्डक सम्झौता'का विरुद्ध पनि कुन्छामा जिल्लाको विभिन्न ठाउँबाट जुलुससहित विरोध प्रर्दशन भयो, जसमा झण्डै २०००-२५०० सम्म जनताको उपस्थिति रहेको पाइन्छ । ०१७ साल असोजमा पार्टी केन्द्रको आह्वानबमोजिम मोहीयानी हकसम्बन्धी आन्दोलन सञ्चालन गरियो । त्यसबेला पिताम्बर जोशीको नेतृत्वमा जुलुस प्रदर्शन भएको थियो । त्यतिबेला पार्टी कार्यालय फलियासाँघुमा रहेको थियो । ०१५ देखि ०१७ सालसम्म पार्टीको प्रचारात्मक काम बढी भएको थियो । सङ्गठानात्मक काममा

भने खासै प्रगति भएको देखिन्न । ०१७ साल पुस १ गतेको फौजी काण्डपछि पार्टीमा लागेको प्रतिबन्धका कारण केन्द्रसँग सम्पर्क टुट्यो र तीव्र दमनका कारण जिल्लाको नेतृत्व छिन्नभिन्न भयो । त्यही समयमा पहाडी क्षेत्रबाट तराईतिर बसाइँ हिँड्नेक्रम तीव्र बन्दै गयो । अधिकांश पार्टी सम्पर्कका कमरेडहरू पनि बसाइँ हिँड्नुभएको देखिन्छ ।

०१७-१८ को अन्योलपूर्ण राजनीतिपछि विस्तारै राजधानीमा अध्ययनका लागि गएका युवाहरू कम्युनिस्ट पार्टीका सम्पर्कमा पुगेको देखिन्छ । ०२०-२२ सालतिर गण्डकी छात्र परिषद्का माध्यमबाट जिल्लामा कम्युनिस्ट राजनीतिको प्रभाव विस्तार भएको देखिन्छ । ०२२ सालमा अनेरास्ववियुको स्थापनापछि उच्च शिक्षा प्राप्तिका लागि राजधानीतर्फ गएको मध्यम वर्गीय परिवारहरूमा कम्युनिस्ट राजनीतिक प्रभाव विस्तारै पर्दै गएको देखिन्छ । विशेष गरी गण्डकी छात्रपरिषद् र त्यसको सम्पर्कबाट क्रमशः वाचस्पति देवकोटा, मुक्ति खनाल, देवीप्रसाद सुवेदी, स्थानेश्वर दवाडी, युवराज पराजुली, शेषमणि आचार्य आदि व्यक्तिहरूमा कम्युनिस्ट राजनीतिको प्रभाव परेको पाइन्छ । काठमाडौंमा अनेरास्ववियुका गतिविधिका प्रभावबाट गाउँघरमा पनि कम्युनिस्ट राजनीतिको प्रभाव बढेको पाइन्छ । तर, पार्टी केन्द्रभित्रको चर्को विवादका कारण पार्टीको अवस्था छिन्नभिन्न बन्दै गयो । त्यसकारण लमजुङसँग सम्बद्ध व्यक्तिहरू पनि पार्टी र कमिटीसँग भन्दा वैयत्तिक रूपमा नै बढी आन्दोलनमा संलग्न भएको पाइन्छ । जिल्लाका विभिन्न क्षेत्रमा भिन्दाभिन्दै रूपमा यसखालको गतिविधि देखा पर्दछ । पूर्वी क्षेत्र विचौरमा ०२४/२५ सालमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को एउटा कमिटी देखापर्दछ । त्यसबेला फणिन्द्र न्यौपाने, सचिव रहेको त्यस कमिटी तथा यमुना न्यौपाने र स्थानेश्वर दवाडीका क्रियाशीलतामा पञ्चायतका सम्पूर्ण पदाधिकारीहरूको राजीनामा गराउन त्यस कमिटीले उल्लेखनीय काम रह्यो । गण्डकी छात्र परिषद् र त्यसमार्फत वाचस्पति देवकोटाको क्रियाशीलताले धमिलिलिकुवामा युवराज पराजुलीहरू पनि क्रियाशील भएको देख्न सकिन्छ । र, लमजुङको पूर्वी क्षेत्रमा विस्तारै तत्कालीन चौथो महाधिवेशनको पकड बन्दै गएको देखिन्छ । ०२७/२८ सालतिर लमजुङको रम्घामा शेषमणि आचार्यको अगुवाइमा प्रगतिशील पुस्ताकालय खोलिएको थियो । यस्तै ०२७/२८ मै रामप्रसाद अधिकारीको नेतृत्वमा कम्युनिस्ट विचारको प्रचार-प्रसारका लागि सोतिबेंसीमा प्रगतिशील पुस्ताकालय सञ्चालन गर्ने काम भयो । ०२७/२८ सालमै गण्डकी-धौलागिरी मार्क्सवादी-लेनिनवादी क्रान्तिकारी दलका जिम्मेवार कमरेडहरू अमर सुवेदी, रामबाबु सुवेदी, प्रभात सुवेदीले चक्रतीर्थको अल्काटारमा शिक्षण पेशाका साथ कम्युनिस्ट पार्टीको प्रचारमा लाग्नुभएको थियो । सङ्गठनको प्रमुख जिम्मेवार पुष्पकमल सुवेदीले पश्चिम-दक्षिण सीमान्त क्षेत्रमा गर्नुभएको कम्युनिस्ट विचारको प्रचारले महत्वपूर्ण योगदान गर्‍यो । यसैगरी भोटेवडारमा भद्रकृष्ण सुवेदी, रामराज रेग्मी, कृष्ण आचार्य र प्रेमराज अधिकारीले शिक्षण पेशामा रहँदै कम्युनिस्ट विचारको प्रचार गर्नुभएको थियो । खुदीमा खगेन्द्र पूर्वेली, खगेन्द्र सङ्ग्रौला, देवी सुवेदी, पिताम्बर देवकोटा, खगेन्द्रजङ्ग गुरुङले कम्युनिस्ट विचार प्रचारको काम अघि बढाउनुभयो । बमबहादुर थापा त्यतिबेला विद्यार्थी क्षेत्रमा क्रियाशील हुनुहुन्थ्यो । कम्युनिस्ट विचारको प्रचार गरेकै कारण खगेन्द्र पूर्वेली र पिताम्बर देवकोटालाई खुदीबाट गिरफ्तार गरी पोखरा जेलमा तीन महिना बन्दी बनाई रिहा गरिएको थियो ।

०३४ सालमा केशवलाल श्रेष्ठको संयोजकत्वमा बैकुण्ठ गुरुङ, फणिन्द्र लोहनी, बाबुकृष्ण पाण्डे, राम बहादुर थापा, चित्रबहादुर कार्की आदि रहेको लमजुङ मुक्तिमोर्चा गठन भयो । त्यसैताका इश्वरीप्रसाद न्यौपाने सचिव, ऋषिराम पौडेल, युवराज पराजुली, देवी भट्टराई आदि रहेको चौम समूह देखिन्छ । ०३५/३६ को ऐतिहासिक जनआन्दोलनपश्चात् जिल्लामा अनेरास्ववियु तथा नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको गतिविधिमा तीव्रता भएको देखिन्छ । तत्कालीन अखिल (एकताको पाँचौ) मध्य लमजुङमा बढी केन्द्रित देखिन्छ भने छैटौँ चाहिँ चेपे किनार पूवतर्फ र पश्चिममा मादी किनारमा बढी क्रियाशील देखिन्छ । लमजुङ मुक्तिमोर्चाले ०३६ मंसिरमा आफूलाई तत्कालीन नेकपा (माले)सँग विलय गराएपछि सङ्गठित रूपमा माले र चौमको क्रियाशीलता बढ्यो । ०३६ पुस ११ गते पार्टीको दोस्रो वार्षिकोत्सवमा वामदेव गौतम (विमल)को उपस्थितिमा केशवलाल श्रेष्ठ, बैकुठ गुरुङ र रविकिरण अधिकारी रहनुभएको जिल्ला पार्टी सक्रिय दल नेकपा (माले) गठन भयो । ०३७ साल बैशाखमा केशवलाल श्रेष्ठ, फणिन्द्र लोहनी, ज्ञानबहादुर केसी रहनुभएको पार्टी सम्पर्क समिति गठन भयो । कात्तिकमा केशवलाल श्रेष्ठ, सीबी कार्की, केशर खत्री रहेको जिल्ला पार्टी सक्रिय दल बन्यो । यसरी नै क्रमशः ०३७ फागुन २७ मा वामदेव गौतमको उपस्थितिमा जिल्ला सङ्गठन कमिटी लमजुङ बन्यो, जसमा केशवलाल श्रेष्ठ सचिव, सुशील गुरुङ उपसचिव मोहन बोहरा, केशर खत्री, सीबी कार्की सदस्य रहनुभयो । ०३८ तिर आइपुग्दा चौमको जिल्ला कमिटी निकै ठूलो देखिन्छ, जसमा इश्वरीप्रसाद न्यौपाने, हृदयनिधि तिवारी, युवराज पराजुली, ऋषिराम पौडेल, झलकपाणि तिवारी, शिव बैरागी, पूर्णबहादुर गुरुङ आदि रहेका थिए । ०३८ को शिक्षक सङ्गठनको निर्वाचनमा चौम र मालेको समर्थनमा संयुक्त प्यानल थियो । उक्त निर्वाचनमा हृदयनिधि तिवारी अध्यक्ष र लक्ष्मी राई सचिवमा विजयी हुनुभएको थियो । त्यसबेला अखिल (छैटौं)ले सौभाग्योदय मावि अल्काटारमा पहिलो सम्मलेन गर्‍यो भने अखिल (पाँचौ)ले तार्कुघाटको अमलेडाँडामा पहिलो सम्मेलन गर्‍यो । चौम र माले समूहको क्रियाशीलताले विद्यार्थीहरूबीच अनेरास्ववियु, शिक्षकहरूबीच नेपाल राष्ट्रिय शिक्षक सङ्गठन क्रमशः लोकप्रिय बन्नपुगे । जनमत सङ्ग्रहपछि सुधारिएको भनिएको पञ्चायतको राष्ट्रिय पञ्चायतको चुनावमा तत्कालीन चौमको आह्वानमा निकै प्रभावकारी बहिस्कार भएको थियो । त्यसबेला गाउँ पञ्चायतको चुनावमा दूधपोखरी गाविसका चारवटा वडाहरू खाली गराइएको थियो । ०३६ देखि ०३९ सालसम्म वाम विद्यार्थी राजनीतिक गतिविधिहरूमा लमजुङ आउने तत्कालीन विद्यार्थी नेताहरू कैलाश कार्की, टङ्क कार्की, मित्रराज दवाडी, कोमल धिताल, बलराम बाँस्कोटा, देव गुरुङ आदिलाई देखिन्छ । यिनै विद्यार्थी नेताहरूले जिल्लाका विभिन्न ठाउँहरूमा आमसभाहरू सम्पन्न गरेका थिए, जसबाट कम्युनिस्ट विचार जनस्तरसम्म पुगेको थियो ।

०३९ साल साउनमा पश्चिम उत्तर क्षेत्रीय कमिटी, नेकपा (माले) को निर्देशनमा लमजुङ-गोरखा संयुक्त जिल्ला कमिटी विघटन गरी जिल्ला कमिटी लमजुङ पुनःगठन भयो । त्यस कमिटीमा महेन्द्रलाल श्रेष्ठ, टुका हमाल र काजी बस्नेत जिल्ला कमिटीमा थपिनुभयो । यही कमिटीको गठन पुनःगठन प्रक्रियामै ०४१ साल बैशाखमा टीका बस्नेत भूमिगत र पृथ्वी सुब्बा गुरुङ खुला रहने गरी जिल्ला कमिटीमा सामेल हुनुभयो । ०४० साल माघमा डीबी कार्की स्याङ्जाबाट लमजुङमा पूर्णकालीन भएर आउनुभयो र जिल्ला कमिटीमा सामेल हुनुभयो ।

पार्टीले शिक्षकहरूबीचको कामलाई व्यवस्थित गर्नका लागि क्रान्तिकारी शिक्षक भेला सम्पन्न गऱ्यो । ०४१ साल चैत २९ गते शिक्षक सङ्गठनको 'काठमाडौं जाऔं' आन्दोलनका बेला पृथ्वीसुब्बा गुरुङलाई गिरफ्तार गरी चरम यातना दिइयो । ०४१ सालको शिक्षक आन्दोलन अघि बढिरहेका बेला अगुवा शिक्षकहरूबाट आन्दोलनलाई धोका भयो । एसएलसी परीक्षा बहिस्कार गरेको शिक्षक आन्दोलनलाई छोड्दै परीक्षा सञ्चालन गर्न अगुवाई गर्ने तत्कालीन चौमका जिल्ला कमिटी सचिव इश्वरीप्रसाद न्यौपाने थिए । उनकै निर्देशनमा चौमको पार्टी सङ्गठनलाई प्रशासनले चरम दमन गऱ्यो र सङ्गठन छिन्नभिन्न पाऱ्यो । ०४२ सालको सुरुदेखि शिक्षक सङ्गठन र पार्टी परित्याग गरी शिक्षक सङ्गोष्ठीमा संलग्न हुनेहरूमा ईश्वरीप्रसाद न्यौपाने, रामकृष्ण न्यौपाने, देवी सुवेदी, देवी भट्टराई, गजेन्द्र खनाललाई प्रमुख रूपमा देखिन्छ । त्यसबेला हृदयनिधि तिवारी मावि शिक्षक सङ्गोष्ठीको अध्यक्ष र गजेन्द्र खनाल प्रावि सङ्गोष्ठीका अध्यक्ष भएको पाइन्छ । अर्कोतर्फ पृथ्वीसुब्बा गुरुङ शिक्षक सङ्गठनको अध्यक्ष बन्नुभयो । उहाँ ०४२ साल असारको बमकाण्डमा मुछिएर एक सय दिन प्रहरी हिरासत र सात महिना जेलमा बन्दी बनाइनुभयो ।

०४२ सालमा तत्कालीन मानन्धर समूहको कमिटीसमेत पूर्वी लमजुङमा देखापऱ्यो । त्यस कमिटीमा स्थानेश्वर दवाडी सचिव, यमप्रसाद न्यौपाने, धनञ्जय दवाडी, कृष्णलाल श्रेष्ठ सदस्य हुनुहुन्थ्यो । त्यसअघि ०४१ साल फागुन १२ गते नेपाल राष्ट्रिय विद्यार्थी फेडेरेशन लमजुङको प्रथम जिल्ला सम्मेलनले धनञ्जय दवाडीको अध्यक्षातामा नौ सदस्यीय जिल्ला कमिटी निर्माण गरेको थियो ।

लमजुङको बाम आन्दोलनको सन्दर्भमा ०४२ साल ठूलो धक्काको वर्ष थियो । स्थानेश्वर दवाडी जेठ २२ गते पोखरामा गिरफ्तार भई नौ महिना जेलमा बन्दी हुनुभयो भने बमबहादुर थापा, सीबी कार्की, केशरबहादुर खत्री, पटक-पटक गिरफ्तारमा पर्नुभयो । चौमका तत्कालीन सचिव इश्वरीप्रसाद न्यौपानेले प्रशासनसमक्ष आत्मसमर्पण मात्रै गरेनन् पार्टीका सम्पूर्ण दस्तावेज नै प्रमुख जिल्ला अधिकारीलाई बुझाए । त्यसआधारमा चौमको बहुल्यता भएका ठाउँहरूमा तीव्र दमन भयो । तत्कालीन चौममा विभाजन भई चौम र मशाल समूह निर्माण भएपछि त त्यसका गतिविधि क्रमशः साँघुरो बन्दै गए ।

०४३ सालमा जनपक्षीय उम्मेदवारका रूपमा नेकपा (माले)ले पृथ्वीसुब्बा गुरुङलाई राष्ट्रिय पञ्चायत सदस्यका लागि अगाडि साऱ्यो । स्थानीय निर्वाचन ०४४ सालमा जनपक्षीय उम्मेदवारका रूपमा बेशीसहरमा प्रधानपञ्चमा गुमानसिंह अर्याल र उपप्रधानपञ्चमा मोहन थापा विजय बन्नुभयो । यस्तै भोंजेमा रुकबहादुर गुरुङ र करापुमा कुलबहादुर गुरुङ पार्टीका तर्फबाट उपप्रधानपञ्चमा विजयी बन्नुभयो ।

०४३ साल भदौ ११ गते पृथ्वीसुब्बा गुरुङको अध्यक्षतामा जनपक्षीय मञ्च निर्माण भयो । ०३६ देखि ०४२ सालसम्म निरन्तर केशवलाल श्रेष्ठले लमजुङ जिल्लामा पार्टीको नेतृत्व गर्नुभयो । त्यसपछि महेन्द्रलाल श्रेष्ठ, धर्मदत्त देवकोटा र शारदा सुवेदीले पञ्चायतकालमा सचिवको जिम्मेवारी पूरा गर्नुभयो । ०४३/४४ को निर्वाचनका बेला महेन्द्रलाल श्रेष्ठ सचिव हुनुहुन्थ्यो भने ०४५/४६ को जनआन्दोलनका बेला शारदा सुवेदी सचिव हुनुहुन्थ्यो । दीपा बस्नेत ०४४ सालतिर बाहिर जिल्लाबाट लमजुङमा पूर्णकालीन भई आउनुभयो भने अगाडि पूर्णकालीन भई काम गरिरहनुभएका टुका हमाल, काजी बस्नेत, सुशील गुरुङ आदि जिल्ला बाहिर जानुभयो । ०४४/४५ सालमा भारतद्वारा गरिएको नाकाबन्दीका विरुद्ध सङ्घर्ष सञ्चालन गर्न तत्कालीन नेकपा (माले)ले पृथ्वीसुब्बा गुरुङको नेतृत्वमा जिल्ला सङ्घर्ष समिति बनाएर सङ्घर्ष सञ्चालन गरेको थियो । पृथ्वीसुब्बा गुरुङको नेतृत्वमा बनेको जनपक्षीय मञ्चलाई ०४४ पछि प्रराममञ्चमा परिणत गरियो त्यसको संयोजक पनि उहाँ नै हुनुहुन्थ्यो । ०४१ साल असोजमा तत्कालीन मालेले प्रतिरोधी दस्ता गठन र त्यसलाई तालिम दिने कामसमेत गरेको थियो । त्यो प्रतिरोधी दस्ताले एउटा 'राजनीतिक एक्सन' पनि गरेको थियो । उक्त प्रतिरोधी दस्तामा रणध्वज गुरुङ (झुमे)-गिलुङछाप, टीकाराम गुरुङ (हिमाली)-गिलुङ टक्सार, बमबहादुर सुवेदी (प्रभात)-गोर्जे, मनराज राना (तारा)-घाम्राङवेशी हुनुहुन्थ्यो । त्यस दस्ताको राजनीतिक कमिसार पृथ्वीसुब्बा गुरुङ (दिलिप) हुनुहुन्थ्यो । त्यस अवधिमा अनेरास्ववियुको जिल्ला सम्मेलनहरू चिती, गिलुङ, सुन्दर बजारमा सम्पन्न भएका थिए । किसान र महिलाका जिल्ला समितिहरू पनि त्यतिबेला क्रियाशील थिए । अनेरास्ववियुमा काजी बस्नेत अध्यक्ष, टुका हमाल सचिव भएको बेला राम्रो काम भएको थियो । पञ्चायत कालको पछिल्लो समयमा सारिङलाई केन्द्र बनाएर भोटेवडार, सारिङ, चिती र नाल्मामा आरन हड्ताल भएको थियो । गिलुङको टक्सारमा हली हड्ताल र भोंजेको मपिङ र घाम्राङमा भएको कृषि मजदुरहरूको ज्याला बढाउने हड्ताल विशेष उल्लेखनीय छ । नेकपा (माले)को भूमिगत कालमा भोटेबडार र श्रीभञ्ज्याङमा लामो समय जिल्ला हेडक्वाटर सञ्चालन भएको थियो । अनेरास्ववियुको तेस्रो जिल्ला सम्मेलन भोटेबडारमा सम्पन्न भएपछि सुष्मा श्रेष्ठ (तार्कुघाट)लाई पुलिसले वारेन्ट काटेको थियो । उहाँलाई सुरक्षित ढङ्गले जिल्ला ल्याउने र काममा क्रियाशील गराउने उद्देश्यले केशवलाल श्रेष्ठ र टुका हमाल बन्दीपुर जाँदै गर्दा पउदीढिकबाट प्रहरीले केशवलाललाई गिरफ्तार गऱ्यो । उहाँको झोलामा पार्टीका दस्तावेजहरू थिए । ती दस्तावेजहरू तुरुन्तै टुकाले लिनुभयो र सुरक्षित गर्नुभयो । केशवलाललाई पक्रेर तार्कुघाट चौकीमा राखियो । त्यहाँबाट उहाँलाई वेशीसहर लाने क्रममा टुका हमालको नेतृत्वमा भोटेबडारबाट सुशील गुरुङ, महेन्द्रलाल श्रेष्ठ, शिव श्रेष्ठ र काजी बस्नेतसहितको टोलीले फलियासाघुँ नजिकको जङ्गलमा प्रहरीबाट खोसेर छुटाउने काममा सफलता प्राप्त गऱ्यो ।

लमजुङमा नेकपा (माले)को भूमिगत पूर्णकालीन भएर जिल्लाभित्र क्रियाशील हुने कमरेडहरूमा केशवलाल श्रेष्ठ (तार्कुघाट), महेन्द्रलाल श्रेष्ठ (भोटेवडार), टुका हमाल (श्रीभञ्ज्याङ), डीबी कार्की (स्याङ्जा), दीपा गुरुङ, सुशील गुरुङ, मोहन बोहरा (चण्डीस्थान), टीका बस्नेत (बेशिसहर), रामप्रसाद (सेतीबेंशी तनहुँ), काजी बस्नेत (विराटनगर), आनन्द सुवेदी (भाचोक कास्की), धर्मदत्त देवकोटा (स्याङ्जा), शारदाप्रसाद सुवेदी (कास्की) आदि हुनुहुन्थ्यो । रामचन्द्र बोहरा (चण्डीस्थान)ले विद्यार्थी क्षेत्रमा पूर्णकालीन भएर काम गर्नुभएको थियो ।

०४६ सालको आन्दोलनका बेला यस जिल्लाका पार्टी जिल्ला सचिव शारदाप्रसाद सुवेदीलाई कास्की काजमा लगिएकाले पार्टीको अवस्था निकै कमजोर थियो । तर, आन्दोलनको संयोजनको निम्ति पृथ्वीसुब्बा गुरुङको संयोजकत्वमा जिल्ला सङ्घर्ष

समिति गठन भएको थियो। त्यसमा यसअघिका प्रगतिमञ्चका कार्यकर्ताहरू नै त्यसमा सामेल थिए। आन्दोलनका बेला 'पोस्टरिङ/पम्प्लेटिङ' गर्ने र कालो झन्डा गाड्नेजस्ता प्रचारात्मक कामहरू नै बढी भएका थिए।

बहुदलको घोषणापछि पूर्व मालेको पार्टी प्रचार-प्रसारका लागि पृथ्वीसुब्बा गुरुङ, गुमानसिं अर्याल, डीबी कार्कीहरू जिल्लाभरि काङ्ग्रेस र वाममोर्चाको संयुक्त सभाहरूमा सम्बोधन गर्दै हिंड्नुभयो। पार्टी कामको विस्तारका लागि ०४७ असारमा केशवलाल श्रेष्ठ सचिव भई लमजुङ कार्यक्षेत्रमा आउनुभयो। ०४७ पुसमा माले र मार्क्सवादीबीच एकीकरण भएपछि लमजुङमा मार्क्सवादी घटक नरहेकाले पूर्व मालेको जिल्ला सङ्गठन कमिटी नै विस्तार गरियो। उक्त कमिटीमा केशवलाल श्रेष्ठ सचिव, महेन्द्रलाल श्रेष्ठ उपसचिव, सदस्यहरूमा पृथ्वीसुब्बा गुरुङ, डीबी कार्की, बालकृष्ण बराल, सीबी कार्की, फूलबहादुर थापा, बमबहादुर थापा, आनन्द सुवेदी, दीपा बस्नेत, गुमानसिं अर्याल हुनुहुन्थ्यो। साथै देवीदास पौडेल र पृथ्वीमान घले वैकल्पिक सदस्य रहनुभयो। यही कमिटीलाई पुनःगठन गरी ०४८ मा लमजुङ मनाङ संयुक्त जिल्ला कमिटी बनाइयो। जसमा मायानाथ अधिकारी र मोहन बोहरालाई थप गरियो। यस कमिटीमा थपिनुभएका मायानाथ अधिकारी बागमती अञ्चलबाट र मोहन बोहरा थप तनहूँबाट सरुवा भई आउनुभएको थियो। पछि ०४८ असोजमा लमजुङ मनाङ संयुक्त जिल्ला सङ्गठन कमिटी विघटन गरी केशवलाल श्रेष्ठ सचिव रहनुभएको प्रथम जिल्ला अधिवेशन आयोजक कमिटी बन्यो। तर, उहाँ भारत प्रवास सरुवा हुनुभएकाले पछि मायानाथ अधिकारी प्रथम जिल्ला अधिवेशन आयोजक कमिटीको संयोजक हुनुभयो।

पूर्व चोमको विभाजनबाट मसाल र चौम समूह हुदाँ लमजुङको नेतृत्व मसाल समूहको पक्षमा थियो। पुनः विभाजन भई मसाल र मसाल हुदाँ मसालको पक्षमा नै देखापरेको थियो। मसाल समूह र व्यक्तिगत रूपमा चौमसँग रहेकाहरूबीच एकता भई एकता केन्द्रको देव गुरुङको नेतृत्वमा ऋषि पौडेल, युवराज पराजुली, राममणि भट्टराई, एकबहादुर सुनार, गोबर्धन गौली रहेको कमिटी देखापर्छ। त्यसैबेला संयुक्त जनमोर्चा नेपालको अध्यक्षका रूपमा देव गुरुङ रहेको कमिटी थियो। उहाँले ०४८ सालमा क्षेत्र नम्बर-१ बाट सांसदका लागि उम्मेदवारी दिनुभयो। उहाँपछि सुरेन्द्र बोहरा अध्यक्ष बन्नुभयो। उहाँ नेकपा (एमाले)मा प्रवेश गरेपछि युवाराज पराजुली अध्यक्ष रहनुभएको कमिटी निर्माण भयो। त्यसपछि संयुक्त जनमोर्चा भूमिगत रह्यो।

एकता केन्द्रका रूपमा सङ्गठित पार्टीमा विभाजन भई एकता केन्द्र र माओवादी समूह बनेपछि लमजुङमा माओवादी पक्षमा पार्टी क्रियाशील देखिन्छ। बहुदल प्राप्तिपछि ०४८ सालसम्म यस जिल्लामा कमिटीगत रहेको नेकपा मानन्धर समूहका स्थानेश्वर दवाडीहरू नेपाली काङ्ग्रेसमा प्रवेश गरे भने धनञ्जय दवाडी, कृष्णचन्द्र दवाडी, कृष्णलाल श्रेष्ठहरू एमालेमा प्रवेश गरे। यसरी यो पाटी लमजुङमा समाप्तजस्तै भयो।

आम निर्वाचन ०४८ मा वाम तालमेलका रूपमा क्षेत्र नम्बर-१ मा संयुक्त जनमोर्चाका देव गुरुङ र क्षेत्र नम्बर-२ मा नेकपा (एमाले) का पृथ्वीसुब्बा गुरुङ उम्मेदवार हुनुहुन्थ्यो। उहाँहरूले क्रमशः १०,०५० र १२,८२४ मत प्राप्त गरे पनि दुवै क्षेत्रमा पराजित हुनुपर्‍यो। स्थानीय निर्वाचन ०४९ मा एमालेको जम्मा नौ जना अध्यक्ष, नौ जना उपाध्यक्ष र १ सय ११ जना सदस्यमा विजयी हुनुभयो। संयुक्त जनमोर्चाले दुई अध्यक्ष, तीन उपाध्यक्ष र ३६ जना सदस्यमा विजय प्राप्त गर्‍यो। यसरी एमालेले कुल मत सङ्ख्याको १९ दशमलब ३९ प्रतिशत र संयुक्त जनमोर्चाले ६ दशमलब १४ प्रतिशत मत प्राप्त गरेको देखिन्छ। मध्यावधि ०५१ र आमनिर्वाचन ०५६ मा यो निर्वाचन संयुक्त जनमोर्चाले बहिस्कार गरेको थियो। दुवै क्षेत्रबाट एमालेले उम्मेदवारी दिएको थियो। ०५१ को निर्वाचनमा क्षेत्र नम्बर-१ का उम्मेदवार केशवलाल श्रेष्ठ झण्डै तीन हजार मतले र निर्वाचन क्षेत्र नम्बर-२ मा पृथ्वीसुब्बा गुरुङ १ हजार ५ सय मतले पराजित हुनुभयो। आमनिर्वाचन ०५६ मा क्षेत्र नम्बर-१ मा मायानाथ अधिकारी २ हजार २ सय मतले र क्षेत्र नम्बर-२ मा पृथ्वीसुब्बा गुरुङ ३ सय २७ मतले मात्रै पराजित हुनुभयो। विभाजन भएर नेकपा (माले) को पनि बेग्लै उम्मेदवारी रहेका कारण यसले पराजय भोग्नुपरेको थियो।

स्थानीय निर्वाचन ०५४ मा नेकपा (एमाले) ले ३१ गाविस अध्यक्ष र ३५ उपाध्यक्ष पदमा जनप्रतिनिधि विजयी बनाएको थियो। सभापतिसहित बहुमतको जिल्ला विकास समितिसमेत गठन गर्ने सफलता प्राप्त भएको थियो र जमिन्द्रमान घले जिविस सभापति रहनुभएको थियो।

## प्रथम जिल्ला अधिवेशन

०४८ साल फागुन ९, १० र ११ गते लमजुङमा नेकपा (एमाले)को प्रथम जिल्ला अधिवेशन सम्पन्न भयो। जसमा प्रमुख अतिथि तत्कालीन पार्टी महासचिव मदन भण्डारी हुनुहुन्थ्यो भने अन्य अतिथिहरूमा सङ्गठन विभागका प्रमुख जीवराज अश्रित, सदस्यहरू काशीनाथ अधिकारी, वाचस्पति देवकोटा, त्रिलोचन ढकाल र अञ्चल कमिटीका सदस्यहरू खगराज अधिकारी, केशवलाल श्रेष्ठ, शारदाप्रसाद सुवेदी आदि हुनुहन्थ्यो। अधिवेशनले पृथ्वीसुब्बा गुरुङ सचिव रहनुभएको जिल्ला कमिटी चयन गर्‍यो।

उक्त कमिटीको उपसचिव मायानाथ अधिकारी तथा सदस्यहरूमा आनन्दप्रसाद सुवेदी, इजन बराल, गुमानसिं अर्याल, चित्रबहादुर कार्की, डीबी कार्की, पृथ्वीमान घले, फूलबहादुर थापा, बमबहादुर थापा, वालकृष्ण बराल, महेन्द्रलाल श्रेष्ठ र सूर्यबहादुर कुँवर हुनुहुन्थ्यो।

## दोस्रो जिल्ला अधिवेशन

पार्टीको दोस्रो जिल्ला अधिवेशनको ०५१ साल वैशाखमा तत्कालीन पार्टी अध्यक्ष मनमोहन अधिकारीले उद्घाटन गर्नुभयो। अन्य अतिथिहरूमा केन्द्रीय कमिटीका सदस्यहरू वाचस्पति देवकोटा, किरण गुरुङ आदि हुनुहुन्थ्यो। अधिवेशनले पृथ्वीसुब्बा गुरुङ सचिव रहनुभएको जिल्ला कमिटी चयन गर्‍यो।

कमिटीका उपसचिव मायानाथ अधिकारी र सदस्यहरू महेन्द्रलाल श्रेष्ठ, जमिन्द्रमान घले, बालकृष्ण बराल, गुमानसिं अर्याल, सोमराज घिमिरे, केशरबहादुर खत्री, चित्रबहादुर कार्की, तिलकराज पाण्डे, योगेन्द्रनारायण शाह, कुलबहादुर गुरुङ, बमबहादुर थापा, फूलबहादुर थापा, सतनबहादुर गुरुङ, रामहरि दवाडी र डीबी कार्की रहनुभएको थियो।

### तेस्रो जिल्ला अधिवेशन

पार्टीको तेस्रो जिल्ला अधिवेशन ०५५ माघ ८, ९ र १० गते सम्पन्न भयो, जसको उद्घाटन स्थायी कमिटीका सदस्य केपी शर्मा ओलीले गर्नुभयो । काशीनाथ अधिकारी, पृथ्वीसुब्बा गुरुङ, र अञ्चल सदस्य टुकराज सिग्देल उक्त अवसरमा अतिथि हुनुहुन्थ्यो । अधिवेशनले मायानाथ अधिकारी सचिव रहेको जिल्ला कमिटी चयन गऱ्यो ।

उक्त कमिटीमा उपसचिव जमिन्द्रमान घले र सदस्यहरू पृथ्वीमान घले, ऋषिकेश घिमिरे, कुलबहादुर गुरुङ, गोपालकृष्ण अधिकारी, टुका हमाल, तिलकराज पाण्डे, धनञ्जय दवाडी, निर्मल अधिकारी, प्रेमबहादुर घले, बुद्धिसागर बराल, भूमिराज पौडेल, भोजबहादुर गुरुङ, राजकुमार श्रेष्ठ, सोमराज घिमिरे र हृदयनिधि तिवारी  चयन हुनुभयो ।

### चौथो जिल्ला अधिवेशन

०५८ माघ १४ र १५ गते स्थायी कमिटी सदस्य युवराज ज्ञवालीले चौथो जिल्ला अधिवेशनको उद्घाटन गर्नुभयो । सो अवसरमा केन्द्रीय सदस्यहरू काशीनाथ अधिकारी र पृथ्वीसुब्बा गुरुङ हुनुहुन्थ्यो । अधिवेशनले मायानाथ अधिकारी सचिव रहेको जिल्ला कमिटी चयन गऱ्यो ।

नयाँ कमिटीमा उपसचिव जमिन्द्रमान घले र सदस्यहरू तिलकराज पाण्डे, योगेन्द्रनारायण शाह, हृदयनिधि तिवारी, युवराज अधिकारी, राजकुमार विष्ट, टुका हमाल, सोमराज घिमिरे, प्रेमबहादुर घले, लिलाधर सापकोटा, राजकुमार श्रेष्ठ, भूमिराज पौडेल, पृथ्वीमान घले, फूलबहादुर थापा, धनञ्जय दवाडी, ऋषिकेश घिमिरे, कुलबहादुर गुरुङ र भोजबहादुर गुरुङ छानिनुभयो ।

### पाँचौ जिल्ला अधिवेशन

०६२ साल साउन २८ र २९ गते स्थायी कमिटी सदस्य वामदेव गौतमले पाँचौ जिल्ला अधिवेशन उद्घाटन गर्नुभयो । केन्द्रीय सदस्यहरू त्रिलोचन ढकाल, पृथ्वीसुब्बा गुरुङ र अञ्चल कमिटी सचिव खगराज अधिकारी र सदस्य टुका हमाल अतिथि हुनुहुन्थ्यो । अधिवेशनले मायानाथ सचिव रहेको जिल्ला कमिटी चयन गऱ्यो ।

जसको उपसचिवमा जमिन्द्रमान घले र सदस्यहरू महेन्द्रलाल श्रेष्ठ, हृदयनिधि तिवारी फूलबहादुर थापा, बमबहादुर थापा, कृष्णप्रसाद अधिकारी, शुभाष पौडेल, प्रेमबहादुर घले, लिलाधर सापकोटा, राजकुमार श्रेष्ठ, श्रीभद्र रेग्मी, कुलबहादुर गुरुङ, भोजबहादुर गुरुङ, राजकुमार विष्ट, लोकतारा घिमिरे, धनञ्जय दवाडी, सिंहबहादुर थापा, कमला अधिकारी, विष्णुमाया राना र रामबहादुर विक रहनुभएको थियो ।

बहुदल प्राप्तिपछि ०४८/४९ मा काङ्ग्रेसी सर्वसत्तावाद विरोधी सङ्घर्ष, ०५० सालमा दासढुङ्गा हत्याकान्डविरोधी आन्दोलन, ०५३ मा सङ्गठन सुदृढीकरण अभियान, २०५४ मा भएको पार्टी विभाजनका विरुद्ध गरिएको राजनैतिक वैचारिक सङ्घर्ष, ०५७/५८ मा मदन-आश्रित स्मृति भवन निर्माणको निम्ति चन्दा सङ्कलन अभियान र भवन निर्माण, माओवादी हिंसात्मक आन्दोलनविरुद्ध वैचारिक सङ्घर्ष, ०५९ देखि प्रतिगमनविरोधी आन्दोलन, ०६० को शान्ति र प्रजातन्त्रका लागि जनअभियान, ०६१ मा संयुक्त जनआन्दोलनको तयारी र ०६२/६३ मा भएको सयुंक्त जनआन्दोलनको नेतृत्व यस अवधिमा पार्टीले गरेका उल्लेखनीय कामहरू थिए । संविधानसभाको निर्वाचन-०६४ मा क्षेत्र नं. १ बाट मायानाथ अधिकारी र २ बाट पृथ्वीसुब्बा गुरुङ पार्टीका उम्मेदवार रहनुभएकोमा क्षेत्र नं. २ मा छ हजार मतको अन्तरले गुरुङ विजयी हुनुभयो ।

### छैटौं जिल्ला अधिवेशन

०६६ साल कात्तिक २० र २१ गते महासचिव ईश्वर पोखरेलले पार्टीको छैटौं जिल्ला अधिवेशन उद्घाटन गर्नुभयो । केन्द्रीय कमिटीका सदस्यहरू पृथ्वीसुब्बा गुरुङ, खगराज अधिकारी, टुका हमाल, टुकराज सिग्देल, चुडामणि जङ्गली र जगत विश्वकर्मा उक्त अवसरमा अतिथि हुनुहुन्थ्यो । अधिवेशनले जमिन्द्रमान घलेको नेतृत्वमा मजदुर र मुस्लिमका निम्ति रिक्त दुई पदसहित ३६ सदस्यीय जिल्ला कमिटी चयन गऱ्योद्द । जसमा उपाध्यक्ष गुमानसिंह अर्याल, सचिव कृष्णप्रसाद अधिकारी र उपसचिव भीम गुरुङ र सदस्यहरू प्रेमबहादुर घले, सुभाष पौडेल, राजकुमार श्रेष्ठ, भोजबहादुर गुरुङ, जीवराज घले, कमला अधिकारी, यशोधा रिमाल, लक्ष्मी अधिकारी, रामचन्द्र बूढाप्रिथीं, राजेन्द्र बोहरा, लिलाधर सापकोटा, प्रतिभा सापकोटा, विष्णुमाया राना, रामकुमारी न्यौपाने, लोकराज पाण्डे, लोका अधिकारी, लोकतारा घिमिरे, जितबहादुर गुरुङ, केशर खत्री, रवीन विश्वकर्मा, धर्मराज श्रेष्ठ, दामोदर घिमिरे, आमबहादुर न्यौपाने, बलराम गुरुङ, कृष्णप्रसाद पौडेल, जनराज मिश्र, सरस्वती गुरुङ, विष्णु विक, बमबहादुर थापा र नन्दराम विश्वकर्मा छानिनुभयो ।

यसैबीच, क्षेत्र नम्बर-१ बाट मायानाथ अधिकारी र क्षेत्र नम्बर-२ बाट प्रेमबहादुर घले नेकपा (एमाले)को राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यमा निर्विरोध निर्वाचित हुनुभएको छ ।

लमजुङ जिल्लामा ०५८ सालमा नेपाली काङ्ग्रेसको सरकार भएका बेला भष्ट्रचारविरोधी आन्दोलनमा सक्रियतापूर्वक लाग्दा हत्या गरिनुभएका खुदी गाविसका तत्कालीन अध्यक्ष सुकमान गुरुङ, ०४९ सालमा नेपाली काङ्ग्रेसका कार्यकर्ताद्वारा हत्या गरिएका भार्त्ते गाविस वडा नम्बर-८ का वडा अध्यक्षका उम्मेदवार कृष्णप्रसाद अधिकारी, राज्यद्वारा माओवादीको आरोपमा हत्या गरिएका सिमपानी गाविसका हाम्रो पार्टीका तत्कालीन जिल्ला परिषद् सदस्य तेजबहादुर भण्डारी, माओवादीद्वारा हत्या गरिएका जिल्ला कमिटी सचिवालयमा सदस्य एवम् परेवाडाँडा गाविस तत्कालीन अध्यक्ष तिलक पाण्डे, इलमपोखरी गाउँ पार्टी सक्रिय दलका सदस्य मनबहादुर तामाङलाई जिल्ला पार्टीले सहिद घोषणा गरी सम्मान गरेको छ । उहाँहरूको लक्ष्य पूरा गर्नका निम्ति नेकपा (एमाले)का हामी सबै नेता-कार्यकर्ताहरू सक्रियतापूर्वक निरन्तर काममा लाग्नु अपरिहार्य छ । ❒

# कृष्ण खनाल

# अध्यक्ष, नेकपा (एमाले) चितवन

नेपालको एउटा महत्वपूर्ण जिल्ला, जो सबै हिसाबले सचेत, सबल र समृद्ध छ । राजनीतिक क्षेत्रमा होस् वा आर्थिक या धार्मिक र पर्यटकीय गन्तव्यका हिसाबले समेत देशकै मुटु हो- चितवन । परिवर्तनकामी हरेक आन्दोलनहरूमा चितवनले सधैं अग्रणी योगदान पु¥याएको छ । त्यही जागरुक र सचेत समुदायबीच हाल नेकपा (एमाले)को नेतृत्व सम्हालिरहनु भएको छ- कमरेड कृष्ण खनालले ।

नेकपा (एमाले)ले आठौं महाधिवेशनदेखि प्रत्यक्ष लोकतान्त्रीकरणको अभ्यासलाई संस्थागत रूपमा अवलम्वन गरेपछि भएको जिल्ला अधिवेशनमा उहाँ पार्टीको जिल्ला नेतृत्वमा मुख्य पदमा निर्वाचित हुनुभएको थियो । कम्युनिस्ट आन्दोलनभित्रका कष्टसाध्य दिन र चुनौतीहरू ब्यहोर्दै आफ्नो समयदेखि पार्टीमा सक्रिय योगदान गर्दै आउनुभएका उहाँ चितवनबासीहरूमाझ प्रिय नेताका रूपमा स्थापित हुनुहुन्छ ।

दासढुङ्गा, देवघाट हुँदै गन्तव्यतिर लम्किरहेको नारायणी नदीको तिरमा अवस्थित चितवन नेपाली कम्युनिस्ट आन्दोलनका लागि समेत एक महत्वपूर्ण जिल्ला हो । मदन-आश्रितको रहस्यपूर्ण तरिकाले हत्या चितवनकै दासढुंगामा भएको विदितै छ । तीन दशकअघि खनालसँग एउटै कोठामा तीनवर्षसम्म 'सेल्टर'मा रहनुभएका जननेता मदन भण्डारीको हत्याले चितवनका तमाम नेताकार्यकर्ता र जनसमुदायहरू मर्माहत हुनु स्वाभाविकै थियो । अझ उहाँले त पञ्चायती कालरात्रिमा मदन कमरेडसँग एउटै कोठामा रही-बसी हुर्केको कारणले बढी पीडाबोध गर्नुभयो ।

पहाडमा भन्दा बढी सुख, सुविधाको खोजीमा छिमेकी जिल्ला गोरखाबाट चितवन झरेको हो उहाँको परिवार । गोरखाको सदरमुकामनजिकै बुङकोट-४ मा ०१८ साल वैशाख १५ गते जन्मिनुभएका उहाँ सावित्री र मधुभक्त खनालका जेठो सन्तान हुनुहुन्छ । ०४३ सालदेखि उहाँको परिवारले चितवनको पिठुवा-३ मा घरजम गर्दै आएको हो । ०३४ सालमा काठमाडौं छिर्नुभएका उहाँलाई नेपाल बैङ्क लिमिटेड, कीर्तिपुरमा सराफी (गणक) पदमा जागीरअघिसम्म राजनीतिको 'र' पनि थिएन । तर, त्यहीं कार्यरत रहँदा कार्यालय सहायक पदमा कार्यरत धर्मवीर निरौलाको सङ्गतले उहाँलाई पछि नेकपा (माले)को राजनीतिक सम्पर्कमा पु¥यायो । त्यसबेला निरौला राजनीतिक कुरा र उहाँले दिएको 'झिसमिसे', 'सङ्कल्प' आदि पत्रिकाहरूले खनाललाई राजनीतिप्रति चासो बढाउन प्रेरित गरेका थिए । उहाँलाई त्यसबेला पार्टीलाई 'बेइजिङ रिभ्यु' किनेर दिनुपर्ने लेबी तोकिएको थियो । निरौलालाई विशेष सम्पर्कमा उहाँ बनेपासम्म प्रगतिशील पुस्तकहरू लिन पुग्नुभएको थियो । र, त्यसक्रममा साँगा भञ्ज्याङमा प्रहरीले लखेटेको घटना उहाँको दिमागमा अविस्मरणीय नै रहेको छ । हर्षमोहन उपाध्याय भन्ने व्यक्तिले उहाँलाई बैङ्कमा नियुक्त गरेका थिए- मासिक १ सय रुपियाँ उनैलाई दिनुपर्ने र घरमा भात पकाइदिनुपर्ने शर्तमा । तर, कम्युनिस्ट पार्टीको सम्पर्कसँगै खनालले विद्रोह गर्नुभयो र हाकिमको घरमा भात पकाउन छाडिदिनुभयो ।

बैङ्कमा जागिर गर्ने सिलसिलामा त्यसपछि उहाँ मोरङको उर्लाबारी सरुवा हुनुभयो । 'केशवकुमार' लेखिएको पत्र थमाइदिए र त्यो पत्र लिन एक महिनापछि बम योञ्जन भन्ने व्यक्ति उहाँको कोठामा आए । अनि, उहाँ मोरङ पार्टीको सम्पर्कमा रहनुभयो । त्यहाँ रकम चेम्जोङ सचिव तथा घनश्याम भण्डारी र उहाँ सदस्य रहेको सक्रिय दल रहेको थियो । ०३७ सालतिर विराटनगरमा सम्पन्न प्रगतिशील लेखक कलाकार सङ्घको सम्मेलनमा उहाँ प्रतिनधिसमेत रहनुभयो । यसरी पार्टीमा सक्रिय हुनुभएका उहाँको नेतृत्वमा विराटनगरमा रहँदा तिहारमा पार्टीले भैलोसमेत खेलेको थियो । 'त्यसपछि त बैङ्कमा मलाई कम्युनिस्ट रहेछ भनेर सबै कर्मचारीहरूले थाहा पाए', उहाँ सम्झिनुहुन्छ ।

मोरङमा छँदा उहाँको पार्टी नेताहरूसँग सम्पर्क बढ्दै थियो । पछि त उहाँ बस्ने कोठा नै पार्टीका नेताहरू भूमिगत बस्ने महत्वपूर्ण 'सेल्टर'का रूपमा प्रयोग हुनपुग्यो । ताप्लेजुङ हाङदेवाका पारसमणि खतिवडाले एकजना खतरनाक नक्सलाइटसँग भेटाउने भनी उहाँको देवी बरालसँग सम्पर्क गराएका थिए । पछि बरालले उहाँको कोठामा मदन भण्डारी, घनश्याम भण्डारी र एकजना शिक्षक लिएर आउनुभयो । त्यतिबेला 'सागर'का नामले चिनिनुहुने जननेता मदन भण्डारी पार्टीको त्यतिबेलै केन्द्रीय सदस्य रहेको शङ्का उहाँले शान्ति क्षेत्र प्रस्तावसम्बन्धी दस्तावेज र पार्टीका निर्णय सफा अक्षरमा सार्नेक्रममा गर्नुभएको थियो । तर, उहाँ नै मदन भण्डारी रहनुभएको तथ्य पछि प्रवक्ताका रूपमा सार्वजनिक भएपछि मात्र उहाँलाई जानकारी भयो ।

मदनसँगै बस्दा उहाँबीचका थुप्रै रमाइला क्षण रहेका छन् । एकदिन उर्लाबारीमा शुक्रबारे हाट थियो, त्यहाँबाट खनालले एक किलो सुँगुरको मासु किनेर ल्याउनुभयो । 'कम्युनिस्ट भएपछि सुँगुरको मासु पनि खानुपर्छ' भनेर कट्टर पण्डितका छोरा भईकन उहाँले कोठामा ल्याएर सुँगुरको मासु पकाउनुभयो र खानुभयो । त्यस दिन राती नौ बजेतिर कमरेड सागर आउनुभयो । सागरलाई मासुभात खान दिनेक्रममा उहाँले सोध्नुभयो, 'मासु कसरी पकाउनुभयो त ?' उहाँले खसी-कुखुराको मासु जसरी पकाइन्छ, त्यसरी नै पकाएँ' भन्ने जवाफ दिनुभयो । अनि मदनले सिकाउनुभयो, 'सुँगुरको मासु त तातो पानीमा बेस्सरी उमालेर सफा गरी पकाएर खानुपर्छ । त्यसरी नपकाएको भए पनि मैले आज खान्छु । तर मन चंगा पारेर होइन' मदनले भन्नुभयो । त्यस दिनदेखि मेरो सुँगुरको मासुप्रति पनि मन भएन ।' र, सुँगुरको मासु खान छाडें', उहाँले रमाइलो मान्दै भन्नुभयो । उहाँ पटकपटक मदनको घरमा पनि पुग्नुभएको छ । साथै, कैयौंपटक चिठ्ठी लिएर विराटनगरमा लब प्रधान 'मित्र'लाई दिन पुग्नुभएको छ र कमरेड भरतमोहन अधिकारीलाई पहिलोपटक त्यहीं देख्नुभएको थियो ।

उहाँको कोठामा एउटा पार्टीले प्रयोग गर्ने बाकस थियो, जसको साँचो एउटा उहाँ र अर्को मदनसँग रहन्थ्यो । 'त्यो बाकस मैले कहिल्यै खोलिनँ', उहाँले कुराकानीका क्रममा भन्नुभयो । ०३६ कात्तिकदेखि ०३८ सालसम्म उहाँ उर्लाबारीमा रहनुभयो । त्यसैबेला दमकमा क्याम्पस खुल्यो र उहाँले पढन थालेर आईकमसम्मको अध्ययन त्यहींबाट पूरा गर्नुभयो । दमकमै रहँदा ०३८ सालमा उहाँ अनेरास्ववियु (एकताको पाँचौं)को सदस्यता पाउनुभयो । इन्द्र बुढाथोकीले उहाँलाई अखिलको सदस्य बनाउनुभएको थियो ।

०३९ को असोजमा उहाँको सरुवा चितवनमा भयो । त्यसबेला चितवनको पार्टी सचिव केदार न्यौपाने हुनुहुन्थ्यो । अनेकिसङ्घका केन्द्रीय सदस्य भीम सुवेदीले चितवनमा आएपछि उहाँलाई पार्टी सम्पर्क दिनुभयो । उहाँले पार्टीकै निर्देशनमा 'खरदारको घर'का रूपमा चिनिने एउटा घरमा डेरा लिनुभयो, जुन चितवनमा भूमिगत पार्टी नेताहरूको 'सेल्टर' बन्यो । दिनभरि साइकल चढेर सङ्गठन गर्दै हिँड्ने केदार न्यौपाने साँझ त्यही कोठामा पुग्नुहुन्थ्यो । पछि केदारको बिहे पनि त्यहींबाट भयो । त्यसबेला नारायणीमा पार्टीको अञ्चल इन्चार्ज 'कमरेड शरद' अर्थात् मुकुन्द न्यौपाने रहनुभएको थियो ।

पार्टीको सदस्यता उहाँले ०४० मा प्राप्त गर्नुभयो । कमरेड काशीनाथ अधिकारीको व्यवस्थापनमा भएको कार्यक्रममा खनालसँगै रणध्वज कन्दङ्वा, बोधनाथ दवाडी र रामपुर क्याम्पस पढ्ने श्रेष्ठ थरका एक विद्यार्थीले पार्टी सदस्यता प्राप्त गर्नुभयो । असोज २ गते मेघौली गाविसको लेवरनगरस्थित हरि कोइरालाको घरमा भएको उक्त कार्यक्रममा केदार न्यौपानेले उहाँहरूलाई सदस्यता दिनुभयो । लगत्तै उहाँ जिल्ला कमिटी सदस्य हुनुभयो । ०४२ सालसम्म उहाँले २ वर्ष चितवनमै भूमिगत राजनीति गर्नुभयो । त्यसक्रममा बैङ्कको जागिर अलपत्र जस्तै भएको थियो । तर, त्यसैबीचमा उहाँलाई मिर्गौलाको समस्या देखापर्‍यो । पाटन अस्पतालमा डा. जगदेशलाल वैद्यले अप्रेशन गरेपछि उहाँ निको हुनुभयो । र, त्यही मेडिकल सर्टिफिकेट देखाएर पछि बैङ्कको जागीरमा समेत निरन्तर भएर भूमिगत सक्रियता छाड्नुभयो । उहाँ ०४८ सालतिर नेपाल बैङ्क लिमिटेड कर्मचारी सङ्घको दुईपटक केन्द्रीय सदस्यसमेत हुनुभयो । साथै, पार्टीको जिल्ला कमिटीमा समेत निरन्तर रहनुभयो । ०५५ साल पुस १२ गते उहाँले बैङ्कको जागीरबाट हात झिक्नुपर्‍यो । २० वर्ष पुग्न केही समय बाँकी रहँदै उहाँ नासु पदबाट उपदानमा निस्किनुभयो । 'पेन्सन पर्खन सकिन्थ्यो तर छोड्ने मनस्थिति बनाइसकेकोले जागीर छाडें', उहाँ स्पष्ट पार्नुहुन्छ ।

त्यसबीचमा उहाँले पार्टीको क्षेत्रीय इन्चार्ज, कार्यालय सचिव र दुई कार्यकाल उपसचिवको जिम्मेवारी सम्हाल्नुभयो । विजय सुवेदी जिल्ला सचिव हुँदा उहाँले ०६१ देखि दुई कार्यकाल उपसचिवको जिम्मेवारीमा रहँदा ०६२/०६३ को जनक्रान्तिमा चितवनको नेतृत्व गर्ने कामसमेत गर्नुभयो । ०५९ र ०६४ का चुनावमा उहाँ चितवन- मा उम्मेदवारको रूपमा सिफारिश हुनुभएको थियो । ०५९ मा चुनावै भएन भने ०६४ मा अन्तिममा पार्टीले निर्णय परिवर्तन गर्‍यो । त्यसपछि उहाँले कार्यवाहक सचिव भई जिल्लाभरिको निर्वाचन हाँक्ने काम गर्नुभयो । जबकि उम्मेदवारी दर्ता गर्ने जुलुससहित जाने क्रममा समेत कार्यकर्ताहरूलाई उहाँ नै उम्मेदवार हो भन्ने लागेको थियो । तर, चितवनमा वामपन्थीहरू मिलेर चुनाव लड्दा ०४३ मा जनपक्षीय उम्मेदवार जेपी भेटवाल र कम्युनिस्ट उम्मेदावर भीमबहादुर श्रेष्ठ २ जनाले विजय हासिल गर्नुभएको थियो । ०४८ को आमनिर्वाचनमा पनि तीनवटै क्षेत्रमा वामपन्थीहरू विजयी भएका थिए । ०५१ को मध्यावधि चुनावमा पनि जेपी भेटवाल र काशीनाथ अधिकारी विजयी हुनुभएको थियो । तर, पार्टी विभाजनका ०५६ मा भएको निर्वाचनमा एमालेले चारवटै सिट गुमाउनुपर्‍यो । संविधानसभाको चुनावमा आइपुग्दा चितवनका एमालेजनहरूले एक निर्वाचन क्षेत्रमा मात्रै सफलता हात पारे । अरु चारवटा क्षेत्र गुमे ।

माओवादीको युद्धकालमा उनीहरूको हिंसात्मक नीति र विचारसँग असहमति राख्ने अरु धेरै व्यक्तिहरूले जस्तै उहाँले पनि ज्यानको धम्की ब्यहोर्नुपर्‍यो । ०५९ सालमा उहाँलाई माओवादी नेताहरूले समय अवधि तोकेर हत्या गर्छौं सम्म भने । तर उहाँ अविचल रूपमा पार्टी काममा सक्रिय भइरहनुभयो ।

०६६ भदौ २६ र २७ को अधिवेशनबाट पार्टी नेतृत्वमा आएपछि उहाँले जिल्लामा सङ्गठन सुदृढीकरण अभियान तीव्र पार्नुभयो । 'पार्टीका सङ्गठित सदस्यहरूसँग भेटघाट अभियान' सम्पन्न गर्नुभयो । त्यसक्रममा अधिवेशनअघि ४ हजार २ सय पार्टी सदस्य रहेकोमा ६५ वटा टिम बनाएर ३ हजार ९ सय ४० सदस्यलाई व्यक्तिगत रूपमा भेट्न पुगेको उहाँ भन्नुहुन्छ । त्यसक्रममा १ हजार ५ सय १८ नयाँ सदस्यता वितरण गर्ने योजना रहेकोमा ३ हजार २ सय ८७ वितरण गरी कूल ७ हजार ५ सय ८७ सङ्गठित सदस्य पुर्‍याउने काम भयो । यो उहाँ नेतृत्वमा आइसकेपछि सञ्चालित महत्वपूर्ण र मौलिक अभियान सावित भएको छ । उहाँले फेरि सबै पार्टी सदस्यहरूलाई कमिटीमा सङ्गठित गर्न अब उहाँहरू दुई महिने अभियानको तयारीमा हुनुहुन्छ । मंसीर र पुस महिनामा हुने नयाँ अभियानअन्तर्गत व्यवस्थित रूपमा सङ्गठित गरेर कार्यकर्ता परिचालन गर्ने योजना रहेको छ । त्यसक्रममा पार्टी सदस्यहरूको घरदैलोमा पुगेर कम्युनिस्ट घोषणापत्र वितरण गर्ने र पढ्न प्रेरित गरिने उहाँ बताउनुहुन्छ । 'हिन्दूले गीता, मुस्लिमले कुरान, ईसाईले बाइबल र बौद्धले धम्मपदजस्तै हर कम्युनिस्टले कम्युनिस्ट घोषणापत्र पढ्नुपर्छ र त्यसअनुरूप काम गर्नुपर्छ भन्ने हाम्रो अभियानको लक्ष्य छ', उहाँ भन्नुहुन्छ । र, देशभरिमै पहिलो र बलियो जिल्ला पार्टीको रूपमा चितवनलाई स्थापित गर्ने उहाँहरूको अठोट छ ।

पार्टीको संस्थागत निर्णय कडाइपूर्वक कार्यान्वयन गर्नुपर्छ भन्ने उहाँले पार्टीलाई बलियो बनाउन पाँचवटा काम गर्नुपर्ने ठान्नुहुन्छ । पहिलो, आठौं महाधिवेशनको फैसला सबैले बिनाशर्त मान्नुपर्छ । दोस्रो, नेतृत्व तहमा बढिरहेको सुखसुविधा उपयोगको प्रवृत्ति हटाउनुपर्छ । तेस्रो, पार्टीका संस्थागत फैसलाको सबैले परिपालना गर्नुपर्छ । चौथो, अनुशासन आयोग नाममात्रैको नभएर व्यवहारमै कामकाजी हुनुपर्छ । र, पाँचौं नेतृत्व तहका नेताहरूले नै अनुशासनको पालना गर्नुपर्छ । 'खासगरी नेताकार्यकर्ता सबैले समान रूपमा अनुशासन पालना गर्नुपर्छ', उहाँ जोड दिनुहुन्छ, 'तलतलका कार्यकर्ताले मात्र अनुशासन र पद्धति मानिदिनुपर्ने भन्ने हुनसक्दैन ।'

आठौं महाधिवेशनले विचार, सङ्गठन र कार्यशैलीको क्षेत्रमा पुनःगठनमा जोड दिए पनि सङ्गठनको क्षेत्रमा प्रतिस्पर्धा मात्र बढी भएको उहाँलाई लागेको छ । फलतः पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धामा पराजय हुने साथीहरूको व्यवस्थापन गर्ने समस्या निकै ठूलो रहेको छ । 'त्यसले पार्टीभित्र एकप्रकारको विरोधी खेमाको सिर्जना गरेको', उहाँको तर्क छ । कार्यशैलीको क्षेत्रमा पुनः

गठित हुन नेतृत्व र पार्टीपङ्क्तिले ध्यान नदिएकोप्रति दुःख व्यक्त गर्दै उहाँ भन्नुहुन्छ, 'कार्यकर्ता र जनताले पत्याउने गरी हाम्रा नेता-कार्यकर्ताहरूले आफ्नो आचरण, व्यवहार र कार्यशैलीमा जङ्गी परिवर्तन गरेर अघि बढ्नुपर्छ । अन्यथा, हामीप्रतिका जनताका प्रश्नहरू अझ बढ्दै जानेछन् ।'

पार्टी सरकारमा हुँदा जनता र कार्यकर्ताको कुनै काम भएको अनुभूति हुन नसकेको भन्दै उहाँ औंल्याउनुहुन्छ, 'बरु पीडाबोध भइरहेको छ । संस्थागत रूपमा कुनै काम नहुँदा जनताले हामीलाई विश्वास गर्न छाड्नु अस्वाभाविक हुनेछैन ।' ०३९ सालमा धादिङकी निर्मला खनाललाई जीवनसाथी रोज्नुभएका उहाँका सुवास र सुलभ दुई छोरा अध्ययनकै क्रममा रहेका छन् । वैचारक क्षेत्रमा पार्टीको कम ध्यान पुगेको ठान्नुहुने उहाँको जोड रहेको छ, 'अब पार्टी यही रूपमा चल्न सक्दैन । सग्लो र एकताबद्ध रूपमा अघि नबढेसम्म पार्टीले उल्लेख्य प्रगति गर्नसक्ने छैन, क्रान्ति गर्नु त धेरै टाढाको कुरा भयो ! तसर्थ, हामी हिजोको इतिहासका आधारमा मात्र होइन, पार्टीलाई नयाँ जीवन र गति दिन इमानदारीपूर्वक जनसेवा गर्नेगरी बदलिनुपर्छ र जनताले विश्वास र भरोसा गर्नयोग्य बन्नैपर्छ । यसनिम्ति कार्यकर्ताहरूभन्दा पार्टीको नेतृत्व बढी जिम्मेवार र एकजुट हुनु आवश्यक छ ।'

❒ **लोकेन्द्र केसी**

# अञ्चल, विभाग र क्षेत्रीय कमिटी

*(नेकपा (एमाले) का अञ्चल समन्वय कमिटीहरूले पूर्णता पाउने र अञ्चल सचिव चयन क्रममा हालसम्म चारवटा अञ्चलमा पुनःगठन प्रक्रिया सम्पन्न भएको छ । यसक्रममा चारवटा अञ्चलहरु मेची, कोशी, सगरमाथा र लुम्बिनी अञ्चलमा मनोनित सदस्यहरुको नामावली तथा सगरमाथा र धौलागिरी अञ्चलका क्षेत्रीय कमिटीहरूसमेत यहाँ प्रस्तुत गरिएको छ । अरु अञ्चलहरुमा पनि सचिव चयन गरिसक्दा अञ्चल समन्वय कमिटीमा मनोनित सदस्यहरुको नामावली क्रमशः प्रकाशित गरिने छ - **सम्पादक**)*

**अञ्चल समन्वय कमिटी**

**मेची** : सचिव हिरा थापा, सदस्यहरू हिमाल चाम्लिङ, काजीमान साम्सोहाङ, उपेन्द्र दङ्गाल, गङ्गाप्रसाद चेम्जोङ, खिनु लुङ्बा, रामचन्द्र पराजुली, टीका प्याकुरेल, तारा समयाङ्या, शुभलक्ष्मी राई ।

**कोशी** : सचिव जीवन घिमिरे, सदस्यहरू यशोदा अधिकारी, डा. शिवमाया तुम्बाहाम्फे, सावित्री श्रेष्ठ, श्रीकुमारी चौधरी, विष्णुमाया विश्वकर्मा, धर्मराज पौडेल, धर्मराज निरौला, धनहर्क राई, भूराज राई, डम्बर खड्का, सुनिलकुमार तुम्बाहाम्फे, शेरबहादुर विश्वकर्मा, टीकाराम चेम्जोङ, डम्बर खतिवडा र दिनेश दाहाल ।

**सगरमाथा** : सचिव मणिराज उपाध्याय, सदस्यहरु भीमकुमारी राउत, जगदीशप्रसाद साह, गीता घिमिरे, राजेन्द्र चौधरी, जीवछ साह, शंकर कार्की र केशव उदास ।

**लुम्बिनी** : सचिव खिमलाल भट्टराई, सदस्यहरू कमलराज श्रेष्ठ, कोशल पोखरेल, दिलशोभा पुन, लक्ष्मण रायमाझी, पवित्रा पौडेल, चेतनारायण आचार्य, रुक्मिणी कुँवर, शान्तिदेवी चमार, झपेन्द्रबहादुर जिसी, दयाराज बस्याल, एकप्रसाद भण्डारी, गोपाल भट्टराई, तुलसी चौधरी, एकराज विश्वकर्मा, गोमा आचार्य, कृष्ण घिमिरे, दीपक अधिकारी र चन्द्रा पुन ।

**केन्द्रीय विभाग**

**प्रचार विभाग** : सदस्यहरू कुन्दन अर्याल, चन्द्र भण्डारी, हिमाञ्चलराज भट्टराई, शम्भु श्रेष्ठ, बालकृष्ण चापागाईं, प्रमोद दाहाल, धनञ्जय दवाडी, विजय चालिसे, महेन्द्र बिष्ट, तिलक आचार्य, राजेन्द्र अर्याल, केशवराज खनाल र हरिप्रसाद भण्डारी ।

**पार्टी स्कूल विभाग : सदस्यहरू** गरिमा शाह, मेनका पोखरेल, भीम कार्की, नन्दलाल शर्मा, रवीन्द्र अधिकारी, खेमचन्द्र ढकाल, कमला तुलाधर र लालबाबु यादव ।

**सङ्गठन विभाग** : सदस्यहरू युवराज ज्ञवाली, विष्णु पौडेल, शङ्कर पोखरेल, अष्टलक्ष्मी शाक्य, सचिव- ज्ञानबहादुर भुजेल ।

**समावेशीकरण तथा सामाजिक सुरक्षा विभाग** : सदस्यहरू सोफिया आचार्य, राजु बराल, कलिला खातुन, मञ्जु यादव, मित्रलाल शर्मा, पलट चौधरी, वीरेन्द्रराज पोखरेल, नरबहादुर लिम्बू, दलबहादुर रावल, दुर्गा परियार, रक्षा बस्याल, गोविन्द सुवेदी, भूपेन्द्रबहादुर खड्का, मीरा ध्वजु, मित्रकुमारी गुरुङ, सम्झना देवकोटा, उपेन्द्रबहादुर विश्वकर्मा, भीमबहादुर थापा, आदित्यनारायण कसोधन, टीकादेवी दाहाल, राजबहादुर गिरी, रामबाबु अधिकारी, बोमबहादुर विश्वकर्मा, र पूर्णशोभा चित्रकार ।

*(अरु विभागहरूमा मनोनयनको विवरण आगामी अङ्कमा प्रस्तुत गरिनेछ ।*

**सगरमाथा**

**ओखलढुङ्गा**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : शकुन्तला राजभण्डारी

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : नानीबाबु बुढाथोकी । (क्षेत्रीय अधिवेशन नभएको)

**खोटाङ**

(विवरण प्राप्त हुन नसकेकाले आगामी अङ्कमा प्रकाशित गरिनेछ ।)

**उदयपुर**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : मणिराज पौडेल उपाध्याय

अध्यक्ष- कुमारसिंह कार्की, उपाध्यक्ष मणिकादेवी दुलाल, सचिव नारद निरौला, सहसचिव जीवनकुमार खतिवडा र सदस्यहरू हरिनारायण चौधरी, तारानाथ कटुवाल, विसन विष्ट, किशोर ताम्राकार, तम्रबहादुर राउत, अम्रिका राई, चेतबहादुर थापा, गोपाल राई, प्रेमबहादुर दाहाल, जानकी चौधरी र अम्बिका पासवान ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : लक्ष्मीनारायण चौधरी

अध्यक्ष गजेन्द्रबहादुर खड्का, उपाध्यक्ष कुलबहादुर राउत, सचिव श्यामप्रसाद ढुङ्गाना, सहसचिव सुभाषप्रसाद निरौला र सदस्यहरू कमलबहादुर कार्की, ज्ञानेन्द्र बान्तवा, कुमारी आले, चूडामणि लुईंटेल, शारदकुमार बराल, यामबहादुर राई, कर्ण सुनाम, विमला आचार्य, चूडामणि पोखरेल, टीकाबहादुर थापा, शैलेन्द्र खतिवडा, भीमबहादुर विष्ट, गणेशकुमार कार्की, लीलबहादुर खड्का, विष्णुबहादुर मगर, ताराबहादुर थापा, कुमारी राना, डिकबहादुर मगर, नरबहादुर मगर, गीता राई, खड्गबहादुर सार्की, गोविन्द मगराती, केदार राई, महेश पौडेल, देवी कटुवाल, अनुराज श्रेष्ठ, नैनबहादुर नेपाली, छविलाल दनुवार, रणवीरकुमार साह, चञ्चलाल बोट, भरत मोते, दिलमाया बास्तोला, भगवाननन्द चौधरी, पार्वती कटुवाल, ढुण्डीराज काफ्ले, सुनिता चौधरी, मालावती काफ्ले, प्रल्हाद थापा, डोमी चौधरी, ललित भण्डारी, टीका परियार, विकेन्द्र दनुवार, माया भण्डारी, प्रेमबहादुर रेग्मी, बालकृष्ण सापकोटा, नेत्र कार्की, खड्गबहादुर राउत, भगवतलाल चौधरी, पदमप्रसाद डाँगी, पुष्पराज चौधरी, तुलबहादुर चौधरी, खिलराज राई र लालबहादुर यक्तेन ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : नवराज पोखरेल

अध्यक्ष चन्द्रबहादुर तामाङ, उपाध्यक्ष उमेशराज हमाल, सचिव देवकुमारी फुयाल, सहसचिव प्रमोदराज गिरी र सदस्यहरू विरिसलाल अधिकारी, गोविन्दलाल गिरी, नर्वदा घले, मस्तकिम खाँ, मीनबहादुर दनुवार, बाबुराम राई, गोपाल नेपाली, हरिलाल सदा, वीरकुमारी कायस्थ, गुरुबहादुर मगर, ज्ञानबहादुर मगर, डेकबहादुर गुरुङ, गोविन्दविक्रम सेन, हरिबहादुर थापा, जराफसिंह राई, कृष्णबहादुर राई, जहानसिंह तामाङ, सन्देशप्रमी श्रेष्ठ, बलराज राई, तेजबहादुर आले, मोहन खड्का, नर्वदा बुढाथोकी, शान्ता पोखरेल, इन्द्रबहादुर खड्का, मदनबहादुर बस्नेत, चक्रप्रसाद बास्तोला, गुणदेवी बस्नेत, प्रेम लामा, ज्ञानबहादुर सुनुवार, रघु राई, भुवनराज गिरी, पुष्पराज पराजुली, पुण्यप्रसाद सुवेदी र दिनेश हमाल ।

**सप्तरी**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद सदस्य** : मुरारी कार्की

अध्यक्ष बोधराज सुबेदी, उपाध्यक्ष सरिता गिरी, सचिव महेन्द्रप्रसाद चौधरी, उपसचिव सन्तोष थापा र सदस्यहरु भुवन के. सी., लक्ष्मीप्रसाद भट्टराई, भुवनेश्वर चौधरी, लक्ष्मी राम, इन्द्रदेव कौडगिया, देबीबहादुर के. सी., रघुनन्दन मण्डल, देबनारायण मरिक, जहिन्द्र यादव, अली हुसेन, यशोधा पोखरेल, लक्ष्मी श्रेष्ठ, शान्ति चौधरी, बिन्दु सदा र हरीनारायण लौगी ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : शैलेन्द्रचन्द्र झा

अध्यक्ष देवनाथ यादव, उपाध्यक्ष दयाराम यादव, सचिव टेकनारायण देब, उपसचिव जिवछ मण्डल र सदस्यहरु भुपदेब माली, हरी राउत, बासुदेब खंग, मो. रहमान मिया, रुपनारायण साह, मोतिलाल ठाकुर, योगेन्द्र सुनरैत यादव, सत्यनारायण शर्मा, नागेश्वर यादव, परशुराम मण्डल, घुरन खंग, मो. कयुम खा, पुरन खंग, गोसाइ मण्डल, हरीनारायण साह र कपलेश्वर यादव ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य**: सुमनराज प्याकुरेल

अध्यक्ष निर्मलप्रसाद यादव, उपाध्यक्ष मनोज देव, सचिव भोला साह, उपसचिव हरिनारायण यादव र सदस्यहरु त्रिभुवन मिश्र, नेवालाल मुखिया, एकावरीदेबी मुखिया, भुल्लीदेबी मुखिया, महादेब शर्मा र मो. सलिम राइन ।

**क्षेत्र नं. ४**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य**: रामेश्वर मण्डल

अध्यक्ष भरत यादव, उपाध्यक्ष शिवन खंग, सचिव चन्द्रनारायण यादव, उपसचिव नन्दकिशोर साह र सदस्यहरु बिश्वकान्त मण्डल, अशिषलाल यादव, टुनेश्वरप्रसाद साह, रामदेब मण्डल, डम्बरनारायण यादव, कुलानन्द चोधरी, सत्यनारायण याद, इन्द्रदेब यादव, प्रितमलाल साह, सिताराम यादव, देबनारायण साह, मोहन साह, बौकाइ साफी, रामसेवक मण्डल, अनन्दी यादव, धनराज माझी, सिमृतलाल राम, सत्यनारायाण पासवान, बौकाइ मिया, रामसुन्दर मण्डल, जगदीश इशर, लक्षणदेब साह, सुदेश्वर शर्मा, टिलानन्द साह, गंगाराम यादव, सुकदेब मण्डल, रधियादेबी साफी, भुट्टीदेबी चौधरी, भुन्नीदेबी मण्डल, देबकुनदेबी मण्डल, सुजानदेबी चोधरी र कुशमीदेबी मण्डल ।

**क्षेत्र नं. ५**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य**: तिलमान मगराती

अध्यक्ष नरसिंहप्रसाद चौधरी, उपाध्यक्ष योगेन्द्र साह, सचिव देवेन्द्रप्रसाद चौधरी, उपसचिव बौवालाल चौधरी र सदस्यहरु शिवशंकर चौधरी, डिल्ली भट्ट, सुगमलाल राम, देबानन्द चौधरी, बलराम चौधरी, शंकरप्रसाद चौधरी, बालकदास चौधरी, खडगनाथ चौधरी, बसन्त चौधरी, सत्यनारायण चौधरी, नटाइ दास मण्डल, शिवराम चौधरी र देबनारायण चौधरी ।

**क्षेत्र नं. ६**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य**: दिनेश्वर यादव

अध्यक्ष सजन मण्डल, उपाध्यक्ष सुलेमान मिया, सचिव श्रवण साह, सहसचिव रंगलाल चौधरी र सदस्यहरु बिल्टु मण्डल, आनन्दप्रसाद साह, बिजय ठाकुर, हरी पासवान, बौवालाल चौधरी, सकुर मिया, हरीनारायण चौधरी, बिरभन्जन यादव, अफजल मिया र मदन बिश्वकर्मा ।

**सिरहा**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : मागैन कामत

अध्यक्ष रामदयाल यादव, उपाध्यक्ष रामवल्लभ साह, सचिव भैरव गेलाल, उपसचिव धनीलाल यादव र सदस्यहरू राजेन्द्रप्रसाद साह, दिनेश्वर यादव, मागैन महतो, फुलेश्वर ठाकुर, दुःखी यादव, परशुराम दाहाल, अशोककुमार कर्ण, लक्ष्मी ठाकुर, शत्रुघनप्रसाद यादव, मोहित राईन, बद्रीनारायण चौधरी, दुर्गा चौधरी, रामनारायण यादव, प्रकाश चौधरी, सोतीलाल सदाय, जानकी राम, गजुरीदेवी महतो, नन्दीलाल चौधरी र जोगेन्द्र यादव ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : रामबाबु यादव ।

अध्यक्ष सुरेन्द्र यादव, उपाध्यक्ष गुरुदेव यादव, सचिव रामसोगारथ यादव र सदस्यहरू रामविलास यादव, रामनारायण यादव, राजेन्द्रप्रसाद गुप्ता, गुलजारदेवी यादव, कृष्णदेव सिंह, शिवराम महरा, मोहित राइन, जागेश्वर यादव, बद्रीनारायण यादव (कचनारी), बद्री यादव (गढा), महेन्द्र यादव, भागवत यादव, महेन्द्र दास, देवनारायण यादव, बालेश्वर यादव, शुभनारायण साह, रामपृत यादव ( नहरा-रिगौल), अमिरकुमार यादव, छविलाल यादव, रामनारायण यादव, कासिन्दर यादव, चन्देश्वरप्रसाद यादव, रामपृत यादव ( तेनुवापट्टी) र वेचन यादव ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : शिवशङ्कर यादव ।

अध्यक्ष सुवर्ण यादव, उपाध्यक्ष रामआशिष मण्डल, सचिव कुशेश्वर यादव र सदस्यहरू उपेन्द्र मण्डल, जिवछ यादव, शिवशङ्कर यादव (सन्हैठा), दिनेश यादव, उमेश मोलवी, मञ्जु साह, सैलुभ खातुन, निर्मला पासवान, चन्द्रेश्वर यादव, उपेन्द्र यादव, सत्यदेव यादव, इन्द्रदेव दास र बालेश्वर यादव ।

**क्षेत्र नं. ४**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : रामेश्वर साह

अध्यक्ष रामलोमित यादव, उपाध्यक्ष लक्ष्मण महतो, सचिव राम आसिस महतो र सदस्यहरू चन्देश्वर चौधरी, मगलु महतो, सत्यनारायण यादव (मोहनपुर कमलपुर), सम्पैत उराँव, सत्यनारायण यादव (कुशहालक्ष्मीनियाँ), सगुनो महतो, बलबहादुर श्रेष्ठ, सूर्यनाथ साह, रामऔतार साह, मधु यादव, महेन्द्रप्रसाद यादव, भोलाप्रसाद सिंह, सीताराम साह, राजकुमार साह, कृष्णदेव मण्डल, वीरबहादुर खुलाल, मदै पासवान, सविर साह फकीर, पञ्चीदेवी साह, निर्मला बास्तोला, शिवशङ्कर महतो, प्रद्युम्न यादव, रामचन्द्र महतो र महेश्वर यादव ।

**क्षेत्र नं. ५**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : लक्ष्मण राई

अध्यक्ष गिरिधारी मैनाली, उपाध्यक्ष रामचन्द्र सिंह, सचिव श्यामकुमार श्रेष्ठ, उपसचिव मनमोहन साह र सदस्यहरू प्रदीप महासेठ, रामआशिष मुखिया, अनिरुद्ध राय, चन्द्रकुमार लामा, देवप्रकाश महतो, सुखदेव सिंह, श्यामप्रसाद साह, रशनलाल लामा, सियाराम महतो, हरिशरण ठाकुर, रामदेव यादव, हरेराम श्रेष्ठ, भेषबहादुर ठकुरी, जगदीशप्रसाद साह, रामदयाल ठाकुर, शान्तीदेवी बानियाँ, श्यामकुमारी सिंह, प्रमिलाकुमारी हाई, रहमतुल्ला अन्सारी, कपिलदेव साह र वुनीदेवी चमैन ।

**क्षेत्र नं. ६**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : चन्द्रभूषण साह

अध्यक्ष नरेन्द्र सिंह, उपाध्यक्ष सीताराम यादव, सचिव रामचन्द्र कुँवर, उपसचिव दिलेश्वरप्रसाद सिंह र सदस्यहरू विजयकुमार सिंह, विनोदप्रसाद यादव, श्रीराम यादव, परमानन्द सिंह, जुमरात राईन, जागेश्वर यादव, रामनारायण यादव, सत्यनारायण यादव, सूर्यनारायण ठाकुर, रामप्रताप मण्डल, विजयकुमार गोहिवार, जितेन्द्र यादव, अरूणकुमार यादव, विल्टु सदा, देवीलाल महतो, शिवदयाल यादव, ललित यादव, रामवृक्ष यादव, लक्ष्मीनियाँदेवी सिंह, गुलावदेवी चौधरी, रियाज अन्सारी, रामचन्द्र मण्डल, धनिकलाल मण्डल, स्वामीशरण साह, मो. लुकमान अन्सारी, रामविलास महरा र सरोज यादव ।

**बागलुङ**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : इन्द्रलाल सापकोटा

अध्यक्ष गोविन्द गौतम, उपाध्यक्ष दिलबहादुर कार्की, सचिव रामबहादुर जीसी, उपसचिव टकबहादुर बोहरा, सदस्यहरू गङ्गा रोका, सुजाता नेपाली, सरास्वती शर्मा, बलबहादुर दर्जी, डिल्लीप्रसाद कँडेल, महेन्द्र कार्की, शान्ति ज्ञवाली, देवी सिंजाली, विश्व गौतम, खुम भण्डारी, मणिभद्र उपाध्याय, मधु केसी, देवका कार्की, तिलकबहादुर विक, मनोजकुमार विक, कवीर घर्ती, रेशम गौतम, कुमार खड्का, शिव शर्मा, ठाकुर जीसी, शिव खड्का, गौरी केसी, किलप्रसाद पाण्डे, खगराज पाण्डे, भगवती गैरे, कमला श्रीस, चन्द्रप्रसाद सापकोटा, गीता हमाल, प्रेम लामिछाने, मिना कँडेल, मनिता केसी, पुतली खत्री, रत्न भण्डारी, कुलबहादुर केसी, कुन्ती सापकोटा, भिमकुमारी आचार्य, तेजेन्द्र केसी, सञ्जय श्रेष्ठ, प्रेम थापा, यामबहादुर राना, हरि बहादुर पुन, सिद्धिमान छन्त्याल, नरबहादुर घर्ती, शान्ति सापकोटा, निरेन्द्र कुँवर, थुमनाथ जैसी, नवीन किसान, ओमबहादुर कार्की ।

**बागलुङ**

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : श्रीप्रसाद शर्मा

अध्यक्ष लक्ष्मी पौडेल, उपाध्यक्ष दुर्गाबहादुर खड्का, सचिव राजु केसी, उपसचिव सुरज परियार, सदस्यहरू विष्णु राना, बलबहादुर थापा, रञ्जिता थापा, योगराज विक, मनबहादुर बर्देवा, नन्दकली परियार, पार्वती चालीसे, जुनादेवी विक, पवित्रा रोका, नारायणप्रसाद शर्मा, एकनाथ शर्मा, गिरीबहादुर थापा, सन्तबहादुर गौतम, गिरीप्रसाद शर्मा, नयनसिंह थापा, मोहनराज उपाध्याय, कृष्ण हमाल, ज्ञानेन्द्र ढकाल, नरसिंह खत्री, होमनाथ सापकोटा, डिल्लीराम रेग्मी, प्रेम पौडेल, आत्मराम पौडेल, शिव पौडेल ।

**बागलुङ**

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : प्रेम खरेल

अध्यक्ष दलबहादुर घर्ती, उपाध्यक्ष बिना थापा, सचिव सुदर्शन भुषाल, उपसचिव ढालेन्द्र शेरचन, सदस्यहरू लोकबहादुर छन्त्याल, दीपक रायमाझी, खड्ग काउचा, इन्द्र थापा, हरि घर्ती, गङ्गा श्रीस, रोजमहोम्मद मिया, ज्ञानप्रसाद कँडेल, होमनाथ अर्याल, कुद्दिन अली, हीरामणि पौडेल, लालबहादुर घर्ती, बेगबहादुर कुँवर, इन्द्रबहादुर घर्ती, रेणुका घिमिरे, रूपा पौडेल, आशा कँडेल, अम्बिका भण्डारी, दलबहादुर श्रीस, रामबहादुर विक, खुमबहादुर श्रीस, यामबहादुर श्रीस, गणेश थापा, दिलुबहादुर लोपचन, भूमिराज जीएम, ईश्वर थापा, गुणनिधि तिवारी, रामबहादुर घर्ती, धनबहादुर पुन ।

## पर्वत

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : गणेश शर्मा पौडेल

अध्यक्ष शान्त पौडेल, उपाध्यक्ष मिन प्रसाद श्रेष्ठ, सचिव तेज वहादुर क्षेत्री, उपसचिव ढाकाराम सुवेदी र सदस्यहरू लक्ष्मी सुनार, ठाकुरप्रसाद रेग्मी, वृद्धि सुवेदी, देवीलाल चपाई, हरिलाल आचार्य, कुलवहादुर क्षेत्री, ख्याम लामिछाने, ईन्द्र वस्याल, डोलराज पौडेल, जुद्ध वहादुर रेग्मी, कृष्ण शर्मा रेग्मी, देवेन्द्र वहादुर क्षेत्री, दलवहादुर मल्ल, टिकाराम पौडेल, किशोर पौडेल, रमा पुन, रत्न लंसाल, प्रेम नारायण शर्मा अधिकारी, वालकुमारी मल्ल, यामनारायण चापागाई, प्रेम वहादुर वि.क., दुर्गा वहादुर परियार, राम वहादुर किसान, तारा देवी वस्याल, राज देव गुरुङ्ग, जंग वहादुर पुन, राम वहादुर गुरुङ्ग, थमान सिं पूर्जा, खड्क वहादुर गुरुङ्ग, निमला के.सी., रुपा रेग्मी, पार्वती रेग्मी, जुनादेवी नेपाली, गंभिरा विभोगी, हरिमाया सुवेदी, सिता देवी देवकोटा, सेती महत, नन्दमाया पुन, थममाया पुन, नेत्रकला सुवेदी, लक्ष्मि गौतम, गोमा भण्डारी पौडेल, हिरा कुमारी चापागाई र सौमाया पुन ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : मोतीप्रसाद पौडेल

अध्यक्ष मित्रलाल बस्याल, उपाध्क्षक्ष भुवन गुरुङ, सचिव रामप्रसाद पराजुली, उपसचिव भीमप्रसाद भुषाल र सदस्यहरू टीकाराम भुषाल, रामप्रसाद सुवेदी, नेत्र विश्वकर्मा, परशुराम सुवेदी, हुमाकान्त पौडेल, केशवराज पराजुली, विष्णु ज्ञवाली, तारा न्यौपाने, मनबहादुर कुँवर, तारा गुरुङ, खिमबहादुर थापा, विष्णु रिजाल, खड्गबहादुर क्षेत्री, हिमप्रसाद अधिकारी, यामबहादुर सुवेदी, डोलराज काफ्ले, दीर्घनारायण शर्मा, टीकु मल्ल ठकुरी, नुमाखर बस्याल, तुलाकान्त सुनार, टीकाराम भुषाल, हरिमाया कुँवर, सुरक्षा लामिछाने, उमाकुमारी गुरुङ, टीकाकुमारी शर्मा, सवित्राकुमारी तिवारी, तुलसी परियार, पार्वती रेग्मी, मनिषा ठकुरी, कौशिला भुषाल, देवी सुनार, मिनमाया क्षेत्री, कमला श्रेष्ठ, सुस्मिता सुनार, देव पौडेल, मञ्जुकुमारी विक, दुर्गाबहादुर नेपाली, थमबहादुर सुनार, जीतबहादुर नेपाली, रुद्रबहादुर थापा, लेखकाजी गुरुङ, हस्तबहादुर गुरुङ, प्रेमबहादुर थापा, कुलबहादुर बोटे, नरबहादुर क्षेत्री, दीपक भट्टराई र रामहरि शर्मा । ❒

# माओवादी हिंसाले बारामा पुऱ्याएको क्षति

## ■ पुरुषोत्तम पौडेल

**ने**पाली कम्युनिस्ट आन्दोलन विखण्डित र विभाजित भएको बेला, देशमा नयाँ क्रान्तिकारी आन्दोलनको माग भइरहेको बेला अनि नेपाली वामपन्थी युवाहरूमा चिनियाँ सांस्कृतिक क्रान्तिको प्रभावले काम गरिरहेको बेला भारतको नक्सलवादीबाट वर्गशत्रु सफाया आन्दोलन सुरु भएको थियो । नेपाली क्रान्तिकारी युवाहरूमा त्यसको प्रभाव नपर्ने कुरै थिएन । भारतीय नक्सलवादी नेता चारू मजुमदारको पदचिहनलाई पछ्याउँदै सशस्त्र क्रान्तिको लाइनसहित नेपालमा पनि वर्गशत्रु सफाया अभियान सङ्गठित भएको थियो । त्यसले मुर्झाएको नेपाली कम्युनिस्ट आन्दोलनमा नयाँ ऊर्जा र जाँगर पैदा गरेको थियो । वर्गशत्रु सफायाद्वारा सामन्तवादको समूल नष्ट गर्ने नाराले सर्वहारा वर्गलाई तताएको थियो । क्रान्ति र वर्गशत्रु सफायाको नाममा एकाध हिंसाका घटना भए, जसले सामन्ती-सत्तालाई समेत त्रसित बनाई दमनमा ओर्लन बाध्य बनायो ।

२०२८ सालमा झापा आन्दोलनले सुरु गरेको सशस्त्र क्रान्ति र वर्गशत्रु सफाया आन्दोलनले ठूलो क्षति व्यहोर्नुअघि नै त्यसको गम्भीर समीक्षा गर्ने काम भयो । क्रान्ति र परिवर्तनका निम्ति सर्वहारा वर्गको राज्य कायम गर्न सञ्चालित उक्त

अभियान अन्ततः जनसङ्घर्ष, जनआन्दोलन र जनक्रान्तिको माध्यमबाट मुलुकलाई परिवर्तन गर्न सकिने निष्कर्षसहित शान्तिपूर्ण आन्दोलनमा रूपान्तरित भयो, जुन आजपर्यन्त नेकपा (एमाले)को धाराका रूपमा क्रियाशील रहेको छ ।

झापा आन्दोलन हुँदै नेकपा (माले)ले नेपाली कम्युनिस्ट आन्दोलनलाई सही दिशा दिएको २० वर्षपछि ०५२ सालमा नेकपा (माओवादी)ले नेपालमा सर्वहारा वर्गीय क्रान्ति गर्ने नाममा पुनः 'सशस्त्र क्रान्ति र वर्गशत्रु सफाया' गर्न सुरु गऱ्यो । उग्रपन्थी, हिंसात्मक र आतङ्कपूर्ण गतिविधिलाई आफ्नो कार्यनीति बनाएर देशमा हिंस्रक कारबाही सुरु गऱ्यो । नेकपा (माओवादी)द्वारा सञ्चालित हिंसात्मक र आतङ्कपूर्ण गतिविधिले सम्पूर्ण मुलुकलाई नै हिंसा र प्रतिहिंसाको चपेटामा पुऱ्याइदियो, जसको प्रभाव दुष्प्रभाव अहिले मुलुकले भोगिरहेको छ ।

०४६ सालको जनआन्दोलनका उपलब्धिहरूको रक्षा गर्दै शान्तिपूर्ण तरिकाले सामन्तवादलाई समाप्त पार्ने र जनवादी नेपाल निर्माण गर्न सकिने सम्भावनालाई इन्कार गरेको माओवादीले कथित 'जनयुद्ध' सुरु गरेको १० वर्षभित्रै आफूलाई सच्याउँदै सशस्त्र युद्ध बन्द गरी शान्तिपूर्ण जनक्रान्तिको बाटोमा आउनुपरेको विदितै छ । आफ्नो सेना र हतियारहरूलाई क्यान्टोनमेन्टमा राखी संविधानसभाको निर्वाचन प्रक्रियाबाट लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा गर्न पुनःस्थापित प्रतिनिधिसभामार्फत अन्तरिम विधायिका हुँदै संविधानसभामा सहभागी हुनुपऱ्यो । त्यसैको माध्यमबाट शान्तिपूर्ण जनक्रान्तिका उपलब्धिहरू संस्थागत गर्न तयार भई जिम्मेवार राजनीति गर्नुपर्ने अवस्थामा छ ।

**१. क्षतिको समग्रता र चरित्र**

सही राजनीतिको गन्तव्यसम्म समाजको निर्माण हुनुपर्छ । शान्तिपूर्ण राजनीतिले मात्र सभ्य समाजको निर्माण गर्न सक्दछ । नेकपा (माओवादी)ले समेत यो कुरा बुझ्नैपर्दछ । तर पनि नेकपा (माओवादी)ले 'जनयुद्ध' सुरु गरेदेखि यहाँसम्म आइपुग्दा देशले ठूलो क्षति ब्यहोर्नुपऱ्यो । जिल्लाजिल्लाले पीडाको भारी बोक्नुपऱ्यो । गाउँगाउँले घाइते भएर रुनुपऱ्यो । त्यतिमात्र होइन, मुलुकका ४३ हजारभन्दा बढी परिवारले कुनै न कुनै किसिमको क्षति, पीडा, रोदन र बिछोड सहन बाध्य हुनुपऱ्यो । त्यसै सिलसिलामा माओवादी जनयुद्धका नाममा सञ्चालित हिंसात्मक १० वर्षमा बारा जिल्लाका जनताले ब्यहोर्नुपरेको पीडा, क्षति र रोदनहरूलाई यहाँ थोरै मात्र चर्चा गर्ने कोसिस गरिएको छ । त्रासदीपूर्ण र हिंसात्मक जनयुद्धले बारा जिल्लाको कोल्हवबमा रहेको साना किसान बैङ्कमा आक्रमण गरेर सर्वप्रथम आफ्नो उपस्थिति प्रदर्शन गरेको थियो । गरीब तथा निम्नमध्यम किसानहरूले कारोबार गर्ने लघुवित्त संस्था साना किसान बैङ्कमा आक्रमण गरी कागजातमा आगो लगाएर ध्वस्त बनाउँदै सुरु भएको माओवादीको जनयुद्धलाई १० वर्षको अवधिमा यस जिल्लामा ९९ जनाभन्दा बढीको ज्यान लिनुका साथै करोडौंको नगद तथा जिन्सी सम्पत्तिको क्षति भएको तथ्य विवरण रहेको छ । यसमा सुरक्षाकर्मीहरूको सङ्ख्या समावेश छैन ।

गाउँघरमा हरेकलाई माओवादी जनयुद्धमा लाग्न दबाब दिने, युवाहरूलाई पूर्णकालीन (डब्लुटी) बन्न भन्दै माओवादी सेनामा भर्ना हुन बाध्य बनाउने, बाबुआमा मात्र होइन, नाता-कुटुम्ब तथा बच्चाबच्चीको प्रयोग गरेर समेत मानिसहरूलाई उनीहरूको हिंस्रक गतिविधिको सिकार बनाउने कामहरू गरियो । त्यतिमात्र होइन, घरबाट निस्कन बाध्य बनाउने, गाउँमा बसे हत्या गर्ने भनी विस्थापनको धम्की दिने र खुला रूपमा मृत्युदण्डको सजाय सुनाएर कहीं भेटेमा मारिनेछ भनी पर्चा टाँस्नेजस्ता अमानवीय गतिविधि माओवादीहरूबाट भइरहे । माओवादीका त्यस्ता क्रियाकलापको विरोध गर्ने, तिनको खण्डन गर्ने तथा पीडितहरूको पक्षमा बोल्ने र संरक्षण गर्न अग्रसर हुने व्यक्तिहरूलाई समेत मृत्युदण्डको फैसला सुनाउने, उनीहरूलाई गाउँनिकाला गर्ने, जनकारबाहीको नाममा सफायाको धम्की दिने, नियन्त्रणमा लिएर यातना दिने तथा अङ्गभङ्ग बनाएर छाडिदिने काम सामान्यजस्तै हुनपुगे ।

आफ्नो लक्ष्य सामन्तवादको अन्त्य गर्नु रहेको बताए पनि र आफूलाई कम्युनिस्ट पार्टीको नाममा स्थापित गर्नखोजे पनि वर्गसङ्घर्ष र वर्गशत्रु सफायाको जतिसुकै कुरा गरे पनि माओवादी आक्रमणले सामन्तहरू, वर्गशत्रुहरू र सर्वहारावर्गका विरोधी शोषकहरूभन्दा सर्वसाधारण, कम्युनिस्ट आन्दोलनका मित्रहरू र नेकपा (एमाले)का होनहार कार्यकर्ताहरूलाई आक्रमणको निशाना बनाएको देखिन्छ । देशभरिकै तथ्याङ्कले माओवादी 'जनयुद्ध'मा वर्गीय भावना र वर्ग दृष्टिकोणको स्पष्टता देखिँदैन । बारा जिल्लामा माओवादीहरूले विभिन्न बहानामा सफाया अभियान चलाएको पाइन्छ । कसैलाई सामन्तवादको सेवा गरेको बहानामा, कसैलाई सुराकी गरेको बहानामा, कसैलाई प्रतिगामी सत्ताको ताबेदारी गरेको बहानामा हत्या गरेको पाइन्छ । यसरी माओवादीले हत्या गरेका अधिकांश व्यक्तिहरू वामपन्थी आन्दोलनसँग गाँसिएका र निर्दोष जनसाधारण रहेको पाइएको छ । माओवादी कार्यकर्ताहरूले आफ्नो निजी स्वार्थसिद्ध गर्न र निजी दुस्मनी साँध्नेसमेत हत्या आतङ्क मच्चाउने गरेको प्रमाण पाइन्छ ।

माओवादी 'जनयुद्ध'को क्रममा बारा जिल्लामा ज्यान गुमाउनुपरेको नेकपा (एमाले)का नेता, कार्यकर्ता र समर्थकहरूलाई हेर्दासमेत माओवादी 'जनयुद्ध' जनयुद्धका रूपमा थिएन । त्यो केवल 'धनयुद्ध' थियो भन्ने स्पष्ट देखिन्छ । यसरी माओवादी 'जनयुद्ध' वर्गसङ्घर्ष थिएन, त्यो वर्गीय दृष्टिकोणविहीन उत्तेजना, आक्रोश, बदलाको भावनाद्वारा प्रेरित उग्रवामपन्थी चिन्तनमा आक्रामक गतिविधिमात्र थियो ।

**ज्यादतीको पराकाष्टा**

माओवादीको कथित जनयुद्धका क्रममा बारामा कुल ९९ जनाले ज्यान गुमाउनुपरेको देखिन्छ । त्यसमध्ये नेकपा (एमाले)का १० जना, नेपाली काङ्ग्रेसका ११ जनाभन्दा बढी र राप्रपाका १ जना रहेको तथ्य प्राप्त भएको छ । नेकपा (एमाले) सम्बद्ध निम्न कार्यकर्ताहरूको माओवादी जत्थाद्वारा कायरतापूर्वक हत्या भएको छ :

जनक शर्मा : निजगढ गाविस- ५ का जनक शर्मालाई माओवादीहरूले घरबाटै अपहरण गरी गोली हानेर ०५९ सालमा नृंशतापूर्वक हत्या गरे । नेकपा (एमाले)का सङ्गठित सदस्य, लोकप्रिय युवा र उद्यमी शर्मा निजगढवासीका बीचमा एउटा

इमानदार र जनप्रेमी छविका युवा कार्यकर्ता हुनुहुन्थ्यो । राजनीतिक रूपले सचेत, वर्गीय रूपले मध्यमवर्गीय र स्वयम् शोषण दमन र अत्याचारविरुद्धको आन्दोलनका अगुवा उहाँको हत्या केवल आर्थिक लाभ र निजी स्वार्थका निम्ति माओवादीका कमाण्डरहरूले गरेका थिए ।

**खड्गबहादुर खड्का** : कलैया नगरपालिका- ५ बस्ने खड्गबहादुर खड्का नेकपा (एमाले) समर्थक तथा प्रहरीका पूर्वअसई थिए । माओवादी दबाबकै कारण प्रहरीको जागिरबाट राजीनामा दिई घरमा खेतीपाती ग्दै जनकार्य गर्ने अठोटसहित बसेका खड्काको माओवादीहरूले अत्यन्त ज्यादतीपूर्वक र अमानवीय तवरले हत्या गरेका थिए । कलैयाबाट आफ्नो खेती हेर्न इनरवासिरा गएको बेला बाटैमा समाती खड्कालाई माओवादीहरूले ०५८ सालमा बर्बरतापूर्वक हत्या गरेका छन् ।

सुराकी गरेको आरोपमा खड्कालाई पक्रेर बाँधी एमालेकै वडाध्यक्षको घरको मझेरीमा लडाएर घण्टौंसम्म कुटपिट गर्ने काम उनीहरूले गरे । उनको पिसाब नली काटेर चरम यातना दिने, कान काटेर फालिदिने, नाक हसियाले छियाछिया पारेर काटिदिने र आँखा फुटाउनेजस्ता हर्कत उनीहरूले गरेको प्रत्यक्षदर्शीहरू बताउँछन् । त्यतिमात्र होइन, उनको हात जोडेर 'मलाई बाँच्न दिनोस्, म तपाईंहरूलाई नै सहयोग गर्छु, मैले कुनै अपराध गरेको छैन भन्दासमेत हात काटिदिने, जीब्रो काटिदिने काम गरेर जिउँदै चौरमा खाल्डो खनी माटोले पुरेर हत्या गरे । त्यसको प्रमाण अझै सुरक्षित रहेको छ ।

**ध्रुवराज भारती** : मनहरवा गाविस- ३ बस्ने नेकपा (एमाले) का सङ्गठित सदस्य ध्रुवराज भारती विशुद्ध मजदुर हुनुहुन्थ्यो । वीरगञ्ज चिनी कारखानाका ट्याक्टर ड्राइभर भएर लामो समय काम गरेका भारतीय वामपन्थी आन्दोलनप्रति प्रतिबद्ध व्यक्ति हुनुहुन्थ्यो । चन्दा नदिएको, माओवादीलाई सहयोग नगरेको र सुराकी गरेको आरोप लगाई घरबाटै थुतेर परिवारका सदस्यहरूसामु कुटपिट गर्दै बन्दुकका कुन्दाले हिर्काउँदै छेउमा लगी ०६१ सालमा माओवादी जत्थाले उहाँको हत्या गरेको थियो । हुन पनि त्यतिखेर माओवादीबाट मारिन कुनै कसुर गर्नुपर्ने जरुरी थिएन । शोषक-सामन्त हुनुपर्ने पनि थिएन । हत्याहिंसाको विरोध गर्नु पनि जरुरी थिएन । उनीहरूको सनककै आधारमा वर्गविश्लेषण हुने, अनेक आरोप लाग्ने र जीवन नै गुमाउन बाध्य हुनुपर्ने नियति भोग्नुपर्दथ्यो । वास्तवमा त्यही सनक र आक्रामक आतङ्कवादी सिकार हुनुपरेको थियो-ध्रुवराज भारती ।

सिमरामा व्यापार गरेर आफ्नो जिविका चलाई बसेका ढुण्डीराज पौडेल, निजगढ- ४ मा सानो किराना पसल गरेर दुःखसुख जिविका चलाइरहेका राजेन्द्र साह कलवार, हरैया-४ का रत्नबहादुर घिमिरे र बन्जरिया- ९ का अजिममिया अन्सारीलगायतका होनहार कार्यकर्ताहरूको जीवनलीला समाप्त गर्ने अपराध माओवादी जत्थाले गरेको छ ।

नेपाली काङ्ग्रेसका बुद्धिमान तामाङसहित कार्यकर्ताहरू, राप्रपाका टेकबहादुर लामासहितका कार्यकर्ताहरू र अन्य सर्वसाधारणसमेत गरी तीन व्यक्तिहरू माओवादी आततायी तथा हिंस्रक आक्रमणको सिकार हुनुपरेको छ ।

जनयुद्धका क्रममा मात्र होइन, जनयुद्ध रोकेर शान्तिप्रक्रियामा आइसकेपछि अझ सरकारसँग बृहद् शान्तिसम्झौतामा हस्ताक्षर गरेर अन्तरिम संसद् र सरकारमा सामेल भइसकेपछि पनि नेकपा (एमाले)का सदस्य, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य तथा बाराका स्थापित पत्रकार वीरेन्द्र साहको कायरतापूर्वक हत्या गरे । माओवादी भएर बननिवास गरिरहेका अपराधीहरूले नृशंसतापूर्वक उहतका हत्या गरेर जङ्गलमा खाल्डोमुनि पुरेका थिए । व्यापक जनताको विरोध, समग्र प्रेसक्षेत्रको विरोध र सिङ्गो राष्ट्रको एउटै आवाज हुँदा शव फेला पारेर खाल्डोबाट झिकिए पनि अझैसम्म त्यस अमानुषिक हत्याकाण्डमा संलग्न हत्याराहरूमाथि कारबाही हुनसकेको छैन ।

माओवादी जनयुद्धकै क्रममा अरू थुप्रै दावेदार युवा, किसान तथा विभिन्न वर्ग र तहका सर्वसाधारणसहित माओवादी कार्यकर्ताहरूसमेतको अनाहकमा ज्यान गएको छ । नेकपा (एमाले)का सदस्य इनरया सिरा निवासी कृष्ण पौडेलले घरमै बसिरहेको अवस्थामा ०५८ सालमा माओवादीको आरोपमा सुरक्षा कारबाहीमा ज्यान गुमाउनुपर्‍यो । प्रसौनाका देवनारायण चौधरी, भोडाहाका राजदेव राउत र ब्रह्मदेव राम पासवान र डुमरवानाका पदमप्रसाद खरेललगायत थुप्रै निर्दोष नागरिकहरूलेसमेत माओवादीको आरोपमा ज्यान गुमाउनुपर्‍यो भने इनरवासिराका रामेश्वर पासवान, डुमरवानाका कृष्ण नेपाल, डुमरवानाकै बासु लामिछाने, लक्ष्मी लामिछानेसहित २४ भन्दा बढी माओवादी नेता-कार्यकर्ताहरूले पनि अनाहकमा ज्यान गुमाएको देखिन्छ ।

**भौतिक सम्पत्तिको क्षति**

माओवादी जनयुद्ध सामान्य विकासको प्रक्रियामा अघि बढेको बारा जिल्लालाई ठूलो नोक्सानी पुर्‍यो । उद्योग व्यवसाय धरासायी बनाउने, विकास निर्माणको काम अवरुद्ध बनाउने र राज्य तथा जनसमुदायबाट निर्मित भौतिक पूर्वाधार ध्वस्त बनाउने दुस्कार्य माओवादीहरूबाट भयो । निजगढमा समुदायले सञ्चालन गरेको बेलजाम उद्योग र भवन ध्वस्त बनाउने, जिविसका डोजर, ट्रिपरसहित विकासका साधन जलाएर ध्वस्त पार्नेदेखि पुलमा आगो लगाउने र बम विस्फोट गराई ध्वस्त गर्ने काम उनीहरूबाट भयो । साना किसान बैङ्क २ वटा, गाविस भवन १२, प्रहरी चौकी ११ वटा, इलाका वन कार्यालय ४ वटा, जिविस कार्यालय, जिल्ला प्रशासन कार्यालय, मालपोत र भूमिसुधार कार्यालय तथा नगरपालिकामा बम विस्फोट गराई ध्वस्त बनाउने उनीहरूका कामले बारा जिल्लामा मात्र करिब २० करोड बराबरका भौतिक संरचनाहरूको क्षति भएको छ । तिनको पुनःनिर्माणमा सरकारी बजेट खर्च गर्नुपरेकाले नयाँ विकास निर्माणका काममासमेत असर परेको छ । त्यसको मार आम जिल्लावासीहरूले ज्यादै दुःखकष्ट साथ उठाउनुपरेको छ । ❐

# अल बिदा, कमरेड शिव थापा मगर !

## ■ गुरु बुर्लाकोटी

**ब** डादशैंको भोलिपल्ट २०६७ कात्तिक १ गते वाईसीएलका १ नं. क्षेत्रीय समितिका अध्यक्ष विक्रम भनिने टेकबहादुर तामाङको नेतृत्वमा करिब १० जनाको माओवादी आततायी जत्थाले साँझ पर्दानपर्दै कमरेड शिव थापामगरको हत्या गरेको थियो । उक्त घटनाले धादिङको सिङ्गो पङ्क्ति मर्माहत भएको छ । र, देशभरि पार्टीपङ्क्ति हत्याको यस घटनाले पुनः एकपटक झस्किएको छ ।

०२४ साल फागुन २४ गते धादिङ जिल्लाको निर्वाचन क्षेत्र नं. १ दार्खा गाविस वडा नं. १ राउते मगर गाउँमा पिता फत्तबहादुर  थापा र माता नन्दकुमारी थापाका माइलो छोराका रुपमा जन्मनुभएका कमरेड शिव थापामगरको बाल्यकाल आफ्नै गाउँमा बित्यो । उहाँले कक्षा ५ सम्मको शिक्षा स्थानीय भूमे प्रावि सत्यदेवी- ८ मा प्राप्त गर्नुभयो । ८ सम्म वच्छला उच्च मावि सत्यदेवी-९ बाट अध्ययन गर्नुभयो । ०४० सालदेखि उहाँ काठमाडौं-ललितपुरको औद्योगिक क्षेत्रलगायतका ठाउँहरूमा गलैंचा मजदुर र गलैंचा मास्टरका रुपमा काम गर्दै मजदुर सङ्गठनमा आबद्ध हुनुभयो । र, ०४६ सालको पञ्चायतविरोधी आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्नुभयो । पटकपटक प्रहरी हिरासतमा पुग्नुभएका उहाँले पछि ललितपुर गलैंचा मजदुर सङ्गठनको उपाध्यक्षसम्मको जिम्मेवारी बहन गर्नुभयो । मजदुर सङ्गठनमा क्रियाशील रहेकै बेला आफ्नै सङ्गठनकी सहयात्री रामेछाप चुचेरे गाविस निवासी नवीना कार्कीसँग ०४३ सालमा विवाह बन्धनमा बाँधिनुभयो । बहुदल प्राप्तिपछाडि पनि गलैंचा मजदुर सङ्गठनमा सङ्गठित भई ०४८ को आमनिर्वाचन, ०४९ को स्थानीय निर्वाचन र ०५१ को मध्यावधि निर्वाचन तथा ०५४ को स्थानीय निर्वाचनमा ललितपुर जिल्लामै क्रियाशील रहनुभयो । ०५४ को छैटौं महाधिवेशन नजिकिँदै जाँदा उहाँ आफ्नै गृह जिल्ला धादिङमा क्रियाशील हुन थाल्नुभयो । र, पार्टी विभाजनसँगै तत्कालीन विभाजित समूह नेकपा (माले) धादिङको जिल्ला सङ्गठन कमिटीमा आबद्ध हुनुभयो । पछि एकीकरणपश्चात् शिव थापा इलाका कमिटी र निर्वाचन क्षेत्रीय कमिटीमा आबद्ध भई काम गर्न थाल्नुभयो । ०६२ देखि ०६६ सम्म जिल्ला कमिटीको सदस्य भई काम गर्नुभएका उहाँ शालीन स्वभावका व्यक्तित्व हुनुहुन्थ्यो । उहाँको हिंसामा कहिल्यै विश्वास गर्नुहुँदैनथ्यो । पार्टीप्रति सदा समर्पित उहाँ पार्टी निर्माणकै क्रममा जिल्लाको लापा तिप्लिङ, सेर्तुङ, झार्लाङ् र रीजस्ता दूरदराजका गाउँमा समेत पुगेर काम गर्नुभएको थियो ।

### हत्या गर्नुको कारण

कथित माओवादी जनयुद्धद्वारा अत्यन्तै आतङ्कित पारिएको जिल्ला धादिङमा हाम्रो पार्टीले तत्कालीन जिल्ला कमिटी सदस्य खिनबहादुर थापादेखि शिव थापामगरसमेत गरी १९ जना नेताकार्यकर्तालाई गुमाउनुपरेको छ । माओवादी आतङ्कका बाबजुद आफ्नो भूगोल नछाडेका तथा विचार र अडानमा नलत्रिएकै कारण विगतमा अरु साथीहरूको त्यस जत्थाले हत्या गरेको थियो । उनीहरूको आतङ्कले जर्जर भएका स्थानहरूमा एमालेको सङ्गठन विस्तार हुनथालेका कारण शिव थापाको उनीहरूले हत्या गरेको स्पष्ट बुझिन्छ । ०६६ मंसिर १९ गते आयोजित नेकपा (एमाले) धादिङको छैटौं जिल्ला अधिवेशनमा उहाँको गाविस दार्खाबाट मात्रै १५-१६ जना माओवादी कार्यकर्ता एमालेमा प्रवेश गरेका कारण माओवादीहरूले उहाँको हत्या गर्ने योजना बनाएको देखिन्छ । त्यसपश्चात् धादिङका धेरै गाविसबाट माओवादी कार्यकर्ताहरू सयौंको सङ्ख्यामा एमाले प्रवेश गरेका थिए । त्यसरी एमालेमा प्रवेश गरेकै कारण गत कात्तिक १२ गते धादिङ र नुवाकोटको सिमानामा धुवाकोट- १ पात्ले निवासी पार्टी कार्यकर्ता विशाल तामाङ र सूर्य तामाङलाई मरणासन्न हुने गरी कुटपिट गरी हातखुट्टा भाँचिदिएका छन् । युवासङ्घ, नेपाल धादिङका सदस्य रोशन तामाङ र कार्यकर्ता राजकुमार तामाङलाई भौतिक कारबाहीका धम्की दिइरहेका छन् । आफ्ना धेरै कार्यकर्ताहरूले पार्टी छाड्न लागेपछि अत्तालिएको धादिङको माओवादी नेतृत्वले आतङ्कलाई निरन्तरता दिएरै पार्टी विस्तार गर्न सकिन्छ भन्ने भ्रम राखेका कारण नै उहाँको हत्या गरेको हो ।

०६७ कात्तिक १ गते शिव थापा स्थानीय क्लबद्वारा आयोजित भलिबल प्रतियोगिता हेर्न घरबाट आधा घण्टा टाढा वडा नं.- ७ स्थित पुग्नुभएको थियो । त्यहाँबाट बेलुका ५ बजे आफ्नो घरतर्फ हिँड्नुभएका उहाँ घर आइपुग्नुभएन । तर, परिवारजनले राजनीतिक व्यक्ति २/४ दिन पार्टी काममा जाने-बस्ने भएको हुनाले पनि किन नआएको भनी खोजी गर्नुभएन । त्यसैले, २ गते बेलुका मात्र उहाँको खोजी हुनथाल्यो र ३ गते बिहानबाटै बाटोमा पर्ने जङ्गल र भीर क्षेत्रमा खोजी गर्दै जाँदा शरीरका दर्जनौं स्थानमा खुकुरी-खुँडा प्रहार गरी विभत्स हत्या गरी दार्खा-१ राउते जङ्गलको भीरमा फालिएको अवस्थामा उहाँको सव फेलापर्‍यो । शवको प्रकृति-मुचुल्कापछि त्यसै दिन सदरमुकाममा पोष्टमार्टम गरेर भोलिपल्ट कात्तिक ४ गते शवयात्रा गरी अन्त्येष्टि गरियो । उहाँको शवयात्रा र अन्त्येष्टिमा पार्टी महासचिव कमरेड ईश्वर पोखरेल, पोलिटब्युरो सदस्यहरू राजेन्द्र पाण्डे, डा. पुष्प कँडेल, गङ्गालाल तुलाधर तथा पार्टीका जिल्ला र स्थानीय कमिटीका नेताहरू, उहाँका परिवारजन, विभिन्न राजनीतिक पार्टीका जिल्ला नेताहरू साथै ठूलो सङ्ख्यामा नागरिक समाजका व्यक्तित्वहरू एवम् पार्टी र जनवर्गीय सङ्गठनका कार्यकर्ताहरू र जनसमुदायको व्यापक सहभागिता रहेको थियो । उहाँको सव दुई घण्टा पार्टी कार्यालयमा श्रद्धाञ्जलिका निम्ति राखी श्रद्धाञ्जलि सभासमेत सम्पन्न गरिएको थियो । त्यसक्रममा पार्टीका महासचिवले पार्टीको झन्डा ओढाएर सम्मान प्रकट गर्नुभएको थियो । यस्तै, उहाँको गाउँ दार्खा राउतेमा तेह्रौं दिनका अवसरमा निर्वाचन क्षेत्रीय कमिटीको आयोजनामा श्रद्धाञ्जलिसभा सम्पन्न गरियो । सभामा पार्टी पोलिटब्युरो सदस्य पशुपति चौलागाईंले उहाँका योगदानहरूको चर्चा गर्नुभएको थियो ।

उहाँको हत्या गर्ने षड्यन्त्र पहिल्यैदेखि रचिएको भए पनि तत्काल चाहिँ दार्खा-८ का एक माओवादी कार्यकर्ताको घरमा ०६७ असोज मसान्तका राति बैठक गरेर हत्याको योजना बनाइएको बुझिएको छ । बैठकमा कोको थिए र हत्याका लागि कोको खटिएका थिए भन्ने पनि थाहा भइसकेको छ । हत्या भएको स्थान गाउँनजिकै हुनु, साँझ नपर्दै हत्या गरिनु र संलग्न व्यक्ति कोको थिए भन्ने स्थानीय प्रहरी-प्रशासनले थाहा पाइसकेर पनि संलग्नहरूलाई पक्राउ गरेर कारवाही गर्न नसक्नु दुःखदायी विषय बनेको छ । उहाँको हत्यारालाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न, पीडित परिवार, पत्नी नवीना थापा, छोराहरू सञ्जय र सुमन तथा छोरी सजिनालाई क्षतिपूर्ति एवम् शिक्षादीक्षाको व्यवस्था गर्न तथा राज्यका तर्फबाट सहिद घोषणा गर्न पार्टीले सरकारसमक्ष माग गरेको छ । त्यसको कार्यान्वयनका लागि अनुरोध गर्दछौं । कमरेड शिव थापा मगरका योगदानको उच्च मूल्याङ्कन गर्दै हार्दिक श्रद्धाञ्जलि र सम्मान व्यक्त गर्दछु । ❑

# खाद्यसुरक्षा सुनिश्चित गर्न चाल्नुपर्ने कदमहरू

■ **आनन्दप्रसाद पोखरेल**

**स** सन् १९८० को दशकसम्म नेपालले खाद्यान्न निर्यात गर्दथ्यो । तर, अहिले हामी सम्पूर्ण खाद्यसामाग्री र कृषिजन्य वस्तुहरू आयात गर्न बाध्य छौं । कुनै पनि राज्यको प्रमुख जिम्मेवारी खाद्यसुरक्षा गरी आफ्नो देशका नागरिकलाई खानाको व्यवस्था मिलाएर खाद्यान्नमा देशलाई आत्मनिर्भर बनाउने हो । नेपालका ६६ प्रतिशत जनता कृषिमा निर्भर छन् र ८० प्रतिशत जनताको जीविकोपार्जन कृषिमै आधारित छ । कृषिलाई नै जीविकाको साधन बनाएका छन् । तर, किसान नै भोकमरीमा मरिरहेका छन् । यी चुनौतीहरूको सामान गर्न करिब २० वर्ष अगाडि २० वर्षे दीर्घकालीन कृषि योजना लागू गरिएको थियो । तर, त्यसबाट बाञ्चित लक्ष्य हासिल हुन नसक्दा मुलुक गम्भीर रूपमा खाद्य असुरक्षाको मारमा परिरहेको छ ।

खाद्यसुरक्षालाई मानवअधिकारको एक आधारभूत अङ्गका रूपमा लिइएको छ । नेपालको अन्तरिम संविधान- २०६३ ले पनि खाद्य सम्प्रभुतालाई आधारभूत मानवअधिकारको मान्यता प्रदान गरेको छ । विश्व खाद्य सम्मेलन सन् १९९६ अनुसार प्रत्येक व्यक्तिको सधैं पर्याप्त एवम् स्वच्छ र पोषणयुक्त तथा आफ्नो आवश्यकता र चाहनाअनुरूपको खानामाथि भौतिक तथा आर्थिक पहुँच भएमा मात्रै खाद्यसुरक्षा भएको मान्न सकिन्छ । खाद्य उपलब्धता, यसमाथिको पहुँच, खाद्यको उचित प्रयोग र खाद्य स्थिरताजस्तो कुरालाई यसनिम्ति अनिवार्य मानिएको छ । तथ्याङ्कअनुसार नेपालमा न्यूनतम क्योलारी उपभोग गर्ने क्षमता नभएको जनसंख्या ३९.९ प्रतिशत रहेका छन् । यो अनुपात हिमाली क्षेत्रमा ४५.२ प्रतिशत, पहाडी क्षेत्रमा ४१.८ प्रतिशत र तराई क्षेत्रमा ३७.४ प्रतिशत छ । केटाकेटी, दलित-जनजाति र भौगोलिक हिसाबले पनि क्योलोरी उपभोगको स्थिति फरक छ । सारमा देशको करीब ३५ प्रतिशत जनसंख्याले खाद्यपदार्थको अभाव भोगेको पाइन्छ । उत्पादनका दृष्टिकोणले ४१ जिल्लामा अझै खाद्यान्न न्यून स्थिति रहेको भने दुर्गम जिल्लामा खाद्यन्न अभाव र खाद्यसुरक्षाको चुनौती देखिन्छ ।

### खाद्यसँग सम्बन्धित शब्दार्थ

**खाद्य सुरक्षा** : *खाद्य सुरक्षा भनेको स्वच्छ तथा पौष्टिक खानामा हरेक व्यक्ति र नागरिकको सबै समयमा भौतिक तथा आर्थिक पहुँच हुनु हो । यसले भोकमरीबाट मुक्ति दिलाई पर्याप्त खाना खान पाउने हकलाई नागरिकको मौलिक हकका रूपमा जगेर्ना गर्दछ ।*

**खाद्य अधिकार** : *पर्याप्त एवम् स्वच्छ पौष्टिक र सामाजिक मान्यताअनुरूपको खाद्य उपलब्ध भएर भोकमरीबाट छुट्कारा पाउनु मानवको नैसर्गिक अधिकार हो । खानामाथिको अधिकार भनेको बाँच्न पाउने अधिकार हो । विभिन्न अन्तरराष्ट्रिय मानव अधिकार तथा अन्य सन्धिसम्झौताले खाद्यअधिकारलाई मानवको बाँच्न पाउने नैसर्गिक अधिकारका रूपमा स्वीकारेका छन् ।*

**खाद्य सम्प्रभुता** : *खाद्य उत्पादक कृषकहरूको जमिनमाथिको स्वमित्व तथा खाद्य उत्पादनका संसाधनमाथि उनीहरूको पहुँच सुनिश्चित गर्ने व्यवस्थालाई व्यवहारमा उतार्नु नै खाद्य सम्प्रभुता हो । यो आमजनताको खाद्य तथा कृषि नीति निर्धारण गर्न भौतिक हकका रूपमा प्रतिपादित सिद्धान्त भइसकेको छ ।*

### खाद्य सुरक्षाका लागि गरिएका प्रयासहरू

खाद्य असुरक्षाको अन्त्यका लागि नेकपा (एमाले)ले अगाडि सारेको सोच नेपालको कृषि क्षेत्र राष्ट्रको आर्थिक उन्नतिको मूल आधार रहेको छ । सबै नीतिको मूल नेतृत्वदायी नीति राजनीति हुन्छ । त्यसैले मुलुक निर्माणको आधारस्तम्भका रूपमा नेकपा (एमाले)को घोषणापत्रमा कृषि नीति र खाद्यसुरक्षाको लागि प्रतिबद्धता व्यक्त गरिएको छ ।

**नेकपा (एमाले)** : सामन्ती भूस्वामित्वको अन्त्य, कृषिको आधुनिकीकरण र खाद्यमा आत्मानिर्भरता । निर्वाहमुखी कृषि क्षेत्रमा आमूल परिवर्तन, गैरहाजिर जमिनदार आदिको अन्य वास्तविक जोताहालाई जमिन वितरण गरेर व्यावसायिक कृषिमा रूपान्तरण, कृषिको व्यवसायीकरण गरी उच्च मूल्यका बालीको उत्पादन वृद्धि, बजार व्यवस्थापन र शीतभण्डारको स्थापना, सहकारी र वित्तीय संस्थामार्फत कृषिमा लगानी, सहकारी खेतीको प्रर्वद्धन, कृषि मल कारखानाको स्थापना, कृषि विश्वविद्यालयको स्थापना, कृषिमा अनुदानको नीति अवलम्वन, कृषिमा आधारित उद्योगको स्थापना, कृषि उपजको समर्थन

मूल्य तोक्ने, वित्तीय क्षेत्रको विस्तार र बाली विविधीकरण, विपन्न भूमिहीन र सुकुम्बासी, मुक्त कमैया, जनतालाई जमीनको मालिक बनाई कृषि उत्पादनका साधनमा किसानको पहुँच पुऱ्याउने ।

**दीर्घकालीन कृषि योजना** : तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको कार्यकालमा जारी गरिएको दीर्घकालीन कृषि योजना (एपीपी) ले निम्न उदेश्य लिएको थियो : उत्पादन स्रोत एवम् साधनको उत्पादकत्व बढाई आर्थिक वृद्धि गर्ने, आर्थिक दृष्टिबाट रोजगारी र आयमा वृद्धि गराई गरिबी घटाउने र जीवनस्तर उठाउने, तुलानात्मक लाभको उत्पादन प्रणाली विकास गरी व्यावसायिकतातर्फ उन्मुख गराउँदै थप पूर्वाधारहरूको विकास गराएर समष्टीगत आर्थिक परिवर्तनको अवसर बढाउने र आवधिक योजनाहरूलाई मार्गदर्शन गर्ने दीर्घकालीन कृषि योजना अगाडि बढेको थियो ।

उन्नत प्रविधिमा आधारित हरितक्रान्तिलाई द्रुततर आर्थिक विकासको आधार बनाउन हालसम्म विकास गरिएका स्रोत, साधन तथा पूर्वाधारको उपयोग र सुदृढीकरण गरी केही प्राथमिकता अँगालेर त्यसैमा लगानी केन्द्रित गर्ने । भौगोलिक विविधता अनुकूल तुलानात्मक लाभको कृषिप्रविधि उपयोग प्रवर्द्धन गर्न सरकारी तथा निजी लगानीकर्ताहरूको प्रयासलाई समन्वयात्मक रूपमा उपयोग गर्ने । व्यापक जनसहभागिता, क्षेत्रीय सन्तुलन र महिला संलग्नतालाई सुनिश्चितता दिई कृषि विकासमा स्थायित्व कायम गर्ने आदि त्यसका लक्ष्य रहेका छन् ।

**कृषि उत्पादनको समस्या** : उल्लिखित नीतिगत स्पष्टताका साथ कार्यक्रम अगाडि बढाए पनि निम्न समस्याहरू कृषिमा जस्ताको तस्तै छन् । जस्तैः स्वामित्वको प्रश्न, वैज्ञानिक भूमिसुधारको अभाव, जमिनको खण्डीकरण, अव्यवस्थित भूव्यवस्थापन, दोहोरो भूस्वामित्वको स्थिति, अपर्याप्त सिंचाइ, भौतिक पूर्वाधारको कमी, उत्पादन सामग्रीको आपूर्तिमा कमी, कृषिजन्य उद्योगका कच्चापदार्थका लागि आयातमा भर पर्नुपर्ने, कृषि ऋणमा पहुँचको कमी, उच्च ब्याजदर, उत्पादन लागत वृद्धि, कमजोर बजार सञ्जाल, वैज्ञानिक व्यवस्थापनको अभाव, विषादीयुक्त एन्टीबायोटिकहरूको जथाभावी प्रयोग, जैविक विविधताको विनास, वातावरणमा नकरात्मक प्रभाव/उत्पादित कृषि उपजहरूका छिमेकीसँग प्रतिस्पर्धात्मक क्षमताको कमी, जलवायु परिवर्तनको असर, भूक्षय, कृषि मलको अभाव तथा कृषि अनुसन्धान र प्रसारको अपर्याप्तता आदि कारणले गर्दा खाद्यसुरक्षा कायम गर्न सकिएको छैनँ ।

## चालिनुपर्ने कदमहरू

निर्वाहमुखी कृषि प्रणालीलाई विविधीकरण र व्यावसायीकरणको माध्यमद्वारा दिगो रूपमा खाद्यसुरक्षाको सुनिश्चितता र गरिबी निवारणमा टेवा पुऱ्याउने लक्ष्य लिनुपर्दछ । सामन्ती भूस्वामित्वको अन्त्य गरी कृषिको आधुनिकीकरण र खाद्यान्नमा आत्मनिर्भर भई खाद्यसुरक्षाको प्रत्याभूति गरेर अन्तरिम संविधान- ०६३ मा उल्लेख भएको जनताको खाद्य सम्प्रभुताको हक कनर्यान्वयन गरिनुपर्दछ । कृषि क्षेत्रलाई जीविकाका लागि कृषि मात्र नभनी दिगो विकासका लागि कृषि भन्ने अवस्थाअन्तर्गत अघि बढ्नुपदर्छ । 'एक गाउँ एक उत्पादन'को नीतिअनुरूप उत्पादनमा जोड दिइनुपर्दछ । किसानहरूलाई चाहिने गरी मल, बिउ कृषिऔजार भण्डारण र सिँचाइमा प्रयोग हुने विद्युत् महसुल, कृषि प्रविधिलाई प्रभावकारी ढङ्गले जनताको तहमा पुऱ्याउनुपर्दछ। व्यावसायिक कृषि उत्पादन गर्न फर्म (पशु, कृषि र बागबानी) स्थापना गर्न चाहनेहरूलाई हरखालका सेवासुविधा, कर्जा र अनुदानको समेत व्यवस्था गरिनुपर्दछ । कृषि पूर्वाधारको विकासमा योजनाबद्ध रूपमा सहयोग अनिवार्य छ ।

कृषि विकासको दीर्घकालीन योजना बेवारिसे छ । किनभने विद्युत्, सिँचाइ, कृषि सडक, कृषिप्रसार अन्य अनुसन्धान, मलखाद, कृषि सेवा र वित्तीय व्यवस्थाआदिको अपर्याप्त सहयोग र व्यवस्थापनका साथै सम्बन्धित लाइन एजेन्सीहरूबीचको समन्वयको अभाव तथा स्थानीय निकायको बेसरोकारका कारण दीर्घकालीन कृषि योजनाले लक्ष्य हासिल गर्न सकेन । उत्पादन वृद्धि नहुनुमा मौसम मात्रै जिम्मेवार नभई उल्लिखित कारणहरू विशेषरूपमा जिम्मेवार छन् । सरकारको अदूरदर्शी लगानी, समन्वयको अभाव, राजनीतिक इच्छाशक्तिको कमीले त्यस महत्वकाङ्क्षी योजना धरापमा परेको छ । तर पनि अहिलेसम्म सरकार र योजना आयोगले दीर्घकालीन कृषि योजनालाई सम्झिन छाडेका छैनन् र नयाँ कार्यक्रम ल्याउन पनि सकेका छैनन् । अझै पनि देखिएका कमीहरू सच्याई त्यसमा वैज्ञानिक भूमिसुधार र न्यायपूर्ण वितरणसमेत समावेश गरी अगाडि बढाए त्यसले मुलुकलाई बाञ्छित उपलब्धि दिनसक्छ । साथै, कृषि उत्पादन लागतमा सीमान्तकृत र साना किसानहरू विशेषतः तराईमा १० कट्ठा, पहाडमा १० रोपनी र हिमालमा १५ रोपनीभन्दा कम जग्गा कमाउने किसानलाई उत्पादन लागतमा ५० प्रतिशत अनुदान दिई बाँकीलाई सहुलियत ऋणको व्यवस्था गर्नुपर्दछ । त्यसो गरेमा कृषि उत्पादन वृद्धि भई खाद्यसुरक्षाको लक्ष्य पनि पूरा गर्न सकिनेछ ।

व्यावसायिक खेतीप्रणाली प्रर्वद्धन गर्न कृषि पूर्वाधारको विकास गरी कृषि सहयोग प्रणालीलाई प्रभावकारी विकास गरिनुपर्छ । लगानी, बजार र भन्सारको उचित व्यवस्थापन गरिनुपर्छ । प्राङ्गारिक मलको व्यावसायिक उत्पादनमा अनुदानको व्यवस्था गर्न जरुरी छ । जग्गाको स्वामित्व र अनुपस्थित जमिनदारी उत्पादन वृद्धिका समस्या हुन् । तिनको हल गरिनुनुपर्छ । कृषिभूमिको खण्डीकरणलाई निरुसाहित गर्दै सहकारिताको माध्यमबाट चक्लाबन्दी गरी सहकारी खेतीप्रणालीको विकास र बजारको व्यवस्थापन गर्नु उत्पादन वृद्धिको अर्को विकल्प हो ।

सरकारी योजनाले फराकिलो, लैङ्गिक समावेशी तथा दिगो कृषि उत्पादन वृद्धि हासिल गर्ने आफ्नो नीति तथा कार्यक्रम अघि सारेको पाइन्छ । कार्यान्वयनका लागि कृषिजन्य वस्तुको उत्पादन एवम् उत्पादकत्व बढाउने, खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता गर्दै खाद्य सम्प्रभुता कायम गर्ने कुरा उल्लेख छ । झट्ट हेर्दा यो आकर्षक र कर्णप्रिय कुरा लाग्छ । तर, खाद्य सम्प्रभुताको वास्तविक अर्थ नबुझेर वा बुझेर पनि गलत प्रयोग भइरहेको छ । किनभने खाद्य सम्प्रभुता भन्नाले जल, जमिन, जङ्गल र कृषि सेवा-प्रविधिमा जनताको सहज पहुँच र उत्पादनका साधनमाथि स्वामित्व भन्ने बुझिन्छ । तर, नेपालमा कृषिको समस्या भनेकै काम गर्ने किसानहरूको कृषि उत्पादनका साधनहरूमा स्वमित्व नहुनु हो । यसबारे कुनै कानूनी व्यवस्था छैन । तब लक्ष्य कसरी भेटिन्छ ? त्यसैले, नीतिअनुसारको कानुनी व्यवस्था गर्नुपर्दछ ।

कृषि क्षेत्रमा राज्यले जुन मात्रामा लगानी गर्नुपर्ने हो, त्यो भएको छैन । वर्षैपिच्छे लगानी घट्दो छ । कृषि प्रसार र कृषि अनुसन्धानमा लगानी घट्दो छ । कृषि क्षेत्रमा बहुउद्देश्य कम्पनी र ठूला जमिनदारको बिगबिगी बढ्दो छ । कृषि बिउबिजन र मलखादमा क्रमशः बहुउद्देश्यीय कम्पनीले नियन्त्रण गर्दैछन् । यसरी नेपालको कृषि क्षेत्र आत्मनिर्भर र व्यावसायिक हुन सक्दैन । यसमा सरकारको नीति-कार्यक्रमले सम्बोधन गर्नैपर्छ । हालसम्म भाषामा सम्बोधन गरे पनि व्यवहारका सम्बोधन गर्नसकेको पाइँदैन । जलवायु परिवर्तनको नयाँ चुनौती बढिरहेको बेला सरकारसँग कृषि अनुकूलनका ठोस कार्यक्रम छैनन् । अहिले नवउदारवादी विश्वव्यापीकरणले आफ्नो सञ्जाल विस्तार गर्दै विज्ञान र प्रविधिमा आफ्नो प्रभुत्व कायम गरी वहुराष्ट्रिय कम्पनीमार्फत ठूला फर्म र अनुसन्धान केन्द्र स्थापना भइरहेका छन् । त्यस्ता संस्थाहरूको हित रक्षा गर्न विश्व व्यापार सङ्गठन, अन्तराष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक, विश्व बैङ्कहरू प्रत्यक्ष-अप्रत्यक्षरूपमा लागिपरेका छन् । विश्व व्यापार सङ्गठनले अघि सारेको कृषिसम्बन्धी नीतिले कृषि क्षेत्रलाई किसानको पहुँचबाट विस्थापित गर्न खोजेको छ । अहिले मकैमा गुणस्तरहीन बिउका कारण घोगा नलाग्नु बहुराष्ट्रिय कम्पनीको चरम शोषणको अभिव्यक्ति हो । किसानले भोगेको यो समस्याको कारण पत्ता लगाई सरकारले अनुगमन गर्नसकेको छैन । बालीको बीमा र क्षतिपूर्तिको व्यवस्था गर्ने नीति र कार्यक्रम पनि सरकारसँग छैन । राजनीतिक दल र सरकारले जिम्मेवारीवोध गर्दैनन् । तब कसरी नेपाली जनताले खाद्यसुरक्षा पाउँछन् ?

विश्व बैङ्कको तथ्याङ्कले नै के स्पष्ट गरेको छ भने जनसङ्ख्याको आधा भाग २ अर्ब ८० करोड जनता दैनिक २ डलरभन्दा कम आम्दानीमा बाँच्न बाध्य छन् । तेस्रो विश्वका १ सय ४६ राष्ट्रमध्ये अविकसित देशको कोटीमा पर्ने १ सय ५ मुलुकहरू खाद्यान्न अभावकै कारण खान नपाउने अवस्थामा छन् । विश्वभरिका ८० करोड जनता भोकमरी र कुपोषणबाट ग्रस्त भएको तथ्य छ । यीमध्ये ५० करोड एशियामा प्रशान्त क्षेत्रमा रहेका छन् । गरिबी र भोकको मारले महिला र केटाकेटी बढी प्रभावित छन् । प्रभावकारी रूपमा खाद्यान्न उत्पादन गर्नु सरकारको प्रमुख कार्य हुन्छ तर हाम्रो सरकारलाई उदासीन रहेको छ ।

राजनीतिक दलहरूले चुनावको बेला चुनावी घोषणापत्रमा आर्कषक नारा र कार्यक्रम दिन्छन् भन्ने आरोप छ । यसको खण्डन गर्दै व्यवहारमा नेकपा (एमाले) मात्र आफ्नो कार्यक्रमप्रति प्रतिबद्ध भएर अगाडि बढ्न खोजेको छ । तर, उसले पनि आफ्ना कृषिनीति तथा कार्यक्रमलाई लागू गर्न अझै बढी ध्यान दिनुपर्दछ ।

**खाद्यसुरक्षाका गर्नुपर्ने कामहरू**

- स्रोतमाथिको स्वामित्वमा रहेको विवादलाई समन्यायिक ढङ्गबाट हल गर्ने ।
- कृषि तथा वनजन्य आधारभूत खाद्यवस्तुको उत्पादकत्व र उत्पादन वृद्धि गर्ने । खाद्य तथा पोषण सुरक्षा प्रदान गर्ने खालका खाद्यपदार्थको उत्पादनमा जोड दिने ।
- खाद्यवस्तु अभावग्रस्त ग्रामीण क्षेत्रमा उत्पादित वस्तुको मूल्य अभिवृद्धि गर्न र मूल्य अभिवृद्धिको ठूलो हिस्सा लिन लक्षित समूहको क्षमता बढाउन कदम चाल्ने ।
- कृषिको तुलनात्मक एवम् प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्ने तथा कृषकको अधिकारलाई प्रवर्द्धन गर्न कानूनी व्यवस्था गर्नुपर्ने ।
- खाद्यवस्तुको तयारी गर्ने प्रक्रियामा सुधार गर्नुका साथै त्यसलाई सुरक्षित राख्ने प्रविधि र पद्धतिमा पनि सुधार गर्ने ।
- खाद्यकानुन परिमार्जन, मापदण्ड निर्धारण र नियमन गर्न संस्थागत क्षमताको विकास र सुदृढीकरण गर्ने ।
- राष्ट्रिय तथा स्थानीय निकायहरूको सङ्कट व्यवस्थापन क्षमता सुदृढ गर्ने । साथै, स्रोतसाधनको अभिवृद्धि गर्दै लैजाने ।
- सुपथ मूल्यमा खाद्यान्न उपलब्ध गराउन वितरण प्रणाली सुदृढ गरिनुपर्ने ।
- जिल्ला तहमा खाद्यसुरक्षा भण्डारको व्यवस्था, विस्तार एवम् सञ्चालन गर्नुपर्ने ।
- भूवातारणीय क्षेत्रअनुसार उत्पादन हुनसक्ने खाद्यवस्तुका बारे अनुसन्धान गरी उपयुक्त प्रविधिको विकास र प्रसार गरिनुपर्ने ।
- खाद्यन्न ढुवानीको खर्च घटाउन सडक यातायातको विकासका साथै अन्य वैकल्पिक यातायात सुविधा जस्तै- घोडेटो, रोपवेआदिको विकास र विस्तार गर्ने ।
- स्थानीय संस्कृतिअनुरूप खाद्यवस्तुको उत्पादन र उपभोग गर्न प्रोत्साहन गर्ने ।
- तत्काल खाद्य सम्प्रभुता ऐनको व्यवस्था गरी लागू गर्ने ।
- पहिचान गरिएका खाद्य असुरक्षित क्षेत्र/समूहका लागि खाद्यन्न वितरण प्रणाली एवम् लक्षित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने ।
- खाद्य असुरक्षित क्षेत्रमा 'खाद्यकुपन' र खाद्य क्रेडिट कार्डको व्यवस्था गर्न पूर्वाधार निर्माण एवम् सस्तो पसल /खाद्य डिपोबाट लक्षित वर्गलाई न्यूनतम् आवश्यक खाद्यान्न उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- गरिब महिलाहरूको समूह गठन गरी विशेष खाना कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय सहकारी र निजी क्षेत्रको विस्तार गरी सुपथ मूल्यका पसलहरू सञ्चालन गर्नुपर्ने ।
- विविध क्षेत्रहरू (जस्तैः वन, कृषि, जलस्रोत, व्यापार, कुटिर उद्योग र पर्यटन आदि)को माध्यमबाट ग्रामीण रोजगारी र आय आर्जनका अवसरहरू बढाउने ।

- कृषक ऐन बनाउनुपर्ने ।
- जलवायु परिवर्तनका चुनौतीहरूलाई आत्मसात गरी अनुकूलनका कार्यक्रम अगाडि बढाउनुपर्ने ।

❐